
www.mulyankan.itgo.com

# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक

पूर्णाङ्क ८५



## कसरी बदलिँदैछ माओवादी सोच र नीति ?

*माओवादी जनयुद्धका घाइतेहरू: अन्तरंग रिपोर्ट*

## पूर्णागिरि बाँध: भारतको अर्को बलमिच्याइँ

मूल्य रु. २०/-, भारतमा भा.रु. १५/-

▶ पाकिस्तानी कम्युनिष्ट आन्दोलनको इतिहास र वर्तमान

▶ नागरिकता विधेयक किन राष्ट्रहित विपरीत र संविधान विपरीत छ ? - दमननाथ ढुङ्गाना

# अनाधिकार विद्युत उपभोग नगरौं

विद्युत चुहावट प्रभावकारी ढंगले नियन्त्रण गर्नको लागि नेपाल विद्युत प्राधिकरणले 'विद्युत चुहावट विनियमावली-२०५०' मिति २०५०/१२/७ देखि लागू गरेको छ । सो अनुसार- देहायको कुनै पनि अवस्था फेला परेमा अनाधिकार विद्युत उपभोग गरेको अनुमान गरी नेपाल विद्युत प्राधिकरणले विद्युत काटी नियमानुसार कारवाही गरिनेछ

- प्राधिकरणको स्वीकृति नलिई विद्युत प्रणाली, सर्भिस केबुल, सडक बत्तीको लाइन आदिमा कुनै तरिकाबाट लाइन जोडी विद्युत शक्ति उपभोग गरेमा,
- मिटरको मेन लाइनबाट लोड जोडेमा वा सन्ट गरी मिटरमा पूरा खपत नचढ्ने गरेमा,
- मिटरको टर्मिनल, सिल र टेष्ट सिल बिगारेमा वा प्राधिकरणको सिलको सट्टा अरु कुनै सिल भएमा,
- मिटरभित्र कुनै प्रकारको बाह्य पदार्थ पसालेको पाइएमा,
- टर्मिनल लिंक खोलेको पाइएमा,
- माथि उल्लेखित अवस्था वा विद्युतको अनाधिकार उपभोग हुने अन्य कुनै तरिका अपनाएमा,

नबिर्सौं,
विद्युत दुरुपयोग गर्नु राष्ट्रिय अपराध हो !

नेपाल विद्युत प्राधिकरण

◀ यसभित्र


# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष १८, पूर्णाङ्क ८५
चैत, २०५७



संरक्षक
डा. मथुराप्रसाद श्रेष्ठ
सल्लाहकार
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल
प्रधान सम्पादक
श्याम श्रेष्ठ
कार्यकारी सम्पादक
हरिगोविन्द लुइँ टेल
सह-सम्पादक
राजेन्द्र महर्जन
सहायक-सम्पादक
तुल्सीदास महर्जन
विष्णुदेवी श्रेष्ठ
सम्पादन सहयोगी
चन्द्र खाकी
प्रमुख व्यवस्थापक
श्याम खड्का
लेखा व्यवस्थापक
बीरप्रसाद भंसारी
बजार व्यवस्थापक
दुर्गा खड्का
सहायक बजार व्यवस्थापक
जमुनाप्रसाद चौधरी



अन्तर्क्रिया प्रकाशन (प्रा.) लि. का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित



कार्यालय
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
ख-२/१९१, पुतलीसडक, काठमाडौं-३२
फोनः ४२२७६९, फ्याक्स ४२३५४९
पो. ब. न. ७०५०, काठमाडौं
इमेल : yuwa@ntc.net.np
वेभसाइटः www.mulyankan.itgo.com




## कसरी बदलिँदैछ माओवादीको सोच र नीति ?

**विस्तृत चिरफार एवं विश्लेषण**

साथमा, माओवादी जनयुद्धका घाइतेहरू र तिनका संस्मरणबारे पत्रकार *विनोद ढुंगेलको* अन्तरंग रिपोर्ट




## भारतको अर्को बलमिच्याइँ

*पूर्णागिरि बाँधको विरोधमा संघर्षरत स्थानीय संघर्ष समितिका नेताहरूदेखि जलस्रोतविद् तथा स्रोत अर्थशास्त्री, दीपक ज्ञवालीका विचार-विश्लेषणहरू*

## विश्व कम्युनिष्ट आन्दोलन : पाकिस्तानमा कम्युनिष्ट आन्दोलनको विकास

*कस्तो छ पाकिस्तानी कम्युनिष्ट आन्दोलनका उकाली-ओरालीहरू ?*

**पाकिस्तानी वाम नेता महमद नवाज ओटूसँगको कुराकानीमा आधारित विशेष सामग्री**

## नागरिकता विधेयक राष्ट्रिय हित विपरीत मात्र हैन, स्वयं संविधान विपरीत छ

— दमननाथ ढुंगाना

## प्रचण्डको प्रचण्ड फैसलामाथि एक सादा टिप्पणी

'जुनकीरीको संगीत' उपन्यासबारे खगेन्द्र संग्रौलाको प्रतिवाद


**हाम्रो मूल्यांकन**
के प्रधानमन्त्रीको राजीनामा माग्नु गैर-प्रजातान्त्रिक र गैर-संसदीय भएको छ ? ४

**आवरण कथा- १**
कसरी बदलिँदैछ माओवादीको सोच र नीति ?
- *श्याम श्रेष्ठ* ६
माओवादी जनयुद्धका घाइतेहरू
- *विनोद ढुंगेल* ११
ठूले राईलाई अपहरण गर्दा १२

**आवरण कथा- २**
पूर्णागिरि बाँध : भारतको अर्को बल मिच्याइँ
- *दीपक ज्ञवाली* ३४
जल-सरोबरको सुरक्षाका नाममा भारतीय सैनिक तैनाथ गरिनेछ
- *रामचन्द्र चटौत* ३६
छातीमा गोली थापेर पनि संघर्षरत रहनेछौं
- *वीरबहादुर शाही* ३७
उठीबास नै भएमा जनता हतियारै लिएर उठ्नेछन्
- *विक्रम शाही* ३८
पूर्णागिरिमा बाँध बनाउने कुचेष्टालाई स्वीकार्न सकिन्न ।
- *पठानसिंह बोहरा* ३९

**घटना र प्रवृत्ति**
गहिरो संकटमा गिरिजाप्रसाद
-*गोविन्द वर्तमान* ५
अहिलेको संशोधन राष्ट्रिय हित विपरीत मात्र हैन, स्वयं संविधान विपरीत छ
- *दमननाथ ढुंगाना* १४
संचारले बेवास्ता गरेका मनबज्र ठूला कलाकार पनि रहेछन्
- *हरिगोविन्द लुइँटेल* ३३
पार्टी-एकताका मस्यौदाहरू तयार हुनथाले ४३
विद्यार्थीः भाडा छुटबारे आन्दोलन
- *कृष्ण के.सी* ४३
अब ब्रिटीश गोर्खा सैनिकका मागलाई अन्तर्राष्ट्रियकरण गरिने
- *मुक्ता श्रेष्ठ* ४४

**विश्व कम्युनिष्ट आन्दोलन**
पाकिस्तानमा कम्युनिष्ट आन्दोलनको विकास
- *महमद नवाज ओटू* १९

**प्रेरक प्रसंग**
जेल र जंगलमा समेत किताब नछाड्ने क्रान्तिकारी नेता फिडेल क्यास्त्रो २५

**चिन्तन**
विवाहको अर्थ-राजनीति
- *डा. चैतन्य मिश्र* २३

**नीति / संस्कृति**
के यी एमालेका ठेट्ना हुन् ?
- *चन्द्रदेव नेपाली* ३२

**दर्शन**
आइन्स्टाइनको सापेक्षतावादको सिद्धान्त र द्वन्द्ववाद
- *प्रज्ञानरत्न* २८

**आत्मकथा**
मलाई भेटेदेखि अहिलेसम्म साथ दिने क्रान्तिकारी प्रहरी हुन्- अर्जुन थापा
- *निर्मल लामा* २६

**अर्थतन्त्र**
भारतको नयाँ बजेट के असर पर्न सक्छ नेपाललाई ?
- *हरि रोका* १७

**साहित्य**
प्रचण्डको प्रचण्ड फैसलामाथि एक सादा टिप्पणी
- *खगेन्द्र संग्रौला* ३०

**पाठकको कुरो** ४६



आवरणमा : नेकपा माओवादीका अध्यक्ष क. प्रचण्ड (माथि) । महाकाली नदी किनारमा पूर्णागिरि बाँध निर्माणस्थलमा थुपारिएका निर्माण सामग्रीहरू फ्यांक्दै गरिएको दृश्य (तल) फोटो : शालिग्राम तिवारी आवरण सज्जाः टाइम्स क्रिएशन, बागबजार, फोनः २५२६४५ । कलर सेपरेशनः पोलिइमेज, प्रदर्शनी मार्ग, फोनः २५२५७१ । कलाकारहरूः लक्ष्मण भूजेल, जि.डि. सारू, *यति ग्राफिक्स, डिल्लीबजार फोन : ४३०७५२* । मुद्रणः इन्द्रेणी अफसेट प्रेस, अनामनगर, फोनः ४३७४४८

◀ हाम्रो मूल्यांकन


# के प्रधानमन्त्रीको राजीनामा माग्नु गैर-प्रजातान्त्रिक र गैर-संसदीय भएको छ ?

**यो** पटकको संसदीय अधिवेशन चलेदेखि नै संसद पूर्णतया अवरुद्ध छ । संसदमा रहेका प्रतिपक्षीहरूले लाउडा प्रकरणमा प्रधानमन्त्री स्पष्ट रूपमा भ्रष्टाचारमा संलग्न भएकोले प्र.म.ले राजीनामा नदिएसम्म संसद चल्न नदिने दृढ अठोट देखाएका छन् । प्रधानमन्त्री कोइराला पनि प्रतिपक्षको यो मागको सामुन्ने कुनै पनि हालतमा नझुक्ने र राजीनामा नदिने हठ देखाइरहेका छन् । कोइरालाको दावी छ – प्रतिपक्षको संघर्षको बाटो गैर-प्रजातान्त्रिक र गैर-संसदीय छ । यस्ता संघर्षका सामु घुँडा टेक्न थाल्यो भने गलत परम्परा बस्छ र कुनै पनि सरकार स्थिर हुन सक्दैन । प्रतिपक्ष त्यसैले संसदीय बाटोबाट आउनुपर्छ ।

पुँजीवादी प्रजातन्त्र भनेको सारमा बहुमतको शासन हो । प्रजातान्त्रिक शासन व्यवस्थामा कुनै पनि दललाई सत्तामा बस्ने अधिकार तबसम्म मात्र हुन्छ, जबसम्म ऊसित वास्तविक अर्थमा जनताको बहुमतको नैतिक समर्थन रहन्छ । बहुमतको विश्वासमा आधारित नैतिक बल नै कुनै पनि प्रजातान्त्रिक सरकारको सत्तामा रहने मूल आधार हो । अहिलेको मुख्य प्रश्न के हो भने, के गिरिजा सरकारसित बहुमतको विश्वासमा आधारित नैतिक बल ज्यूँकात्यूँ छ ? के प्रधानमन्त्री कोइरालासित यतिखेर वास्तविक अर्थमा संसदीय बहुमतको समर्थन र विश्वासमा आधारित नैतिक बल विद्यमान छ ?

यो जगजाहेर भएको कुरा हो कि नेपाली कांग्रेसकै ५७ जना सांसदले प्रधानमन्त्री कोइराला लाउडा भ्रष्टाचार प्रकरणमा संलग्न भएको हुनाले हाम्रो उहाँप्रति विश्वास छैन भनेर आफ्नो मत सार्वजनिक रूपमा जाहेर गरिसकेका छन् । तीमध्ये ६/७ जनाले पद र पैसाको जोडमा आफ्नो मत फेरेका छन् । बाँकी ५० जनाको त अहिले पनि यही दृढ मत छ कि प्र.म. कोइरालाप्रति उनीहरूको विश्वास छैन । त्यसमाथि ने.क.पा. एमालेका सम्पूर्ण सांसदहरू, राजमोका सांसदहरू, रा.प्र.पा.का सांसदहरू, ने.म.कि.पा.का र संयुक्त जनमोर्चाका सांसदको समेत मत जोड्ने हो भने संसदको अत्यधिक बहुमतको प्रधानमन्त्रीप्रति विश्वास नरहेको स्वतः छर्लङ्ग देखिन्छ ।

त्यसैले, यो पारदर्शी ढंगले जोसुकैले पनि देख्न र अनुभूति गर्नसक्ने तथ्य हो कि यतिखेर प्र.मं. कोइरालाका पछाडि संसदको बहुमतको विश्वासमा आधारित नैतिक बल पटक्कै विद्यमान छैन । उनका पछाडि यतिखेर संसदको ज्यादै सानो अल्पमतमात्र बाँकी छ । यो स्थितिमा प्रधानमन्त्री कोइरालासित अलिकता पनि नैतिकता र बहुमतको शासनसम्बन्धी प्रजातान्त्रिक मूल्य र सिद्धान्तप्रति विश्वास भएको भए उनले अविलम्ब पदबाट राजीनामा गर्नुपर्ने हो । उनी एक मिनेट



पनि कुर्सीमा नरहनुपर्ने हो । तर हाम्रो मुलुकको ठूलो बिडम्बना के हो भने यति धेरै बहुमतको विश्वास र नैतिक बल गुमाइसकेपछि पनि प्र.म. कोइराला उल्टो प्रतिपक्षलाई नै असंसदीय र अप्रजातान्त्रिक भएको आरोप लगाएर सिंहदरबारको घुम्ने कुर्सीमा विराजमान छन् । यो प्रजातन्त्रबारे थोरै सामान्य ज्ञान भएको सामान्य मान्छेले पनि भन्न सक्ने कुरा हो- वास्तवमा कुनचाहिँ अप्रजातान्त्रिक र असंसदीय आचरण हो ? संसदको अत्यधिक बहुमतको विश्वास गुमाइसकेको व्यक्तिले प्रधानमन्त्रीको कुर्सीमा जबर्जस्ती बसीराख्नु ठीक हो कि त्यस्तो व्यक्तिले प्रधानमन्त्रीको पदबाट तुरुन्त राजीनामा दिनुपर्छ भन्नु ठीक हो ?

त्यसैले, सम्पूर्ण प्रतिपक्षले यतिखेर प्रधानमन्त्रीको राजीनामाको माग गरेर बिल्कुलै उचित, प्रजातान्त्रिक सिद्धान्त र संसदीय मूल्य मुताविकको काम गरेका छन् भन्ने हामीलाई लाग्छ । संसदको अत्यधिक बहुमतको विश्वास गुमाइसकेर पनि कुर्सीमा जसरी पनि अडीराख्ने अनैतिक हठ प्रदर्शन गरेर प्रधानमन्त्री कोइरालाले मात्र नितान्त अप्रजातान्त्रिक र असंसदीय आचरण गरेका छन् ।

तसर्थ, अहिलेको संकट सारमा नैतिकताको संकट हो । कुर्सीमा जानेहरूमा कुर्सीप्रति यति ज्यादा मोह भइदियो कि उनीहरू हर हालतमा कुर्सी नछोड्नका लागि अरू जे पनि छोड्न तैयार भइदिए, नैतिक मूल्यहरू, प्रजातान्त्रिक सिद्धान्त, राष्ट्रिय हितलगायत सबै । नैतिक मूल्य गोली मारो ! प्रजातान्त्रिक सिद्धान्त-गोली मारो !, राष्ट्रको हित गोली मारो !, घुम्ने कुर्सी – जिन्दावाद ! यतिखेर यस्तो शर्मनाक आचरण त्यो पार्टीको सर्वोच्च नेतामा हावी भएको छ, जसले आफूलाई नेपालमा प्रजातन्त्रको झण्डा उचाल्ने एकमात्र पार्टी दावी गर्छ । योभन्दा ठूलो विरोधाभाष अरू के हुनसक्छ ?,

एउटा भनाइ छ – जसले जुन भाषा बुझ्छ, उसलाई कुरा बुझाउन उही भाषा प्रयोग गर । यो भनाइलाई नेपालको अहिलेको 'डेडलक'को निकास खोज्न प्रयोग गर्नु जरूरी भएको छ । प्रधानमन्त्री गिरिजाले नैतिकताको र प्रजातन्त्रको भाषा पटक्कै बुझेनन् । संसदभित्रबाटै शान्तिपूर्ण संघर्षको भाषा पनि उनले बुझ्न चाहिरहेका छैनन् । अबको जरूरत हो – गैर-संसदीय सडक संघर्षको भाषा प्रयोग गर्नु । सारा प्रतिपक्षहरू प्र.मं.को राजीनामाको साथै एउटा न्यूनतम साझा कार्यक्रममा एक भएर देश र जनताका आधारभूत मागहरू उठाउँदै अब सडकमा जानु जरूरी भएको छ । संभवतः अरू कुनै भाषा नबुझेको गिरिजा सरकारले सडकको सशक्त संयुक्त संघर्षको भाषाचाहिँ राम्ररी बुझ्नेछ । यसअघि अरू कुनै भाषा नबुझ्दा राणा सरकार र पंचायती सरकारले पनि केवल यही एउटा भाषाचाहिँ राम्ररी बुझ्न कर लागेको थियो । अत्यधिक बहुमतको समर्थन प्राप्त प्रतिपक्ष संसदमा संघर्ष नछोड्ने, अल्पमतको प्रधानमन्त्री पटक्कै राजीनामा नदिने – यो गतिरोधको निकास सार्वभौम जनतासहितको सशक्त संयुक्त जन-आन्दोलनसिवाय अरू के हुनसक्छ र ? ❑


**एउटा भनाइ छ – जसले जुन भाषा बुझ्छ, उसलाई कुरा बुझाउन उही भाषा प्रयोग गर । यो भनाइलाई नेपालको अहिलेको 'डेडलक'को निकास खोज्न प्रयोग गर्नु जरूरी भएको छ ।**

# गहिरो संकटमा गिरिजाप्रसाद

– गोविन्द वर्तमान



गिरिजाप्रसाद कोइराला



जयप्रकाशप्रसाद गुप्ता



सुरेन्द्र हमाल

***सरकार संकटग्रस्त अवस्थामा रहेको बेला राजीनामा गरेर सरकारलाई थप संकटमा पार्ने दुई मन्त्रीहरूले राजीनामाका बेग्लाबेग्लै कारणहरू दर्शाउनुभएको छ । तर...***

अन्ततः प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला उम्किनै नसक्ने संकटमा फस्न पुग्नुभएको छ । प्रमुख प्रतिपक्षी दल एमालेलगायत अन्य प्रतिपक्षी दलहरूले प्रधानमन्त्रीको राजीनामाको माग गरेर संसद चल्न नदिएको एक महिनाभन्दा बढी समय भैसकेको छ । तर पनि यस अवधिमा प्रधानमन्त्री कोइरालालाई आफ्नो आसन हल्लिएको अनुभव भएको थिएन । शान्ति सुरक्षादेखि लिएर मुलुकमा ठूल्ठूला समस्याहरूको चाङ लागिरहेको र उहाँकै कारणले संसद अवरूद्ध भइरहेको अवस्थामा पनि राजनैतिक नैतिकतालाई एकतातिर फालेर प्रधानमन्त्री कोइरालाले फ्रान्सको भ्रमण गर्नुभयो । यसबाट पनि प्रतिपक्षीहरूको रचनात्मक विरोधलाई उहाँले टेरपुच्छर नलगाएको यथार्थ प्रष्ट भएको थियो । तर अब आफ्नै सहयात्रीहरूको विरोधसमेत उहाँले झेल्नुपर्ने स्थिति आइलागेको छ । फागुन ३० गते कृषि तथा सहकारी मन्त्री जयप्रकाश गुप्ता र श्रम तथा यातायात राज्यमन्त्री सुरेन्द्र हमालले राजीनामा दिनुभएपछि प्र.म. कोइरालालाई त्यस्तो स्थिति आइलागेको हो । यो स्थितिपछि भने कोइरालालाई आफ्नो आसन हल्लिएको अनुभव भएको हुनुपर्छ ।

गुप्ता र हमालको राजीनामाले नेपाली काँग्रेसभित्रको आन्तरिक विग्रहलाई पनि नयाँ अनुहारमा प्रस्तुत गरेको छ भने यस घटनाबाट प्रधानमन्त्री कोइरालाको जसरी भएपनि पदमा बसिरहने मूढाग्रहमा पनि पहिरो गएको छ ।

फागनु ३० गते राजीनामा दिने बित्तिकै सुरेन्द्र हमाल कोइरालाविरोधी क्याम्पमा हाम्फाल्नुभएको देखिन्छ । राजीनामा दिएपछि हमाल त्यसै दिन युवा नेता खुमबहादुर खड्कासित दाङतिर जानुभएको थियो ।

सरकार संकटग्रस्त अवस्थामा रहेको बेला राजीनामा गरेर सरकारलाई थप संकटमा पार्ने दुई मन्त्रीहरूले राजीनामाका बेग्लाबेग्लै कारणहरू दर्शाउनुभएको छ । तर ती कारणहरूले एउटै कुरातर्फ संकेत गर्दछन् - अब प्रधानमन्त्री कोइराला यही रूपमा सत्तामा टिकीरहन असंभव छ । जयप्रकाश गुप्ताले आफ्नो राजीनामामा "एउटै मन्त्रीपरिषदका सदश्यहरूको कार्यप्रणालीको मूलभूत आधार नीतिगत मर्यादा र लिइएका विधिसम्मत निर्णयहरूको निरन्तरता नभएकोमा मन्त्रिपरिषदको बैठकमा मैले असहमति जनाइसकेको हुँदा त्यही मन्त्रीपरिषदमा बसिरहन आफ्ना लागि अमर्यादित विषय ठानी मन्त्रीपदबाट राजीनामा दिएको" कुरा उल्लेख गर्नुभएको छ । त्यस्तै, सुरेन्द्र हमालले चाहिँ आफ्नो राजीनामापत्रमा प्रधानमन्त्री कोइरालालाई नै अप्रत्यक्ष ढाँचामा आक्रमण गर्नुभएको छ । हमालले आफ्नो राजीनामापत्रमा भन्नुभएको छ : "प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाज्यूले कृष्णप्रसाद भट्टराईलाई हटाएर आफू प्रधानमन्त्री बन्ने क्रममा जाहेर गर्नुभएका प्रतिवद्धताहरूमा सुधार आउनुको साटो झन् ह्रास हुँदै गई मुलुक अहिले अत्यन्तै ठूलो संकटको भूमरीमा फसेको छ । लाउडा प्रकरणमा भ्रष्टाचार भएको र त्यसमा सरकार प्रमुख समेतको संलग्नताको आरोप लगाई प्रधानमन्त्रीको राजीनामाको माग गर्दै प्रारम्भदेखि नै संसदका काम कारवाहीहरू अवरूद्ध पारिएका छन् । त्यसको उचित निकास खोज्ने दिशापट्टि कुनै सकारात्मक पहल प्रधानमन्त्रीज्यूबाट हुनसकेको छैन ।"

पूर्वराज्यमन्त्री हमालको यो भनाइ कांग्रेसभित्रकै देउवापक्षले भन्दैआएको विचारको एउटा रूप हो । हमाल व्यक्तिगत रूपमा खुमबहादुर खड्काको 'आफ्नो मान्छे' भएकाले खुम बहादुरकै निर्देशनमा उहाँले त्यस्तो व्यहोरासहित राजीनामा दिनुभएको कुरामा पर्यवेक्षकहरू विश्वस्त छन् । हमालले एकातिर गिरिजाप्रसाद कोइरालाको भविष्य अंध्यारो देखेर राजीनामा गर्नुभएको देखिन्छ भने अर्कातिर उहाँ शुरूदेखिनै सरकारमा देउवापक्षको, खासगरी खुमबहादुर खड्काको दूतको रूपमा काम गरिरहनुभएकोले यतिबेला प्रधानमन्त्रीमाथि चर्को अभियोगसहित राजीनामा गर्नुभएको हो ।

जयप्रकाश गुप्ताको राजीनामाचाहिँ मूख्यतः दुई कुराको परिणाम हो । एक, सूचना तथा संचार मन्त्रालयजस्तो महत्वपूर्ण मन्त्रालयबाट उहाँलाई तुलनात्मक रूपमा कमजोर मन्त्रालयमा सारिनु र दुई, स्पेसटाइम नेटवर्कलाई भू-उपग्रह प्रणालीद्वारा टेलिभिजन प्रसारण लाइन संचालन गर्ने अनुमतिपत्र नवीकरण गरिनु । यसअघि आफू संचारमन्त्री रहँदा गुप्ताले स्पेसटाइम नेटवर्कको सो अनुमतिपत्र रद्द गर्नुभएको थियो । प्र.म. कोइरालाकै नेतृत्वको मन्त्रीमण्डलले त्यसबेला रद्द गरेको सो अनुमतिपत्र यसबेला उस्तै मन्त्रीमण्डलका सदश्यले उल्ट्याएकोमा जयप्रकाश गुप्ता असन्तुष्ट हुनुभएको मात्र होइन, आफू अमर्यादित भएको समेत महशूस गर्नुभएको देखिन्छ । दृष्यमा यी दुई कारणहरूनै जय प्रकाश गुप्ताको राजीनामाका निर्णयक कारण बनेका भएपनि अन्य अदृष्य कारणहरू पनि जयप्रकाश गुप्ताले गिरिजाप्रसाद कोइरालाविरूद्ध कठोर निर्णय लिनका निम्ति जिम्मेवार देखिन्छन् ।

भारतीय विस्तारवादको स्वार्थसँग नजिक रहेको मानिने कांग्रेसभित्रको एउटा पक्षले स्पेशटाइम नेटवर्कको प्रसारण अनुमतिपत्र रद्द गराउन गुप्तालाई दबाव दिएको थियो । त्यो दबाबसँग वैचारिक सहमतिसमेत राखेर त्यसबेला गुप्ताले स्पेशटाइमको इजाजतपत्र खारेज गर्नुभएको कुरा कांग्रेसीहरूनै बताउँछन् । त्यस सूत्रका अनुसार अहिले वर्तमान सचारमन्त्री शिवराज जोशीले त्यस निर्णयलाई उल्ट्याएपछि पूर्वसंचारमन्त्री गुप्ता मन्त्री जोशी र उहाँलाई संरक्षण दिने प्रधानमन्त्री कोइरालासँग असन्तुष्ट र आक्रोशितसमेत हुनुभएको हो ।

अब के हुन्छ त ? यस प्रश्नको उत्तरमा कांग्रेसकै एक विश्वसनीय सूत्रले मूल्यांकनलाई बताएअनुसार यतिन्जेल प्रधानमन्त्री कोइरालाका निकटस्थ र राजनीतिक सल्लाहकारसमेत रहनुभएको गुप्ता अब कांग्रेसभित्र आफ्नो ठाउँ र भूमिकाको खोजीमा सक्रिय रहनु हुनेछ । कांग्रेसका युवा नेता जयप्रकाश गुप्तालाई यो खोजी किन अनिवार्य भएको हो भने उहाँ गिरिजापक्ष छोडेर देउवापक्षमा जान र त्यस पक्षको विश्वासपात्र बन्न सक्नु हुने देखिन्न । देउवाको प्रवल सहयोगी विजय गच्छेदारसँग उहाँको चर्को अन्तरविरोध रहेको बुझिन्छ । त्यसैले गच्छेदार गुप्तालाई देउवाको नजिक पार्न कुनै हालतमा पनि चाहनुहुन्न । कोइरालाविरूद्ध अविश्वासको प्रस्ताव ल्याउने देउवापक्षको अभ्यासको बेला गुप्तास्वयंले त्यो अविश्वास प्रस्तावलाई तुहाउन उन्नाइसजना सांसदहरूलाई 'पिकनिकमा लगेर अल्मल्याएको' घटनाले देउवा स्वयं पनि गुप्ताप्रति भर-पत्यार गर्न नसक्ने स्थितिमा रहेको बताइन्छ । एकातिर गुप्ताको लागि देउवागुट निषेधित क्षेत्रकै रूपमा प्रस्तुत छ भने अर्कातिर सुशील कोइराला पनि गुप्ताको राजनीतिक महत्वाकांक्षामा बन्चरो हान्न उद्दत रहेको बुझिन्छ । 'गिरिजाबाबुबाहेक अर्कोलाई म नेता मान्ने पक्षमा छैन' भनेर पार्टीभित्र पटक पटक सुशील कोइरालाहरूलाई चिढाइसक्नु भएका गुप्ताले आफू संचारमन्त्री हुँदा सुशील कोइरालाका प्रत्येक निर्देशनहरूलाई

**बाँकी ४५ पृष्ठमा ➡**



# कसरी बदलिंदैछ माओवादीको सोच र नीति ?

◆ श्याम श्रेष्ठ ◆

जुन कुरा मान्छेले शान्तिको समयमा बीस बर्ष लगाएर पनि सिक्दैन, त्यो कुरा व्यावहारिक संघर्षको संगीन घडीमा मान्छेले पाँचै बर्षमा सिक्ने गर्छ । यो कुरा माओवादीको हकमा पनि सत्य सावित भएको छ । पाँच बर्षको जीवन-मरणको गुरिल्ला संघर्षपछि माओवादीले हालै आफ्ना केही आधारभूत सोच र अडानमा यति व्यापक परिवर्तन गरेको छ, जुन यसअघि उसले गर्ला भनेर सोच्न पनि सकिँदैनथ्यो ।

हालै सम्पन्न माओवादीको दोस्रो राष्ट्रिय सम्मेलनपछि उसले फागुन १४ गते जारी गरेको लामो प्रेस विज्ञप्तिले धेरैलाई चकित बनाइदिएको छ । त्यो विज्ञप्तिलाई अध्ययन गर्दा यस्तो महशूस हुन्छ : माओवादीहरूको आधारभूत सोचमा अहिले काफी तरलता आएको छ । उनीहरू अहिले आफ्ना मुख्य मुख्य अडानहरूमा गम्भीर पुनर्विचार गर्दैछन् । उनीहरू क्रान्ति र क्रान्तिको मोडेलसम्बन्धी पुरानो सोचमा व्यापक हेरफेर गर्दैछन् । संघर्षको बाटोसम्बन्धी उनीहरूको विचार आनकातान बदलिँदैछ । संघर्षका मित्रहरूसम्बन्धी उनीहरूको सोच र घेरो निकै फराकिलो बन्दैछ । र, अरू थुप्रै सवालमा उनीहरू काफी बदलाहटसहित प्रस्तुत हुन लागिरहेछन् ।

यी सब बदलाहटका बावजूद, माओवादीहरू पटक्कै नबदलिएको भनेको मुख्यतः चार-पाँचवटा मामिलामा देखिएको छ : माओको जनदिशा विपरीत अनावश्यक व्यक्ति-हत्या जारी नै राख्ने मामिलामा, भिन्न र आलोचनात्मक मतप्रति ज्यादै असहिष्णु हुने मामिलामा, ठूलो जन-धनको नोक्सानीको मूल्यमा पनि देखाउनकै लागि, अहंकारतुष्टिकै लागि केही गर्ने प्रवृत्तिको मामिलामा, अधिकारको अति ज्यादा नोकरशाही पाराको केन्द्रिकरणको मामिलामा र नेतृत्व र पन्थ स्थापनासम्बन्धी यान्त्रिक सोचका मामिलामा ।

यी माओवादीका सीमाका रूपमा देखा परेका छन्, तथापि जुन जुन आधारभूत सवालहरूमा माओवादीमा सकारात्मक परिवर्तन र लचकता देखा परेको छ, ती सह्राहनीय र स्वागतयोग्य छन् । तिनले नेपालको वामपन्थी आन्दोलन र समग्र राजनीतिमा दूरगामी प्रभाव पार्ने देखिन्छ ।

आधिकारिक तवरले वर्तमान राष्ट्रिय सम्मेलनको दुरूस्त तिथिमिति र स्थान थाहा हुनसकेको छैन । परन्तु माघ महिनामा भारतको कुनै सुरक्षित शहरमा सम्पन्न भएको अनुमान गरिएको यो राष्ट्रिय सम्मेलन एकताकेन्द्रको फूटताका वि.सं. २०५१ सालमा सम्पन्न प्रथम राष्ट्रिय सम्मेलनपछिको दोस्रो सबैभन्दा निर्णायक पार्टी जमघट ठानिएको छ । कामको चरित्रको हिसावले यो सम्मेलनलाई 'जनयुद्धहरूको पाँच बर्षको समीक्षा सम्मेलन' भनिदिए हुनेभएको छ ।

यो सम्मेलनमा माओवादीहरूले आधा दशक लामो जनयुद्धको समीक्षा आखिर कसरी गरे त ? उनीहरूले कुन कुन विचार र नीतिमा निर्णायक वा महत्वपूर्ण परिवर्तन गरे त ?

## *क्रान्तिको सोचमा परिवर्तन*

यो सम्मेलनले गरेको निर्णायक महत्वको पहिलो फेरबदल भनेको माओवादीको अहिलेसम्म रहिआएको क्रान्तिसम्बन्धी सोचमा आनकातान परिवर्तन हो । माओवादीले यो सम्मेलनमार्फत् पहिलोपटक के समीक्षा र बोध गरे भने "विगतका सर्वहारा क्रान्तिका कुनै निश्चित मोडेल अब पहिलेजस्तै गरी लागु हुन सक्दैन ।" "नेपालको दीर्घकालीन जनयुद्धमा आम-सशस्त्र विद्रोहका रणनीतिहरूको समायोजन" गर्नुपर्छ । यो समायोजन नेपालको हकमा मात्र गर्ने होइन, 'प्रत्येक देशमा यसो गरेर विश्वक्रान्तिलाई अगाडि बढाइनुपर्छ' ।

यो सम्मेलनका सम्पूर्ण निर्णयहरूमध्ये यो निर्णय सबैभन्दा गम्भीर र दूरगामी असर राख्ने प्रकृतिको छ भन्ने मलाई लाग्छ ।

माओवादी नेतृत्वको अहिलेसम्म के धारणा रहिआएको थियो भने विश्वमा विभिन्न खालका क्रान्तिका मोडेलहरू छन्, तीमध्ये कुनै देशमा लागु भएको निश्चित मोडेल अर्को देशमा दुरूस्त लागु हुन सम्भव छ । माओवादीको के जब्बर ठम्म्याइ थियो भने- नेपालको हकमा माओले चीनमा अभ्यास गर्नुभएको नयाँ जनवादी क्रान्तिको मोडेल हूबहू लागु गर्नु सबैभन्दा उपयुक्त हुन्छ ।

माओवादीले अहिले भनिराखेको 'दीर्घकालीन जनयुद्ध', 'आधार इलाका', 'मुक्त क्षेत्र', 'गाउँले शहर घेर्ने रणनीति' -सबै त्यही चीनियाँ क्रान्तिलाई उपर्युक्त मोडेल मानेर त्यहींबाट उधारो लिइएका अवधारणाहरू थिए । जन-आन्दोलन र सशस्त्र जनविद्रोहको बाटो नेपालको लागि उपयुक्त हुनसक्छ भन्ने धारणा कतैबाट आइहाल्यो भने माओवादी नेतृत्व त्यसलाई 'रूसी क्रान्तिको मोडेल' भनेर नामाकरण गर्दथ्यो । र, त्यो नेपालमा कदापि लागु हुन नसक्ने बताउँथ्यो ।

परन्तु अहिलेको सम्मेलनले त्यो सोचमा १८० डिग्री परिवर्तन ल्याएको देखिएको छ । माओवादीहरू पहिलोचोटि यो तथ्य स्वीकार्दैछन् कि विश्वको सर्वहारा क्रान्तिको कुनै मोडेल नेपालमा अब पहिलेजस्तो गरी लागु गर्न सकिँदैन । नेपालमा मात्र होइन, विश्वमै कुनै मुलुकमा पनि यस्तो गर्न सम्भव छैन । यो माओवादीको सोंच र चिन्तन गर्ने ढंग दुवैमा आएको आधारभूत चरित्रको अन्तर हो । यो सकारात्मक परिवर्तन हो । यसले देखाएको छ कि माओवादीहरू अब यथार्थको धरातलमा टेकेर क्रान्तिबारे धारणा बनाउने प्रयत्न थालिरहेछन् । कुनै देशको क्रान्तिको मोडेल अर्को देशमा हूबहू लागु हुनसक्छ भन्ने सोच सारमा यान्त्रिक चिन्तन प्रक्रियाको उपज हो । वस्तु र समाजलाई स्थिरतामा हेर्ने, गति र द्वन्दमा नहेर्ने सोचले गर्दा नै यस्तो धारणा पैदा हुन्छ । माओवादीले क्रान्तिको मोडेलसम्बन्धी धारणामा जुन परिवर्तन

**माओवादीले हालै आफ्ना केही आधारभूत सोच र अडानमा यति व्यापक परिवर्तन गरेको छ, जुन यसअघि उसले गर्ला भनेर सोच्न पनि सकिँदैनथ्यो**

गरेको छ, त्यसले संकेत दिएको छ कि माओवादीहरू यान्त्रिक चिन्तन प्रक्रियाबाट बिस्तारै मुक्त हुने क्रममा छन् । यो खुशी र स्वागतयोग्य कुरा हो ।

यो नयाँ धारणाको उज्यालो पाटो के हो भने माओवादीहरू अब नेपालको बदलिँदो यथार्थ थाहा पाउन बढी प्रयत्नशील हुनेछन् । उनीहरूले क्रान्तिको नेपाली मोडेल पत्तो लाउन कोशिस गर्नेछन् । यदि साँच्चै नै यस्तो हुनसक्यो भने अरू देशको अन्धनक्कल गर्दा जुन अनावश्यक रूपमा समाजको ठूलो हानी-नोक्सानी र बलिदान हुन्थ्यो, त्यसबाट देश बच्नेछ । क्रान्तिको बाटो बढी छोटो र सहज हुनेछ ।

माओवादीको सम्मेलनले गरेको यो निर्णयमा एउटा गम्भीर खोट भने अझै बाँकी देखिन्छ । त्यो के भने माओवादीले यो निर्णय गर्दा विगतको सर्वहारा क्रान्तिको मोडेल *अब पहिलेजस्तो गरी लागु हुन नसक्ने (शब्दहरूमुनिको धर्को र जोड मेरो-लेखक)* भनेर लेखेको छ । यसको मतलब हुन्छ- क्रान्तिको मोडेल यसअघि चाहिँ हूबहू लागु हुनसक्थ्यो । माओवादीहरू सन् १९८० को दशकपछि 'विश्वमा आइरहेको नयाँ परिवर्तन'ले गर्दा यस्तो निष्कर्षमा पुगेको कुरा विज्ञप्तिमा उल्लेख गरेको छ ।

यो भनाइ नितान्त गलत छ भन्ने मलाई लाग्छ । 'प्रचण्ड पथ'लाई जवर्दस्ती नयाँ सोच हो भनेर स्थापित गर्न यस्तो प्रयत्न गरियो कि भन्ने भान यसले पारेको छ । एउटा देशको क्रान्तिको मोडेल अर्को देशमा हूबहू लागु हुनसक्दैन भन्ने धारणा केवल सन् १९८० को दशकपछि मात्र सान्दर्भिक र सही भएको होइन । द्वन्दवादले यो धारणा उन्नाइसौं शताब्दीमा नै ल्याइसकेको कुरा हो । स्वयम् माओ त्से तुङले रूसी क्रान्तिको मोडेल चीनमा हूबहू लागु हुन सक्दैन भनेर चीनियाँ क्रान्तिको आफ्नै मोडेल विकास गर्नुभयो । रूसी क्रान्तिको मोडेल त्यतिखेर विश्व विख्यात थियो, तर त्यो अन्धनक्कल गरेर हूबहू लागु गर्न कोशिस गरेको भए चीनको क्रान्ति नै फेल खान्थ्यो, माओको सोच लागु हुनुअघि त्यो फेल खाइरहेकै थियो ।

मार्क्स-एंगेल्स स्वयमले विकसित पूँजीवादी मुलुकहरूमा एकैचोटि क्रान्ति हुने मोडेल पेश गर्नुभएको थियो । तर लेनिनले पूँजीवादको विकासको हिसावले निकै पछौटे मुलुक रूसमा, त्यो पनि केवल एउटामात्र मुलुकमा क्रान्ति गर्न सकिने मोडेल विकास गर्नुभयो र त्यहीअनुसार क्रान्ति गर्नुभयो ।

**घुमाउरो रूपमा यो नयाँ सोचमार्फत् माओवादी नेतृत्वले पहिलोपटक के कुरा स्वीकार गरेको छ भने नेपालमा आधार इलाका निर्माण गरेर, मुक्त क्षेत्र सृजना गरेर, त्यसैको सिलसिलावद्ध बिस्तार र विकासद्वारा केन्द्रिय सत्ता कब्जा गर्नु र क्रान्ति सम्पन्न गर्नु सम्भव छैन**

फीडेल क्यास्त्रो र चे ग्वेभाराहरूले आफ्नै नयाँ मोडेलबाट क्युवामा क्रान्ति गर्नुभयो । किम इल सुङले उत्तर कोरियामा पनि त्यस्तै गर्नुभयो ।

त्यसैले सर्वहारा क्रान्तिको कुनै एउटा निश्चित मोडेल अर्को देशमा पहिलेजस्तो गरी लागु हुनसक्दैन भन्ने कुरा सन् १९८० को दशकपछि मात्र सान्दर्भिक भएको बिल्कुलै नयाँ सोच होइन । यो द्वन्दात्मक भौतिकवादको चीरपरिचित अवधारणा हो । यसलाई 'प्रचण्ड पथ'को नयाँ आविष्कारझैं गरेर ल्याउने प्रयत्न गर्नु बिल्कुलै बेठीक प्रवृत्ति हो ।

**साथमा, अन्तरंग रिपोर्ट**



माओवादी छापामारहरू खुला रूपमा जनताहरूको बीचमा सभामा भाग लिँदैछन् फोटो : सुधीर शर्मा

## माओवादी जनयुद्धका घाइतेहरू

तथापि, क्रान्तिको मोडेलको अन्धनक्कल गर्ने प्रवृत्ति छोड्ने निर्णय माओवादी सम्मेलनले गर्नु ज्यादै महत्वपूर्ण र प्रशंसनीय कुरा हो ।

यही सिलसिलामा सम्मेलनले नेपालमा दीर्घकालीन जनयुद्ध र आम-सशस्त्र जन-विद्रोहका रणनीतिहरूलाई समायोजन गर्ने नयाँ सोच अघिसारेको छ । यो पनि माओवादी सोचमा आएको निर्णायक महत्वको परिवर्तन हो ।

घुमाउरो रूपमा यो नयाँ सोचमार्फत् माओवादी नेतृत्वले पहिलोपटक के कुरा स्वीकार गरेको छ भने नेपालमा आधार इलाका निर्माण गरेर, मुक्त क्षेत्र सृजना गरेर, त्यसैको सिलसिलावद्ध बिस्तार र विकासद्वारा केन्द्रिय सत्ता कब्जा गर्नु र क्रान्ति सम्पन्न गर्नु सम्भव छैन । उसले के कुरा स्वीकार गरेको छ भने - क्रान्ति गर्नका लागि जनयुद्धका केही सान्दर्भिक सकारात्मक पक्षहरूको अलावा सशस्त्र जनविद्रोहका सान्दर्भिक र सकारात्मक पक्षहरूलाई पनि अभ्यासमा ल्याउनु जरूरी छ । दुवैको सम्मिलनले मात्र नेपालमा क्रान्ति घटित गर्नु संभव छ ।

### यो भनेको के त ?

यो भनेको के हो भने दीर्घकालीन जनयुद्धका केही सकारात्मक पक्षहरूलाई- जस्तो कि आधार इलाका, गुरिल्ला गतिविधि, सशस्त्र सैन्य बललाई चाहिँ कायमै राखिछोड्ने । तर अबदेखि सशस्त्र जनविद्रोहका सकारात्मक र सान्दर्भिक पक्षहरू जस्तो कि, शहरिया जनसंघर्ष र मजदूर आन्दोलनलाई पनि रणनीतिक महत्वको आन्दोलनका रूपमा लिन थाल्ने, गैर-कानूनी संघर्षमात्र होइन, कानूनी संघर्षमा पनि जोड दिएर भाग लिन थाल्ने, गैर-संसदीय संघर्षमात्र होइन, आवश्यकता पर्छ भने संसदीय संघर्षमा पनि भाग लिन थाल्ने ।

सारमा, आधार इलाका र मुक्त क्षेत्रकै श्रृंखलावद्ध बिस्तारद्वारा होइन, ग्रामीण वर्ग संघर्ष र शहरिया जन-संघर्ष- यी दुईको समायोजनद्वारा क्रान्ति सम्पन्न गर्ने रणनीति अभ्यास गर्ने । यो नयाँ अवधारणाले माओवादी पार्टीलाई क्रान्तिको बाटो सम्बन्धमा निकै लचिलो र यथार्थपरक बनाउने कार्य गरेको छ । क्रान्तिसम्बन्धी उसको यो सोच अब एकताकेन्द्र र मसालको सोचको नजिक हुनपुगेको छ । ने.म.कि.पा. पनि यही सोचको वरपर भएकाले यी चारथरि पार्टीबीच ध्रुवीकरणको सम्भावना यसले काफी बढाएको छ । यदि यस्तो हुन सम्भव भयो भने नेपालको वामपन्थी आन्दोलनको शक्ति सन्तुलन धेरै मात्रामा बदलिनेछ । यो धार नेपालको सबैभन्दा शक्तिशाली वामपन्थी धार हुन जानेछ ।

यसबाट माओवादीको गतिविधिको केन्द्र पनि बदलिनेछ । यसअघि उसको गतिविधिको गुरूत्वाकर्षण केन्द्र गाउँ भइरहेको थियो, अब शहरी क्षेत्रमा माओवादी गतिविधि रणनीतिक तवरले नै बढ्न थाल्नेछ । गाउँमा आधार इलाका लामो समयसम्म टिकाउन संभव छ भन्ने निष्कर्षका आधारमा जसरी पनि आधार इलाका टिकाउनेमा माओवादीको हिजो सर्वाधिक जोड थियो । अब त्यो जोड पनि बदलिनेछ । अब आधार इलाका सके टिकाउने, नसके जसरी क्रान्तिको बाटो अघि बढ्छ, त्यो बाटो अपनाउनेमा माओवादी जानेछ ।

माओवादीले अहिले यही सम्मेलनबाट संसदीय गतिविधि र स्थानीय निकायको उपयोग गर्ने सोच तत्कालै बनाइहालेको त देखिएको छैन, परन्तु यो नयाँ निर्णयले उ चाँडै त्यसतर्फ अघि बढ्न सक्ने सम्भावनाको ढोका उदाँगो पारेको छ । माओवादीको एउटा हिस्सा

तुरुन्तै शहरिया जनसंघर्ष र कानूनी संघर्षको लागि खुला हुने संभावनातर्फ यो निर्णयले संकेत गरेको छ ।

## *दक्षिण एशिया तहमा महासंघ*


यो सम्मेलनको अर्को महत्वपूर्ण नीति निर्णय हो- "दक्षिण एशिया" तहमा "संगठन र संघर्षको संयोजन" गर्ने अवधारणा र २१ सौं शताब्दीमा दक्षिण एशियामा "नयाँ सोभियत फेडेरेशन" बनाउने रणनीतिक अवधारणा ।

दक्षिण एशिया तहमा संघर्ष र संगठनको संयोजन गर्ने माओवादीको यो अवधारणा सृजनात्मक र यथार्थवादी छ भन्ने मलाई लाग्छ । यसो गर्नु सम्भव पनि छ, जसरी पनि नेपाल, भारत, पाकिस्तान, बंगलादेश र श्रीलंकामा यस्तो गर्न सकिने सम्भावना टड्कारो छ । दक्षिण एशिया स्तरमा श्रमिकबर्गको संघर्ष र जनसंघर्षलाई संयोजित गर्न सकियो भने, एक आपसमा घनिष्ठ सम्पर्क बढाउन सकियो भने यसले नेपालको क्रान्तिको प्रक्रियालाई निकै मात्रामा सघाउने र सहज बनाउने त निश्चित नै छ, साथै यसले सबै देशको संघर्षलाई मजबूत, तेज र सहज बनाउने छ । तसर्थ यो धारणा सही छ ।

परन्तु माओवादीको सम्पर्क र सम्बन्ध भारतका केही थोरै उस्तै विचार राख्ने पार्टीसित मात्र रहेको बुझिन्छ,, जस्तो कि एम.सि.सि. र पिपुल्स वार ग्रुप । श्रीलंकामा जे.भि.पी. र अन्य त्यस्तै समूह र बंगलादेशमा पनि उस्तै सोच राख्ने साना एक दुई समूहहरू । माओवादीले पार्टी सम्पर्कको घेरो केही ठूलो बनाउने, माओवादीजस्तै विचार राख्ने पार्टीबाहेकका अन्य क्रान्तिकारी पार्टीहरूलाई पनि सम्पर्कको घेरोमा ल्याउने र सर्वप्रथम एउटा साझा न्यूनतम समझदारी र कार्यक्रममा अधारित वामपन्थी पार्टीहरूको खुकुलो फेडेरेशन बनाउने हो भने यो नयाँ अवधारणाले नेपाली र समग्र दक्षिण एशियाली क्रान्तिलाई काफी मात्रामा सघाउने छ ।

माओवादीको दक्षिण एशियाव्यापी फेडेरेशनको अवधारणाले सर्वप्रथम वाम पार्टीहरूको फेडेरेशनतर्फ माओवादी चाँडै उन्मुख हुँदैछ भनेर त सहजै अनुमान गर्न सकिन्छ । तर त्यो अत्यन्त सीमित पार्टीबीच मात्र त साँघुरिने छैन ?

जहाँसम्म २१ सौं शताब्दीमा दक्षिण एशियामा "नयाँ सोभियत फेडेरेशन" बनाउने भन्ने सोच छ, त्यो सुदूर भविष्यको सुन्दर सपना सिवाय अरू केही हुनसक्दैन । राज्यहरूको फेडेरेशन बन्न सर्वप्रथम क्रान्ति हुनुपर्‍यो, त्यो पनि सर्वप्रथम भारतमा र पाकिस्तानमा । नेपालजस्तो ज्यादै सानो मुलुकले इच्छाएर यस्तो फेडेरेशनको प्रस्ताव राखिहाले पनि त्यो वास्तविकतामा बदलिन धेरै गाह्रो छ । यसको लागि देशको साइजको पनि ठूलो महत्व हुन्छ भन्ने मलाई लाग्छ । त्यसमाथि थप, क्रान्ति सम्पन्न भए पनि उनीहरूबीच ज्यादै घनिष्ठ र विश्वासमा आधारित सम्बन्ध हुनुपर्‍यो, ताकि स्वेच्छिक आधारमा महासंघमा बस्न कुनै हिच्किचाहट नहोस् । भारत र पाकिस्तानमा क्रान्तिको प्रक्रिया निकै धीमा र कमजोर हुनाले पनि यो अवधारणा कार्यान्वयन हुनु सुदूर भविष्यको कुरो भएको छ ।



*माओवादीले संविधान सभाको नारा छोडेर ठीकै गरेको छ । संविधान सभाको नारा यो बेलामा सान्दर्भिक र उचित देखिन्न, किनकि संविधान सभाको चुनाव ठीक त्यसरी नै हुने हो, जसरी वर्तमान संसदको हुने गरेको छ ।*

## *सर्वपक्षीय सम्मेलन र नयाँ संविधान*

माओवादीले यो सम्मेलनमार्फत् एउटा नयाँ कार्यनीतिक नारा जनसमक्ष पेश गरेको छ । त्यो नारा हो- "देशका सम्पूर्ण राजनैतिक पार्टी, संघ/संस्था तथा जनसंगठनहरूका प्रतिनिधिहरूको सर्वपक्षीय सम्मेलन, एवं सो सम्मेलनद्वारा अन्तरीम सरकारको निर्वाचन र सो अन्तरीम सरकारको नेतृत्वमा जन-संविधान निर्माणको ग्यारेण्टी ।"

माओवादीले यो कार्यनीतिक नारालाई 'देशको विद्यमान संकटपूर्ण स्थितिको राजनैतिक निकास' भनेर नामाकरण गरेको छ ।

माओवादीको यो नयाँ कार्यनैतिक नारा निकै अर्थपूर्ण छ र यसलाई पनि माओवादीको सोचमा आएको आधारभूत फेरबदलको रूपमा लिन सकिन्छ । सर्वप्रथम यो नाराले के संकेत गरेको छ भने माओवादीले अब संविधान सभाको नारालाई व्यवहारतः छोड्ने कार्य गरेको छ । यो उसको राजनीतिमा आएको ठूलो फेरबदल हो ।

दोस्रो, यो नाराले के संकेत गरेको छ भने माओवादी अब राष्ट्रिय राजनीतिको केन्द्रिय रंगमंचमा खुला र क्रियाशील सहभागीको रूपमा आउन इच्छुक र तम्तयार दुवै भएको छ । किनभने, माओवादीले जुन सर्वपक्षीय सम्मेलनको माग गरेको छ, त्यो आफूलाई बाहेक गरेर बोलाइने सम्मेलन पक्कै होइन, त्यो माओवादीसहितको सर्वपक्षीय सम्मेलन हो । त्यस्तै, माओवादीले जुन अन्तरीम सरकारको माग गरेको छ, त्यो पनि कांग्रेस/एमाले/मालेको मात्र अन्तरीम सरकार कुनै पनि हालतमा होइन, त्यो माओवादीसहितको अन्तरीम सरकार हो । यसको तात्पर्य के हो भने माओवादीले अब केवल भूमिगत र जंगलको मात्र राजनीतिक गर्ने विचार छोडेको छ, ऊ खुला राष्ट्रिय राजनीतिमा मुख्य पात्र भएर आउन तम्तयार भएको छ । संभवतः उसले भनेजस्तो भयो भने ऊ सर्वपक्षीय सम्मेलनमा पनि आउने छ, अन्तरीम सरकारमा समेत जानेछ । यही कारणले यो कार्यनीतिलाई मैले माओवादीको राजनीतिक सोच र कार्यनीतिमा आएको आधारभूत चरित्रको परिवर्तन भनेको हुँ ।

माओवादीले संविधान सभाको नारा छोडेर ठीकै गरेको छ । संविधान सभाको नारा यो बेलामा सान्दर्भिक र उचित देखिन्न, किनकि संविधान सभाको चुनाव ठीक त्यसरी नै हुने हो, जसरी वर्तमान संसदको हुने गरेको छ । त्यो स्थितिमा संविधान सभाको चुनाव भयो भने बहुमत कसको आउँछ ? जसरी र जुन कारणले अहिले संसदमा कांग्रेसको बहुमत आएको छ, त्यसरी र त्यही कारणले त्यहाँ प्रतिक्रियावादी र प्रतिगामी तत्वकै बहुमत आउने संभावना टड्कारो देखिन्छ । त्यसमाथि थप नेपाललाई गणतन्त्रतिर जान नदिन दरवार पनि कांग्रेसकै बगालमा मिसिने ज्यादा संभावना छ ।

मैले बुझ्न नसकिरहेको कुरो के हो भने सर्वपक्षीय सम्मेलन भयो भने त्यहाँ पनि गणतन्त्रमा नेपाललाई जान नदिन कांग्रेस, रा.प्र.पा., दरवार, सद्भावना सबै एकै ठाउँमा उभिने संभावना ज्यादा रहन्छ, त्यो स्थितिमा अहिलेभन्दा प्रगतिशील नयाँ संविधान कसरी बन्छ ?

तसर्थ, यो सवालमा गम्भीरतापूर्वक पुनर्विचार गरिनुपर्छ भन्ने मलाई लाग्छ ।

अहिलेको सही कार्यनीतिक नारा राष्ट्रिय स्वाधीनता, नेपाली समाजको पूर्ण प्रजातान्त्रीकरण र आत्मनिर्भर राष्ट्रिय विकास अभियानका लागि एउटा न्यूनतम साझा कार्यक्रमका आधारमा सम्पूर्ण वामपन्थी शक्ति तथा प्रजातान्त्रिक तत्वहरूको संयुक्त आन्दोलन हुनुपर्छ भन्ने मलाई लाग्छ ।

यस्तो संयुक्त आन्दोलनले भूईं तहमा आफ्नो बाहुल्य भएको क्षेत्रमा यहीं र अहिल्यै व्यापक प्रजातान्त्रिक सुधारको कदम थाल्नेछ, जनताको जीवनमा तात्कालीन सुधार ल्याउनेछ र स्थानीय स्वायत्त जनवादी शासनको जग हाल्नेछ । सडकमा र संसदमा यसले सशक्त संयुक्त जन-आन्दोलनको थालनी गर्नेछ । यसले नेपालमा प्रगतिशील भूमिसुधार, औद्योगिक क्रान्ति, असमान सन्धिहरूको खारेजी, विदेशी ऋण र तिनका शर्तहरूको अन्त्य, नेपाल-भारत सीमाको नियन्त्रण, महिला, भाषाभाषीहरू, धर्मावलम्बीहरू र जात, जनजातिलाई पूर्ण समानताको माग गर्नेछ । र, राजनीतिक रूपले यसले अन्तरीम सरकारको गठन र मध्यावधि चुनावको माग गर्नेछ ।

तर भूईं तहसम्म प्रजातान्त्रिक सुधारका काम थालेको जन-आन्दोलनको उभारको समयमा समाजमा सम्पूर्ण वामशक्ति तथा प्रजातान्त्रिक तत्वहरू एक भएको घडीमा अन्तरीम सरकारको मातहतमा चुनाव भयो भने- बढी सम्भव छ, यही शक्तिको दुई तिहाइ बहुमत आउनेछ । एउटा हदसम्मको संविधानको प्रजातान्त्रीकरण र व्यापक प्रजातान्त्रिक सुधार तब कार्यान्वयन हुन सक्नेछ । यसमा कतैबाट तगारो हालिएमा संसदीय व्यवस्थामार्फत नेपाली समाजको रूपान्तरण र पूर्ण प्रजातान्त्रिकरण सम्भव छैन भनेर व्यवहारतः सिद्ध हुनेछ । सिंगो समाज वैकल्पिक क्रान्तिकारी बाटोतिर उन्मुख हुनेछ ।

यो बाटो माओवादी मित्रहरूलाई संसदवादी-संसदवादी लाग्न सम्भव छ । परन्तु संसदको भ्रमबाट जन समुदायलाई सदाको लागि मुक्त गर्ने हो भने- संसदीय बाटोबाट क्रान्ति वा प्रजातान्त्रिक सुधारको संभावनालाई

व्यवहारिक रूपमा रित्याइदिनु पर्छ । नेताहरू चेतनाको आधारमा नै कुनै सवालमा सही टुंगोमा पुग्न सक्छन्, बहुसंख्यक कम सचेत जन-समुदाय आफ्नै प्रयोग र व्यवहारिक संघर्षबाट मात्र सबैभन्दा चित्तबुझ्दो हुनेगरी सही निष्कर्षमा पुग्छ ।

## व्यापक संयुक्त मोर्चाको अवधारणा

माओवादीको सोचमा केही समययता आइरहेको अर्को महत्वपूर्ण हेरफेर संयुक्त मोर्चासम्बन्धी अवधारणामा देखिन्छ, जसलाई यो सम्मेलनले थप निरन्तरता दिएको छ ।

हिजो एमाले-मालेहरू माओवादीको नजरमा प्रतिक्रियावादी शक्ति थिए । अब ती अस्थिर मित्र शक्तिमा बदलिएका छन् । हिजो धेरैसँग सँगै बस्न सकिँदैनथ्यो, अब 'गिरिजा गुट'बाहेक सबैसँग सँगै बसेर संयुक्त संघर्ष गर्न सकिन्छ । हुँदाहुँदा माओवादीले अहिले त्यस्तो बृहत् संयुक्त मोर्चाको अवधारणा अघि सारेको छ, जसले 'केन्द्रियस्तरमा जन-सरकारको भूमिका' खेल्न सक्दछ ।

यो बृहत् संयुक्त मोर्चामा को को अट्न सक्छन् र यसले केन्द्रिय सरकारको भूमिका कसरी खेल्न सक्छ- विज्ञप्तिले कुनै मूर्त र स्पष्ट व्याख्या अघि सारेको छैन । नेपालको अहिलेको शक्ति सन्तुलनमा निकट भविष्यमा केन्द्रिय जन-सरकारको संभावना पनि देखिन्न । परन्तु माओवादी त्यो हदसम्म पनि ओर्लेको छ । माओवादीका केही प्रमुख नेताहरू त अझ अहिले दरवारसित पनि एकताको धारणा सार्वजनिक तवरले अघि सारिरहेछन्, जुन विचलनको स्पष्ट संकेत हो ।

माओवादीको यो सम्मेलनले कार्यनैतिक संयुक्त मोर्चाको अवधारणा पनि अघि सारेको छ ।

जम्मामा, माओवादीको संयुक्त मोर्चासम्बन्धी अवधारणा पहिलेभन्दा निकै लचिलो र व्यापक भएको छ । यसले संयुक्त जन-आन्दोलन अघि बढाउन राम्ररी बाटो खोलेको छ । परन्तु केही विरोधाभाषहरू पनि साथसाथै देखापरेका छन् । उदाहरणको लागि, ने.क.पा. (मसाल)प्रतिको दुश्मनीपूर्ण व्यवहार । बैचारिक हिसावले माओवादी पार्टी यो सम्मेलनबाट मसालको निकै नजिक आइपुगेको छ । परन्तु यस्तो प्रतीत हुन्छ, माओवादी नेतृत्वमा मसाल नेतृत्वप्रति पूर्वाग्रहको यति ठूलो पहाड देखिन्छ कि मसाललाई गाली नगरी वा आक्रमण नगरी माओवादी नेतृत्वलाई भातै रूच्दैन । आदर्श र आचरणको बीचमा यो गम्भीर विरोधाभाष हो, जसलाई माओवादी नेतृत्वले अविलम्ब हटाउनुपर्ने हुन्छ । मसाल नेपालको भरोसिलो, जुझारू र दृढ वामपन्थी शक्ति हो भन्ने तथ्यलाई माओवादी नेतृत्वले किन बोध गर्न सकिरहेको छैन ?

यो सम्मेलनको विज्ञप्तिलाई सूक्ष्म रूपमा हेर्दा यस्तो प्रतीत हुन्छ- माओवादी नेतृत्वमा 'अब म संयुक्त जन-आन्दोलन, विश्व र नेपाली कम्युनिष्ट आन्दोलन 'हाँकेर लान सक्छु' भन्ने अति ज्यादा आत्मविश्वास पल्हाएको छ । आत्मविश्वाससम्म हुनु राम्रो कुरा हो, परन्तु अति आत्मविश्वासले भने महत्वाकांक्षा, दुस्साहस र विचलन मात्रै पैदा गर्छ, मित्रहरूप्रति असन्तुलित र मिचाहा व्यवहार मात्रै पैदा गर्छ, जसले संयुक्त मोर्चामा ठूलो समस्या खडा गर्न सम्भव छ । यसमा माओवादी नेतृत्व सजग हुँदा धेरै राम्रो हुने थियो ।

## सामूहिक सम्पत्ति र कम्युन

माओवादी नेतृत्वले यसपटक गरेको अर्को महत्वपूर्ण निर्णय हो- "केन्द्रीय समितिका सम्पूर्ण सदस्यहरूको व्यक्तिगत सम्पत्तिलाई पार्टीको सामूहिक सम्पत्तिमा परिणत गरी कम्युनका रूपमा त्यसको परिचालन गर्ने ठोस योजना ।"

नेतृत्वको सर्वहाराकरण र सांस्कृतिक रूपान्तरणको दिशामा यो ऐतिहासिक निर्णय हो । नेतृत्वले समाजवादी संस्कृति यहीँ र अहिल्यैबाट अभ्यास गर्न संघर्ष गर्नथाल्ने मामलामा यो निर्णयले ठूलो महत्व राख्छ ।

परन्तु भौतिक रूपमा व्यक्तिगत सम्पत्तिमात्र एक ठाउँमा एकत्रित गर्दैमा कम्युन बनिहाल्न सक्दैन । यसको लागि जरूरत पर्छ- आत्मिक वा मानसिक रूपमा व्यक्तिगत सम्पत्तिको मानसिकताबाट मुक्त हुन संघर्ष थाल्नु । व्यक्तिगत सम्पत्ति नाश गरेपछि पनि व्यक्तिमा व्यक्तिगत सम्पत्तिको मानसिकता विभिन्न रूपमा अस्तित्वमा रहिरहन सक्छ, जस्तो कि, सम्पत्ति त्याग गरेवापत त्यागको फल खोज्ने मानसिकता, सुविधा र फाइदा जति आफूलाई, कठीनाइ र नोक्सानी जति अरूलाई पार्ने मानसिकता, जस जति आफ्नो थाप्लामा, अपजस जति अर्काको थाप्लामा हाल्ने मानसिकता आदि ।

व्यक्तिगत सम्पत्ति सामूहिकीकरण गर्ने निर्णय गरेर माओवादी नेतृत्वले राम्रो संस्कृतिको प्रारम्भ गरेको छ । यो सँगसँगै व्यक्तिगत सम्पत्तिको मानसिकता अन्त्य गर्न पनि संघर्ष थाल्न सके सर्वहाराकरण सर्वांगीण र वास्तविक अर्थमा हुन जान्थ्यो कि ?

**व्यक्तिगत सम्पत्ति सामूहिकीकरण गर्ने निर्णय गरेर माओवादी नेतृत्वले राम्रो संस्कृतिको प्रारम्भ गरेको छ**

*सल्यानको कोटबारा गाउँमा माओवादीको सामूहिक खेती* फोटो : सुधीर शर्मा



## अन्य केही निर्णयहरू

सम्मेलनले अरू केही उल्लेखनीय निर्णयहरू पनि गरेको छ । ती हुन् -

❑ पार्टी एकीकरणसम्बन्धी निर्णय

❑ समग्र जनदिशासम्बन्धी निर्णय

❑ जनसेवालाई केन्द्रिय रूपमा संगठित गर्ने निर्णय

सम्मेलनले पार्टी एकीकरण सम्बन्धमा पनि अब माओवादी निकै लचिलो हुने छाँटकाँट देखाएको छ । 'सही विचारका आधारमा एउटै कम्युनिष्ट पार्टीको विकास' गर्नुलाई सम्मेलनले 'ऐतिहासिक आवश्यकता' बताएको छ ।

परन्तु कुन कुन आधारभूत सवालमा साझा सहमति भएमा एउटै कम्युनिष्ट पार्टीको विकास गर्न माओवादी तम्तयार हुनसक्छ त ? विज्ञप्तिमा कुनै स्पष्टता देखिन्न ।

पार्टी एकीकरण सम्बन्धमा माओवादीको सोचमा आएको यो अचम्मको परिवर्तन पत्याइसक्नुको छैन । तर यो परिवर्तन आफ्नो क्षमता र तागतप्रतिको अति ज्यादा आत्मविश्वासले गर्दा पैदा भएको भान हुन्छ । केही समयअघिसम्म सबैलाई शत्रुवत् व्यवहार गर्ने, अहिले सबैसित पार्टी तहमै एक हुनसक्ने सोच राख्ने - यो उसको सोचमा आएको अतिवाद र दुस्साहसवादझैं प्रतीत हुन्छ । बेस के हुन्थ्यो भने, माथि उल्लेख गरिसकिएका विचारमा अब निक्कै सामीप्यता पैदा भएका चार पाँचवटा पार्टीसित माओवादीले पार्टी एकीकरणको लागि इमान्दारीपूर्ण कोशिस गरोस् । अरूसित कार्यनैतिक संयुक्त मोर्चाको माध्यमबाट सामीप्यता बढाउने प्रयत्न गरोस् ।

सम्मेलनले समग्र जनदिशाको विकास बारेमा पनि जोड दिएर निर्णय गरेको बताइएको छ । तर अब उप्रान्त माओवादीको कुन कुन व्यवहारमा यसअनुसार मूलभूत परिवर्तन गरिनेछ त ? -विज्ञप्तिमा कुनै खुलासा भेटिन्न । त्यसैले भविष्यको व्यवहार नहेरी जनदिशाको बारेमा भएको नयाँ निर्णयको तात्पर्य राम्ररी बुझ्न सम्भव देखिन्न ।

आवश्यकता चाहिँ के देखिन्छ भने- यदि माओले विकास गर्नुभएको जनदिशालाई वास्तविक अर्थमा अभ्यास गर्ने हो भने माओवादी मित्रहरूले -

❑ उत्पीडित जन-समुदायको बदलामा उनीहरू

स्वयम् तैयार नभई आफूले गएर कार्यवाही गर्ने होइन, जन-समुदायलाई जागृत गर्ने, संगठित गर्ने र कार्यवाहीको निम्ति तैयार र सक्षम तुल्याउने सवालमा पार्टी र सेनाले भूमिका खेल्नु पर्दछ । कार्यवाही चाहिं जन-समुदायसँग मिलेर गरिनुपर्छ र उनीहरू तैयार भएपछि गरिनुपर्छ ।

❑ व्यक्ति-हत्या रोक्नु पर्दछ ।

❑ जन-दमनमा उत्रेका, भीडन्तमा आएका, जन-हत्या र ज्यादतीमा सामेल भएका प्रहरीबाहेक अन्यमाथि गुरिल्ला आक्रमण बन्द गरिनुपर्छ ।

❑ गुरिल्ला कार्यवाही ज्यादै छनौटपूर्ण हुनुपर्दछ । अति उत्पीडनकारी र अन्यायकारी, भ्रष्ट र जनतामा अत्यन्त बदनाम तत्वमाथि मात्रै कार्यवाही सीमित गरिनुपर्दछ ।

❑ ठूलो जन-धनको नोक्सानी हुने मूल्यमा पनि केवल देखाउनका लागि वा अहंकारतुष्टिका लागि गरिने काम कार्वाहीहरू रोकिनुपर्दछ ।

## *प्रचण्ड पथ ?*

माओवादीको 'दोस्रो राष्ट्रिय सम्मेलनले थुप्रै विषयमा थुप्रै सकारात्मक निर्णयहरू गरेतापनि यो सम्मेलनको सबैभन्दा नकारात्मक र बेठीक निर्णय - पार्टीको निर्देशक सिद्धान्तमा 'प्रचण्ड पथ'लाई सामेल गर्नु भएको छ ।

माओवादीले थालेको दीर्घकालीन जनयुद्ध क. प्रचण्डको नयाँ र मौलिक विचार होइन, यो माओको विचारको नेपाली भूमिमा अनुवाद मात्रै हो । ठीक त्यस्तै 'आधारइलाका', 'मुक्त क्षेत्र' र 'गाउँले शहर घेर्ने' अवधारणा पनि । अनि क. प्रचण्डले के नयाँ र मौलिक विचार कम्युनिष्ट आन्दोलनमा योगदान गर्नुभयो र त्यसका आधारमा त्यसलाई 'प्रचण्ड पथ' भनियो ?

माओवादीले अपनाएको बाटोलाई 'प्रचण्ड पथ' नामाकरण गर्नका लागि कुनै वस्तुगत आधार नै विद्यमान छैन ।

सम्मेलनले नयाँ "विचार निर्माणको यो प्रक्रियामा कमरेड प्रचण्डको सही र अविछिन्न नेतृत्वका कारण यो विचार श्रृंखला (Set of ideas) को नामाकरण 'प्रचण्ड पथ'को रूपमा गरिएको" जनाएको छ । परन्तु प्रश्न के हो भने- कमरेड प्रचण्डले मौलिक र नयाँ रूपमा अस्तित्वमा ल्याउनुभएको 'विचार श्रृंखला'चाहिं कुन त ? कुनचाहिं विचार उहाँको नयाँ र मौलिक योगदान हो ?

जनयुद्ध र जनविद्रोहको रणनीतिलाई समायोजन गर्ने विचार उहाँको नयाँ विचार भन्ने हो भने त्यो त भर्खरै प्रस्ताव गरिएको विचार हो, जुन व्यवहारमा प्रयोग गरेर हेर्ने बाँकी छ । फेरि, आधार क्षेत्रजस्ता जनयुद्धका सकारात्मक पक्षलाई प्रयोग गर्दै मूलतः आम-सशस्त्र जन-विद्रोहको बाटो अवलम्बन गर्ने विचार ने.क.पा. (एकता केन्द्र) को प्रथम सम्मेलनले उठाइसकेको विचार हो । यो पनि उहाँको नयाँ र मौलिक विचार होइन । हो नै भने पनि यतिका आधारमा यसलाई 'प्रचण्ड पथ' भन्नु ज्यादै हास्यास्पद बचकनापन हो ।

त्यसो भए केका आधारमा यसलाई 'प्रचण्ड पथ' भनियो र किन भनियो त ?

'प्रचण्ड पथ'सम्बन्धी निर्णयले दुई चारवटा प्रवृत्ति र तथ्यहरू राम्रोसित उजागर गरेको छ : पहिलो कुरो त माओवादीमा नेतृत्व स्थापनाको गम्भीर संकट विद्यमान छ । त्यहाँ पदीय हिसावले जो सर्वोच्च नेतृत्वमा छ, ऊ बाहिर यथार्थमा सर्वोच्च नेताका रूपमा स्थापित छैन, जो यथार्थमा नेताको रूपमा स्थापित छ, ऊ पदीय हिसावले सर्वोच्च नेतृत्वदायी स्थानमा छैन । यही विरोधाभाषपूर्ण स्थितिले गर्दा औपचारिक रूपमा नेताको स्थापनाको समस्या हल गर्न यो 'प्रचण्ड पथ'को अवधारणा ल्याइएको हुन सम्भव छ ।

दोस्रो कुरा, नेतासम्बन्धी र नेतृत्व स्थापनासम्बन्धी मार्क्सवादी लेनिनवादी अवधारणा भनेको प्राकृतिक र वास्तविक नेतृत्वको अवधारणा हो । औपचारिक रूपमा स्थापना गरेर नेता भइदिने कुरा होइन, नेता व्यवहार र संघर्षको प्रक्रियाबाट पैदा हुने कुरा हो । विचारद्वन्द, व्यावहारिक संघर्ष र अन्य तमाम आन्दोलनको दौरानमा जुन व्यक्तिमार्फत् सामूहिक विचार र संस्कृति सबैभन्दा राम्ररी व्यक्तिकृत वा व्यक्त हुन्छ, जो विचार, व्यवहार र संस्कृतिमा अरू सबैको तुलनामा सबैभन्दा उत्कृष्ठ देखा पर्छ- ऊ नै वास्तविक कम्युनिष्ट नेताको रूपमा स्वभावतः पैदा हुन्छ । लेनिन, माओ, स्तालीन त्यसरी नै पैदा भएका वास्तविक नेता हुन् । ती पैदा गरिएका वा स्थापित गरिएका नेताहरू होइनन् । परन्तु माओवादी पार्टीमा भने प्राकृतिक र वास्तविक नेतृत्वको मार्क्सवादी-लेनिनवादी अवधारणा नै देखिएन । त्यहाँ कृत्रिम रूपमा र औपचारिक रूपमा, आपसी सम्झौताद्वारा नेता 'स्थापना गर्ने' अवधारणा विद्यमान भएको देखियो । 'प्रचण्ड पथ' त्यही अवधारणाको परिणाम हो । नेतृत्व स्थापनासम्बन्धी यो गैर-मार्क्सवादी अवधारणाले केवल औपचारिक र यान्त्रिक नेतृत्वमात्र पैदा गर्नेछ, वास्तविक नेतृत्व पैदा गर्ने छैन । औपचारिक नेता एउटा घोषित भए पनि यसले बहुकेन्द्र र गूटको अस्तित्व पनि साथसाथै पैदा गर्नेछ, किनकि त्यहाँ यथार्थमा अरू पनि हाराहारीका नेता अस्तित्वमा छन् ।

तेस्रो कुरा, 'प्रचण्ड पथ'बाट माओवादी नेतृत्वमा नभएको कुरा पनि छ भनेर देखाउनुपर्ने, योगदान नगरेको कुरामा जस लिन खोज्ने अहंकारजन्य सामन्ती प्रवृत्ति देखियो, विशेषतः क. प्रचण्डमा । यो अत्यन्त गलत गैर-समाजवादी प्रवृत्ति हो । कम से कम पूँजीपति वर्गले समेत आफूले योगदान नगरेको कुरामा आफ्नो योगदानको दावी गर्दैन ।

चौथो कुरा, पार्टी ध्रुवीकरण र एकीकरणको जुन व्यापक सम्भावना सम्मेलनका अरू निर्णयहरूले पैदा गरेका छन्, त्यसमाथि तगारो हाल्ने काम यही 'प्रचण्ड पथ'ले गर्नेछ ।

पाँचौं, यो घटनाले माओवादी पार्टीभित्र व्यक्ति पूजा खोज्ने, शक्तिको अति केन्द्रिकरण गर्ने नोकरशाही प्रवृत्तिको बोलवाला छ भन्ने देखाएको छ ।

यी सब कोणबाट 'प्रचण्ड पथ'सम्बन्धी निर्णय गलत छ भन्ने मलाई लाग्छ ।

*शसस्त्र नारा-जूलुस*



**प्रश्न के हो भने– कमरेड प्रचण्डले मौलिक र नयाँ रूपमा अस्तित्वमा ल्याउनुभएको 'विचार श्रृंखला'चाहिँ कुन त ? कुनचाहिँ विचार उहाँको नयाँ र मौलिक योगदान हो ?**

## *कोही पनि पार्टी हैनन्*

यो सम्मेलनको एउटा अर्को अद्भुत निर्णय र निष्कर्ष के रहेको छ भने यसले एकीकृत ने.क.पा.को 'तेस्रो महाधिवेशन-पछिका कुनै पनि समूहलाई पार्टी मान्न नसकिने' धारणा प्रस्तुत गरेको छ । के कारणले यस्तो निष्कर्ष निकालियो त ? विज्ञप्तिमा कुनै उल्लेख गरिएको छैन । तसर्थ यसको सही बुझाइको निम्ति दस्तावेजको प्रतीक्षा गर्नुपर्ने स्थिति छ ।

यो निष्कर्षअनुसार त माओवादी पार्टी स्वयम् पनि त कम्युनिष्ट पार्टी नठहरिने भयो । यो पार्टी निर्माणको प्रक्रियामा रहेको वामपन्थी समूह मात्र ठहरिने भयो । के माओवादी वास्तवमै यो टुंगोमा पुगेको हो ? यदि यो हो भने यो निकै गम्भीर निष्कर्ष हो, जसले आन्दोलनमा निकै ठूलो प्रभाव पार्नेवाला छ । यसबारे समीक्षा गर्न पनि माओवादी नेतृत्वको यसबारेको विस्तृत व्याख्या थाहा पाउनु जरूरी भएको छ ।

त्योविना अहिले नै यसको बारेमा टिप्पणी गर्नु हतुवा हुनसक्छ ।

सम्मेलनले विश्व र नेपाली कम्युनिष्ट आन्दोलनबाट पनि समीक्षा गर्ने प्रयत्न गरेको देखिन्छ । यो समीक्षाको सबै बूँदाहरू र त्यसको व्याख्या अहिले विज्ञप्तिमा उपलब्ध छैन । परन्तु पुष्पलाललाई पुरानो पिँढीका इमान्दार कम्युनिष्ट नेताको

रूपमा मूल्यांकन गरेर सम्मेलनले ठीक निष्कर्ष नै निकालेको छ भन्ने मलाई लाग्छ ।

### अध्यक्ष प्रणाली

यो सम्मेलनले क. किरणद्वारा प्रस्तावित विधान संशोधनको प्रस्तावलाई स्वीकार गरेर माओवादी पार्टीलाई महामन्त्रीको नेतृत्वमा चल्ने पार्टीबाट अध्यक्षको नेतृत्वमा चल्ने पार्टीमा लगेको छ ।

यो परिवर्तन चीन र पेरूको ठाडो सिको हो भन्ने देखिन्छ । चीनमा क. माओ पार्टीको अध्यक्ष र पेरूमा क. गोन्जालो पार्टीको अध्यक्ष भएझैं नेपालमा पनि क. प्रचण्ड पनि पार्टीको त्यस्तै गौरवशाली अध्यक्ष हुन खोजेको संकेत यसले दिएको छ ।

साथै यसले माओवादी पार्टीको केन्द्रमा पहिलेको दुईको सट्टा तीन तह पनि सृजना गरेको छ- केन्द्रिय समिति, पोलिटब्यूरो र पोलिटब्यूरो स्थायी समिति । कठीन भूमिगत स्थितिमा पोलिटब्यूरो पनि जुटिरहन कठीनाइ पैदा भएकाले स्थायी समितिको सानो जुटिरहने अंग सृजना गरिएको हो कि भनेर सामान्यतः अनुमान गरिएको छ ।

सम्मेलनको विज्ञप्ति हेर्दा माओवादी पार्टी त्रय- नेता व्यवस्थातिर लम्केको हो कि भन्ने भान हुन्छ । क. प्रचण्ड सम्मेलनको उद्घाटन गर्ने क. किरण त्यसको सभापतित्व गर्ने र क. बाबुराम उद्घोषण गर्ने । माओवादीको सर्वोच्च नेतृत्व यिनै तीनजना नेताहरूबाट निर्मित भएको आभाष विज्ञप्तिले दिएको छ ।

### जम्मामा

जम्मामा यो सम्मेलनले माओवादीको समग्र दृष्टिकोण, सोच र नीतिमा व्यापक हेरफेरको संकेत दिएको छ । माओवादी पार्टी यो सम्मेलनबाट राजनीतिक रूपमा बढी यथार्थवादी, खुलामुखी, लचिलो भएको छ, बैचारिक रूपमा ज्यादै तरल भएको छ र सांगठनिक रूपमा अति महत्वाकांक्षा, अति केन्द्रिकरण र व्यक्ति पूजातिर लम्केको छ ।

यो सम्मेलनको सम्पूर्ण प्रवृत्ति नियाल्दा माओवादीले भविष्यमा वार्तामा पर्याप्त जोड दिने संभावना देखिन्छ । वार्ता र बैधानिक राजनीतिकै लागि माओवादीको एउटा हिस्सा खुला हुन खोज्ने संभावना प्रवल देखिन्छ । माओवादीले अब राष्ट्रिय राजनीतिको मूल धारामा आएर सक्रिय भूमिका खेल्न खोज्ने संभावना पनि प्रवल छ । साथै माओवादीको अबको जोड र प्राथमिकता शहरिया जन-संघर्ष हुनेवाला छ । ❑

## माओवादी जनयुद्धका घाइतेहरू : एक अन्तरंग रिपोर्ट




महिला छापामारहरू



दस्ताको नेतृत्व गरिरहँदा पारस 'आधारइलाका निर्माणको महान दिशामा अझ अघि बढौं' भन्ने नारासहितको दोस्रो धक्का कार्यक्रमको 'उद्घाटन एक्सन'मा सामेल थिए । "पन्ध्र मिनेटभित्रै चौकी आधा कब्जा भइसकेको थियो, कब्जा हुन दुई मिटरमात्र बाँकी थियो, ढुंगा गोली र बमहरूले जंगल उडाउँदै थियो, आगोका झिल्काहरू निस्किरहेका थिए, मात्र सामान्य घाइते भएका थिए । प्राथमिक उपचारको सात दिनपछि राजधानीको एक अस्पतालमा ल्याइपुऱ्याइएका उनी ४० हजार रूपैयाँ खर्च गरेर चार महिनापछि फर्किएका थिए ।

अहिले पनि उनी माओवादी सेनामै आवद्ध छन् । कमजोर हातको कारण ठूला हतियार चलाउन अप्ठ्यारो हुने भएकोले आफूले रिवल्वर, पेस्तोल,

मितेरी अस्पतालमा सिर्जना र रञ्जन (तल) फोटो : विनोद ढुंगेल



# माओवादी जनयुद्धका घाइतेहरू

- विनोद ढुंगेल -

रोल्पा, जङ्कोटका २२ वर्षीय पारसको बायाँ आँखा फुटेको छ, बायाँ हात कमजोर छ र गालाको हड्डी नै भाँचिएर ठूलो खत बसेको छ । गत वर्ष असोज ६ गते प्रहरी नायव उपरीक्षक ठूले राई रहेको रूकुमको महत गाविस स्थित इलाका प्रहरी कार्यालयमा बसेको 'स्ट्राइकिङ् बेस' कब्जा गर्न जाँदा राती करीब ११ बजे घाइते प्रहरीको गोली लागी उनी घाइते हुन पुगेका थिए ।

करीब तीन दर्जन छापामारको प्लाटुनसहित एकसय जनाभन्दा बढी पुरूष तथा महिला माओवादी जनसेनाको अगाडि बसेर आक्रामक प्रहरीसँग छिनाझप्टीको अवस्था थियो" पारस वर्णन गर्छन्- "मसँग थ्री नट थ्री बन्दूक थियो, चारमध्ये दुईवटा ग्रिनेट हानिसकेको थिएँ, सुतेर हान्दै र फर्कंदै गर्दा करीब आधा घण्टाको भीडन्तपछि एक्कासी गोली लागेको थियो ।"

"गोली लागेपछि म तत्काल अर्को 'कभर'मा फर्किएर करीब १५ मिनेट बेहोश भएछु । साथीहरूले जम्मा हुने ठाउँसम्म पुऱ्याएछन्"- पारस भन्छन् । प्रहरी नायव निरीक्षक भोगेन्द्र कार्कीसहित ६ जना प्रहरी मारिएका र १७ जना घाइते भएका भए पनि सो घटनामा माओवादीतर्फ पारसबाहेक 'कमरेड संघर्ष' एकजना

> "गोली लागेपछि म तत्काल अर्को 'कभर'मा फर्किएर करीब १५ मिनेट बेहोश भएछु । साथीहरूले जम्मा हुने ठाउँसम्म पुऱ्याएछन्"- पारस भन्छन् ।

बम आदि चलाउने गरेको उनी बताउँछन् । हाल उनको बायाँ हातको बूढी औंला मात्र काम लाग्ने अवस्थामा छ ।

रोल्पा कोटगाउँका २३ वर्षीय प्रशान्त अर्का माओवादी घाइते हुन्, जसले २०५५ साल कार्तिक १० गते औलवाङ् चौकी कब्जा गर्न जाँदा दायाँ हातको हत्थुंगादेखि तलको भाग गुमाउनु परेको थियो । २३ जनाको प्लाटुनले चौकी घेरिसकेको अवस्थामा उनले ५ फायर गरेका थिए र ग्रिनेड प्रहार गरेका थिए । रातको ठीक ११:३० बजे जब उनीहरू लक्ष्यतर्फ अघि बढ्न तम्सँदै थिए, अकस्मात प्रशान्तको दायाँ हातमा गोली लाग्यो । "त्यसपछि हातबाट खसेको बन्दूक बायाँ हातले टिपें, बन्दूक काँधमा हालेर अर्को आडमा पुगी साथीहरूलाई खोज्न थालें, नजिकै पारस हुनुहुन्थ्यो । जम्मा हुने ठाउँमा पुगें, त्यसपछि अरूसँग छुट्टिएर जिम्मेवार कमरेडहरूसँग

उपचारतिर गएँ"- प्रशान्तको वर्णन छ ।

एक हवल्दारसहित प्रहरी मारिएको सो घटनाका घाइते प्रशान्त दुई दिन दाङमा रोकिएर घाइते भएको चौथो दिन काठमाण्डौको एक चर्चित नर्सिङ्ग होममा उपचारार्थ आइपुगेका थिए । उनका अनुसार, दुई महिना बसी उपचार गर्दा ३५ हजार रूपैयाँ खर्च भएको थियो । हाल उनी छापामार छैनन्, बरू संगठनको काम गर्छन् ।

रोल्पा गजुलका २१ वर्षीय बिजुली पनि जनयुद्धका घाइते हुन् तर उनी आफ्नै हातबाट गोली लागी घाइते भएका थिए । उनले सुनाएको घटना बिवरणअनुसार, गजुलको रातामाटामा २०५५ साल भदौ २९ गते राती सांस्कृतिक कार्यक्रम चलिरहेको थियो । एकजना साथीसँगै उनी 'ड्यूटी' बसेका थिए । साथी दिसा गर्न गएको बेला उनले भरूवा बन्दूक समातिदिएका थिए । जमीन चिप्लो थियो, हातमा दुइटा बन्दूक र टर्च लाइट । उनले टर्चलाई खल्तीमा राखेर दुइटा बन्दूकलाई एक-एक वटा हातमा लिने विचार गरेका थिए । त्यस निम्ति दुइटा बन्दूक एउटै हातमा लिएको बेला एउटा बन्दूकले अर्कोको घोडालाई तानेछ, सानो बन्दूक पड्किएर उनको बायाँ हातको नाडीमा लाग्यो । 'ड्यूटी' सकिन लागेको बेला राती ११:०५ बजे बन्दूक पड्किएको आवाज सुनेर कार्यक्रममा उपस्थित केही व्यक्तिहरूबीच भागाभाग मच्चियो भने केही उनी भएतिर आए । पहिला टर्चले हातको घाउ हेरेर बिजुलीले साथीहरूलाई बोलाए ।

घाइते मिलिसिया बिजुली उपचारार्थ पाल्पा अस्पताल पुगे । उनको हातको तीनपटक शल्यक्रिया भइसकेको थियो । '२१ दिनपछि प्रहरीले थाहा पाएछ, भागें', उनी भन्छन्- 'डाक्टरले मिति दिएर पठाएका थिए, पछि काठमाण्डौ गएँ, करीब एक वर्ष बसेर फर्किएँ, उपचार खर्च करीब ६० हजार रूपैयाँ लाग्यो ।' हाल उनी मिलिसिया छैनन्, पार्टी संगठनमा सक्रिय छन् ।

**घाइते प्रहरीको उपचार सरकारले गरेजस्तै घाइते माओवादी कार्यकर्ताहरूको उपचार नेकपा (माओवादी)को स्रोतबाट हुने गरेको छ**

अर्का एकजना माओवादी घाइते छन्- रोल्पा, पाखापानीका ३७ वर्षीय नवीन घड्का । चुनाव बहिष्कार अभियानअन्तर्गत प्रत्येक वडामा राती राती कार्यक्रम हुन्थ्यो । २०५५ साल चैत २९ गते राती करीब १ बजे १० जना माओवादी कार्यकर्ताहरूको एउटा टोली पाखापानी- ४ को मारनेटामा कार्यक्रम सकेर वडा नं. ६ फूलबासतिर जाँदै थियो । टोलीमा ३ जना छापामार थिए । दिउँसैदेखि गाउँमा प्रहरी गस्ती बढेकोले सबैजना चनाखो भएर हिंड्दै थिए । त्यहीबेला तलतिरबाट दुईजना साथी आउँदै रहेछन्, सबैजना पछि हट्ने भएका थिए, ७ जनापछि रहेका नवीन अन्धकार रातमा भीरबाट करीब १० मीटर तल खसे । उनको देब्रे नलीखुट्टा भाँचिएछ र घाउ पनि भएछ । तैपनि उनी उठेर ५० मीटर जति घिस्रिएर हिंडे । करीब आधा घण्टापछि सहयात्रीहरूले उनलाई उद्दार गरे । "एक दुई महिना जडिबुटी औषधि गरियो, भएन" उनी भन्छन्- "त्यसपछि काठमाण्डौ गएँ, एउटा नर्सिङ्ग होममा दुईपटक अपरेशन गर्नु पर्‍यो, एक वर्ष बसेर उपचार गरें, करीब ८० हजार रूपैयाँ खर्च भयो ।" पार्टी संगठक नवीन अहिले पनि संगठक नै छन् ।

यस्तै थरिथरिका घाइतेहरू फेला परेका छन्- माओवादी जनयुद्धका क्रममा । यिनको कुनै तथ्यांक पाइँदैन । घाइते प्रहरीको उपचार सरकारले गरेजस्तै घाइते माओवादी कार्यकर्ताहरूको उपचार नेकपा (माओवादी)को स्रोतबाट हुने गरेको छ । माओवादीको आफ्नै अस्पताल नभए पनि विभिन्न सरकारी तथा निजी अस्पतालका नर्सिङ्ग होमहरूमा लुकीछिपी उपचार हुने गरेको पाइन्छ । युद्धस्थलहरूमा 'अस्थायी उपचार केन्द्र' तथा कतिपय स्थानमा घुम्ती अस्पताल हुने गरेको कुरा माओबादी सम्बद्ध सूत्रहरूबाट थाहा भएको छ । जिल्ला स्तरीय खुला कार्यक्रमहरूमा पनि स्वास्थ्य शिविर खडा गर्ने गरिएको पाइन्छ । यसबाहेक भेरी अञ्चल अस्पताल, नेपालगंजका डा. केशव शर्माजस्ता खुलारूपमा 'जनयुद्धका घाइतेहरूलाई उपचार गर्न तयार' रहेको बताएर गोप्य रूपमा वा उपचारलाई मात्रै आफ्नो प्रथम कर्तव्य - चाहे त्यो जेसुकै कारणले भएको घाइते होस्- मानेर उपचार गर्ने चिकित्सकहरू पनि स्वभाविक रूपमा यहाँ नभएका होइनन्"।

तर, त्यो पवित्र व्यावसायिक मानवीय कर्तव्यको पालनाको कार्यमा सरकारको तर्फबाट गम्भीर त्रुटी देखिने गरेको छ । घाइतेहरूप्रति मानवीय व्यवहार गर्नुपर्ने र उनीहरूको उपचारलाई प्राथमिकता दिएर नागरिकको बाँच्न पाउने अधिकारको संरक्षण गर्नुपर्ने काममा सरकार चुकेको देखिएको छ ।

गत भदौ ८ गते राती सिन्धुली जरायोटारस्थित मझुवा दोभान प्रहरी चौकीमाथि माओवादी छापामारहरूले हमला गर्दा घाइते भएका रञ्जन के.सी. र सिर्जना फुयाँललाई प्रहरीले भदौ १७ गते मध्यराती काठमाण्डौको सितेरी हस्पिटल एण्ड रिसर्च सेन्टरमै हमला गरेपछि सरकारी रवैया उजागर भएको थियो । तिघ्रा र पिंडौलामा गम्भीर घाउ लागेकी २१ वर्षीया सिर्जना र तिघ्राको हड्डी धूलो भएका ३० वर्षीय रञ्जनलाई सो रात ३०-३५ जनाको सशस्त्र प्रहरी बलले अस्पतालको 'अपरेशन थिएटर' मै घेरा हाल्न पुगेको थियो र अस्पताललाई आफ्नो कब्जामा लिएको

## ठूले राईलाई अपहरण गर्दा



गत वर्ष असोज ६ गते लामो वारदातपछि माओवादीको कब्जामा परेका प्रहरी नायव उपरीक्षक ठूले राई ९ महिनापछि मुक्त भए पनि सो घटनाबारे धेरै जानकारीहरू अद्यापि चासोको विषयका रूपमा रहेका छन् । राई आफैंले त्यसबारे केही बताएका छैनन् भने माओवादी पार्टीको तर्फबाट पनि धेरै कुराहरू आउनसकेका छैनन् ।

यस सम्बन्धमा सो वारदातमा माओवादीतर्फ सबैभन्दा बढी घाइते भएका जनछापामार पारसले केही कुराहरू बताएका छन् । उनका अनुसार, ठूलेसँगै कब्जामा परेका १९ जना प्रहरीमध्ये ठूलेलाई सुरक्षित स्थानमा लगेर अरूलाई छाडिएको थियो । "तपाईहरू जनताका छोरा भए पनि हामी बाध्य भएर लड्छौं र लड्ने क्रममा तपाईहरू मर्न पनि सक्नुहुन्छ, त्यसकारण जागीर छाडिदिनुस् भनेर हामीले छोडिदियौं" पारस भन्छन् - "उनीहरूमध्ये केहीले हत्यारा सरकारको जागीर खाँदैनौ भने, केहीले हामीलाई पनि सँगै लानूस् भने तर साथीहरूले हामीले तपाईहरूको विचार विपरीत लाँदैनौं भनेर छोडिदिनुभयो ।"

कब्जापछि माओवादी छापामारहरूले प्रहरीका २३ थान राइफल, १२ बोरको बन्दूक र पेस्तोल गरी करीब ३० थान, गोली ५ सय थान कब्जा गरेको बताउने पारसका अनुसार, अपहरणपछि ठूलेलाई २-३ जना माओवादी छापामारले सुरक्षा दिइरहेका हुन्थे भने उनी भएको क्षेत्रमा ५०-५२ जनाको बाहिरी सुरक्षा घेरा हुन्थ्यो । घाइते पारस एक दिनभरि मात्रै ठूलेलाई देख्नसक्ने ठाउँमा भए ।

माओवादी कब्जामा परिसकेपछि राईले हारिसकेको व्यक्तिलाई युद्धको नियमअनुसार बाँच्ने अधिकार दिनुपर्छ भनेको कुरा रोल्पा माओवादीका नेता 'कमरेड सुशील' बताउँछन् । एक बन्दूकधारी सुरक्षाकर्मी लिएर र एउटा पेस्तोल भिरेर हिंड्ने सुशीलका अनुसार त्यतिखेर राईले भनेका थिए- "म पनि जनताको छोरो हुँ, तपाईहरूको घेरामा परेर युद्ध हारिसकेपछि हात उठाएर तपाईहरूसामु आएको छु ।"

राईको जवाफमा माओवादी छापामारहरूले भनेको कुरा उद्धृत गर्दै अपाङ्ग बनेका पारस भन्छन्- "हामी मानवीय व्यवहार गर्छौं, जेनेभा सन्धिअनुसारको व्यवहार गरेर युद्धबन्दी बनाएर राख्छौं ।" पारसका अनुसार, अपहरित अवस्थामा राईको अनुहार अत्यन्त भयग्रस्त देखिन्थ्यो । ❑

थियो । ३ जना माओवादी र २ प्रहरीको मृत्यु भएको, ३ प्रहरी ४ माओवादी र २ बालक घाइते भएको ८. गतेको घटनामा संलग्न माओवादीहरू भन्ने अनुमानका आधारमा ती दुई बिरामीलाई प्रहरीले आफ्नो निगरानीमा राखेको छ । सिर्जनाको ढाडको नसा कमजोर भएकोले हिंड्न सक्दिनन्, रञ्जनको भाँचिएको तिघ्राको शल्यक्रिया भएको छ र नलीखुट्टामा स्टीलको रड राखिएको छ । उपचार अझै जारी छ । 'अझै उनीहरूले अस्पतालमा कति दिन बिताउनुपर्ला ?' अस्पतालका निर्देशक वीरेन्द्र झापालीलाई पनि थाहा छैन ।

अस्पताल कब्जा गरेको लगत्तै प्रहरीले आफन्त, पत्रकार र मानव अधिकारवादीहरूलाई समेत बिरामीसँग भेट्न दिएको थिएन । राष्ट्रिय मानवाधिकार आयोगका पदाधिकारीहरूले घटनाको दुई दिनपछि तात्कालीन प्रहरी अतिरिक्त महानिरीक्षक (हाल प्रहरी महानिरीक्षक) प्रदीप शमशेर जवराको 'आदेश' सहसचिव युवराज सुवेदीमार्फत् लिएर मात्र बिरामीलाई भेट्न पाउनुभएको थियो । प्रहरीले तीन दिनसम्म 'अपरेशन थिएटर' प्रदूषित बनाएको र अरू बिरामीलाईसमेत प्रभावित पारेको कुरामा सर्वत्रबाट गम्भीर चासो दर्शाइएको थियो र मानवअधिकार उल्लंघनको रूपमा अस्पतालमा भएको आक्रमणको व्यापक विरोध भएको थियो । यस विषयमा प्रहरी र आयोगबीच गम्भीर विवादसमेत सिर्जना भएको थियो ।

'अस्पतालमा प्रचलित नेपाल कानूनको अख्तियारविना प्रवेश नगर्नु र अस्पतालको भवनभित्र अस्पतालको कार्यमा अवरोध हुने कार्य नगर्नू' भन्ने आदेश पुनरावेदन अदालत पाटनका न्यायाधीश बोधरीराज पाण्डेको एकल इजलासले गत भदौ २२ गते नै दिए पनि त्यो निरर्थक सावित भएको छ । सिङ्गै एउटा प्रहरी चौकी सो अस्पतालमा अद्यपि तैनाथ छ । राष्ट्रिय मानवअधिकार आयोगले 'हातहतियारले सुसज्जित प्रहरीको घेरामा राखी मानव मूल्यप्रति बेवास्ता गरिएको' भन्ने भद्र टिप्पणीको कुनै अर्थ र असर देखिएको छैन । 'आयोगको पूर्व स्वीकृति वा जानकारीबेगर अन्यत्र स्थानान्तरणसमेत नगर्न' प्रहरी महानिरीक्षक र गृह सचिवलाई आयोगले दिएको निर्देशनको भने पालना भएको छ ।

शायद यस्तै झमेलाबाट मुक्त रहन हुनुपर्छ, जनयुद्धका घाइतेहरूको उपचार पनि यथासम्भव गुपचुप नै हुनेगर्छ । ☐

*(ढुंगेल नेपाल समाचार पत्र दैनिकका सह-सम्पादक हुन्)*

# घाइतेको विश्वास

नेकपा (माओवादी)ले जनयुद्ध शुरूगरेयता सबैभन्दा चर्चित भएको अपहरण काण्ड- डी.एस.पी. ठूले राई अपहरण काण्ड । राईलाई अपहरण गर्ने भीडन्तमा सबैभन्दा बढी घाइते भएका व्यक्ति- पारस । उनीबाहेक माओवादीतर्फ अर्को एकजना सामान्य घाइतेमात्र । पारसले एउटा आँखा र एउटा हात गुमाएर पनि हतियार बिसाएका छैनन् । बरू घाइते भएपछि उनले महशूस गरेका छन्- म विश्व सर्वहारावर्गको एक योद्धा र जनसेनानीको रूपमा चिनिएको छु ।

"श्रमजीवी वर्गका छोराछोरीले यो रगतको मूल्य चुकाउने छन्" -जनयुद्धका क्रममा डेढ हजारभन्दा बढी नागरिकको मृत्यु विनाकारण भयो भन्नुलाई 'पागलपूर्ण कुरा' ठान्ने पारस अगाडि भन्छन्- "म प्रत्येक युद्धमा एक एक अंश गरेर नेपाली जनताको निम्ति बलिदान हुन्छु ।"

प्रशिक्षित र पूर्ण औपचारिक तथा क्रान्तिकारी जोडका साथ बोल्ने पारस माओवादीले भनेको नयाँ जनवादी क्रान्ति सम्पन्न भइसकेपछि आफूजस्ता अशिक्षित युवाहरूले अपमानित र निकम्मा हुनुपर्ने दिन आउने कल्पना पनि गर्दैनन् । हिजो पंचायतीकालका योद्धाहरूले दुःख पाउनुमा 'बहुदलीय नेतृत्वको बैचारिक कारणले उत्पन्न व्यवहारिक दोष' ठान्ने पारस नयाँ जनवादी व्यवस्थामा यस्तो पुनरावृत्ति नहुने कुरामा ढुक्क छन् । उनी भन्छन्- "नयाँ जनवादी क्रान्तिपछि पनि हामी प्रेरणाको स्रोतको रूपमा रहनेछौं ।"

यदि त्यस्तो भइहाल्यो भने के गर्ने ? उनको सहज उत्तर छ- "त्यो वैचारिक विचलनका कारण उत्पन्न हुने समस्या हो, त्यस्तो प्रतिक्रान्तिप्रति हाम्रो पार्टी सचेत छ । त्यस्तो देखिए समयमै मल्हमपट्टी हुनेछ ।"

कतै त्यतिबेला फेरि गरिखाने र गराईखानेबीच मतभेद उत्पन्न हुने र फेरि बन्दूक उठाउनुपर्ने स्थिति आउने त होइन ?

उनी निस्फिक्रीसँग भन्छन् - "त्यो कल्पना नै नगरे पनि हुन्छ ।" त्यो विश्वास गर्ने आधार के ? पारसकै शब्दमा "विश्वास गर्ने आधार क्रान्तिकारी विचार र बलिदानीपूर्ण भावना नै हो ।" ☐


# विकास

जनमुखी विकाससम्बन्धी अन्तर्क्रिया र सामुदायिक विकासको उत्प्रेरणाका निम्ति प्रकाशित त्रैमासिक

*गरिब भनेर पर पन्छाइएका, अनपढ भनेर हेलाँ गरिएका, अछुत भनेर टक्टक्याइएका, असंगठित भनेर घोक्र्याइएका नेपालका ४० लाख दलितहरू कहिलेसम्म पशुसरह बाँचिरहलान् ? आफैभित्रको छुवाछुत पन्छाउन र यो ईख फेर्न उनीहरू आफैं के गर्दैछन् ?*

**दलित विशेष:**

शरद पौडेल, हिरा विश्वकर्मा, तीर्थ कोइराला, सुसन मास्के, रमेशरन्जन झाका विश्लेषणात्मक लेख र रिपोर्टहरु ।

नेपालमा जाति, भाषा र विकास
पत्रकार सुरेश मानन्धरको खोजमूलक रिपोर्ट

- शिक्षामा रहेका केही भ्रमहरुको चिरफार ।
  - टिकाराम भट्टराई
- पंचायती व्यवस्थामा शिक्षकहरूमाथि भएको अत्याचार
  - वरिष्ठ साहित्यकार खगेन्द्र संग्रौलाको बकपत्र
- विदेशमा पढ्न हामी किन मरिहत्ते गर्छौं ?
  - बेलायतमा अध्ययन गरेर फर्किएकपछि तुलसी नेपाल

*कतिपय नेपालीहरू के कुरामा विश्वास गर्छन् भने विकासे यन्त्र बिग्रेको मात्र हो, त्यसकारण यसलाई मर्मत गर्न नयाँ पार्टपूर्जाहिरूको खाँचो छ, ती पार्टपूर्जाहिरू चाहे बाहिरबाट झिकाइएका होउन् वा स्वदेशमै बनाइएका होउन् । अरू मानिसहरू चाहिं....*

नेपालको विकासे कारखानाको अप्रेशन क्यानेडियन मानवशास्त्री मेरी डेशनद्वारा !

**नयाँ अंक चाँडै बजारमा आउँदैछ**

**प्रकाशक: आत्मनिर्भर विकास मञ्च**
सानेपा, ललितपुर, फोन : ५३९६१५, ५३५९९५

◆ अहिले श्री ५ मार्फत् सर्वोच्चमा रायको निम्ति पुगेको, राष्ट्रिय सभाबाट अस्वीकृत हुँदाहुँदै पनि प्रतिनिधि सभाको बहुमतले पारित गरेको बहुचर्चित नागरिकता ऐन– २०२० लाई संशोधन गर्न बनेको विधेयक के को आधारमा संविधान तथा राष्ट्रिय हित विपरीत छ भनेर तपाईं ठोकुवा गर्नुहुन्छ ?

– यस सवालमा मूलतः हेर्नुपर्ने दृष्टिकोण एउटै छ । अहिलेको संशोधन राष्ट्रिय हित विपरीत मात्र हैन, स्वयं संविधान विपरीत छ । नेपाल सदियौं पहिलेदेखि स्वतन्त्र रूपले आफ्नो पहिचान राख्दै आएको देश हो । नेपालको त्यो पहिचानलाई यस विधेयकले कस्तो प्रभाव पार्छ भन्ने दृष्टिकोणले हामीले विषयलाई हेर्नुपर्छ ।

हुनत, अहिलेको २१ औं शताब्दीको विश्व भनेको झन् झन् स्थानान्तरण हुँदैगएको विश्व हो । अर्थात् अहिलेको विश्व माइग्रेशन (Migration) को विश्व हो । मानिसहरू जहाँ अवसर पाइन्छ, त्यहीं जान्छन् ।

अहिले कैयौं नेपाली युवाहरू नै पनि कामको



◆ दमननाथ ढुंगाना ◆

हामीलाई प्रत्यक्ष बोझ पार्ने गरी बाहिर छिमेकबाट भित्र आउने गैर-नेपालीहरूसम्बन्धी हो ।

यस मामलामा साना राष्ट्रहरूको सरोकारको कुरो अर्कै हुन्छ । अझ हाम्रो सन्दर्भमा नागरिकताको सवाललाई लिएर सतर्कता अपनाउनुपर्ने कारण हाम्रो राष्ट्र सानो हुनु मात्र होइन । विश्वमा नेपालभन्दा पनि साना राष्ट्रहरू धेरै छन् । तर हाम्रो सन्दर्भ बढी नै विशेष छ, संसारको कुनै पनि राष्ट्रसँग तुलनायोग्य छैन । यसैले नेपालको जनसंख्या-मामला विशुद्ध नेपालको न्यायपूर्ण मामला हो । नेपालमा नेपालीलाई बाहेक अरूलाई ढोका खोलेर प्रश्रय नदिनु हाम्रो आफ्नो अस्तित्वको सवाल हो । यसमा नरमी हुन सक्दैन ।

त्यो सन्दर्भ हो– हाम्रो देश विश्वमा सबभन्दा बढी जनसंख्या भएका दुई ठूला देशहरू चीन र भारतको बीचमा छ । यस्तो स्थिति भएको देश संसारमा अर्को छैन । त्यसैले अरूले जेजस्तो गरी हेरे पनि हामीले हाम्रो स्थितिलाई विशेष रूपले नै हेर्नुपर्छ र अरूलाई पनि चित्त बुझाउन सक्नुपर्दछ ।

भारतबाट पनि र चीन वा तिब्बतबाट पनि

# अहिलेको संशोधन राष्ट्रिय हित विपरीत मात्र हैन, स्वयं संविधान विपरीत छ

## विवादास्पद नागरिकता विधेयकबारे संविधान निर्माता, संविधानविद् तथा भू.पू. सभामुख दमननाथ ढुंगानासँगको कुराकानी

खोजीमा विदेशतिर आकर्षित भइरहेछन् । यसको अर्थ, उनीहरू देशलाई माया गर्दैनन् भन्ने होइन । तर लामो समयसम्म विदेशमा बसेपछि उनीहरूका छोराछोरीहरू त्यहीं बस्ने भई नचाहँदा नचाहँदै पनि उनीहरू विदेशमा स्थायी बसोबास गर्न पुग्छन् । उनीहरू आफूलाई नेपाली मूलका भन्ने पहिचान मात्र बाँकी राखी विदेशमा बसाई सराई गरिरहेका छन् । अहिले यो प्रकृया तीव्र भइरहेछ । हाम्रो मुख्य सरोकार भनेको बाहिर जाने नेपालीभन्दा

*नागरिकता विधेयकको विरोधमा 'नागरिकता दुरुपयोग प्रतिरोध समिति'को आयोजनामा गरिएको विरोध प्रदर्शन*



फोटो : नरेश श्रेष्ठ, एफीसी फोटोज्

अनिश्चित संख्यामा मानिसहरू नेपाल प्रवेश गर्छन् भने हाम्रो स्थिति के होला ? यो प्रश्न नाजायज प्रश्न होइन, मनासिव प्रश्न हो । यसबारे हामी सबैले गम्भीर भएर सोच्नुपर्छ । र, अरूलाई पनि स्वीकार गर्ने बनाउन सक्नुपर्दछ ।

हाम्रो देश स्वतन्त्र राष्ट्र हो । हामी स्वतन्त्र भएर बाँच्न चाहन्छौं । यो बाँच्न चाहने सवाल खालि भौतिक रूपले बाँच्ने सवाल मात्र होइन । नेपालको उत्तर, दक्षिण, पूर्व वा पश्चिम कुनै पनि दिशाबाट आएर नेपालको भौगोलिक सिमानाभित्र पसी मानिसहरू बसोबास गर्छन् भने के त्यसैको आधारमा नै नेपाल राष्ट्र भन्न सकिन्छ ? मानिसहरू त कहिल्यै खालि हुँदैनन् । हामीहरू बाहिर जाऔंला र अरूहरू भित्र आउलान् भनौं । त्यस्तो अवस्थामा नेपाल हुन्छ कि हुँदैन ? त्यस्तो अवस्थामा भौगोलिक नेपाल त रहीरहला, तर नेपाली भनेर हामी जसरी परिचित छौं अथवा हामी जुन नेपाली मूल भनेर भन्दछौं, त्यो चाहिं बाँकी नरहने पक्का छ ।

मूल केलाई भन्ने ? भारतबाट पहाड चढ्दै आएर बसोबास गरेकाहरूलाई मूल मान्ने हो कि ? या तिब्बतबाट दक्षिणतिर सर्दै आएर बसोबास गरेकाहरूलाई मान्ने ? हाम्रो मूल चरित्र के हो ? हामी नेपालीहरूको जातिगत चरित्र के हो ? बरू यी प्रश्नहरूबारे हामी छलफल गर्न सक्छौं । तर यो पनि सँगसँगै हेक्का राख्नै पर्दछ । भौगोलिक क्षेत्र रहीरहेर मात्र नेपाल 'नेपाल' हुने होइन । नेपालीहरू रहेमा मात्र 'नेपाल' नेपाल हुन्छ । नेपालीहरूको आधारभूत चरित्र भएका जनता बसेको ठाउँ मात्र नेपाल हो । त्यसैले नेपाल देश हुनुमा भावनात्मक र सांस्कृतिक पक्षको महत्व ठूलो छ । त्यसैले नेपालीहरू बसेको नेपाल हामीलाई चाहिने हो

कि खाली भौगोलिक नेपालमात्र हामीलाई चाहिने हो भन्ने सवालमा पनि हामी प्रष्ट हुनुपर्दछ । हामी 'नेपालीहरू बसेको र निर्णायक भएको' नेपाल चाहन्छौं ।

बसोबासको मनसायले अनिश्चित संख्यामा भारतबाट र तिब्बत-चीनबाट मानिसहरू प्रवेश गर्छन् भने यसबाट तराई र उत्तरी भेगका नेपालीहरू सबभन्दा बढी प्रभावित हुनेछन् । त्यसैले नागरिकतासम्बन्धी व्यवस्थामा सबभन्दा बढी उनीहरू गम्भीर हुनुपर्छ । नागरिकता सम्बन्धमा राज्यले कस्तो नीति लिँदैछ र कस्तो कानून बन्दैछ भन्ने सवालमा सबभन्दा बढी हाम्रा उत्तरी भेगका र दक्षिणी भेगका दाजुभाइ दिदी बहिनीहरू सचेत हुनु जरूरी छ । सबभन्दा बढी उनीहरूलाई जगाउनु पर्छ, घच्घच्याउनु पर्दछ- ता कि यस सवालमा सबभन्दा अगाडि आएर उनीहरू नै बोलून् ।

नागकिरतासम्बन्धी सवाल नेपालमा बस्ने पहाडियाहरूको मात्र सरोकारको विषय होइन । यो हामी सम्पूर्ण नेपालीहरूको सरोकारको विषय हो ।

वास्तवमा अनिश्चित संख्यामा उत्तर र दक्षिणबाट मानिसहरू ओइरिनु भनेको दक्षिण तराई र उत्तर हिमाली क्षेत्रका सीमित स्रोत र साधनमाथि प्रभाव पर्नु हो । त्यस क्षेत्रका सीमित सुविधाहरू, रोजगारीका क्षेत्रहरू र जीविकाका आधारहरू बाँडचुडमा पर्न जान्छन् । त्यस क्षेत्रका मानिसहरू विस्थापित हुने स्थिति पैदा हुनजान्छ । त्यसैले यस सवालमा तराईका हाम्रा मधेशी बन्धुहरू तथा उत्तरी क्षेत्रका हिमाली बन्धुहरूले बढी गम्भीर रूपमा सजगता अपनाउनु पर्दछ ।

त्यस्तै हाम्रो नागरिकतासम्बन्धी राष्ट्रिय नीति पनि यही कुरालाई ध्यानमा राखी तर्जुमा गरिनुपर्छ । हामीले बाहिरबाट बाढी जस्तो मान्छेको ओइरो लाग्ने ढोका खोलिरह्यौं भने हामी अहिले आफूलाई जुन नेपाली भनेर भनिराखेका छौं, त्यसको चरित्र बिस्तारै लोप भएर जानेछ । त्यसैले नागरिकतासम्बन्धी छैठौं संशोधन विधेयक जुन अहिले आइरहेछ, त्यसले हामी सबमा 'हामी आफ्नै देशमा अल्पमतमा पर्न जाँदैछौं' भन्ने संवेदनशीलता जगाएको छ । त्यसो भन्दैमा अहिलेको २१ औं शताब्दीमा पनि हामी उत्तर र दक्षिणतिर 'बर्लिन पर्खाल' बनाएर बस्न सक्दैनौं । अहिलेको युगमा हामी बाहिरबाट कोही आउँदै नआउन् भनेर पूरै ढोका बन्द गरेर बस्न पनि सक्दैनौं । त्यस्तै, जतिसुकै आऊन् भनेर पूरै ढोका पनि खोल्न सक्दैनौं । नेपाल र नेपालीप्रति न्याय र युगप्रति सन्तुलन गर्नु पर्ने मुख्य नीतिगत विषय यही र यस्तै हो ।

त्यसैले प्रथमतः हामी हाम्रो उत्तर र दक्षिण दुवैतिर कडाइ र कठोरताकासाथ सीमा व्यवस्थापन गर्न चाहन्छौं । जुनसुकै देशले पनि आफ्नो जनसंख्या नीति र राष्ट्रिय पहिचान नीतिमा कडाइ अपनाएको छ । हामी पनि पारदर्शिता साथै कठोर हुन चाहन्छौं ।

**◆ यसको तात्पर्य के नेपालको सीमा सबैतिरबाट बन्द गर्नुपर्छ भन्ने हो ?**

- मेरो मतलब व्यवस्थापन र नियन्त्रण हुनुपर्छ भन्ने हो । सके सीमा बन्दै गर्नुपर्छ भन्ने हो ।

यो दुई राष्ट्रको मामला हो । त्यसकारण यसलाई अगाडि लाँदा कुटनीतिक तहबाट लानुपर्ने विषयको महत्व बुझ्नु पनि उत्तिकै जरूरी छ ।

ढिलो नगरी यी सब कुरा अहिले नै शुरू गरिहाल्नु पर्‍यो । को आयो ? कति आयो ? कहाँ बस्यो ? कति दिनलाई के गर्न आयो ? भन्ने अभिलेख राख्नै पर्दछ । यसो गरिँदैन भने हाम्रो देश नेपालको योजना बन्नु पनि सम्भव छैन । बजेट बन्नु पनि सम्भव छैन । हाम्रो आफ्नो किसिमको विकास र पहिचान त झन् सपनामात्र होला ।



फोटो : नवीन श्रेष्ठ, एशियन फोटोज

*नागरिकता विधेयकको विरोधमा 'नागरिकता दुरुपयोग प्रतिरोध समिति'को आयोजनामा गरिएको धर्ना कार्यक्रम*

२०४७ सालमा बनेको नेपालको संविधानमा प्रष्ट के कुराको उल्लेख पाइन्छ भने, यो संविधान प्रारम्भ भएपछि जन्मेको कुनै व्यक्तिको बाबु निजको जन्म हुँदा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति बंशजको नाताले नेपालको नागरिक हुनेछ । त्यसअनुसार कसैले नागरिकता पाउन ऊ यो संविधान प्रारम्भ भएपछि नेपालमा जन्मेको हुनुपर्छ र उसको बाबुको नागरिकता हुनुपर्छ । यो हाम्रो मूल कानून हो । नागरिकता कसले पाउने र नपाउने यसै अनुसार हुनुपर्दछ ।

कोही मानिसहरूले यस सवालमा 'यो धेरै कडा भयो किनकि धेरैका बाबुहरूले नागगरिकता पाएका छैनन्' भन्ने कुरा पनि उठाएका छन् । वास्तवमा यो समस्यालाई अस्वीकार गर्न सकिँदैन पनि । तर यसो भन्दैमा संविधानको मर्यादा नाघेर यो समस्यालाई हल गर्न पनि सकिँदैन । हाम्रो मनसाय दक्षिणतिर तराईमा बसोबास गर्दैआएकाहरू तथा उत्तरी क्षेत्रमा बसोबास गर्दैआएकाहरू, जसको नागरिकता पाउने बेला भइसकेको छ, उनीहरू नागरिकताबाट बञ्चित होऊन् भन्ने होइन । बरू बहुदल आएको दश वर्ष बितिसक्दा पनि उनीहरूलाई किन नागरिकता दिन सकेनौं भनेर हामीले हामीलाई नै प्रश्न गर्नुपर्दछ । तर जे होस् यो समस्याको समाधान भनेको संविधानमा भएको व्यवस्था अन्तर्गत नै प्रदान गरिनुपर्ने समाधान हो । मूल कानूनलाई नाघेर अर्को कानून बनाउन पाईदैन । संविधान संशोधन छलेर कानून संशोधन हुन सक्दैन । सके रीत पुर्‍याएर संविधान संशोधन गरे भईहाल्यो नि ! संसदका हाम्रा मुख्य दलहरूमा सोझो बाटो हिड्ने हिम्मत हुनुपर्दछ । जन-आन्दोलनले अपेक्षा गरेको यस्तै संवैधानिक संस्कृति हो ।

**यस सवालमा तराईका हाम्रा मधेशी बन्धुहरू तथा उत्तरी क्षेत्रका हिमाली बन्धुहरूले बढी गम्भीर रूपमा सजगता अपनाउनु पर्दछ**

तर अहिले प्रतिनिधि सभाले पारित गरेको संशोधनअनुसार अब जन्मेको आधारमा नागरिकता पाउने भयो, बाबुको नागरिकता चाहिएन । अब यसरी नेपालमा संविधान आएपछि जन्मेको नभए पनि र अघिको कुरामा बाबुको नागरिकता नभए पनि धमाधम नागरिकता दिन थाल्ने हो भने ज-जसले चाहे पनि हामीले त्यस-त्यसलाई नागरिकता दिनुपर्ने हुन्छ । किनकि हामीकहाँ रेकर्ड राख्ने राम्रो व्यवस्था शुरू भएकै छैन, जसले पनि नेपालमा जन्मेको भन्न सक्ने स्थिति छ ।

त्यसैले मलाई के लाग्छ भने यस्तो राष्ट्रिय महत्वको सवालमा कानून बनाउनुअघि सार्वजनिक बहस-छलफलहरू चलाउनुपर्थ्यो । तर त्यस्तो गरिएन । संसदको बहुमतले कानून त बनाउला, तर त्यसलाई जनमतले मान्यता दिएन भने समाजमा झन् द्वन्द बढेर जान्छ । कानून भनेको खालि संसदले पारित गरेर मात्र हुँदैन । त्यसलाई जनताले पनि मान्यता दिएको, शिरोपर गर्न सक्ने हुनुपर्दछ । संसदमा बहुमत छ भन्दैमा जनभावना विपरीत कानून बनाउने काम हुनुभएन । त्यस्तै, संविधानलाई

छलेर संसदले चोर बाटो त लिनै भएन । राष्ट्रिय सभालाई सतर्कताको केही श्रेय दिन सकिन्छ । तर यसले पनि सुझाव नपठाएर र तल्लोसभालाई संविधानसम्मत काम गर्ने प्रभावमा पार्न नसकेर आफ्नो कमजोरीको परिचय दिएको छ ।

अहिले यो नागरिकता ऐनको छैठौं संशोधनलाई संसदले पारित गरे पनि विवाद पार गर्न सकेन । तर यसबारे संसदभित्रै विवाद हुनु राम्रो भएन । यसमा दुवै सदन समावेश भएको देखिएन । प्रतिनिधि सभामा हिजो एकमतले पारित गरेका प्रतिपक्षहरूले अहिले 'हिजो गल्ती भयो' भनेर यो विधेयकको विरोध गरिरहेछन् । सत्तारूढ दलभित्रै पनि यस विधेयकलाई पुनर्विचार गर्नुपर्छ भन्नेहरू प्रशस्त देखिएका छन् । यो विधेयकको बाहिर सडकमा पनि व्यापक विरोध भइरहेछ । त्यसअनुसार पनि जनमतको कदर गर्नुपर्ने स्थिति आइरहेको पक्का छ ।

तर एउटा कुरामा यो नागरिकता ऐन छैठौं संशोधन गर्न बनेको विधेयकलाई तारिफ गर्नैपर्छ । त्यो के हो भने- अब हामीले नागरिकता तथा जनसंख्या सम्बन्धमा बनाउनु पर्ने नीति के हो भन्ने सवालमा यसले घच्घच्याउने कामचाहिं गरेको छ । त्यस्तैगरी, संसदले विचार नपुर्‍याई कुनै विधेयक पारित गर्छ भने त्यसलाई जनमतको दबावले बदल्नु पर्दोरहेछ भन्ने पाठ पनि अहिलेको घटनाले सिकाएको छ ।

**◆ अहिले यो विधयेकलाई राजाले रायको लागि सर्वोच्चमा पठाएका छन् । यदि सर्वोच्चले यो विधेयक संविधानसम्मत छैन भनी राय दियो भने राजाले यसमा लालमोहर लगाउँछन् कि लगाउँदैनन् ?**

– मेरो दृष्टिकोण र अडान के छ भने संविधान वा देशको मूल कानूनमा जेजस्तो व्यवस्था गरिएको छ, त्यही अनुसार नै गरिनुपर्छ । सबैले आफ्नो तहबाट त्यसै गर्नेछन् ।

मलाई के लाग्छ भने, सर्वोच्चले दिने राय राजामा मात्रै सीमित हुँदैन । त्यो राय प्रतिनिधि सभाको भन्दा भिन्न भएमा राजाद्वारा संसदमा पठाइनु नै पर्छ । राय सन्देशको रूपमा जाने भएकोले संसदमा राय पुगेपछि संसदले आफ्नो प्रक्रिया, नियम र परम्पराअनुसार नै त्यसलाई टुंगो लगाउनु पर्ने हुन्छ ।

**◆ यस विधेयकमा यदि राजाबाट लालमोहर लाग्ने स्थिति पैदा भयो भने 'नागरिकता दुरूपयोग प्रतिरोध समिति'का एक सदस्यको हैसियतले तपाईं के गर्नुहुन्छ ?**

– हामीहरू त यस विधेयकका विरूद्ध लागी नै रहनेछौं । हामीहरूले निश्चय नै राष्ट्रप्रेमको भावनाबाट निस्वार्थ ढंगले सेवामूलक स्वयंसेवी अभियान चलाएका हौं । त्यो जारी रहनेछ ।

यस कामको लागि हामीलाई शुरूमा साध्यबहादुर भण्डारी, अमिक शेरचन, घनश्याम शर्मा पौडेल, इत्यादिहरूले बोलाई एउटा अन्तर्क्रिया कार्यक्रममा सहभागी गराउनु भयो । त्यसपछि हाम्रा आदरणीय वरिष्ठ राजनीतिज्ञ रामहरि शर्माको संयोजकत्वमा बनेको त्यस 'नागरिकता दुरूपयोग प्रतिरोध समिति'मा हामी बसेका हौं । र, कीर्तिनिधि विष्टजी, माणिकलाल श्रेष्ठजी र मसहित हामी चार पाँच जना संलग्न भएको एउटा मूल समिति पनि बनेको हो । त्यो समिति पछि बिस्तृत पनि भएको छ । र, पटक पटक बैठक, छलफल अन्तर्क्रियाहरू पनि हुँदै गरेका छन् ।

हामीले त्यस विधयेकको सवाललाई लिएर जनतामाझ विभिन्न कार्यक्रम पनि गर्‍यौं । जनताले पनि आफ्नो ठाउँबाट आ-आफ्ना विचारहरू दिए । हामीहरू सबैको सक्रियता अनि ठीक ठाउँमा ठीक समयमा ठीक विषयमा ठीक तरिकाले प्रहार गर्दा नै अहिले जनमतको कदर भएको छ । संविधानको पालना र जनमतको कदर स्वरूपनै अहिले विधेयक सर्वोच्चमा पुगेको छ ।

यस विधयेकको मामलामा सत्तारूढ पार्टीले संविधानप्रति आँखा चिम्लने काम गरेको छ । त्यस्तै, त्यसलाई रोक्नमा संसदमा रहेका प्रतिपक्षी पार्टीहरूले पनि जे गर्न सक्थे, त्यो गरेनन् । जस्तो कि, पहिले रौतहटमा निर्वाचन धाँधलीको परिप्रेक्ष्यमा प्रतिपक्षले संसद अवरूद्ध गरेर भएपनि उच्चस्तरीय समिति बनाएका हो । अहिले पनि 'लाउडा'को मुद्दामा प्रधानमन्त्रीको राजीनामा मागी प्रतिपक्षले संसद अवरूद्ध गरिरहेछ । तर प्रतिपक्षले चाहेको भए यो विधयेकलाई शुरूमै रोक्न सक्थ्यो । उनीहरूले सत्तारूढ दललाई यो विधेयक सजिलैसित पारित गर्न दिएको देखिएकै छ । तर पछि उनीहरूले गल्ती महशूस पनि गरेका छन् । यसबाट अन्त्यमा जनमतको कदर हुन थालेको मलाई महशूस भएको छ ।

हामीलाई शुरूमा साध्यबहादुर भण्डारी, अमिक शेरचन, घनश्याम शर्मा पौडेल, इत्यादिहरूले बोलाई एउटा अन्तर्क्रिया कार्यक्रममा सहभागी गराउनु भयो । त्यसपछि...

मलाई लाग्छ, सर्वोच्चले संविधानको परिधिभित्र रहेर नै राय दिनेछ । सर्वोच्चले संवैधानिक र कानूनी रायमै मात्र आफूलाई सीमित राख्छ । अहिलेलाई त्यही नै हामीलाई पर्याप्त हुनेछ ।

त्यसैले अहिले अगाडि के गर्नुपर्ला भन्नेभन्दा पनि हामी पहिले त सर्वोच्चको रायलाई नै पर्खन्छौं । हामीलाई त्यो राय हामीले उठाएको अवाजकै अनुरूप हुनेछ भन्ने विश्वास छ । त्यस्तैगरी सर्वोच्चको राय संसदमा पुगेर त्यसले पनि संविधान सम्मत बनाउने काम गर्नेछ भन्ने कुरामा पनि हामीलाई विश्वास छ ।

तर त्यस्तो कहीं केही नभएमा जनता पक्कै चुप लाग्ने छैनन् । जनताले त बोल्ने काम गरिसकेको छ, आफ्नो आवाज घन्काइसकेको छ । जनताको घन्किसकेको आवाज, जनताले प्रकट गरिसकेको असहमति झन् बढी संगठित हुनेछ । र, मलाई लाग्छ, जनताको त्यो आवाजलाई कसैले उपेक्षा गर्नसक्ने छैन । जनताले जे सोचेको छ, जे हुनुपर्छ भनेको छ, त्यो भई नै छाड्छ ।

**◆ के यो विधेयक अर्थ-विधेयक हो ? यदि होइन भने अर्थ-विधेयकको रूपमा ल्याउनुमा सरकारको के नियत हो भन्ने लाग्छ ?**

– मलाई के लाग्छ भने संसदले पास गरेर लालमोहरको लागि राजाकहाँ पठाउँदा पुनर्विचारको लागि फेरि नपठाइयोस् भन्ने नियतबाट प्रेरित भएर नै पूर्व तयारीका साथ यो विधेयकलाई 'अर्थ विधेयक'को रूपमा प्रस्तुत गरिएको हो । अन्यथा, यसलाई 'अर्थ विधेयक'को रूपमा ल्याउनु पर्ने कुनै कारण नै म देख्दिनँ ।

कुन विधेयक अर्थ विधेयक हुन्छ र कुन हुँदैन भन्ने कुरा संविधानमा नै प्रष्ट उल्लेख छ । अर्थ विधेयक सरकारी विधेयक हुन्छ । त्यसैले सरकारले कुनै विधेयक जे गरेर पनि पारित गराउने र त्यसलाई संसदले पारित गरिसक्दा पनि पुनर्विचार हुन सक्ने संभावनाहरू नहोस् भनेर अर्थ विधेयक नहुने विषयलाई पनि अर्थ विधेयकको रूपमा ल्याउने गर्छ । यो कुरो अहिलेको यो नागरिकता छैठौं संशोधन विधेयकले देखाएको छ । आम मानिस तथा विज्ञहरू सबैको धारणा छ- यो अर्थ विधेयक होइन ।

संविधान तथा प्रतिनिधि सभा नियमावली दुवैले सभामुखलाई कुन विधेयक अर्थ विधेयक हो, होइन भनेर प्रमाणित गर्ने अधिकार दिएको छ । सभामुखले यसलाई अर्थ विधेयक होइन भन्न चाहनुभएन भन्ने पनि बुझ्न सकिन्छ ।

एकातिर, सरकारले अर्थ विधेयक बनाएर ल्याउनु- पुनर्विचारको ठाउँ नहोस् भनेर, अर्कोतिर सभामुखले यसलाई अर्थ विधेयक नै भनेर प्रमाणित गर्नु, झन् अर्कोतिर प्रतिपक्षले समितिमा यसलाई सहयोग पुर्‍याउनु र पछि बहिष्कार गर्नु, अहिले फेरि गल्ती स्वीकार गर्नु सत्तारूढ दल अझै दृढ नै रहनु, अरू केही कुटनीतिक प्रसंग पनि यसमा जोडिनु, इत्यादि कुराहरूले गर्दा मलाई के लाग्छ भने यो विधेयकलाई अर्थ विधेयकको रूपमा प्रस्तुत गरिनुमा संसदबाट पारित भैसकेपछि कुनै पनि हालतमा पुनर्विचारको लागि नफर्कियोस् भन्ने मनसाय लुकेको छ । ❑

फागुन ७ गते
प्रजातन्त्र दिवसको उपलक्ष्यमा
हाम्रा ग्राहक महानुभावहरू तथा
सम्पूर्ण देशवासीहरूमा
हार्दिक मंगलमय
शुभ-कामना
व्यक्त गर्दछौं
नेपाल बैंक लिमिटेड




# के असर पर्न सक्छ नेपाललाई ?

- हरि रोका -

स्वतन्त्र भारतको 'शासनसत्ता' अहिले अत्यन्त ठूलो हिन्दू राष्ट्रवादको नारा लगाइरहेको पार्टी भारतीय जनता पार्टीको नेतृत्वमा रहेका दुई दर्जन जति पार्टीको गठनबन्धन *नेशनल डेमोक्र्याटिक एलाइन्सको* हातमा छ । त्यस गठनबन्धन सरकारका अर्थमन्त्री यसवन्त सिन्हाले यही फेब्रुअरी, २८ का दिन आर्थिक वर्ष २००१/०२ को बजेट संसदसमक्ष प्रस्तुत गरेका छन् ।

दोस्रो पुस्ताको सुधार (Second Generation Reform) का नाममा आएको यो बजेटलाई सत्तारूढ दक्षिणपन्थीहरूले सह्राएका छन् । मध्यपन्थी भारतीय राष्ट्रिय कांग्रेसले धीमा विरोध गरेको छ भने वाम-प्रजातान्त्रिक दलहरूले तीखो आलोचना गरेका छन् ।

वित्तीय घाटालाई कम पार्ने, करको दायरालाई फराकिलो बनाउने, भन्सार महशूलको उच्चदरलाई घटाउने, पूँजी बजार र कर्पोरेट सेक्टरलाई राष्ट्रिय अर्थतन्त्रमा महत्वपूर्ण भूमिका दिलाउने, बाह्य पूँजीलाई शेयर बजारमा ठूलो भूमिका निर्वाह गर्न वातावरण उपलब्ध गराउने, सरकारी खर्चलाई कम गर्ने, चिनी, रासायनिक मल, औषधि र त्यस्ता अन्य अत्यावश्यक सामाग्रीहरूलाई संरचनागत समायोजनभित्र पार्ने अर्थात् तिनीहरूमा दिइआएको सरकारी अनुदान भसक्कै घटाउने – नै यी भारतीय केन्द्रीय बजेटका मूल आधार स्तम्भहरू हुन् ।

## *कसलाई फाइदा ? केमा फाइदा ?*

यसपालिको भारतीय बजेटमा व्यवस्था गरिएका प्रावधानहरूले मध्यमवर्गीय, उच्चवर्गीय, औद्योगिक प्रतिष्ठानहरू, विदेशी लगानीकर्ताहरू, सफेदपोस कर्मचारीहरूलाई प्रशस्त फाइदा पुग्नेछ । किनकि उनीहरूलाई प्रत्यक्ष आयकरमा छूट दिइएको छ, कार, स्कूटर र मोटर-साइकलको दाम घटाइएको छ, उच्च अध्ययनका लागि विदेश र स्वदेशमा पढ्नेहरूका निम्ति सजिलो ऋणको बन्दोबस्त गरिएको छ । अब एक हजारसम्म मजदूरहरूलाई उद्योगधन्दाबाट निकाल्नका लागि पूँजीपतिहरूले सरकारसँग इजाजत लिइरहनु पर्नेछैन । बाह्य लगानीकर्ता वित्तीय संस्थाहरूलाई ४९ प्रतिशतसम्म लगानीका लागि छूट दिइनेछ । गत वर्ष यो लगानी गर्ने छूट जम्मा ४० प्रतिशतसम्म मात्र थियो । अब विदेशबाट आउने सामग्रीमा लाग्ने भन्सार महशूलमा छूट गरिनेछ । लाभांशमा लाग्ने कर कम गरिनेछ । २७ वटा ठूला सरकारी सार्वजनिक संस्थाहरूलाई निजीकरणमा धकेलिनेछ । आर्थिक पूर्वाधार निर्माणमा ट्याक्स-छूट दिइनेछ । सुनको आयातमा लाग्दै आएको भन्सार घटाइएको छ ।

आयकर र भन्सार दरहरूमा घटाइने करबाट मूलतः उच्च र मध्यम वर्गीयहरूले फाइदा लिनेछन् । शहरिया जनताका लागि राहत उपलब्ध हुनेछ । विदेशी लगानीकर्ताहरूलाई भारतीय भूमिमा उद्योग-ब्यापारमा नाफा कमाउनका लागि प्रशस्त आधार मिल्नेछ । ट्रेड युनीयनलाई कमजोर बनाउन पाउने र संगठित शक्तिको रूपमा रहेका मजदूरहरूलाई बेरोकटोक हटाउन पाउने अधिकारले ठूला उद्योगपति र साहू महाजनहरूका लागि अब चर्को नाफा कमाउनमा कुनै अप्ठ्यारो भेल्नुपर्ने छैन ।

## *कसलाई घाटा ? किन घाटा ?*

यसपालिको बजेटले सबैभन्दा ठूलो घाटा किसान र मजदूरलाई लाग्नेछ । किसानहरू अहिले पनि भारतको सबैभन्दा ठूलो जनसमूह हो । र, भारत मूलतः कृषिप्रधान देश नै हो । तर खुलाबजार अर्थनीति र संरचनागत समायोजन कार्यक्रम अनि विश्वव्यापार संगठनको सदस्यको नाताले किसानहरूलाई पनि विश्वबजारमा प्रतिस्पर्धी बनाउन भारतीय सरकार अत्यन्त इच्छुक छ । त्यसैले भारतको वर्तमान बजेटले किसानहरूका लागि दिइँदै आएको रासायनिक मलमा सुविधा, बीउ-बीजनमा सुविधा, सिंचाइका लागि प्रयोग गरिने विद्युत सुविधामा पूराकापूरा कटौती गर्न पुगेको छ । त्यस्तैगरी मजदूरहरूका अधिकारलाई कटौती गरी उनीहरूलाई कुनै पनि बेला काम गरिरहेको ठाउँबाट निस्काशन गर्न पाउने अधिकार औद्योगिक प्रतिष्ठानंका मालिकहरूलाई बजेटमार्फत् उपलब्ध गराइएको छ । यसले मजदूरहरूलाई थप मजदुरी, बोनस र नागरिक अधिकारका जायज मागका लागि लड्न पाउने अधिकारबाट बंचित गरेको छ । यसपालिको बजेटमा महिलावर्गको उत्थान र विकासका लागि एक शब्द पनि खर्च गरिएको छैन । गरीब र असहायहरूको उत्थानका लागि कुनै नयाँ थप परियोजनाहरू स्थापित गरिएका छैनन्, उल्टो अरू धेरै राज्यहरूले अनावश्यक खर्च भनेर त्यस्ता शीर्षकहरू घटाउने काम गरेका छन् । नयाँ नयाँ रोजगारमूलक कामका आधारहरू सिर्जना गर्न कुनै नयाँ सरकारी कार्यक्रम यसपालिको बजेटमा छैन । १४ वटा ठूला औद्योगिक प्रतिष्ठानहरूलाई निजी क्षेत्रमा बिक्री गर्दा धेरै हजार मजदूरहरूले बेरोजगार हुनुपर्ने कुरा पनि प्रष्ट हुन पुगेको छ ।

## *बजेटको अर्थ-राजनीति*

अर्थमन्त्री यसवन्त सिन्हा स्वदेशीको नारालाई चटक्क छोडेर अत्यन्त दक्षिणतर्फ भुकेका छन् । सीमान्त बन्दै गएका बहुसंख्यक जनताको विपक्षमा, मध्यम र उच्चवर्गीय जनताको पक्षमा उनी उभिएका छन् । बजेटको अर्थ-राजनीतिलाई

*बजेट प्रस्तुतिको सन्दर्भमा भारतका अर्थमन्त्री यसवन्त सिन्हा विभिन्न मुद्रामा*





बुझ्नेहरूले यो बजेटबाट उनीहरूको वर्गचरित्रको असली चेहरा उदाङ्गीएको भनेका छन् । र, 'उग्र-राष्ट्रवादीहरूले अन्ततः अत्यन्त दक्षिणपन्थको सेवा पुऱ्याउँछन्' भन्ने कुरालाई पुष्टी मात्र गरेको कुरा उनीहरूले भनेका छन् । विगत बर्षमा ९ प्रतिशत दरले कूल गार्हस्थ उत्पादनमा बृद्धि गर्ने लक्ष राखिएता पनि त्यो पूरा हुनसकेन मात्र होइन, कूल बृद्धि ४.०८ प्रतिशतभन्दा माथि उठ्नै सकेन । यसबीचमा भारतमा उद्योगहरू स्थिर भएका छन्, खासगरी म्यानुफ्याक्चरिङ्ग उद्योगको बृद्धिदर २.५ प्रतिशत कायम भएको छ । कामको वृद्धि सरकारी सार्वजनिक संस्थानहरूमा झण्डै जीरो प्रतिशतको हाराहारीमा झरेको छ भने निजी क्षेत्रमा ०.११ प्रतिशतले मात्र बृद्धि भएको छ । कृषि उत्पादन बृद्धिदर जनसंख्या बृद्धिदरभन्दा कम भएको छ । यस्तो भएको भारतीय स्वतन्त्रता पछाडि पहिलो पटक हो ।

सरकारले चुस्त दुरूस्त प्रशासन बनाउने नाममा बर्षको ६६ हजारको संख्यामा कामदारहरूलाई कामबाट हटाउने भएको छ । आगामी ५ बर्षसम्म लगातार त्यही दरले कामदार हटाउने लक्ष राखिएको छ । मुद्रास्फिती बढेको छ । भारतीय कूल गार्हस्थ उत्पादन बृद्धि हुन नसक्नुमा राजनीतिक अर्थशास्त्रीहरूले सरकार एकोहोरो बजार अर्थतन्त्रको पक्षमा मात्र उभिएको र देशको वास्तविक समस्याहरूबाट पलायन हुन खोजेको आरोप लगाएका छन् ।

### *भारतीय बजेटको नेपालमा प्रभाव :*

नेपाल-भारतबीच रहेको खुला सिमाना, खुला आवत-जावत र सामानहरूको खुला खरिद-बिक्रीलाई राम्ररी नजर पुऱ्याउने हो भने भारतीय आर्थिक नीति एवं क्रियाकलापले नेपालमा ठूलो असर पार्दछ । खासगरी निकै लामो समयदेखि नेपालको 'अर्थतन्त्र' निकासी तथा पैठारीमा केन्द्रित रहेको छ । हाम्रो कूल राजस्वको लगभग ३० प्रतिशत र कहिलेकाहीं त्योभन्दा माथिको अंकसमेत भन्सार महशूलबाट प्राप्त हुनेगर्छ । नेपालमा तेस्रो मुलुकबाट आयात हुने वस्तुको बजार नेपालमात्र नभएर बाहिर अर्थात् भारतीय बजारलाई समेत ध्यानमा राखेर गरिन्छ । मूलतः नेपालमा आयात गरिने सुन, कम्प्युटर चीप्स, टेलिफोन र अन्य इलेक्ट्रोनिक सामानहरू भारतीय बजारको मागमा भर पर्छन् । अहिलेको बजेटमा अर्थमन्त्री सिन्हाले ७०० शयभन्दा बढी समानहरूमाथि भन्सार छुट दिएका छन् । अतः अब नेपालमार्फत् जाने आयातित बस्तुहरू अब सिधै भारतमै तेस्रो मुलुकबाट प्राप्त हुनेछ ।

त्यसो हुँदा हाम्रो राजस्वको मूलस्रोत भन्सारको आय कमजोर हुनेछन् ।


भारतीय किसानहरूलाई दिइने अनुदान सुबिधाले नेपालको सरकारलाई पनि किसानहरूलाई दिइरहेको अनुदान सुविधा कटौती गर्नबाट जोगाउँथ्यो । अबका दिनमा भारतीय किसानहरूले भोग्ने नियतिलाई नेपालले पनि बेहोर्नु पर्नेछ । आर्थात् आउने दिनहरूमा मल, बीउ-बीजन, कृषि औजार र बिजुली वा खनिज तेलको मूल्यलाई नेपाली किसानहरूले पनि अझ महँगोमा किन्नु पर्नेछ । भारत सरकारको नयाँ उदारवादी आर्थिक नीतिको कारण भारतीय औद्योगिक बजारमा बहुराष्ट्रिय निगमहरूको अन्धाधुन्ध प्रवेशले र अत्याधुनिक मेशिनरी र प्रविधिहरूको प्रयोगले भारतीय निम्न र मध्यमस्तरीय उद्योगहरूको पलायन र पतनलाई जसरी थाम्न सक्ने छैनन्, त्यसैगरी नेपालका सानो पैमानामा उत्पादन गरिरहेका उद्योगधन्दाहरू धरासायी हुनेछन् । नेपालले भारतमा निर्यात गरिरहेका वस्तुहरूको बजार स्वभाविक रूपमा घट्ने हुँदा, नेपालले आगामी दिनहरूमा कसरी अगाडि बढ्ने भन्ने कुरामा सचेत हुनुपर्ने र नयाँ उत्पादनपद्धतितर्फ अग्रसर हुनु आवश्यक छ । नत्र भने भारतसँगको ब्यापार घाटा अत्यधिक बढ्ने कुरामा र देश टाट पल्टदै जाने कुरामा भिन्नमत राख्ने स्थिति छैन । भारतले यसपटक १४ प्रतिशतले रक्षा बजेटमा बृद्धि गरेको छ । त्यसले गर्दा दक्षिण एशियाली राष्ट्रहरूसामु बहुत ठूलो सुरक्षा खतरा पैदा भएको छ । खासगरी पाकिस्तानसँगको भारतको तनावले आगामी दिनमा हामीलाई पनि के कस्तो असर गर्ने हो भन्ने कुरालाई मध्यनजर राख्नैपर्ने भएको छ ।

खुलाबजार, उदार-अर्थनीति, भूमण्डलीकरणका कारणले हामी नेपालीहरूमाथि त्यसको असरको मारले अहिले जसरी तनाव सृजना गरेको छ, त्यो दिन विस्तारै भारतमा पनि आउनेछ । सरकारी आंकडा-अनुसार २६ प्रतिशत भारतीय जनता गरिबीको रेखामुनि रहेका छन्, तर यो र यस्तो बजेटको कारणले आगामी दिनमा त्यो बढ्नेछ र गरिबी बढ्दा झन् बढी भारतीयहरू नेपाल प्रवेश गर्ने र आप्रवासी समस्या उत्पन्न हुने कुरालाई गंभीरतापूर्वक लिइनुपर्ने हुन्छ । अन्यथा भारत त ठूलो मुलुक भएकोले केही दशक धान्ला, हाम्रो हविगत के हुनेछ ? -बेलैमा सोच्नु उपयुक्त होला । ❑


प्रकाशित भयो !

रंगीन छपाइमा राष्ट्रिय-अन्तर्राष्ट्रिय व्यक्तित्वहरुको संग्रहणीय फोटो र चित्रहरू समावेश भएको आकर्षक साजसज्जासहितको





मिते ◎ पात्रो

अन्तर्क्रिया प्रकाशन प्रा.लि.

हरेक प्रकारको तिथि-मिति, दिवस र अवसरहरुको हेक्का राख्न तपाईलाई मद्दत गर्ने सजिलो क्यालेण्डर





बिक्री वितरणका लागि सम्पर्क राख्नुहोस्

**अन्तर्क्रिया प्रकाशन प्रा. लि.**

ख २/१९१ पुतलीसडक

पो. ब. नं. ७०५०, काठमाडौं

फोनः ४२२७६९ फ्याक्सः ४२३५४९

इमेलः yuwa@ntc.net.np

# पाकिस्तानमा कम्युनिष्ट आन्दोलनको विकास

- महमद नवाज ओटू, उपाध्यक्ष, नेशनल वर्कर्स पार्टी, प्रान्तीय समिति -

**पाकिस्तानी वाम नेता महमद नवाज ओटू काठमाण्डौ आउँनुहुँदा उहाँसँग गरिएको कुराकानीमा आधारित विवरण**


सन् १९४७ अघि वर्तमानमा हामी जेलाई पाकिस्तान भन्छौं, त्यहाँ छुट्टै कम्युनिष्ट पार्टी थिएन । त्यतिखेर त्यहाँ रहेका सबै कम्युनिष्टहरू भारतीय कम्युनिष्ट पार्टी (CPI) मा सामेल थिए । देशको केही भागमा किसान आन्दोलन थियो, जस्तो कि पंजाव क्षेत्रमा, सिन्धको भित्री ग्रामीण क्षेत्रमा । पाकिस्तानमा त्यतिखेर उद्योग धन्दाको विकास नै भएको थिएन, त्यसैले देशको त्यो भागमा ट्रेड यूनियन आन्दोलन थिएन । जम्मा दुईवटा संगठनको अस्तित्व थियो त्यहाँ त्यतिखेर, एउटा- रेलवे मजदूरहरूबीच, अर्को हुलाक मजदूरहरूबीच ।

कम्युनिष्टहरू त्यतिखेर रेलवे मजदूरहरूबीच प्रभुत्वशाली स्थितिमा थिए ।

त्यतिखेरका यो क्षेत्रका सर्वोच्च नेता हुनुहुन्थ्यो - क. मिर्जा इब्राहिम । उहाँ ट्रेड युनियन आन्दोलनको पनि सर्वोच्च नेता हुनुहुन्थ्यो ।

## *पाकिस्तान कम्युनिष्ट पार्टीको जन्म र विकास*

सन् १९४७ सम्म पाकिस्तानमा क्रियाशील कम्युनिष्टहरूमा भारत टुक्रिनेछ र पाकिस्तान एउटा छुट्टै राष्ट्रका रूपमा जन्मनेछ भन्ने सोच थिएन । त्यसैले त्यतिब्जेल यो




साइडमा बेग्लै कम्युनिष्ट पार्टी अस्तित्वमा थिएन । तर हाम्रो अपेक्षा विपरीत भारत सन् १९४७ मा टुक्रियो र पाकिस्तान बन्यो । त्यसको एक वर्षपछि, सन् १९४८ मा कलकत्तामा एउटा सम्मेलन भयो- तात्कालीन सि.पी.आइ.को । त्यो सम्मेलनले निर्णय गऱ्यो कि अब भारत र पाकिस्तान दुईवटा अलग-अलग देशको रूपमा यथार्थमा अस्तित्वमा छन्, तसर्थ, यी दुई देशमा बेग्लाबेग्लै कम्युनिष्ट पार्टीको गठन गरिनु पर्दछ । त्यही सम्मेलनको निर्णयअनुसार इतिहासमा पहिलोपटक *पाकिस्तान कम्युनिष्ट पार्टी*को गठन भएको हो ।

यो गठन गर्नको लागि सि.पी.आइ.ले त्यतिखेर भारतमै रहिरहनुभएका एकजना केन्द्रीय सदस्यलाई जिम्मेवारी दिएको थियो । उहाँले यहाँ आएर त्यतिखेर भा.क.पा. अन्तर्गत कार्यरत सबै कम्युनिष्टहरूलाई जम्मा गर्नुभयो र पाकिस्तान कम्युनिष्ट पार्टीको गठन गर्नुभयो ।

पाकिस्तानमा त्यतिखेर अन्य राजनीतिक पार्टीहरू अस्तित्वमा नै थिएनन्, सिवाय *मुस्लीम लीग*, जो त्यतिखेर सत्तारूढ पार्टी थियो । त्यसपछि पाकिस्तान कम्युनिष्ट पार्टी नै । यसबाहेक अन्य प्रतिपक्षी पार्टीको पाकिस्तानमा नामनिशानै थिएन । अझ, भारतबाट पाकिस्तानको विभाजन भएपछि गठित पहिलो राजनीतिक पार्टी पनि *पाकिस्तान कम्युनिष्ट पार्टी* नै थियो । तसर्थ, गठन हुनासाथ पार्टीले राम्रोसित विकास गऱ्यो, विशेषतः किसानहरू, शहरिया मध्यमबर्ग र बुद्धिजीविहरूबीच । थुप्रै कवि र लेखकहरू पार्टीको बुद्धिजीवी मोर्चामा सामेल भए । बुद्धिजीवी मोर्चा निकै लोकप्रिय भयो- खालि पाकिस्तानमा मात्र होइन, भारत र विश्वका अन्य भागमा पनि, जहाँ पाकिस्तानीहरू थिए । थुप्रै प्रशिद्ध बौद्धिकहरू पार्टीले खोलेको वामपन्थी बौद्धिक मोर्चामा आए । एकजनाको नाम हो- सहादा मसाज । उहाँ पाकिस्तानका अत्यन्त सम्मानित राजकवि हुनुहुन्थ्यो र उहाँले रूसमा गएर शान्ति पुरस्कार पनि प्राप्त गर्नुभयो । साथै उहाँले प्यालेष्टाइनको अल फादासित काम गर्ने मौका पनि पाउनुभएको थियो । उहाँले तात्कालीन कम्युनिष्ट इण्टरनेशनलमा पनि काम गर्नुभएको थियो । सहादा मसाज पाकिस्तानको ट्रेड युनियनको उपाध्यक्ष पनि बन्नुभयो ।

कम्युनिष्ट पार्टी गठनको शुरूमा नै किसान आन्दोलन विकसित भयो । रेल वे मजदूरहरूको युनियन बन्यो, हुलाक मजदूरहरूको युनियन बन्यो र सि.पी.आर. मजदूर युनियन पनि । अरू दुईवटा जनसंगठनहरू पनि चाँडै बने, एउटा, प्रजातान्त्रिक विद्यार्थी फेडेरेशन, जुन त्यतिखेर पाकिस्तानको सबैभन्दा विशाल विद्यार्थी संगठन थियो, अर्को, प्रगतिशील लेखक संगठन । छिट्टै नै उहाँहरूले प्रजातान्त्रिक महिला संगठन पनि गठन गर्नुभयो ।

ट्रेड युनियको क्षेत्रमा उहाँहरूले पाकिस्तान ट्रेड युनियन महासंघ पनि गठन गर्नुभयो । यो महासंघ विश्व ट्रेड युनियन महासंघमा समेत सामेल थियो ।


यस प्रकार सन् १९४८ देखि १९५४ सम्म पाकिस्तानको कम्युनिष्ट आन्दोलन अत्यन्त प्रभावकारी र शक्तिशाली ढंगले अघि बढ्यो ।

## *अधोपतनको शुरूवात*

सन् १९५४ मा सेनाका केही उच्च पदाधिकारीहरूले तात्कालीन प्रधानमन्त्री ल्याकत अली खाँलाई अपदस्थ गर्ने योजना गरे, किनकि उनीहरू ल्याकत अली खाँको अमेरिकापरस्त शासनदेखि सन्तुष्ट थिएनन् ।

त्यतिबेला सेनाको चीफ-अफ-स्टाफ अर्थात् सेनाध्यक्ष जनरल अकबर खाँ थिए । उनले र केही अन्य अधिकारीहरूले तथा पुलिस अफिसरले ल्याकत अली खाँको सरकारलाई अपदस्थ गर्ने डिजाइन बनाए । यसो गर्नका लागि उनीहरूले कम्युनिष्ट पार्टीसित सम्पर्क र सम्बन्ध बढाए । उनीहरूले तात्कालीन कम्युनिष्ट पार्टीबाट आफ्नो योजनामा समर्थनको निम्ति अनुरोध गरे, किनकि उनीहरूलाई यस निम्ति चीन र रूसको ग्यारेण्टी र समर्थनको जरूरत परेको थियो । र, यो ग्यारेण्टी तब प्राप्त हुन्थ्यो, जब कम्युनिष्ट पार्टीले सैनिक विद्रोहको योजनामा समर्थन गर्थ्यो ।

यो सन् १९५४ को कुरो हो । कम्युनिष्ट



# कस्तो छ पाकिस्तानी कम्युनिष्ट आन्दोलनका उकाली-ओरालीहरू ?

पार्टीको केन्द्रिय समितिको बैठक बस्यो - त्यही प्रस्तावमाथि छलफल गर्नका लागि । बैठकले सैनिक जनरलहरूको विद्रोहको त्यो प्रस्ताव र योजनालाई मान्न अस्वीकार गर्ने निर्णय गऱ्यो । सैनिक जनरलहरूलाई त्यसको जानकारी पनि दिइयो । त्यो जानकारीपछि सैनिक जनरलहरूले पनि विद्रोह नगर्ने निधो गरे । परन्तु दुर्घटना के भयो भने पत्रिकाहरूमा सैनिक जनरलहरूको त्यो विद्रोहको योजना र कम्युनिष्ट पार्टीसँग भएको उनीहरूको छलफल र सर्म्पकको खबर चुहियो ।

यसको परिणाम भयावह निक्लियो । त्यो सैनिक विद्रोहको योजना पछाडि तीनजना सैनिक जनरल र अन्य तल्लो तहका सैनिक पदाधिकारीहरू र जवानहरू संलग्न थिए । उनीहरू त कार्यवाहीको शिकार भए भए, तीनजना कम्युनिष्ट पार्टीका नेता तथा व्यक्तित्वहरू पनि तुरून्तै गिरफ्तार गरिए । एकजना पार्टीका महासचिव सहद फयाज अली, अर्को केन्द्रीय सदस्य महम्मद सेन अदा र तेस्रो राजकवि फैज अहमद खाँ । यी तीनजनालाई विभिन्न दण्ड सजायँ दिइयो । केही महिनापछि कम्युनिष्ट पार्टी र यसका सम्पूर्ण जन-वर्गीय संगठनहरूलाई समेत प्रतिबन्धित गरियो ।

त्यसपछि कम्युनिष्ट पार्टीलाई आफ्ना राजनीतिक क्रियाकलापहरू जारी राख्न खुला संगठनहरूमार्फत् कार्य गर्नुपर्ने स्थिति सृजना भयो । उसले त्यही उपाय अपनायो ।

हाम्रो पार्टी जतिखेर स्थापना भयो, त्यतिखेर एउटा अर्को पार्टी पनि स्थापना भएको थियो, जसको नाम थियो- *फ्री पाकिस्तान पार्टी* अर्थात् *स्वतन्त्र पाकिस्तान पार्टी* । त्यो पार्टीका नेता - मिया थरून्नी पनि कम्युनिष्ट आन्दोलनबाटै आएका व्यक्तित्व थिए । उनी मुस्लीम लीगमा काम गरिसकेका मानिस थिए । पाकिस्तानको पहिलो सरकारमा पनि उनी पुनर्वास मन्त्री थिए । चाँडै नै उनले मन्त्री-मण्डल छोडे । किनभने त्यो सरकारसित उनको विचार नै मिलेन । हाम्रो पार्टी जब प्रतिबन्धित भयो- कम्युनिष्टहरू थुप्रै संख्यामा काम गर्नका लागि त्यस *स्वतन्त्र पाकिस्तान पार्टी*मा गए ।

त्यो समयमा थुप्रै क्षेत्रमा पार्टी निक्कै प्रभावशाली भइसकेको थियो, खास गरी किसान फाँटमा र ट्रेड युनियन आन्दोलनमा, शहरिया बुद्धिजीवी, मध्यमवर्ग र विद्यार्थी आन्दोलनमा ।

जब कम्युनिष्टहरू *स्वतन्त्र पाकिस्तान पार्टी*मा काम गर्दै थिए, पाकिस्तानमा अर्को राजनीतिक संरचना पनि पैदा भयो - *नेशनल अवामी पार्टी*को रूपमा । तीन चारवटा पार्टीहरू मिलेर यो संरचना तैयार भएको थियो । यो वामपन्थी चरित्रको राजनीतिक संरचना थियो । यो संरचना बनेपछि कम्युनिष्टहरू पनि यो संरचनाको एउटा अंग भएर काम गर्नथाले । यो राजनीतिक संरचना नै त्यतिखेरको पाकिस्तानको एकमात्र प्रतिपक्ष बन्यो । यो निकै लोकप्रिय पनि भयो ।

परन्तु कम्युनिष्ट पार्टी भूमिगत भएर यस्ता विभिन्न खुला पार्टी वा राजनीतिक संगठनहरूमा काम गर्न थालेपछि एउटा नयाँ कटु परिणाम पैदा भयो : शुरूमा भैं पार्टीको एउटै केन्द्र हुनछाड्यो, कम्युनिष्टहरू बहु केन्द्रमा विभाजित भए । कम से कम दुईवटा केन्द्र मुख्य रूपमा अस्तित्वमा देखिए : एउटा केन्द्र करांचीमा आधारित, अर्को लाहोरमा । समय बित्दै गएपछि यी दुई केन्द्रहरू आपसमा शत्रुतापूर्ण सम्बन्ध भएका दुई गुटहरूमा बदलिए ।

यति नै बेला सन् १९६० को दशकको प्रारम्भमा विश्व कम्युनिष्ट आन्दोलनमा आएको महाविवाद र फाटोले द्वैत-केन्द्रको यो स्थितिलाई अरू ज्यादा सुदृढ र सुस्पष्ट पाऱ्यो । करांचीवाला केन्द्र - रूसी कम्युनिष्टहरूको पक्षमा गयो । लाहोरवाला केन्द्र, जो मौलाना भसानीले नेतृत्व गरेको नेशनल अवामी पार्टीमा एउटा अंग भएर काम गर्दै थियो, ऊ चीनियाँ सोचको पक्षमा गयो । मौलाना भसानी स्वयम् चीनप्रति निकै मैत्रीभाव राख्थे । यही कारणले पनि यो समूह पेकिङको नजिक भयो ।

यसप्रकार, पाकिस्तानका कम्युनिष्टहरूमा स्पष्टतः फाटो आयो र यो फाटोको स्थिति अहिलेसम्म पनि अन्त्य भएको छैन । संसारमा कम्युनिष्ट आन्दोलनमा जुन दुईवटा प्रवृत्ति हावी भयो - रूसी र चीनियाँ प्रवृत्तिका रूपमा, त्यो प्रवृत्ति पाकिस्तानमा पनि हावी भएकोभयै भयो ।

जब *नेशनल अवामी पार्टी* निर्मित भयो र यो ज्यादै लोकप्रिय जनव्यापी पार्टी भइरहेको थियो, पाकिस्तानी सरकारले सन् १९५६ को गणतन्त्रात्मक संविधानमुताविक सन् १९५८ मा आमचुनावको



जुल्फीकार अली भुट्टो

**पाकिस्तानको कम्युनिष्ट आन्दोलनमा थप अर्को निकै गम्भीर क्षति जुल्फीकार अली भुट्टोको वामपन्थी लफ्फाजीले पुऱ्यायो**

घोषणा गऱ्यो । *नेशनल अवामी पार्टी*ले चुनावमा भाग लिने घोषणा गऱ्यो । परन्तु सि.आइ.ए. र पाकिस्तानी सैनिक-नोकरशाहीको मूल्याङ्कन के भयो भने यतिखेर आमचुनाव सम्पन्न भएमा *नेशनल अवामी पार्टी*को अत्यधिक बहुमत आउनेछ । *नेशनल अवामी पार्टी* अमेरिका समर्थक पार्टी थिएन, यो देशभक्त वामपन्थी चरित्रको पार्टी थियो, त्यसैले चुनाव भएमा अनर्थ हुन्छ भन्ने निष्कर्षका आधारमा सि.आइ.ए.को र सैनिक-नोकरशाहीको मिलेमतोमा तात्कालीन राष्ट्रपति इसकन्दर मिर्जाले अक्टोबर ७, १९५८ मा - पाकिस्तानमा मार्शल ल लागू गरे । गणतान्त्रिक संविधान खारेज गरियो । राष्ट्रिय र क्षेत्रीय सरकारहरू भंग गरिए र सम्पूर्ण राजनीतिक पार्टीहरूलाई प्रतिबन्धित गरियो । फिल्ड मार्शल मोहम्मद अयुव खाँले मार्शल ल प्रशासकको रूपमा काम गर्नथाले ।

सामान्यतः पाकिस्तानी प्रजातान्त्रिक आन्दोलन र विशेषतः कम्युनिष्ट आन्दोलनको निम्ति यो ठूलो धक्का साबित भयो । सबै प्रमुख नेताहरू जेल परे । पहिलो कोटीका कोही नेताहरू बाहिर बाँकी रहेनन् । कम्युनिष्ट आन्दोलन बचाउने अभिभारा अब दोस्रो तहका नेताहरूको काँधमा पऱ्यो, जो कम्युनिष्ट आन्दोलनलाई धान्न त्यति समर्थ भइसकेका थिएनन् । त्यसमाथि थप, अब त खुला संगठनमार्फत् समेत काम गर्ने परिस्थितिको अन्त्य भयो । अब संगठित तवरले काम गर्न धौ धौ पर्ने स्थितिको सृजना भयो ।

खालि सि.आइ.ए. र पाकिस्तानी सैन्य नोकरशाहीको कारणले मात्र पाकिस्तानी कम्युनिष्ट आन्दोलनले गम्भीर क्षति व्यहोर्नु परेको होइन, रूसी नीतिको कारणले समेत यसले ठूलो क्षति व्यहोर्नु पऱ्यो । जतिखेर पाकिस्तानमा मार्शल लका कारणले ज्यादै नै दुःखित हुनुपरेको थियो, त्यति नै बेला रूसमा प्रोफेसर ग्यांकोवस्कीले नयाँ थेसिस ल्याए -राष्ट्रिय अधिकारको थेसिस । त्यो थेसिसमा भनिएको थियो कि कम्युनिष्टहरूले अरू मुद्दाहरू छाडेर राष्ट्रिय अधिकारको लागि संघर्ष गर्नुपर्छ । त्यो थेसिस आइसकेपछि पाकिस्तानी कम्युनिष्टहरू ४ वटा विभिन्न केन्द्रमा नजोडिने गरी बाँडिए । एउटा उत्तरी पश्चिमी सीमा प्रान्तको केन्द्र (North Western Frontier Province) जो त्यहाँका फख्तुल जातिका मान्छेको राष्ट्रिय अधिकारका लागि संघर्षरत छ, अर्को बेलुचिस्तानमा जो बेलुची जनताको राष्ट्रिय अधिकारको लागि लडिरहेछ । तेस्रो केन्द्र सिन्धमा देखा पऱ्यो, जो सिन्धी जनताको राष्ट्रिय आधिकारको लागि क्रियाशील छ । चौथो केन्द्र, पंजावको दक्षिणी भागमा देखापऱ्यो, जो कविलाहरूको चिनारी र अधिकारको लागि संघर्षरत छ । यस प्रकार प्रोफेसर ग्यांकोवस्कीको थेसिसले पाकिस्तानी कम्युनिष्टहरूलाई अन्य महत्वपूर्ण बर्गीय र राष्ट्रिय-अन्तर्राष्ट्रिय मुद्दाबाट अलग्यायो । उनीहरूलाई खास जाति वा क्षेत्रको मुद्दामा मात्र सीमित पाऱ्यो र कम्युनिष्टहरूमा ज्यादै गहिरो फाटो ल्यायो । हामीले यो फाटोलाई अहिलेसम्म पनि पुर्न सकेका छैनौं । ती सबैलाई एकतावद्ध पार्न अहिलेसम्म पनि हामी समर्थ भएका छैनौं ।

उनीहरू सबै आफूलाई मार्क्सवादी लेनिनवादी नै भन्छन्, तर उनीहरू ठान्छन् कि राष्ट्रिय वा जातीय अधिकारको सवाल नै सबैभन्दा प्रमुख मुद्दा हो, अन्य वर्गीय मुद्दाहरू चाहिँ गौण महत्वका सवालहरू हुन् । उनीहरू भन्छन् - हामी सबभन्दा पहिले हाम्रो जातीय अधिकारका निम्ति नैं लड्नेछौं । त्यसको विजयपछि मात्रै हामी पूँजीपति वर्गसित लड्नेछौं । यसरी वर्गको मुक्तिको मुद्दा धेरै पर धकेलिन पुगेको छ । यसले पाकिस्तानका कम्युनिष्टहरूमा गम्भीर विचलन र अपूरणीय फाटो ल्याएको छ ।

पाकिस्तानको कम्युनिष्ट आन्दोलनमा थप अर्को निकै गम्भीर क्षति जुल्फीकार अली भुट्टोको वामपन्थी लफ्फाजीले पुऱ्यायो । वामपन्थी लफ्फाजीले गर्दा उनले वाम कार्यकर्ता र समर्थकहरूको व्यापक जन-समर्थन प्राप्त गरे । भयो के भने, त्यतिबेला पाकिस्तानमा अयूब खाँको शासन थियो । अयूब खाँको अमेरिकासित गम्भीर अन्तरविरोध पैदा भयो, विशेषतः सन् १९६५ को भारतसितको युद्धपछि । उनले यसबारेमा एउटा किताव पनि लेखे । यसबाट केही जनतालाई के प्रभाव पऱ्यो भने, हो न हो अयूब खाँ अमेरिकी साम्राज्यवादसित विद्रोह गर्दैछन् । किनकि त्यतिबेला अयूब खाँले चीनसित राम्रो सम्बन्ध विकास गरिरहेका थिए ।

यो प्रभावमा परेर मौलाना भसानीको नेतृत्वमा रहेको *नेशनल अवामी पार्टी*मा कार्यरत मार्क्सवादीहरूले र मौलाना भसानी स्वयम्ले, अयूव खाँको विरोध नगर्ने निर्णय गरे ।

यो घटनाले जनतामा के प्रभाव पाऱ्यो भने हामीले क्रान्तिकारी बाटो परित्याग गरेका छौं, हामी पाकिस्तानी सेनासित मैत्रीपूर्ण भएका छौं । तर आम जनताचाहिँ अयूब खाँको शासन प्रणालीबाट निकै पीडित थिए ।

जनतामा मार्क्सवादीका बारे यस्तो दुष्प्रभाव फैलिरहेको बेला भुट्टो क्रान्तिकारी नारा र कार्यक्रम लिएर मैदानमा आए । उनी अयूब खाँको बिरूद्ध खडा भए । यो परिघटनापछि वामपन्थी प्रभावका थुप्रै युवाहरू र विद्यार्थीहरू जुल्फीकार अली भुट्टोको पक्षमा लागे । यसले वामपन्थी खेमामा ठूलो क्षति पुऱ्यायो । उता आम चुनावपछि जब भुट्टो सरकारमा आए, तबमात्र उनले के स्पष्ट पारे भने उनी समाजवाद र मार्क्सवादी विचारधाराको विरोधी छन् । चुनावपछि एकजना अमेरिकी पत्रकारको - के चुनावमा उनले समाजवादी मोवेतो सेसे सेकोबाट पैसा लिएका छन् ? भन्ने प्रश्नको उत्तर दिने सिलसिलामा उनले प्रष्टै भने- "मैले पाकिस्तान समाजवादतिर जाने बाटो सदाको लागि बन्द गरिदिएको छु । मोवेतो कसरी त्यति मूर्ख हुनसक्छन् कि समाजवादतिर जाने बाटो बन्द गर्नका लागि उनी मलाई चुनावमा पैसा दिउन् ?"

उनको त्यो भनाइपछि उनको पक्षमा लागेका सारा वामपन्थी वा मार्क्सवादी समर्थक जनताहरूले



अयूब खाँ

**त्यतिबेला पाकिस्तानमा अयूब खाँको शासन थियो । अयूब खाँको अमेरिकासित गम्भीर अन्तरविरोध पैदा भयो । यसबाट केही जनतालाई के प्रभाव पऱ्यो भने, हो न हो अयूब खाँ अमेरिकी साम्राज्यवादसित विद्रोह गर्दैछन् ।**

आफूलाई भुट्टोले ठूलो धोका दिएको अनुभूति गरे । यसले जनतामा यति चर्को नैराश्य ल्यायो कि उनीहरूले वामपन्थी राजनीतिमात्र छोडेनन्, सम्पूर्ण राजनीतिप्रति नै उनीहरूको आस्था हरायो । उनीहरूले राजनीति नै छोडिदिए । यसले आन्दोलनमा ज्यादै ठूलो धक्का पुऱ्यायो । यो सन् १९७० को दशकको घटना हो ।

त्यसपछि त आम जनताहरू धार्मिक कट्टरतावादीहरूको पछि लाग्न थाले ।

उता भुट्टोले पनि जनताको इस्लामी धार्मिक भावनालाई जगाउने, कट्टरतावादको बीउ रोप्ने र त्यसैको आधारमा शासन गर्ने रणनीति आख्तियार गरे । सन् १९७४ मा उनले पाकिस्तानमा इस्लामिक सम्मेलन गरे, जसमा पाकिस्तानका सारा मुस्लिम नेताहरूलाई आमन्त्रित गरियो । उनले त्यहाँ घोषणा गरे कि पाकिस्तानले अब परमाणविक बम बनाउनेछ, यो बम इस्लामिक बम हुनेछ र यो बम पाकिस्तानसित भएपछि पाकिस्तानले अमेरिकासित हाराहारीको लेभलमा कुरा गर्न सक्नेछ ।

भुट्टोले त्यो सम्मेलनमा आफूलाई इस्लामिक दुनियाँको नेताको रूपमा प्रस्तुत गर्न कोशिस गरे । यसअघिसम्म पाकिस्तान हमेशा दक्षिणपूर्व एशियाको

# विश्व कम्युनिष्ट आन्दोलन


एउटा राष्ट्रको रूपमा प्रस्तुत भइसकेको थियो, त्यो मध्यपूर्वको एउटा सदस्य राष्ट्रको रूपमा कहिल्यै प्रस्तुत भएको थिएन । परन्तु यो सम्मेलनमा भुट्टोले त्यो प्रयत्न गरे ।

यसले पाकिस्तानमा ठूलो वैचारिक अन्यौलको स्थिति सृजना गऱ्यो । एउटा नयाँ परिचयको संकट खडा भयो । दक्षिणपूर्व एशियाको एउटा सदस्यको रूपमा यसअघि जे जति शोषण, उत्पीडनविरूद्ध, उपनिवेशवादविरूद्ध संघर्षहरू भएका थिए, ती संघर्षका नेताहरू, वीरहरूसित पाकिस्तानको परिचय जोडिरहेको थियो । परन्तु अब त भुट्टोको रणनीति र सोचलाई पछ्याउने हो भने, ती हाम्रा नेता र वीरहरू रहेनन् । तिनीहरूको समर्पण, संघर्ष र नेतृत्वसित हाम्रो अस्तित्वको सम्बन्ध नरहने भयो । हाम्रा नेताहरू त अब इस्लाम धर्मका नेता हुने भए । हिजो हामीमाथि कब्जा जमाउने इस्लामी आक्रमणकारीहरू अब हाम्रा नेता र वीर हुने भए । हिजोका हाम्रो शोषण-उत्पीडनविरोधी संघर्षका सारा आदरणीय नेताहरू, अगुवाहरू हाम्रा लागि अब सिख वा हिन्दू धर्मका पराइ-मान्छेहरू ठहरिने भए । उनीहरूसित हाम्रो कुनै सम्बन्ध-साइनो रहने भएन । यसले पाकिस्तानमा ठूलो नैतिक-सांस्कृतिक र बौद्धिक अन्यौल सृजना गऱ्यो । यो अन्यौल अझैसम्म पनि कायम छ ।

यही परिघटनासँगसँगै पाकिस्तानमा मुस्लीम कट्टरतावादको उदय भयो ।

सन् १९७७ मा भुट्टोलाई सैनिक विद्रोहद्वारा अपदस्थ गरियो । परन्तु सैनिक विद्रोह गर्नेहरू पनि मुस्लिम कट्टरतावादी नै थिए । सन् १९७९ मा अफगानिस्तानमा सोभियत सेनाले हस्तक्षेप गऱ्यो । यो हस्तक्षेपलाई खत्तम पार्न इस्लामीक जेहाद छेडियो र यो जेहादको खर्च अमेरिकी वित्तीय पूँजीले व्यहोऱ्यो । परन्तु यो बेलामा कोही निक्लेन, जसले यो भनोस् कि यो जेहाद होइन, यो केवल दुई महाशक्तिबीचको युद्ध हो । उचित 'जेहाद' र मुस्लिम कट्टरतावादसँगसँगै आम समाजको सशस्त्रीकरणको प्रक्रिया तीव्र भयो । ड्रग माफियाको संस्कृति बढ्यो । ड्रग माफियाको लागि पैसा आयो - तथाकथित अफगानी जेहादबाट । अफगानी जेहादको लागि अस्थायी तवरले अमेरिका र यूरोपबाट जुन अपार धनराशी विदेशी सहायताको रूपमा प्रवाहित भयो, त्यसले पाकिस्तानको सामाजिक-आर्थिक संस्कृतिमा ठूलो विकृति ल्यायो । त्यसले हाम्रो परम्परागत आर्थिक जगलाई नै खत्तम पारिदियो । त्यो कसरी भने - अफगानी युद्धको लागि भनेर अमेरिका र यूरोपले खास समयको लागि धेरै पैसा खन्याए र खास समयमा त्यो रोके । परन्तु त्यो अपार सहायता धनराशीबाट पाकिस्तानमा उद्योगधन्दाको विकास भएन । व्यापारमात्र विकसित भयो । मान्छेहरूले ठूला ठूला घर बनाए, महँगा महँगा गाडी किने । यसले गऱ्यो के त ? - यसले उपभोक्तावादको बृद्धि गऱ्यो । व्यक्तिवाद विकसित गऱ्यो ।

पाकिस्तानी सरकारमा राष्ट्रिय चेतना भएको भए त्यो पैसाले उसले राष्ट्रिय उद्योगधन्दा पनि विकसित गर्न सक्थ्यो, नयाँ नयाँ प्रविधि पनि भित्र्याउन सक्दथ्यो । परन्तु उसमा राष्ट्रिय चेतनाको ठूलो खडेरी थियो । फलतः ऊ अमेरिकाको पुच्छर बन्यो र उसले बढीभन्दा बढी आर्थिक उपभोक्तावाद मात्र हुर्कायो । हाम्रो अर्थतन्त्र उपभोक्तावादी अर्थतन्त्र सिवाय अरू केही भएन । हाम्रा थुप्रै राष्ट्रिय उद्योगधन्दाहरू क्रमशः ढले । ट्रेड




जुल्फीकर अली भुट्टो

***जनताहरूले आफूलाई भुट्टोले ठूलो धोका दिएको अनुभूति गरे । यसले जनतामा यति चर्को नैराश्य ल्यायो कि उनीहरूले वामपन्थी राजनीतिमात्र छोडेनन्, सम्पूर्ण राजनीतिप्रति नै उनीहरूको आस्था हरायो ।***

# ◀ विश्व कम्युनिष्ट आन्दोलन

युनियन आन्दोलन निकै कमजोर हुँदै गयो । मजदुर कटौती र निष्काशन व्यापक बन्यो । यसले कम्युनिष्ट आन्दोलनलाई थप ज्यादा धक्का पुर्‍यायो ।

सन् १९७९ यता पाकिस्तानका मुस्लिम कट्टरतावादी शक्तिहरूले लामो र सर्वाङ्ग इस्लामीकरणको प्रक्रिया शुरू गरे । हाम्रो संविधानको इस्लामीकरण भयो, इस्लामी कानूनहरू तैयार भए, पाठ्यक्रम र पाठ्य पुस्तकहरूको इस्लामीकरण गरियो, बोर्ड नै बन्यो - पाठ्यक्रम र पाठ्यवस्तुको इस्लामीकरणको नीतिबारे अध्ययन गर्नको लागि, जसको नेतृत्वमा जमायत - ए- इस्लामका एकजना प्रोफेसर रहे । त्यो बोर्डको उद्देश्य थियो - सारा पाठ्यवस्तुको इस्लामीकरण गर्नु । यतिसम्म कि



जियाउल हक

**सन् १९७७ मा जियाउल हक सत्तामा आएपछि सबै वामपन्थी पार्टीको गतिविधिमा कडा रोक लगाए । सबै प्रतिबन्धित भए र भूमिगत रूपमा काम गर्नुपर्ने स्थिति बन्यो । जियाउल हकले धेरै दुःख दिए वामपन्थीहरूलाई ।**

त्यसद्वारा सामाजिक विज्ञानलाई मात्र होइन, विशुद्ध विज्ञानको त्यो फर्मुलालाईसमेत इस्लामीकरण गरियो, जसले $H_2O$ बाट पानी बन्छ भन्छ । इस्लामीकरणको दौरानमा भने त्यो फर्मुलाको सट्टामा कक्षा ९ को विज्ञानको किताबमा $H_2O$ + ईश्वरको स्वीकृतिले पानी बन्दछ भनेर लेखियो । प्रगतिशील बौद्धिक समुदायबाट यो ज्यादतीको तीव्र विरोध भयो । उनीहरूले भने कि - "तपाईहरूसित थोरै पनि बिवेक छ भने तपाईहरू कम से कम विज्ञानलाई त इस्लामीकरण नगर्नुहोस् ।"

हाम्रो देशको सामाजिक-राजनीतिक विज्ञानको हालत यही हो ।

जब पाकिस्तानका कम्युनिष्टहरू मौलाना भसानीको *नेशनल अवामी पार्टी*मा गए, त्यतिबेला दुईवटा अन्य वामपन्थी पार्टीहरू पनि निक्ले : एउटा मजदुर किसान पार्टी, जो एकजना आर्मी मेजरले स्थापना गरेका थिए, जो सन् १९५४ को कथित 'सैनिक बिद्रोह' मा सामेल थिए । त्यो पार्टी अझै कायम छ ।

त्यो पार्टीले सन् १९७० को दशकमा जुल्फीकार अली भुट्टोको कारणबाट ठूलो क्षति व्यहोर्नु पर्‍यो । अर्को ठूलो पार्टी *पाकिस्तान समाजवादी पार्टी* हो, जुन सन् १९७१ मा स्थापना भयो ।

अर्को सबैभन्दा ठूलो वामपन्थी पार्टीको कुरो मैले माथि गरिसकेको छु, जसमा धेरै संख्यामा बिद्यार्थीहरू थिए ।

परन्तु सन् १९७७ मा जब जियाउल हक सत्तामा आए, तब उनले यी सबै वामपन्थी पार्टीको गतिविधिमा कडा रोक लगाए । सबै प्रतिबन्धित भए र भूमिगत रूपमा काम गर्नुपर्ने स्थिति बन्यो । जियाउल हकले धेरै दुःख दिए वामपन्थीहरूलाई । सन् १९८८ मा जियाउल हक मारिएपछि कम्युनिष्ट पार्टीलाई आफ्नो शक्ति फेरि पुनर्संगठित गर्ने अवसर मिल्यो । परन्तु दुर्भाग्य के भयो भने, यही समयमा सोभियत संघ धराशायी भयो । जब हामी यसअघिको क्षतिबाट बौरिन कोशिस् गर्दै थियौं, सोभियत संघको पतनले हामीलाई ठूलो धक्का पुर्‍यायो । सोभियत संघको पतनले पाकिस्तानमा ठूलो निराशा ल्यायो । थुप्रै मानिसले मार्क्सवादी बाटो नै छोडे । वामपन्थीहरूका थिंक टैंक मानिएका एकजना प्रशिद्ध बौद्धिक प्रोफेसर जमाल अग्निले खुलेआम वक्तव्य दिए - अब हामीले पूँजीवादसँग पूँजीवादलाई लिएर बाँच्नु परेको छ । एकजना कम्युनिष्ट पार्टीका महासचिव, जो सबैभन्दा लामो समयदेखि जेलमा थिए र राज्यको तर्फबाट ठूलो नोक्सानी व्यहोरिरहेका थिए, उनी सन् १९८८ मा जेलमुक्त भए । तर जब सोभियत संघ ढल्यो, उनी पनि ज्यादै निराश भए र वक्तव्य दिए । उनले त्यसपछि बेनजीर भुट्टोको *पाकिस्तान पिपुल्स पार्टी* ज्वाइन गरे । त्यो पार्टी सत्तामा गएपछि उनी त्यसको सल्लाहकार पनि भए । यस्तो गम्भीर दुर्घटना पाकिस्तानी कम्युनिष्ट आन्दोलनले सोभियत संघको विघटनपछि व्यहोर्नु पर्‍यो ।

## *नयाँ एकीकृत पार्टीको लागि प्रयत्न*

सन् १९९८ मा बाँकी बचेका सबै वामपन्थी पार्टीले फेरि नयाँ एकीकृत पार्टी बनाउने प्रयत्न गरे । यसको लागि शुरू वार्ताको पहलकदमी सन् १९९० को दशकको प्रारम्भदेखि नै भएको थियो । यो प्रयत्नमा *पाकिस्तान समाजवादी पार्टी, अवामी जमुरियत पार्टी* अर्थात् *जन-प्रजातान्त्रिक पार्टी* (जसको नेतृत्वमा हाम्रो पार्टीका अध्यक्ष क. मिन्टो हुनुहुन्छ) र *पाकिस्तान नेशनल पार्टी* र अरू केही साना पार्टीहरू सामेल छन् । अहिले पनि साम्यवाद सान्दर्भिक छ - समाजको प्रगति र मुक्तिको लागि साम्यवाद सिवाय अर्को बाटो छैन, विकल्प छैन भन्नेहरू मात्र यो प्रयत्नमा सामेल भएका छन् । २ मे १९९८ मा भएको तिनीहरूको संयुक्त सम्मेलनले वर्तमान पार्टी - *नेशनल वर्कर्स पार्टी* जन्माएको छ । अहिले दमन ज्यादै चर्को भएकाले यो पार्टीको दस्तावेजमा पुराना शब्दावलीको कतै प्रयोग भएको छैन । परन्तु यो पार्टीको अन्तिम लक्ष्य साम्यवाद हो ।

हामी अहिले दक्षिण एशियाली स्तरमा कम्युनिष्ट पार्टीहरूबीच एकता खोजिरहेका छौं । परन्तु दुःखको कुरा, भारतीय कम्युनिष्ट पार्टीहरू हामीप्रति मैत्रीपूर्ण देखिएका छैनन् । तथापि हामी प्रयत्नरत छौं । प्रयत्न गरिरहनेछौं । ❑

## किताब ▶ ◀ उल्लेख्य






कृति : **उलिनी मन**
विधा : कविता संग्रह
लेखक : मीन द्वन्दी
प्रकाशक : सुजाता श्रेष्ठ
पृष्ठ : ५७+१६
मूल्य : रू. ३५/-



कृति : **जनताको बहुदलीय जनवादको आर्थिक नीति तथा कार्यक्रम विकासको जनवादी बाटो**
विधा : लेख/दस्तावेज
संयोजन : ने.क.पा.(एमाले), केन्द्रीय कार्यालय
प्रकाशक : ने.क.पा. एमाले
पृष्ठ : ९३+५
मूल्य : रू.५०/-

कृति : **हाम्रो जिन्दगीको पहिलो पुस्तक** *(आफ्नो डाक्टर आफैं बन्नका लागि)*
विधा : स्वास्थ्यसम्बन्धी जानकारीमूलक ग्रन्थ
कृतिकार : कृष्णप्रसाद भट्टराई
प्रकाशक : आशीष ट्रेडर्स, कुश्मा, पर्वत
पृष्ठ : १७६+८
मूल्य : रू. १११/-








कृति : Nepal in Feudal Order
विधा : अनुसन्धामूलक लेखहरू
कृतिकार : S.R. Tamang
प्रकाशक : Sangam Publication, Bagbazar
पृष्ठ : ६६+५
मूल्य : रू. ४०/-

कृति : **सामाजिक अध्ययन (Social Studies)**
विधा : समाजशास्त्र
कृतिकार : सिद्धिश्वरमान श्रेष्ठ/राजेन्द्रप्रसाद अधिकारी
प्रकाशक : सावित्री श्रेष्ठ
पृष्ठ : १८३+६
मूल्य : रू.९०/-







कृति : **चिनीयाँ कम्युनिष्ट पार्टीभित्र दुई लाइन संघर्षको इतिहास**
विधा : इतिहास
संपादक/अनुवादक : देवेन्द्र तिम्ला
पृष्ठ : ११२+१०
मूल्य : रू.४५/-

# विवाहको अर्थ-राजनीति



चिन्तन

– डा. चैतन्य मिश्र –

विगतमा विश्वमा विभिन्न वैवाहिक पद्धतिहरू हावी थिए । यी मध्ये केही रूपान्तरण हुँदै हालसम्म कायम छन् । केही नयाँ पद्धतिहरू जन्मने र विकास हुने क्रममा छन् । पक्कै पनि भविष्यमा यस्तो क्रम जारी रहनेछ ।

साथै, वर्तमान विश्वभित्र नै विभिन्न भूभागमा, विभिन्न मुलुक, धर्मावलम्बी, सांस्कृतिक समूह र जनसमुदायहरूमा विभिन्न पद्धति अन्तर्गत वैवाहिक सम्बन्ध स्थापित गर्ने गरिन्छ । वैवाहिक सम्बन्धभित्रको घनिष्ठता, स्थायित्व, 'लेनदेन' र अन्य अन्तर्क्रियाका साथै दम्पतिको बालबच्चासँगको र परिवारका अन्य सदस्य, नातागोता र मित्रगणसँगको सम्बन्ध पनि भिन्न-भिन्न रहेको पाइन्छ ।

फेरि, कुनै खास समाज, जनसमुदायमा समेत स्थापित वैवाहिक पद्धति स्थिर नभएको भेटिन्छ । कुनै पद्धति बढी ग्राह्य बन्दै जाने क्रममा हुन्छन् भने कुनैले क्रमशः वैधता गुमाउँदै गएका हुन्छन् । यसरी, कालान्तरमा स्थापित वैवाहिक पद्धतिको रूपान्तरण भएको छ र नयाँ पद्धतिहरू स्थापित हुँदै गएका छन् ।

विवाहपद्धतिमा यस्तो भिन्नता किन छ ? स्थापित विवाहपद्धतिमा परिवर्तन किन हुन्छ ? नयाँ विवाहपद्धतिहरू किन स्थापित, वैध र मान्य हुन पुग्छन् ? के पद्धतिगत भिन्नताको पछाडि 'दैवी' वा 'प्राकृतिक' कारण छ ? वा 'परम्परा' यस्तो भिन्नताको उपयुक्त र यथेष्ट व्याख्या हो ? यदि परम्परा उपयुक्त र यथेष्ट व्याख्या हो भने विवाहपद्धतिमा आएको र भविष्यमा आउने परिवर्तनको व्याख्या कसरी गर्न सकिन्छ त ?

नेपालको सन्दर्भमा सीमित हुने हो भने पनि यहाँ विभिन्न विवाहपद्धतिहरू कायम छन् । 'मागी' विवाह, जसलाई परिवार र नजिकका नातागोताद्वारा रचित र संरक्षित विवाह भन्न सकिन्छ, यी मध्येको एउटा पद्धति हो । 'प्रेम' विवाह, जुन विवाह गर्ने केटा र केटीको इच्छाअनुसार हुन्छ, अर्को विवाहपद्धति हो ।

यिनका साथै पनि अन्य विशिष्ट विवाहपद्धतिहरू विद्यमान छन् । जस्तै : जारी विवाह, विधवा/विधुर विवाह, बाल विवाह, श्रृंखलायुक्त विवाह, बहुविवाह, (बहुपत्नी र बहुपति प्रथा अन्तर्गत), एकल विवाह, क्रमबद्ध एकल विवाह आदि आदि । यी विभिन्न पद्धतिका आ-आफ्नै छुट्टै परिवेश छन् ।

तर यी पछिल्ला कोटीका विवाहहरूसमेत कि त 'मागी' पद्धतिअनुसार हुन्छ, कि त 'प्रेम' पद्धतिअनुसार । यसै कारणले पनि यो लेख यी दुई विवाहपद्धतिहरूमा केन्द्रित गरिएको छ । यसरी केन्द्रित हुनुका थप दुई कारणहरू पनि छन् । पहिलो 'विकसित' देशहरूमा स्थापित भएको प्रेम-विवाह र 'अविकसित' देशहरूका कतिपय समुदायहरूमा हावी रहेको मागी विवाहको मान्यताले प्रशस्त कौतुहलता जन्माएको छ । कौतुहलताको तह नाघेर मागी-विवाह पुरातन, परम्परावादी, असभ्य आदि विवाहपद्धति हो र प्रेम-विवाह आधुनिक, सभ्य र विकासमुखी हो भन्ने धारणा र आत्मग्लानी र आत्माभिमानबोध हामीमध्ये धेरैमा छ । यस्तो धारणाको वास्तविक जगलाई मोटो रूपमा भए पनि उधिन्नु आवश्यक भएको छ । दोस्रो विश्व लगायत नेपालका वामपन्थी र प्रगतिशील पक्ष र संगठनहरूले प्रेम विवाहको बारम्बार वकालत गर्ने गरेका छन् । यस्तो वकालतको पनि प्रारम्भिक आंकलन गर्नु जरूरी भएको छ ।

## *मागी विवाह र सामन्तवाद*

उत्पादनका साधनको स्वामित्व, उत्पादन प्रकृया र यस प्रकृया अन्तर्गतको घर परिवारभित्र लगायत जीवनयापन, मालिक-आश्रितसम्बन्ध र अन्य श्रम, अन्तरसामन्त संरचना, सामन्त र राज्यसत्ता, अन्तर्देशीय सम्बन्ध आदि लामो कालसम्म अपेक्षाकृत रूपमा स्थिर रहे । खास गरेर सामन्त र आश्रित श्रमबीचको विभाजन राजनैतिक, आर्थिक र सांस्कृतिक तहहरूमा व्यापक, गहिरो र भण्डै अपरिवर्तनीय रह्यो । यसै विभाजनलाई वैधता दिन धर्म 'परम्परा', यिनमा आधारित कानूनका साथसाथै जातजातित्व, उँच-नीच, आर्य-अनार्य, स्थानीय-बाहिरिया, मालिक-दास-अर्धदास आदि विभेद र असमानताका भण्डै अभेद्य

**मागी-विवाह पुरातन, परम्परावादी, असभ्य आदि विवाहपद्धति हो र प्रेम-विवाह आधुनिक, सभ्य र विकासमुखी हो भन्ने धारणा र आत्मग्लानी र आत्माभिमानबोध हामीमध्ये धेरैमा छ**



नेपाली परंपरागत विवाहको एक झलक फोटो : उषा तिवारी

पर्खालहरूको श्रृष्टि भयो । यस्ता विभेद र असमानताहरूको उद्भव दैवी र अलौकिक ठहऱ्याइयो, जसमा परिवर्तनको गुन्जाइस अत्यन्त न्यून र अत्यन्त कठीन रह्यो । यिनै पर्खालहरूलाई सामाजिक-पारिवारिक रूप दिन कुल, घराना आदिको श्रृष्टि भयो । यिनै पर्खालहरूको प्रत्यक्ष सुरक्षाका लागि राज्यव्यवस्था र सैनिकहरूको पनि व्यवस्था गरियो । यीमार्फत् उत्पादनका श्रोत र आश्रित श्रममाथिको नियन्त्रणलाई प्रभावी तुल्याइयो ।

यस्तो विभेद र असमानताको व्याख्या र राजनैतिक आधार दैवी र अलौकिक तहमा गरिए पनि र यस्तो विभेद र असमानता कायम राख्न विभिन्न विशिष्ट राजनैतिक, आर्थिक र सांस्कृतिक आधारशिला तयार गरी लागू गरिएपनि वैवाहिक पद्धति नियन्त्रित नतुल्याउँदा यस्तो पर्खालमा भ्वाङ पर्ने र अन्ततोगत्वा थोरै समयभित्रै यस्तो व्यवस्था ढल्ने निश्चित हुन्थ्यो । यो व्यवस्था तबमात्र चिरंजीवी हुनसक्थ्यो, जब खास-खास तहका सामन्त, खास-खास कुल/घराना, खास खास जात-जाति र उपजात-उपजाति आदिभित्र मात्र वैवाहिकसम्बन्ध सीमित गर्न सकिन्थ्यो । उत्पादनशील र अन्य संपत्तिको पुस्तैनी संरक्षण गर्न, आश्रित श्रममाथि दिगो र पुस्तैनी नियन्त्रण कायम राख्न र अन्य विभेद र असमानता अक्षुण्य राख्न 'बराबरी हैसियत' रहेकाहरूबीच नै वैवाहिकसम्बन्ध गाँसिनु अनिवार्य रह्यो । कुल-घराना 'चोखो राख्न' यस्तो पद्धति आवश्यक रह्यो । पारिवारिक सम्पत्ति अर्को पुस्तालाई हस्तान्तरण गर्न र सम्पत्तिको बाँडफाँड न्यून गर्न पनि यस्तो व्यवस्था आवश्यक रह्यो । समाजिक हैसियत कायम राख्न, राजनैतिक र सैनिक सुरक्षा-शक्ति संचय र बढोत्तरी गर्न पनि, यस्तो व्यवस्था उपयोगी हुने भयो ।

यी उद्देश्यहरू हासिल गर्न अन्य क्षेत्रहरूमा झैं वैवाहिक क्षेत्रमा पनि विवाह हुने बेहुला-बेहुलीको नभएर परिवारका मूली र नातागोता एवं कूलका अन्य मूलीहरूको भूमिका प्रवल रहनु र निर्णयशक्ति उनीहरूमै निहित रहनु स्वाभाविक थियो । उता, स्वआर्जनमा नभई पुर्खौली आर्थिक सम्पत्ति, पुर्खौली राजनैतिक शक्ति र पुर्खौली सामाजिक प्रतिष्ठाको आधारमा नै आफ्नो आर्थिक, राजनैतिक र सामाजिक हैसियत तय हुने परिपाटीभित्र भावी बेहुलाले आफैं बेहुलीको चयन गर्ने अधिकार नराख्नु स्वाभाविक बन्यो । पुर्खौली आर्थिक र अन्य अंशमाथि दावी गर्न सक्ने अधिकारको अर्को पाटो रह्यो- वैवाहिक चयनबारेको अधिकारको स्खलन । त्यस्तो अधिकार 'अंश' दिनसक्ने पारिवारिक मूलीमा निहित रह्यो ।

'बराबरी हैसियत' कुलीनता, राजनैतिक शक्ति र सामाजिक प्रतिष्ठाको आर्जन र यी सबैको दिगोपनाको लागि नै सबैजसो सामन्तहरूले 'पर्खाल भित्र' मात्र आफ्ना सन्तानको विवाह तय गर्ने गरेका छन् । सीता र द्रौपदीले 'स्वयंवर' त गरे, तर वरमाला लगाउन उपयुक्त ठानिएका मध्ये चुनिएका केही राजकुमार वा सो सरहका कुमारहरूमात्र निस्त्याइए । नेपालका राज खान्दानका बहिनी-छोरी र छोराको विवाह नेपाल वा भारतका समकक्षी सामन्त खान्दानभित्र नै भयो । २०-३० वर्ष अघिसम्म पनि युरोपका धेरैजसो राजघरानाका व्यक्तिहरूको विवाह 'मागी' प्राणालीअन्तर्गत नै हुन्थ्यो । खास गरेर युरोपका खास मुलुकका युवराज र राजपुत्रीको विवाह अन्तर्देशीय हुनेगर्थ्यो, किनकि कुनै युवराज वा राजपुत्रीको 'समकक्षी' त्यही मुलुकभित्र पनि छ भनी स्वीकार्न कठीन हुन्थ्यो । स्वीकार्दा 'द्वैध शासन'को खतरा रहन्थ्यो । त्यसैले पनि युरोपभरिका मुलुकहरूमा हाल विरलै त्यस्ता राजपरिवार होलान्, जसको नाता अन्य अन्तरदेशीय राजपरिवारहरूसँग नगाँसिएको होस् । यी बेहुला-बेहुलीको विवाह पनि देखादेखविना, पूर्व प्रेमविना, आत्मनिर्णयविना र अभिभावकहरूको समझदारी अन्तर्गत नै हुन्थ्यो ।

सामन्तवादअन्तर्गत राजा-रजौटा, महासामन्त, जमिन्दारदेखि सम्पत्तियुक्त 'सामान्य' गृहस्थ-मालिक परिवारमा पुरूष बहुविवाहको चलन काफी मात्रामा थियो । यीमध्ये कतिपय प्रेमविवाह पनि हुन्थे । तर पहिलो आधिकारिक पूर्णवैधता प्राप्त विवाह अभिभावकहरूले नै निश्चित गर्थे । यसै विवाहअन्तर्गत प्राप्त सन्तानलाई मात्र पुर्खौली आर्थिक, राजनैतिक र सांस्कृतिक अधिकार प्राप्त हुन्थ्यो । यो दृष्टिले प्रेम विवाह अवैधानिक थियो । महारानी र ल्याइतेका 'ए-बी-सी वर्ग'का नेपालका राणासन्तानहरूबीच चर्केको द्वन्द यही वैधानिकता बारेको द्वन्द थियो । यो द्वन्द सामन्तवादको अन्त्य र पूँजीवादको विकासकालीन द्वन्द पनि थियो ।

## पूँजीवाद र प्रेम विवाह

पूँजीवादलाई सामान्यतया हामी आर्थिक क्षेत्रको सीमाभित्र मात्र राखेर बुझ्ने गर्छौं । कहिलेकाहीं राजनैतिक क्षेत्र र विरलै मात्र सांस्कृतिक क्षेत्रसम्म तन्काएर बुझ्ने गर्छौं । पूँजीवाद र संस्कृतिबीचको अन्तर्क्रियाको आंकलन गर्दा पनि हामी अलिक अमूर्त तहमा नै रहने गरेका छौं । यो सन्दर्भमा, के पूँजीवाद र विवाहपद्धतिबीचको अन्तर्सम्बन्धलाई मूर्त तुल्याउन सकिंदैन ? घरपरिवारलाई उत्पादनको समेत नभएर मूलतः उपभोगको थलोको रूपमा मात्र स्थापित गर्नु, नव युवाहरूलाई परिवार, इष्टमित्र, जन्मेहुर्केको समुदायबाट अलग पाठशाला, शहरबजार, व्यापारिक, औद्योगिक, सेवा-प्रधान प्रतिष्ठानमा केन्द्रित पार्नु, धेरैजसो परिवार र वयस्कलाई उत्पादनका साधनविहीन श्रमिकमा परिणत गर्नु आदि पूँजीवादको सामाजिक पाटोको विशेषता रह्यो । औद्योगीकरण, शहरीकरण, बस्तु र सेवाको विनिमयकरण आदिले यी प्रकृयाहरूलाई साथ दिए । यिनै संरचना र प्रकृयाअन्तर्गत त्यस्तो 'स्वतन्त्र व्यक्ति'को श्रृजना भयो, जो घर-परिवार, स्थानीय नातेदार, मित्रजन, कूल-कुटुम्ब, स्थापित मूल्यमान्यता, रीतिरिवाजबाट 'स्वतन्त्र' बन्यो । यो 'स्वतन्त्र व्यक्ति' अधिकांशतः ज्यालादारी मजदूर र रोजगारविहीन कामदारमा परिणत भयो । निजी पूँजीमाथि कानूनी अधिकार अनुल्लंघनीय हुँदै गएको स्थितिमा, यो व्यक्तिको पुर्खौली सम्पत्तिमाथिको अधिकार परिवारको मूलीको इच्छापत्रमा आधारित हुने भयो । अर्थात् त्यस्तो सम्पत्तिको हकदावी गर्न सक्ने वा हकदार हुने कुरा अनिश्चित रह्यो । हाल नेपालमा चल्दै गरेको इच्छापत्रबारेको बहस पुर्खौली सम्पत्ति, पारिवारिकसम्बन्ध र सिंगो समाजको बढ्दो पूँजीवादीकरणका विभिन्न द्योतकहरूमध्ये एक हो ।

यस्तो आर्थिक, राजनैतिक र सांस्कृतिक आमूल परिवर्तनकारी विशिष्टता अंगाल्न थालेको समाजमा परिवार र अभिभावक-प्रधान मागी विवाह पद्धति स्वतः अवैध बन्ने क्रममा पुग्यो । विवाह अगांवै शिक्षा र रोजगारीको खोजीमा घर परिवारबाट बाहिरिनुपर्ने, विवाह गरेपछि बाबुआमाको घरमा नबस्ने र उनीहरूको रेखदेख र नियन्त्रणमा नरहने, नातागोता र परिवारिक इष्टमित्र, छिमेकीबाट टाढा रहने, जीवनयापनको श्रोत गैर-पारिवारिक आर्जनलाई मान्नुपर्ने, बाबुआमा, आफू जन्मेको परिवारका अन्य सदस्यहरूको बिरामी अवस्था र बृद्धावस्थामा साथै उनीहरूको आर्थिक स्थिति खराब भएको अवस्थामा हेरविचार मद्दत नगरे पनि हुने सामाजिक संरचनामा बाबुआमा र छोराछोरी दुवैका लागि मागी विवाहको आर्थिक, राजनैतिक र सांस्कृतिक सबै खाले वैधता नष्ट हुन पुग्यो ।

यस्तो स्थितिमा विवाहको 'नयाँ' पद्धतिको श्रृजना भयो- प्रेम विवाहको । जन्मेको परिवारबाट छुट्टिएको, भिन्दै इलाका, शहर र देशमा काम गर्ने र बसोबास गरेको, भविष्यमा पनि 'घर' नफर्कने, नयाँ ठाउँ, नयाँ सामाजिकसम्बन्ध स्थापित गर्नुपर्ने स्थितिमा आफ्नो वैवाहिक साथीको चयन आफैंले नै गर्नुपर्छ, वैयक्तिक प्रेमको आधारमा । यस स्थितिमा प्रेम-विवाह गर्न ऊ स्वतन्त्र हुन्छ, तर साथै यसो गर्न ऊ बाध्य पनि हुन्छ । प्रेम-विवाह नगर्न, मागी वा अन्य विवाहपद्धति अपनाउन ऊ स्वतन्त्र हुँदैन । यसरी पूँजीवादले डोऱ्याउने, निर्दैशित गर्ने एउटै मात्र विवाह पद्धति हुनसक्छ- प्रेम विवाह । सामन्तवादी अर्थ-राजनीतिको वैवाहिक पाटो मागी विवाह बनेझैं पूँजीवादी अर्थराजनीतिको वैवाहिक पाटो प्रेम-विवाह बन्छ ।

## समाजवादी विवाहपद्धति कस्तो हुन्छ होला ?

हालसम्म समाजवादी विवाह-पद्धतिको संरचना र प्रकृयाको बारेमा प्रशस्त अन्यौल रहेको छ, यस्तो पद्धतिको रूपरेखा नै कोरिएको छैनभन्दा हुने स्थिति छ । हुन त कम खर्चिलो, तडकभडकरहित, थोरै मात्र पाहुना बोलाइएको आदि विवाहलाई प्रगतिशील र कहिलेकाहीं समाजवादी विवाह भन्ने गरिएको पनि पाइएको छ । अर्कोतिर, मागी विवाहभन्दा प्रेम-विवाह समाजवादसम्मत वा समाजवादउन्मुख भन्ने धारणाअन्तर्गत वाम समाजवादी दल र संगठनहरूले प्रेम विवाहलाई प्रोत्साहन गर्नुपर्ने

*२०–३० वर्ष अघिसम्म पनि युरोपका धेरैजसो राजघरानाका व्यक्तिहरूको विवाह 'मागी' प्राणाली अन्तर्गत नै हुन्थ्यो*

*के समाजवाद–सम्मत विवाह–पद्धतिले वैवाहिक सम्बन्धलाई बढी व्यापक रूपले उत्पादन प्रकृया र अन्य सामाजिक सम्बन्धहरूसँग जोडेर हेर्नु पर्दैन ?*


वकालत गरेको पनि पाइन्छ ।

के यी प्रारम्भिक दृष्टिकोणहरू सही छन् ? योभन्दा माथि उठेर के यी दृष्टिकोण यथेष्ट छन् ? अर्थात् कम खर्चिलो प्रेम-विवाह प्रगतिशील, अझ समाजवादी विवाह पद्धति हो ? अझ, माथि विश्लेषण गरिएको पूँजीवादी प्रेम-विवाह र प्रगतिशील एवं समाजवादी प्रेम विवाहमा के अन्तर हुन्छ ? वा अन्तर नै हुँदैन ? प्रेम-विवाहपद्दिको प्रगतिशील र समाजवादी पक्षहरूको आशक्ति सामन्तवादविरोधी, कुलीनताविरोधी, 'पुर्खौली सर्वसत्तावाद' र पुर्खा र बाबुआमाको मुख ताक्ने प्रवृत्तिविरोधी, करकापमा पारी विवाह गरिदिने प्रवृत्तिविरोधी, स्वआर्जन र स्वनिर्मित जीवन र भविष्यको पक्षपाती र सायद महिलाहरूको हकहितसम्मत छ । संभ्रान्तता र सायद वर्गीयताको एक हदसम्मको विरोध पनि यो वकालतमा निहित छ ।

तर, के विवाह नितान्त रूपले बेहुला-बेहुलीसँग मात्र संबन्धित छ ? के समाजवादसम्मत विवाहपद्धतिले वैवाहिक सम्बन्धलाई बढी व्यापक रूपले उत्पादन प्रकृया र अन्य सामाजिक सम्बन्धहरूसँग जोडेर हेर्नु पर्दैन ? विवाहित जोडीलाई उनीहरूका बाबुआमा, नातेदार र इष्टमित्रसँग अलग्याएर नै राख्नुपर्छ ? के विवाहित जोडीको व्यापक सामाजिक उत्तरदायित्व हुँदैन ? के व्यापक आर्थिक, राजनैतिक, सांस्कृतिक प्रकृयाहरूले विवाहित जोडीको 'प्रेम'मा असर नै पार्दैनन् । के यी जोडी 'सामाजिक शून्य' मा रहन्छन् र रमाउँछन् ? के युगल प्रेम बालबच्चाको पालनपोषणको लागि पनि यथेष्ट छ ?

विघटित सोभियत संघ, जनवादी चीन, क्युवा र अन्य केही मुलुकका वैवाहिक, दाम्पत्य र अन्य व्यापक सामाजिक पाटोहरू गहिरिएर खोतल्ने हो भने यीमध्ये केही प्रश्नहरूको उत्तर खोज्न केही सजिलो जरूर पर्ला । खास गरी, बालबच्चाको हुर्काइमा त्यहाँ समाजवादले उल्लेख्य भूमिका खेलेकै हो । महिलाहरूको उत्थानमा पनि महत्वपूर्ण आयाम थपिएको हो । तर एकातिर प्रेम विवाह आफैंले यी दुइपक्षमा कति योगदान पुऱ्यायो वा पुऱ्याएन भन्न गाह्रो छ भने अर्कोतिर र मोटामोटी आंकलन गर्दा ती मुलुक र समाजका प्रेम-विवाह र अन्य पूँजीवादी मुलुक र समाजका प्रेमविवाहमा तात्विक अन्तर देखा पर्दैन । वैवाहिक कलह र हिंसा, पारपाचुकेको दर, अविवाहित बाल जन्मदर आदि सबै नै दुवैथरि, तर प्रेम-विवाह-प्रधान, समाजमा उच्चदेखि अतिउच्च, र भण्डै समान, तहका रहे । यस अर्थमा समाजवादी प्रेमविवाहको विशिष्टता खुल्न सकेको पाइएन । ❑





# जेल र जंगलमा समेत किताब नछाड्ने क्रान्तिकारी नेता

# फिडेल क्यास्त्रो

क्यूबाका क्रान्तिकारी नेता र वर्तमान राष्ट्रपति फिडेल क्यास्त्रोको किताबप्रति मोह र गहन अध्ययनशीलता देख्दा लाग्छ : गहन अध्ययनबिना नेतृत्व असंभव छ !

सानैदेखि अत्यन्त अध्ययनशील खालका क्यास्त्रो इसाईहरूको धार्मिक स्कूलमा पढ्दा 'बाइबल' अति नै मन पराउनु हुन्थ्यो । स्कूलेकालमा स्पेनीश भाषाका थुप्रै महत्वपूर्ण साहित्यिक किताबहरूको अध्ययन गर्नुभएका युवा क्यास्त्रोलाई सबैभन्दा मनपर्ने लेखक हुनुहुन्थ्यो - होसे मार्टी, क्यूबाली क्रान्तिका वीर ।

स्कूल र क्याम्पसकालमा उहाँलाई म्याक्सिमो गोमेज, कार्लोस म्यानुयल डे केस्पेडस, इग्नासियो एग्रामोंटे र अनतोनियो मेसियोजस्ता वीर देशभक्तहरूका जीवनीहरू असाध्यै मनपर्थ्यो । क्यूबाली संघर्षको इतिहासका उथलपुथलहरू र त्यसका वीरहरूको गाथा पढ्दै उहाँ हुर्कनुभएको थियो । र, किशोर अवस्थादेखि क्यूबाको स्वतन्त्रता संघर्षका वीरहरूलाई पूजा गर्ने क्यास्त्रोले विश्वका धेरैजसो क्रान्तिका इतिहासहरू खर्लप्पै निल्नुभएको थियो ।

क्याम्पसमा कानूनको अध्ययनको क्रममा पहिलो वर्षमा पूँजीवादी राजनैतिक अर्थशास्त्रको गहिरो अध्ययन गर्नुभएका क्यास्त्रोले दोस्रो वर्ष क्रान्तिकारी र पूँजीवादी अर्थशास्त्रहरूका किताबहरूको स्वाद लिनुभएको थियो । पूँजीवादी अर्थतन्त्रको चिरफार गर्ने क्रममा मार्क्स, एंगेल्स, लेनिनबाट प्रभावित भई उहाँ क्रमशः समाजवादी हुन थाल्नुभएको थियो । क्याम्पसमा खेलकूद र राजनैतिक गतिविधिहरूमा पनि अत्याधिक क्रियाशील क्यास्त्रोले औपचारिक शिक्षा र अनौपचारिक ज्ञान आर्जनमा आफूलाई कहिल्यै पनि पछि पार्नु भएन ।

सन् १९५३ देखि १९५५ सम्मको जेल-जीवन उहाँको लागि विश्वविद्यालय सावित भयो । जेलको अधिकांश समय अध्ययनका लागि खर्च गर्नुहुने क्यास्त्रोले त्यसबेला आफ्नो पढाइलाई अत्यन्त ब्यवस्थित र गहन पार्नुभएको थियो । जेलभित्रै राजनैतिक स्कूल स्थापना गरेर दर्शन, विश्व-साहित्य र राजनैतिक सिद्धान्त एवं क्रान्तिकारी संघर्षहरूको सुव्यवस्थित अध्ययन गर्नुभएको थियो । दुई वर्षको जेल जीवनमा दैनिक १४/१५ घण्टाको दरले अध्ययन र अन्तर्क्रियाका लागि खर्च गर्ने क्यास्त्रोले संघर्षहरूको घोषणा-पत्र लेख्ने, चिट्ठीपत्रमार्फत् बाहिरका जनसंघर्षहरूसँगको सम्बन्धलाई जीवन्त पार्ने काम गर्नुभएको थियो ।

जेलजीवनकै क्रममा उहाँले महान् रूसी साहित्यकार दोस्तोयब्स्कीका अधिकांश किताबहरू, रोमाँ रोलांको Iean Chrislophe का १० वटा भागहरू, भिक्टर ह्यूगोका Les Miserables जस्तो विशाल पुस्तक र बाल्जाको Human Comedy को अध्ययन गर्नुभएको थियो । उहाँ भन्नुहुन्छ - "जेलमा बस्दा दोस्तोयब्स्कीको The House of the Dead पढ्नु भनेको राम्रो सोचाइचाहिँ होइन रहेछ !"

रोमाँ रोलांका किताबहरू राति ११/१२ बजे मैनबत्ती र दियोको धमिलो प्रकाशमा झूलभित्र बसेर अध्ययन गर्दा आँखामा समस्या भएको बताउँदै उहाँ भन्नुहुन्छ - "मैले आफ्नो जीवनबाट किताबलाई अलग्याउँनै सकिनँ ।"

मेक्सिकोको निर्वासनका कठिन घडीहरूमा, सियरा क्यूबाली क्रान्तिको बेलामा माईस्त्राका पहाडहरूका संघर्षपूर्ण समयमा, प्रधानमन्त्री र राष्ट्रपतिको गहन जिम्मेवारी युक्त बेलामा पनि किताब पढ्न नछुटाउने क्यास्त्रो होसे मार्टी, बोलिभारजस्ता क्रान्तिकारीहरूको बारेमा लेखिएका किताबहरू जति मनपराउनु हुन्छ, त्यति नै मनपराउनु हुन्छ - सेर्भान्तिजको 'दोन क्विक्जोट' र गाब्रियल गार्सिया मार्सेजका सबै किताबहरू ।

सरकारी रिपोर्टहरूमा मात्रै हराउने शासकहरूभन्दा फरक रूपमा क्यास्त्रो आफ्नो देश र विश्वकै जटिल समस्याहरूको समाधानका लागि जीवन र जगतको अध्ययन गर्ने र विचारोत्तेजक भाषणहरुद्वारा चिन्तन-मनन गर्न सबैलाई अभिप्रेरित गर्ने विश्वकै कुशल नायक र राजनैतिक चिन्तकका रूपमा स्थापित हुनुहुन्छ । ❑

*धमिलो प्रकाशमा झूलभित्र बसेर अध्ययन गर्दा आँखामा समस्या भएको बताउँदै उहाँ भन्नुहुन्छ - "मैले आफ्नो जीवनबाट किताबलाई अलग्याउँनै सकिनँ ।"*

– राजेन्द्र महर्जन

चुनाव लड्नको निम्ति घोषणापत्र लेख्ने कुरा आयो । त्यो घोषणापत्र पूर्णरूपले नै शम्भुराम श्रेष्ठले लेखिदिए । त्यो घोषणापत्र जेलभित्र मनमोहनसँग सल्लाह गरी उनले लेखेका थिए । र, त्यसलाई पासचाहिँ हामी सबैले गर्‍यौं । त्यसपछि मैले त्यसमा एक शब्द पनि फरक नगरी त्यसलाई प्रेसमा छाप्न पठाएँ ।

त्यसरी म 'ग्राजुएट कन्स्टिच्यूएन्सी'को चुनाव लड्न पुगें । चुनाव लड्ने नाममा म नेपालगंज पुगें, धनगढी पुगें, र त्यस्तै अन्य थुप्रै ठाउँहरूमा पुगें । त्यसरी जेलबाट छुट्दा उपत्यकाबाहिर जान्न भनेर गरेको स्वीकारोक्ति तोडियो । बकायदा पत्रिकामा छापेर चुनावको प्रचार-प्रसार गर्न ठाउँ ठाउँमा जाने काम गरें । चुनाव प्रचारको नाममा कलेजभित्र मात्र होइन ग्राजुएट गरेका देशभरका जागीरदारहरू समेतको घर-घरमा म आफ्नो राजनीति पुर्‍याउन गएँ । र, त्यही क्रममा म खुसुक्क सीमा पार गरी बनारस गएँ ।

बनारसमा एउटा रमाईलो घटना घट्यो ।

एकजना सि.आई.डि. थियो । उसलाई म राम्ररी नै चिन्थें र उसले पनि मलाई चिन्थ्यो । त्यसलाई



ठ्याक्कै मिल्छ । मैले भुक्किएर धाप मार्न पुगें ।"

"हो, थुप्रो मान्छेहरू भुक्किएका छन् ।" मैले भन्दिएँ ।

त्यो सि.आई.डि. फेरि छक्कियो ।

त्यो मान्छे सि.आई.डि. भए पनि युनिफर्मवाला पुलिसचाहिँ होइन । ऊ सि.आई.डि. हो भनेर मलाई त्यतिबेलाका एकजना डि.एस.पि.ले नै चिनाएका थिए । ती डि.एस.पि.चाहिँ मेरा साथी थिए ।

ती सि.आई.डि. डि.एस.पि.को नाम प्रेम लामा हो । उनी मोटाघाटा थिए । त्यतिखेर उनी पुलिसको तर्फबाट ब्याक भएर फुटबल पनि खेल्थे ।

म दार्जीलिङ्गमा पढ्दा उनी मेरा सहपाठी थिए । म जेलबाट छुटेर खुला भएपछिको एकदिन उनीसँग मेरो बाटोमा भेट भयो । धेरैजसो उनी सिभिल ड्रेसमा नै हिंड्ने गर्थे । त्यसदिन पनि उनी सिभिल ड्रेसमा नै थिए ।

बाटोमा भेट हुनासाथ प्रेम लामाले मलाई भने- "तपाईंसँग पढ्ने एकजना मान्छे सि.आइ.डि. रहेको छ । उसको नाम धनेप्रसाद हो । उसबाट होसियार रहनुहोस् । त्यसो त तपाईंसँग पढेका र तपाईंलाई चिन्ने थुप्रै होलान्, तर त्यो धनेप्रसादले आफैंले

# मलाई भेटेदेखि अहिलेसम्म साथ दिने क्रान्तिकारी प्रहरी हुन्- अर्जुन थापा

- निर्मल लामा -

मैले बनारसको दशाश्वमेध घाटमा भेटें । त्यो घाट बनारसको सबभन्दा नामी घाट हो । उसले मलाई "हलो लामाजी !" भनेर पछाडिबाट धाप मार्‍यो । मैले टाउको फर्काएर उसलाई हेरें । र, मैले पटक्कै नचिनेको जस्तै गरें । अनि "मैले यहाँलाई चिनिनँ नि !" भनें ।

"कस्तो मान्छे हो ? मलाई नचिनेको ?" उसले भन्यो । ऊ वास्तवमा कलेजमा पढ्दा चिनेको मान्छे थियो ।

"तपाईं भुक्किनु भयो ।" -मैले भनें ।

"म कहाँ भुक्किनु ? हामीले सँगसँगै कलेज पढेका होइनौं र ?" उसले भन्यो ।

"म त काठमाण्डौं कहिल्यै गएको छुइन । म निर्मल लामाको दाजु । तपाईंले निर्मल लामा ठान्नु भएको होला । हामी जुम्ल्याहा हौं । सबै भुक्किन्छन् ।" मैले बडो अनभिज्ञ हाउभाउमा भनें ।

"हैं !.... सरी हैं । म त निर्मल लामा भनेर धाप मारेको । तपाईं काठमाण्डौं कहिल्यै जानु भएको छैन ?" त्यो सि.आई.डि.ले भन्यो ।

"कहाँ जाने ? त्यो निर्मल लामा कमनिष्ट भएर, भूमिगत भएर कताकता जान्छ ? कुन दिन गोली खान्छ ? कुन दिन जेल पर्छ ? हामी डरले थरथर छौं ।" मैले भनें ।

ऊ वाल्ल पर्‍यो तर फेरि उसले मलाई जाँच्ने प्रयत्न गर्‍यो ।

"चिया खाऔं न । निर्मल लामा मेरो साथी भएपछि उसको दाइ तपाईं मेरो पनि दाइ नै पर्नु भयो । तपाईंसँग भेटेर बडो खुशी लाग्यो । जाऔं, चिया खाऔं ।" उसले भन्यो ।

त्यही क्रममा उसले मलाई दार्जिलिङ्गको बारेमा सोधेर जाँच्न थाल्यो । ऊ भर्खरै दार्जीलिङ्ग पुगेर आएको रहेछ । उसले त्यहाँको बखान गर्‍यो ।

"के गर्ने ? निर्मल लामा मेरो भाइ हो, माया त लाग्छ नै । भेट्न पनि मन लाग्छ । त्यस्तो काममा नलाग भन्छु, तर हामीले भनेको ऊ मान्दैन । त्यो ज्युँदो रहँदैन ।" भनेर मैले त्यो सि.आई.डि.को अगाडि अफशोच व्यक्त गरी उसलाई छकाइदिएँ ।

पछि काठमाण्डौमा ऊसँग भेट भयो ।

"के हो ? तपाईंहरू त जुम्ल्याहा हुनुहुँदो रहेछ ।" भेट्नासाथ उसले मलाई भन्यो ।

"जुम्ल्याहा त हो नि !" मैले भनें ।

"मैले भेटें नि तपाईंको जुम्ल्याहा दाइलाई ।" उसले भन्यो ।

"कहाँ भेट्नु भयो ?"

"बनारसमा"

"ए, बनारस पुगेको रहेछ ? कहिलेकाहीं ऊ बनारस जान्छ, कुराकानी भयो ?"

"ठ्याक्कै आवाज पनि तपाईंकै, अनुहार पनि तपाईंकै, उचाइ पनि तपाईंकै । सबै तपाईंसँग

> *एकजना सि.आई.डि. थियो । उसलाई म राम्ररी नै चिन्थें र उसले पनि मलाई चिन्थ्यो । त्यसलाई मैले बनारसको दशाश्वमेध घाटमा भेटें ।*

मलाई आफ्नोबारे बताएको थियो ।"

त्यतिखेर पुलिस फोर्सभित्र मेरो त्यस्तो सम्बन्ध रहेको थियो । यस्तै कुरा गर्दा एकजना हास्य कलाकार राजपालको पनि सम्झना हुन्छ । उनी पनि पुलिस इन्सपेक्टर थिए । म जेलमा रहँदा उनी त्यहाँ अ.स.ई. भएर बसेका थिए । उनी पनि दार्जिलिङ्गका मान्छे थिए । मलाई उनले दार्जिलिङ्गको भनेर खूब माया गर्थे । मलाई चाहिने जे चीज पनि उनले बाहिरबाट ल्याइदिन्थे । उनले मलाई घुमाउन जेलबाहिर पनि लाने गर्थे ।

जेलमा अर्का एकजना अ.स.ई. थिए । उनको नाम वीरसिंह घले थियो । तर तिनी वास्तवमा घले नभई तामाङ्ग थिए । उनले जागीर खानको निम्ति आफ्नो नामको पछाडि घले लेखाएका रहेछन् । त्यतिखेर तामाङ्गलाई जागीर खान दिइँदैनथ्यो ।

म जेलमा रहँदा ती अ.स.ई. वीरसिंह घले भोटेबहालमा डेरा लिएर बसेका थिए । दशैं तिहारमा मलाई उनले जेलमा बिहानै लिन आउँथे । गार्ड पनि लाँदैनथे । उनी गार्डलाई सिधै भन्थे- "उनी मेरा जिम्मामा । म साँझ पुर्‍याउन आउँछु ।"

जेलबाट उनले मलाई आफ्नो घरमा लैजान्थे । दिनभरि त्यहाँ उनी र उनका साथीसित बसेर खानपिन गर्ने, तास खेल्ने आदि गरी हामी बडो रमाइलो गर्थ्यौं । वास्तवमा ती अ.स.ई. वीरसिंह घले २००७ सालको क्रान्तिमा मैले सिपाहीमा भर्ना गरेको मान्छे हुन् । पछि पुलिस फोर्समा उनी अ.स.ई.सम्म भएका हुन् ।

उनी अस्ती भर्खर मात्रै मरेका रहेछन् । केही दिनअगाडि पुलिस क्लबमा भएको कार्यक्रममा उनकी श्रीमतीसँग मेरो भेट भयो । भेट हुनासाथ 'मलाई

चिन्नु भएन ?' भनेर उनले मसँग सोधिन् । मैले यसो हेरें । मैले नचिनेको जस्तो ठानी उनले 'भद्रगोल जेल' भनिन् ।

"अँ तिहारमा टीका लाइदिनुहुन्थ्यो होइन र ? अनि जेलबाहिर पसल पनि थाप्नुहुन्थ्यो, हो ?" मैले सोधें ।

उनले "हो" भनिन् ।

"ज्वाई खोइ त ?" मैले सोधें ।

"ज्वाई त बित्नुभयो । मैले अहिले दुःख पाएर बसेकी छु" उनले जवाफ फर्काइन् ।

जेलको संस्मरणको यो सिलसिलामा मलाई एउटा लहडको सम्झना पनि हुन्छ ।

सेन्ट्रल जेल र भद्रगोल जेललाई बीचमा एउटा पर्खालले छुट्याइएको छ । ती दुई जेलमा फरक के छ भने- सेन्ट्रल जेल खाल्डो परेको र चारैतिर पर्खालले घेरिएको हुनाले त्यहाँ भित्रबाट आफू बसेको ठाउँ र माथितिर आकाशसिवाय अरू केही देखिँदैनथ्यो । तर भद्रगोल जेलबाट तल त्रिपुरेश्वर सबै खुला रूपमा देख्न सकिन्थ्यो । त्यसैले एउटै पर्खालले मात्र छुट्याइएको भए पनि दुई जेलहरूको हावा पानीमा आकाश पाताल फरक थियो ।

त्यसकारण मलाई एउटा के लहड चल्यो भने- त्यो बीचको पर्खाल भत्काएर दुईटै जेललाई एउटै बनाइदियो भने कमसेकम बन्दीहरूको स्वास्थ्य त राम्रो हुन्छ । आकाश र आफू बसेको ठाउँमात्र देखिरहेका कैदीहरूले अलिकति भए पनि बाहिरी ठाउँ देख्न त पाउँने छन् । यद्यपि त्यतिखेरको त्रिपुरेश्वर भनेको करिब करिब सडक र खेतहरू मात्र भएको ठाउँ थियो । एउटा दुईटा मात्र घरहरू थिए होलान् ।

संभवतः हंशमानको घर थियो होला ।

त्यसरी दुईटा जेललाई एउटै जेल बनाउने कुरो जेलरबाट अंचलाधीशसम्म पुऱ्याउने काम गरियो । तर त्यसको कुनै वास्ता गरिएन । त्यसपछि मेरो लहडले उग्र रूप लियो ।

म अनशन बसें । लगातार १६/१७ दिनसम्म बसिसकेपछि अनशन तोडियो । मलाई लाग्छ त्यसबेला अंचलाधीश कार्यालयले मेरो योजनासँग मिल्ने गरी नै दुईटा जेललाई एउटै जेल बनाउने आश्वासन दियो ।

*अनशन बस्नु एकदिन अघि पूरा पेट साफ गर्नुपर्छ । अनशन छोडिएपछि दुई दिन–तीन दिनसम्म बिलकूल झोल खाना मात्र पिउनुपर्छ । त्यसपछि अर्धझोल र अनिमात्र साविक खाना खानुपर्छ ।*

त्यस लहडमा गरिएको संघर्षमा मलाई थुप्रै कांग्रेसीहरूले पनि साथ दिए । उनीहरू अहिले पनि कांग्रेसका माथिल्ला पदहरूमा रहेका छन् । तिनीहरूमध्ये केहीको मृत्यु पनि भइसक्यो । मृत्यु भइसकेकाहरूको नाम बताउन मिल्छ । जस्तै : महेन्द्रनारायण निधि, बोधबाबु आदि । पछि तिनीहरूले साथ छोडे । तर एकजनाले भने अन्तिम समयसम्म पनि साथ दिए । उनी थिए- पोखराका कृष्णबहादुर ।

उनले मलाई अन्तिम समयसम्म किन साथ दिए होलान् त ? यसमा सायद पहिलेको हामी दुईबीचको सम्बन्धले काम गरेको हुनुपर्छ । २००७ सालको क्रान्तिमा गोरखपुरबाट सुवर्णसमशेरसँग विद्रोह गरेर जुन स्याङ्जामा आक्रमण गर्न गइयो, त्यसबेलामा त्यस काममा लाग्ने एकजना सदस्य पोखराका ती कृष्णबहादुर पनि थिए । पछि उनी जेल परे । र, राणाशाही खत्तम भएपछि मात्र उनी जेलबाट छुटेका थिए । सायद त्यतिबेलाको त्यही सम्बन्धले गर्दा नै जेलमा गरिएको त्यस लहडको



अनशन आन्दोलनमा उनले मलाई अन्तिम समयसम्म साथ दिए । हामीले सँगसँगै अनशन तोड्यौं ।

अनशन बस्दा र अनशन तोडिँदा खानपिनमा धेरै ध्यान दिनुपर्छ । अनशन बस्नु एकदिन अघि पूरा पेट साफ गर्नुपर्छ । अनशन छोडिएपछि दुई दिन-तीन दिनसम्म बिलकूल झोल खाना मात्र पिउनुपर्छ । त्यसपछि अर्धझोल र अनिमात्र साविक खाना खानुपर्छ ।

यदि त्यस्तो गरिएन भने पेट र आन्द्राको डरलाग्दो रोग लाग्ने सम्भावना रहन्छ । अनशन तोडेर झोल खाना खान थाल्दाखेरि ढुङ्गा माटो जे पाए पनि खाउँला जस्तो हुन्छ । तर थोरै झोल पदार्थको भरमा मात्र बस्नु पर्दा निकै गाह्रो हुन्छ !

त्यसबेला सेन्ट्रल जेलमा एउटा प्रहरी कैदमा परेको रहेछ । काण्ड के परेको रहेछ भने, पंचायती व्यवस्था सिध्याउन भनेर केही बहालवाला प्रहरीहरूले रगतले सही छाप गरी काम थालेका रहेछन् । त्यो कागज सरकारको हातमा पऱ्यो । बिचरा गिरफ्तार भएर जेलमा पऱ्यो ।

अनशन तोडेपछि हामीलाई कसले स्याहार गरिदेला भन्ने लागेको थियो । कहीं ती क्रान्तिकारी प्रहरीले पो गरिदिन्छन् कि ? भन्ने हामीलाई लाग्यो । उनीसित हाम्रो जानपहिचान केही थिएन । तैपनि हामीले उनलाई खबर पठायौं । नभन्दै उनी आएर हाम्रो स्याहारसुसार गरिदिए । उनले आवश्यक सबै चीजको धेरै राम्रो व्यवस्था गरिदिए । उनको नाम हो- अर्जुन थापा । उनको घर महाराजगंजको शिक्षण अस्पतालको पछाडि पर्छ । उनले अहिलेसम्म मलाई हमेशा साथ दिएका छन् । मलाई क्यान्सर भएर उपचारको निम्ति केही महिनाअघि बम्बई जाँदा पनि उनी नै, काठमाण्डौ बस्दा पनि उनी नै र अहिले यहाँ भरतपुरको वि.पि. मेमोरियल क्यान्सर अस्पतालमा पनि उनी नै मेरो साथमा छन् । अहिले म मेरो संस्मरण टिपाइरहँदा मेरो नजिक बसेर बडो ध्यानपूर्वक उनी सुनिरहेका छन् ।

पंचायतलाई फाल्न रगतले सही छाप गरी विद्रोह गर्न खोज्दा जेल परेर संयोगले भेट भई अहिलेसम्म निरन्तर साथमा रहँदै आएका ती क्रान्तिकारी प्रहरी अर्जुन थापालाई मैले जेलमा संभवतः २०२७ सालतिर भेटेको हुँला । अर्थात् त्यो जेलमात्रको लहडको अनशन आन्दोलन सायद मैले २०२७ सालतिर गरेको थिएँ ।

□ क्रमशः


*प्रस्तुतिः तुल्सीदास महर्जन*

*जीवनको पछिल्लो समयमा उपचाररत रहँदा क. लामा सहयोगी अर्जुन थापाका साथ*



# आइन्स्टाइनको सापेक्षतावादको सिद्धान्त र द्वन्द्ववाद

- प्रज्ञानरत्न -



द्वन्द्ववाद दार्शनिकहरूको दिमागबाट आफसेआफ उब्जेको दर्शन होइन, यो उन्नाइसौं शताब्दीसम्मको ज्ञान र विज्ञानको विकासलाई दहीमथनी गरेर निकालिएको बैचारिक नौनी हो । उन्नाइसौं शताब्दीसम्म ज्ञान र विज्ञानको क्षेत्रमा जे जति नयाँ नयाँ ज्यादै महत्वपूर्ण आविष्कार वा युगान्तकारी निष्कर्षहरू निक्ले, त्यसैको जगमा त्यसैलाई संश्लेषण गरेर द्वन्द्ववाद विकसित भएको हो ।

सर्वप्रथम हेगेलले र त्यसपछि मार्क्स र एंगेल्सले ज्ञान र विज्ञानको आफ्नो समयसम्मको उँचाइलाई दहीभैँ मथेर द्वन्द्ववादको नौनी विकास गर्नुभएको हो ।

मार्क्स र एंगेल्सले भौतिकवादी द्वन्द्ववादको दर्शन विकास गर्दा के कुरामा अत्यन्त सावधान गराउनुभएको छ भने द्वन्द्ववादको नियमअनुसार प्रकृति चल्छ कि चल्दैन, द्वन्द्ववादका निष्कर्षहरू समाज र प्रकृतिमा मेल खान्छन् कि खाँदैनन् भनेर हेर्ने होइन, बरू त्यसको ठीक उल्टो, प्रकृति र समाजबारेको सबैभन्दा पछिल्लो खोजबाट निक्लेको सत्यको आधारमा द्वन्द्ववादलाई परिष्कृत र परिमार्जित गर्ने हो । द्वन्द्ववादलाई प्रकृतिमाथि लाद्ने कुरा होइन, बरू त्यसको ठीक विपरीत प्रकृति र प्रकृति विज्ञानको पछिल्लो उँचाइका आधारमा द्वन्द्ववादलाई उभ्याउने कुरा हो ।

एंगेल्सले प्रशिद्ध दार्शनिक ग्रन्थ- 'ड्युहरिंगका विचारको खण्डन' को भूमिकामा प्रष्ट रूपले भन्नुभएको छ- "मेरो हकमा द्वन्द्ववादका नियमहरू प्रकृतिमाथि लाद्ने कुनै सवाल नै छैन, बरू प्रकृतिमा द्वन्द्ववादका नियमहरू पत्तो लाउने र यसैबाट तिनीहरूको विकास गर्ने कुरा हो ।" *(हेर्नुहोस् पेकिङबाट १९७८ मा प्रकाशित Anti Duhring को पृष्ठ १३)*

यसो भएको हुनाले प्रकृति र समाज विज्ञानका क्षेत्रमा जे जति नयाँ खोज र विकास हुन्छन्, द्वन्द्ववादका पक्षपातीहरूले त्यसको खोजखबर राख्नु आवश्यक छ, र त्यसैको आधारमा द्वन्द्ववादलाई लगातार विकसित गरी राख्नु जरूरी छ । द्वन्द्ववाद र द्वन्द्ववादका नियमहरू कुनै अन्तिम र परिष्कारभन्दा बाहिरका विषयबस्तुहरू होइनन्, ती हमेशा विकास र परिमार्जन गरी राख्नुपर्ने सवालहरू हुन् । द्वन्द्ववादको एउटा मुख्य सार नै के हो भने संसारमा केही पनि कुरा अन्तिम छैन । र, संसारमा केही पनि कुरा अन्तिम छैन भन्ने एउटा निष्कर्ष मात्रै संसारमा एकमात्र अन्तिम बैज्ञानिक निष्कर्ष हो ।

यो परिप्रेक्ष्यमा बीसौं शताब्दीमा भएका केही अभूतपूर्व र ज्यादै महत्वपूर्ण बैज्ञानिक विकास र उपलब्धिहरूबाट आजको युगका द्वन्द्ववादीहरूले दहीमथनी गर्नु जरूरी भएको छ । त्यसको आधारमा द्वन्द्ववादका नियमहरू र निष्कर्षहरूमा परिमार्जन र परिष्कार गर्नु जरूरी भएको छ ।

त्यसमध्ये बीसौं शताब्दीको सबैभन्दा महत्वपूर्णमध्ये एक बैज्ञानिक उपलब्धि हो - अल्वर्ट आइन्स्टाइनको विशेष सापेक्षतावाद र सामान्य सापेक्षतावादको सिद्धान्त । आइन्स्टाइनले विशेष सापेक्षतावादको सिद्धान्त विश्वसमक्ष सन् १९०५ मा प्रस्तुत गर्नुभएको थियो भने सामान्य सापेक्षतावादको सिद्धान्त सन् १९१६ मा । दुवै सिद्धान्तले विश्वको बैज्ञानिक चिन्तन प्रणालीमा ठूलो हेरफेर ल्याउन भूमिका खेलेका थिए । भौतिक विज्ञानका क्षेत्रमा अहिले पनि ती दुई सिद्धान्तलाई एक व्यक्तिद्वारा हासिल अहिलेसम्मको सबैभन्दा ठूलो बैज्ञानिक उपलब्धि ठानिन्छ ।

ती सिद्धान्तहरूबाट द्वन्द्ववादले के सिक्नु जरूरी छ ? ती सिद्धान्तहरूका आधारमा द्वन्द्ववादमा के परिमार्जन ल्याउनु जरूरी छ ? यस लेखको मुख्य 'सरोकारको विषय यही हो । यो छोटो लेखमा विस्तृतमा ती सिद्धान्तहरूको व्याख्या विश्लेषण गर्नु असंभव छ । त्यसैले ज्यादै संक्षिप्तमा र ती सिद्धान्तका सार कुराहरूको मात्र यहाँ चर्चा र विश्लेषण गर्ने कोशिस हुनेछ ।

**संसारमा केही पनि कुरा अन्तिम छैन भन्ने एउटा निष्कर्ष मात्रै संसारमा एकमात्र अन्तिम बैज्ञानिक निष्कर्ष हो**

## आइन्स्टाइनको विशेष सापेक्षतावादको सिद्धान्त

अल्वर्ट आइन्स्टाइनले विशेष सापेक्षतावादको सिद्धान्तमार्फत् केही बिल्कुलै नयाँ युगान्तकारी बैज्ञानिक सोचहरू अघि सार्नुभएको देखिन्छ ।

यसअघिसम्म म्याक्सवेल नाम गरेका वैज्ञानिकले ल्याउनुभएको इथर (ether) को धारणामाथि बैज्ञानिकहरूले भरोसा गर्दै आएका थिए । प्रकाश तरंगका रूपमा गतिवान हुन्छ र तरंगका रूपमा गतिवान हुनका लागि कुनै न कुनै माध्यम चाहिन्छ, इथरलाई त्यही प्रकाशको यात्राको माध्यमको रूपमा म्याक्सवेलले प्रस्तुत गरेका थिए ।

आइन्स्टाइनले बिल्कुलै नयाँ अवधारणा ल्याए- प्रकाशको यात्राको निम्ति कुनै माध्यमको जरूरत छैन भनेर । म्याक्स प्लांक नाम गरेका बैज्ञानिकले हालै विकसित गरेको क्वाण्टम सिद्धान्तका आधारमा उनले यो धारणा विकसित गरेका थिए । क्वाण्टम सिद्धान्तका अनुसार प्रकाशले तरंगका रूपमा होइन, क्वाण्टा अर्थात् अनिरन्तर प्याकेटको रूपमा यात्रा गर्छ । प्रकाशले अनिरन्तर प्याकेटको रूपमा यात्रा गर्ने हो भने प्रकाशको यात्राको लागि इथरको माध्यमको कुनै जरूरत नै पर्दैन । त्यसैले आइन्स्टाइनले इथरको अस्तित्वको अवधारणामाथि नै प्रश्न खडा गरे ।

आइन्स्टाइनले के नयाँ धारणा अघि सारे भने शून्यमा प्रकाशको गति सधैं स्थिर रहन्छ । चाहे प्रकाशको स्रोत चलायमान होस् वा नहोस्, चाहे प्रकाशको गति नापिरहेको दर्शक चलायमान होस् वा नहोस्, प्रकाशको

गतिमा केही फरक पार्दैन, प्रकाशको गति एकनासको रहन्छ ।

मिकेलसन र मोर्ले नाम गरेका बैज्ञानिकले केही वर्षअगाडि गरेको इथरको अस्तित्वबारेको प्रयोगको निष्कर्षको जगमा टेकेर आइन्स्टाइनले यी नयाँ धारणा विकसित गरेका थिए ।

प्रकाशको सापेक्ष गति सधैं उस्तै रहन्छ, यो अरू कुनै पनि बस्तुको सापेक्षतामा कहिल्यै बदलिँदैन, बरू अरू बस्तुहरूचाहिँ एक अर्काको सापेक्षतामा बदलिन्छन् भन्ने आइन्स्टाइनको यो निष्कर्षले न्यूटनले विकसित गरेको भौतिक विज्ञानलाई नयाँ उँचाइमा उठायो ।

विश्वको वैज्ञानिक चिन्तनमा कायापलट ल्याउने गरी आइन्स्टाइनले विशेष सापेक्षतावादको सिद्धान्तमार्फत् विकसित गरेको नयाँ अवधारणा के थियो भने पिण्ड, स्थान र समय भनेका सबै सापेक्ष कुराहरू हुन् । यी सबै बस्तुको गतिअनुसार बदलिन्छन् । बस्तु कति छिटो गतिमा चलिरहेछ भन्ने आधारमा पिण्ड, स्थान र समय फरक हुने गर्दछ । अन्य द्रष्टाको आँखाले हेर्दा बस्तु जति छिटो गतिमा चलायमान हुन्छ पिण्ड त्यति ज्यादा हुन्छ, त्यसले लिने स्थान उति कम हुन्छ र समय उति ढिलो गतिमा चल्दछ । बस्तुको गति जति ज्यादा प्रकाशको गतिको नजिकको हाराहारीमा पुग्छ, यी असरहरू उति ज्यादा

**मानीलिनुहोस्, दुइटा जुम्ल्याहा बच्चा भर्खरै जन्मिए र त्यसमध्ये एउटालाई एउटा मानव निर्मित यानमा राखेर प्रकाशको गतिको ९० प्रतिशत गतिमा अन्तरिक्षमा पठाइयो; अनौठो परिणाम के निक्लन्छ भने...**

मानीलिनुहोस्, दुइटा जुम्ल्याहा बच्चा भर्खरै जन्मिए र त्यसमध्ये एउटालाई एउटा मानव निर्मित यानमा राखेर प्रकाशको गतिको ९० प्रतिशत गतिमा अन्तरिक्षमा पठाइयो; अनौठो परिणाम के निक्लन्छ भने पृथ्वीमा फर्कंदा त्यो यानको बच्चा क्रेवल ५ वर्षको हुँदा पृथ्वीमा भएको बच्चाचाहिँ १० वर्षको भईसकेको हुन्छ । अझ त्यो यान प्रकाशको गतिको ९९.९९ गतिमा चलाइयो भने झन् ज्यादै आश्चर्यजनक परिणाम निक्लन्छ : पृथ्वीमा उत्रदा यानको जुम्ल्याहा बच्चा केवल ६ महिनाको हुनेछ, पृथ्वीमा रहेको जुम्ल्याहा बच्चाचाहिँ ५० वर्षको बूढो भइसकेको हुनेछ ।

त्यसैले आइन्स्टाइनको विशेष सापेक्षतावादको सिद्धान्तले भन्छ- समय भनेको सापेक्ष कुरा हो । समय सबै स्थितिमा उही गतिले चल्दैन । बस्तुको गतिको दरको सापेक्षतामा समय ब्यतीत हुन्छ । बस्तु जति ज्यादा गतिमा चल्यो, समय उति ढिलो गतिमा चल्दछ । कम गतिमा चलायमान घडीभन्दा ढिलो टिक्टिक् गर्छ ।

आइन्स्टाइनको विशेष सापेक्षतावादको सिद्धान्तले के पनि देखायो भने समय बस्तुको गतिको सापेक्षतामा मात्र फरक हुने होइन, बस्तु कहाँ छ, त्यसको सापेक्षतामा समेत फरक हुने गर्दछ । उदाहरणको लागि एकै समयमा जन्मेको जुम्ल्याहा बच्चामध्ये एक जनालाई पर्वतको टुप्पामा लगियो र अर्कोलाई समुद्रको सतहको लेभलको समतलमा राखियो भने अनौठो परिणाम निक्लन्छ : दुइटा बच्चालाई केही वर्षपछि पुनः भेटाइयो भने पर्वतको टुप्पामा रहेको जुम्ल्याहा बच्चा समुद्री लेभलमा रहेको बच्चाभन्दा चाँडै ज्यादा बूढो भएको हुन्छ । पहिलो बच्चाको उमेर दोस्रो बच्चाको उमेरभन्दा ज्यादा चढेको हुन्छ ।

यसप्रकार, आइन्स्टाइनको सापेक्षतावादको सिद्धान्तले निरपेक्ष समयको धारणालाई नै अन्त्य गरेको छ । समयको नापो बस्तु र व्यक्तिको स्थान र गतिअनुसार फरक हुन सक्छ । यो केमा भरपर्छ भने बस्तु वा व्यक्ति कहाँ छ र त्यो कसरी चलिरहेछ ।

## संश्लेषण

द्वन्द्ववादले आइन्स्टाइनभन्दा अघि नै के धारणा ल्याइसकेको थियो भने पदार्थ गतिशील छ र पदार्थको गति स्थान र समयमा बाहेक अन्यत्र घटित नै हुँदैन । आइन्स्टाइनको सापेक्षतावादको सिद्धान्तले द्वन्द्ववादको त्यो अवधारणालाई गलत साबित गरेको छैन, बरू त्यसमा नयाँ उँचाइ थप्न, परिष्कार ल्याउन मद्दत गरेको छ । आइन्स्टाइनको सापेक्षतावादको सिद्धान्तलाई संश्लेषण गर्ने हो भने द्वन्द्ववादमा अब के नयाँ कुरा थप्नु जरूरी भएको छ भने ब्रम्हाण्डमा हरेक बस्तु समय र स्थानमा गतिशील हुने मात्र होइन, समय आफै पनि बस्तुको गतिअनुसार र स्थानअनुसार ज्यादा वा कम गतिशील हुनेगर्छ । समय बस्तुको गतिसापेक्ष र स्थान सापेक्ष कुरा हो । समय निरपेक्ष कुरो होइन । खालि समयमात्र होइन, पिण्ड र स्थानसमेत सापेक्ष कुरा हुन् । अन्य द्रष्टाको आँखाले हेर्दा, बस्तुको गति जति तेज हुन्छ, पिण्ड त्यति ज्यादा हुन्छ, त्यसले लिने स्थान उति कम हुन्छ र समय उति ढिलो गतिमा चल्दछ । ☐ *क्रमशः*

अन्धविश्वास र कुरीतिहरूले समाजलाई पतनको बाटोतिर लैजान्छन् । बोक्सी, भूतविद्या आदि विषयमा प्रचलित अन्ध-विश्वासहरूतर्फ लाग्नुभन्दा यथार्थ कुराको विश्लेषण गरेर आइपरेका बाधा व्यवधान हटाउनेतर्फ सचेत नागरिकहरूले लाग्नुपर्छ । अन्धविश्वास र कुरीतिहरूको प्रचलनबाट हुने दुष्परिणामहरूबारे जन-साधारणहरूलाई जनकारी दिन सचेत र शिक्षित व्यक्तिहरूले अग्रसर हुनुपर्छ ।

**श्री ५ को सरकार**

**सूचना तथा संचार मन्त्रलाय**

**सूचना विभाग**

# प्रचण्डको प्रचण्ड फैसलामाथि एक सादा टिप्पणी

– खगेन्द्र संग्रौला –

**आफ्नो उपन्यास 'जूनकीरीको संगीत'माथि 'कलम' त्रैमासिक पत्रिकमा प्रकाशित अन्तर्वार्तामार्फत् माओवादी नेता क. प्रचण्डले गर्नुभएको टिप्पणीमाथि खगेन्द्र संग्रौलाको प्रतिवाद**





केही महिनाघि बिर्तामोडमा भेट हुँदा कवि लीला उदासीले परिहासको मुद्रामा गर्नुभएको एउटा टिप्पणी मैले बिर्सेको छैन । मानौं कि कम्युनिस्ट पार्टीको पोलिटब्युरोको बैठक चलिरहेको छ । त्यही बेला एकजना मानिस पेट अँठ्याउँदै र ऐया-आत्थो गर्दै आउँछ । जरूरी बैठकलाई थाती राखेर कामरेड महासचिव बिरामीलाई टेबुलमा सुताउनु हुन्छ र बिरामीको शल्यक्रिया गर्न भुत्ते चक्कुले उसको पेट चिर्न थाल्नुहुन्छ । किन ? किनभने बिरामीलाई डाक्टरकहाँ पठाइयो भने डाक्टर महासचिवभन्दा जान्ने ठहरिन्छ र महासचिवको ज्ञान गरिमाको मानमर्दन हुन्छ ।

सज्जनताका अब्बल आदर्श भन्न सुहाउने उदासीले समाजलाई समानता, न्याय र प्रगतिको दिशातिर डोऱ्याउने कम्युनिष्ट पार्टी र पार्टी नेतृत्वको आवश्यकता तथा तिनको अत्यावश्यक भूमिकालाई उपहास गर्ने दुराशयवश त्यो टिप्पणी गर्नुभएको कदापि होइन । बरू उहाँले त सर्वोच्च नेताले सर्वज्ञाताको अभिनय गर्नैपर्ने आत्मकेन्द्रित अभिमानजन्य राजनीतिक रोगप्रति तिक्तता प्रकट गर्ने क्रममा त्यो टिप्पणी गर्नुभएको हो । उदासीको त्यो टिप्पणी माओवादी पार्टीका उबेलाका महामन्त्री र अहिले 'प्रचण्ड पथ'को न्वारान गरिएपछिका अध्यक्ष प्रचण्डको साहित्य-कला सम्बन्धी अन्तर्वार्तातिर्फ लक्षित थियो । उहाँको अन्तर्वार्ता *कलम* त्रैमासिकको फागुन-श्रावण अङ्कमा केही समयअघि प्रकाशित भएको थियो र वाम बौद्धिक जगत्मा त्यो चासो र चर्चाको शिखरमा किन थियो भने त्यो एक निशस्त्र नागरिकको अन्तर्वार्ता नभई माओवादी सैन्य-पंक्तिका प्रधानसेनापतिको अन्तर्वार्ता थियो । बन्दूकको लगाम हातमा लिएका हस्तीबाट कला-साहित्यबारे टिप्पणी हुँदा निशस्त्रहरूले त्यसलाई भययुक्त जिज्ञासाका दृष्टिले हेर्नु कुनै आश्चर्यको कुरा होइन । अझ त्यसमाथि, उक्त अन्तर्वार्तामा प्रचण्डले वामपन्थी आन्दोलनमा "संशोधनवादको जहर फैलाउनेहरू"लाई निर्मूल पार्न वैचारिक, सांस्कृतिक र संगठनात्मक अस्त्रको अतिरिक्त "आवश्यकता-अनुसार भौतिक प्रतिरोधको प्रक्रियालाई निरन्तर अगाडि बढाउनु पर्ने" निर्देशन पनि जारी गर्नुभएको थियो ।

आफ्नो अन्तर्वार्ताको भावुकतापूर्ण पहिलो अंशमा प्रचण्डले विनयशीलतासाथ साहित्यको अध्ययनसम्बन्धी आफ्ना सीमाहरू स्वीकार गर्नुभएको छ । र, अनातोली लुनाचार्स्कीको "लेनिन र कला" नामक पुस्तकबाट एउटा उद्धरण सुनाउँदै अतिशय कार्यव्यस्तताका कारण आफूले कलाको अध्ययन गर्ने अवसर नपाएकोमा लेनिनले प्रकट गर्नुभएको गहिरो अफसोसमा आफ्नो अवस्था र मनोदशा प्रतिबिम्बित भएको बताउनु भएको छ । प्रसङ्गवश, अतिशय वैचारिक शुद्धताको आग्रह गर्ने क्रममा लुनाचार्स्कीलाई माओवादी सौन्दर्यविद् चैतन्यले धेरैअघि मार्शल टिटो, लिओन ट्राटस्की र जर्ज लुकाजको लाममा उभ्याएर संशोधनवादी भनी ठोकुवा गर्नुभएको तथ्यको मलाई अझै सम्झना छ । नेपालका कम्युनिष्ट पार्टीहरूको परम्परागत चरित्र र प्रवृत्तिको संक्रामक रोगबाट उम्किन नसकी कुनै दिन माओवादी पार्टीमा आन्तरिक विग्रह, कलह वा गुटबन्दी उत्पन्न भयो र आलोकलाई झैं प्रचण्डलाई अठ्चालीस अपराधको अभियोग लगाइयो भने उहाँले लुनाचार्स्कीको उद्धरण प्रस्तुत गर्नुभएको यस कार्यलाई उहाँलाई आज उल्लास र उमङ्गसाथ 'प्रचण्ड पथ'का स्रष्टाको अलङ्कारले विभूषित गर्ने उक्त पथका शीर्षस्थ पथिकहरूबाटै उहाँमाथि विचार विचलनको फाँटमा लगाइने एक दरो अभियोग बनाइन बेर छैन !

अन्तर्वार्तामा प्रचण्डले माओवादी विद्रोहले जनमानसमा पैदा गरेका नवीन आवेग र अनुभूतिहरूसँगै परिवर्तन हुँदै गएको सामाजिक सौन्दर्यबोध र जनयुद्धको गति, प्रगति र विस्तारलाई सौन्दर्यात्मक ऊर्जा प्रदान गर्ने साहित्यको प्रकृति र प्रवृत्तिबारे विचार प्रकट गर्नुभएपछि समकालीन साहित्यसम्बन्धी आफ्ना सकारात्मक र नकारात्मक अनुभवहरू हामीलाई सुनाउनु भएको छ । सकारात्मक अनुभव सुनाउने क्रममा माओवादी पंक्तिमा रहेका लेखकहरूजति स्वतः सकारात्मक भएका कुरा सकार्दै उहाँले ती राजनैतिक टिप्पणीकार वा साहित्यकारहरूको नाम लिनुभएको छ, जसले माओवादी विद्रोहको आंशिक समर्थन, पूर्ण समर्थन वा स्तुतिगान गरेका छन् । सकारात्मक अनुभवको पाटोमा उहाँले तीनवटा नाम लिनुभएको छ – रमेश विकल, दिल साहनी र दुर्गालाल श्रेष्ठ । र, अनुभवको नकारात्मक पाटोमा चाहिं म एकजनाको मात्र नाम लिनुभएको छ ।

मेरो उपन्यास *जूनकीरीको संगीत*ले आफूमा पैदा गरेको नकारात्मक अनुभूतिको चर्चा गर्दै प्रचण्ड यसो भन्नुहुन्छ, "अद्योपान्त पढ्दा *जूनकीरीको संगीत*मा वर्ग संघर्ष र जनताको क्रान्तिकारी पहलका विरूद्ध साम्राज्यवादी डलरको दुर्गन्ध बाहेक मैले कुनै गन्ध पाउन सकिंन । मार्क्सवादी सिद्धान्त, कम्युनिस्ट पार्टी, वर्ग संघर्ष, जन-विद्रोह र क्रान्तिको उछित्तो काड्नु तथा साम्राज्यवादी षड्यन्त्रलाई सिंगारपटारसहित प्रस्तुत गर्नुबाहेक त्यसको अर्को उद्देश्य मैले देखिंन । पार्टी प्रतिबद्धताको विरोध गर्ने खगेन्द्र संग्रौलाको चिन्तन यहाँ आइपुग्दा वैचारिक प्रतिबद्धताबाट समेत च्यूत बन्न पुगेको देखिन्छ ।" प्रचण्डको यो टिप्पणी सुन्दा यस्तो लाग्छ मानौं माओवादीको प्रधान अन्तर्विरोध खगेन्द्र संग्रौलासँग छ र उसको प्रधान शत्रु पनि उही हो । त्यति मात्र होइन, ऊ मानवजातिकै प्रधान शत्रु हो । यहाँनेर मलाई "वामपन्थी आन्दोलनमा संशोधनवादको जहर फैलाउनेहरू"लाई निर्मूल पार्न वैचारिक, सांस्कृतिक र संगठनात्मक अस्त्रको अतिरिक्त "आवश्यकता-अनुसार भौतिक प्रतिरोधको प्रक्रियालाई निरन्तर अगाडि बढाउनु पर्ने" प्रचण्डको निर्देशनको पुनः स्मरण हुन्छ । भिन्न मतलाई शस्त्र बलले मार्ने यो निर्देशन कतिसम्म मार्क्सवादसम्मत छ, मलाई थाहा छैन । तर एडोल्फ हिट्लरले भिन्न मतलाई मार्न यसरी शस्त्र बल प्रयोग गरेको


विषयमा भने मलाई कुनै दुविधा छैन ।

प्रचण्डले मेरो उपन्यासको विषयभित्र प्रवेश गर्दैनगरिकन र त्यसमा वर्णन र चित्रण गरिएका स्थिति, पात्र र प्रक्रियाहरूको रत्तीभर विश्लेषण गर्ने कष्ट नगरिकन यो प्रचण्ड फैसला सुनाउनु भएको छ । र, दण्डका रूपहरूको श्रृङ्खला पनि प्रस्तुत भएको छ । माओवादी पंक्तिका सबैजसो बौद्धिकहरू भिन्न मत राख्नेहरूसँग विवेक, संयम र सहिष्णुतासाथ तर्क र बहस गर्नमा भन्दा तिनीहरूमाथि लाञ्छना लगाउन, तिनको भर्त्सना गर्न र तिनलाई बद्नाम गर्नमा बढी रूचि राख्छन् । वास्तवमा माओवादीको सर्वाधिक प्रचलित बौद्धिक अस्त्र यही हो भने पनि हुन्छ – लाञ्छना, भर्त्सना र बद्नामी । माथि मुहानमा प्रचण्ड हुनुहन्छ र बाँकी बौद्धिकहरू तल बग्ने खोलो हुन् । खोलो किन धमिलो छ भन्ने कुरा मुहानको पानीको प्रकृति हेरेर अनुमान गर्न सकिन्छ ।

मेरो उपन्यास मैले केही समय नजिकबाट अवलोकन गरेको पर्वत जिल्लाका दलितहरूको जीवनका विविध आयामहरूको कथा हो । माओवादीको एक सूत्रीय सौन्दर्यशास्त्र अर्थात् कोरा राजनीति र समरनीति अर्थात् सत्ता र बन्दूकनै परम् सत्य हुन्, र जीवनका बाँकी सबै कुरा मिथ्या हुन् भन्ने सूत्रको तुलोमा तौलिंदा प्रचण्डलाई यो अद्योपान्त दुर्गन्धिले भरिएको लाग्नु अचम्मको कुरा होइन । माओवादीका लागि मुख्यतः राजनीति र समरनीति इतरका सामाजिक र मानवीय सरोकारका विषयहरूको कुनै अर्थ छैन । उसको चिन्तनको एकाकीपना, यान्त्रिकता, निरसता र जडसूत्रमयताको जड यही हुनुपर्छ ।

मेरो उपन्यासमा प्रचण्डलाई एकदमै मन नपर्ने, अझ प्रचण्ड घृणा लाग्ने कारणहरू छन् भन्ने कुराको म अनुमान गर्न सक्छु । पहिलो कुरा, यसमा एक प्रकरणमा माओवादीको तिलस्मी कार्य-शैलीले दलित जनजीवनमा पारेको घातक र कष्टकर प्रभावको चित्रण गरिएको छ । दलित बस्तीमा कालरात्रिको सन्नाटामा कतै शून्यबाट अवतरित भएझैं गरी कतै बिरानो देशकाजस्ता लाग्ने माओवादीहरूको मशाल जुलुस निस्कन्छ । पूर्व-अनुभवका आधारमा रैथाने जनताले त्यसलाई "राँके भूत"को संज्ञा दिन्छन् । माओवादी मशाल जुलुस निकालेर कतै शून्यमा अलप हुन्छ, सरकारी पुलिसले रैथाने जनतालाई ताडना र यन्त्रणाको शिकार तुल्याउँछ । माओवादीका तिलस्मी कार्यकलापलाई निहुँ बनाएर पुलिसले आफ्नो हक र अस्मिताको खोजीमा केही स्वतःस्फूर्त र केही सचेत रूपमा जाग्रत, संगठित र आन्दोलित हुन चेष्टारत दलित जनताका अग्रसरताहरूको गलो निमोठ्ने षड्यन्त्र गर्छ । तर माओवादी भने आफ्नो कार्यशैलीमा रहेका खोटहरू र आफ्ना कर्मको कारण जनतामाथि आइलागेका आपत्-विपत्हरूप्रति संवेदनशीलता र जिम्मेदारीको बोध गर्दैन ।

मैले उपन्यासमा माओवादीको यो बतासे कार्यशैलीको चित्रण गरेदेखि आजसम्म कोशीको पुलमुनि निकै पानी बगिसकेको छ । तर माओवादीको कार्यशैलीमा भने कुनै सकारात्मक र रचनात्मक परिवर्तन आएको आभास हुँदैन । यो जनताको बस्तीमा बसेर, जनताका मन-मस्तिष्कभित्र पसेर तिनलाई तिनका जीवनका



**मैले उपन्यासमा माओवादीको यो बतासे कार्यशैलीको चित्रण गरेदेखि आजसम्म कोशीको पुलमुनि निकै पानी बगिसकेको छ**

आवश्यकता र आकांक्षाहरूसँग सम्बद्ध सानातिना दैनिक संघर्षहरूमार्फत् क्रमबद्ध रूपबाट वैचारिक र सांस्कृतिक दृष्टिले जाग्रत गराउने, संगठित तुल्याउने र तिनको अग्रसरतालाई ब्यूँझाउने शैली नभई रबिन हुड शैली हो, जसमा रबिन हुड नामक पराक्रमी र परोपकारी देवदूत कतै शून्यबाट उदाउँछ र आफ्नो अद्भूत पराक्रम सम्पन्न गरेर अन्तर्ध्यान हुन्छ । बिछट्टको स्वैर कल्पनाजस्तो लाग्ने यस नाटकमा सामान्य जनता मूक दर्शक हो, निस्क्रिय समर्थक हो अथवा कोही वीर आइदियोस् र मेरो दुख हरिदेओस् भन्ने लोभी र अकर्मण्य पछुवा हो ।

विगत ६ वर्षको अवधिमा माओवादीले विराट् समरयन्त्रको निर्माण गरेको छ । तर त्यस समरयन्त्रलाई दिग्दर्शन गर्ने, त्यसलाई अनुशासित गर्ने, त्यसमा विवेक, करूणा, मानवीयता, संयम र दूरदर्शिता सञ्चार गर्ने विचार र संस्कृतिका पक्षहरू भने एकदमै निम्छरा छन् । यसो हुनु मैले माथि चर्चा गरेको उही रबिन हुड शैलीको तर्कसङ्गत परिणति हो । क्रान्तिकारी जनयुद्धको प्रक्रियामा विचार र संस्कृतिको स्थिति निम्छरो भयो भने के हुन्छ ? बन्दूक वा खुकुरी अन्धो हुन्छ, अविवेकी हुन्छ, क्रूर हुन्छ, अनियन्त्रित हुन्छ र त्यो अराजक हुन्छ । परिणामस्वरूप त्यसले के गर्छ ? त्यसले गोरखामा विद्यालयमा पढाइरहेका शिक्षकलाई कक्षा कोठाबाट बाहिर प्राङ्गणमा निकालेर अबोध र निर्दोष बालबालिकाहरूका आँखै अगाडि हत्या गर्छ, त्यो कसलाई र किन निशाना बनाउने र त्यस निशानाको परिणति के होला भन्ने कुराको पर्वाह नगरीकन सुर्खेतमा प्रधानन्यायाधीशमाथि जाइलाग्छ, त्यसले मट्याङ्ग्राझैं गिर्नेड बमगोला अबोध बालबालिकाहरूका हातमा पर्ने गरी छाडिदिन्छ र तिनका ज्यानमाथि खेलबाड गर्छ, र त्यो दोलखाका बीस घरका निशस्त्र बाल, बृद्ध र बनिताहरूलाई बौलाहाले झैं अन्धाधुन्ध कुट्दै हिंड्छ । त्यसको कार्यशैली जबर्जस्तीमा आधारित हुन्छ – जबर्जस्ती चन्दा, जबर्जस्ती समर्थन, जबर्जस्ती प्रेम आदि । त्यसैले मलाई लाग्छ, माओवादी कार्यशैलीमाथिको मेरो त्यो आलोचनात्मक टिप्पणीको अर्थ र प्रासङ्गिकता कालक्रममा घटेको होइन, बरू झन् बढेको छ । तर प्रचण्डका नाकमा भने मेरो उपन्यासको यो प्रकरण दुर्गन्धिमय छ ।

दोस्रो कुरा, मैले उपन्यासमा नेपाली वामपन्थको चिन्तन र कार्यशैलीको अर्को एक जडसूत्रीय पक्षमाथि पनि टिप्पणी गरेको छु । सिद्धान्तनिष्ठ र त्यागी कार्यकर्ता खाई-नखाई खुकुरीको धार टेक्दै गरीब बस्तीका घर दैलामा धाइरहन्छ । तर पार्टीको पाठशालाबाट प्राप्त शिक्षाअनुसार राजनीतिका अमूर्त सूत्रहरू घरिघरि सुनाउनु बाहेक उसले अरू केही गर्दैन । भोका जनताका दैनिक आर्थिक समस्या र तिनका सांस्कृतिक आकांक्षाहरूप्रति ऊ सर्वथा बेखबर रहन्छ । माथिको नेता निरन्तरको सम्पर्क र सम्बन्धका दृष्टिले आम जनतादेखि धेरै टाढा रहन्छ । तर नीति र कार्यक्रम बनाउने प्रक्रियामा जनताका घरदैलामा निरन्तर उपस्थित रहने कार्यकर्ताको सार्थक सहभागिता हुँदैन । सबै बुद्धि माथि हुन्छ, सबै अधिकार माथि हुन्छ । तसर्थ सबै निर्णय माथि कतै बुजमा गरिन्छन् र ती तल थोपरिन्छन् । बौद्धिक-वैचारिक प्रक्रियामा कार्यकर्ताको स्वतन्त्र अग्रसरताको ठाउँ प्रायः कहीं हुँदैन । ऊ केवल हल्कारा मात्र हुन्छ । भोला बोक्छ तर भोलाका खामभित्र के छ भन्ने कुरा ऊ स्वयंलाई थाहा हुँदैन । नीति र नेताबारे सन्देह गर्ने, तर्क गर्ने, आलोचना गर्ने, बहस गर्ने र असहमत हुने हक उसलाई छैन । त्यस्तो क्षमताको विकास गर्ने अवसर र वातावरण उसले कहिल्यै पाउँदैन । परिणामस्वरूप माथि र तलको सम्बन्ध भगवान र भक्तबीचको सम्बन्धजस्तै हुन्छ । *प्रचण्डपथ*को भऱ्याङ चढेर आफू माथि, निकै माथि हुन र अरूहरूलाई तल, निकै तल पार्नमा गौरवबोध गर्नुहुने अध्यक्ष प्रचण्डलाई मेरो उपन्यासमा रहेको यस टिप्पणीबाट दुर्गन्ध नआउने झन् कुरै भएन ।

तेस्रो कुरा, राजनीति र कलाको पारस्परिक सम्बन्ध र हैसियतका कुरा गर्दा प्रचण्डले "अन्ततः राजनीतिले नै प्रधान र नेतृत्वदायी भूमिका खेलिरहेको हुन्छ" भन्ने निस्कर्ष अघि सार्नुभएको छ । मानव सभ्यताको विकास-प्रक्रियामा राजनीतिले निरपेक्ष रूपबाट प्रधान र नेतृत्वदायी भूमिका खेल्ने भएपछि राजनीतिक नेता नै साहित्य-कलाको पनि नेता हुनुपर्छ भनी आग्रह गरिनु स्वाभाविकै हो । त्यसैले प्रचण्डलाई साहित्यशास्त्रको ज्ञाता र मार्गदर्शक नभईनहुने बाध्यता बोध भएको हुनसक्छ ।

सीमित पठन र अल्पज्ञानको भरमा एकाध लेखकहरूका नामलाई उचालेर वा पछारेर प्रचण्डले यस्तो छनक दिनुभएको छ मानौं, समकालीन साहित्यका साथै सौन्दर्यशास्त्रका यावत मान्यता र मानकहरूको साङ्गोपाङ्गो ज्ञान उहाँलाई छ र साहित्यकार र तिनका कृतिहरूको मूल्य निरूपण गर्ने सर्वाधिक उच्च अधिकारी अब उहाँ नै हुनुहुन्छ । प्रचण्डको अन्तर्वार्ता *कलम*पछि माओवादतिर ढल्केका राजधानीबाट प्रकाशित हुने दुईवटा अखबारहरूमा पुनर्मुद्रित भइसकेको छ । र, अचेल माओवादी पंक्तिभित्र तलदेखि माथिसम्म "प्रचण्डले भन्नुभएको छ" भन्दै साहित्य सम्बन्धी वेदवाणीका रूपमा उहाँका कथनहरू उद्धृत गर्ने चापलुसीयुक्त संस्कृति तँछाड-मछाडकासाथ शुरू भएको छ । यस्तो लाग्छ मानौं लीला उदासीले परिहासको मुद्रामा चित्रित गर्नु भएझैं पूर्व महामन्त्री र हालका अध्यक्ष प्रचण्डलाई डाक्टर बनाएर उहाँका हातमा चिरफार गर्ने भुत्ते कर्द थमाइदिन माओवादी पंक्तिका नेतृत्वस्तरका हस्तीहरू र साहित्यकर्मीहरू आतुर छन् र सगौरव सो कर्द स्वीकार गर्न प्रचण्ड स्वयं आतुर हुनुहुन्छ ।

कलममाथि बन्दूकको निर्देशन र नियन्त्रणको परिणाम इतिहासमा कहिल्यै पनि शुभ र सुखकर भएको छैन । अध्यक्ष प्रचण्डका हकमा परिणाम कस्तो होला ? ❑ *क्रमशः*

# के यी एमालेका ठेट्ना हुन् ?

- चन्द्रदेव नेपाली -



हालैको पूर्णागिरि-मार्च : एमाले निकटको प्ररायुसंघको पहलमा



करिब तीन वर्षअघिको कालापानी-मार्च : माले निकटको अनेरास्ववियुको पहलमा

ने.क.पा. एमाले निकट रहेको प्रजातान्त्रिक राष्ट्रिय युवा संघले दुई महिना जति अघि एउटा राम्रो काम गऱ्यो । यसले पूर्णागिरीमा भारतले नेपाललाई छकाएर बनाउने तयारी गरिरहेको प्रस्तावित बाँधको सर्भे कार्यको विरोध गऱ्यो । विरोध अभियान नै चलायो । यसविरूद्ध स्थानीय जनता र समग्र देशबासीकै ध्यानाकर्षण गरायो । दशजना सांसदहरू र केही पत्रकारहरूसमेत रहेको प्ररायुसंघका नेताकार्यकर्ताहरूको सो पूर्णागिरी यात्राका क्रममा उनीहरूले त्यहाँ भारतीय पक्षले सर्भे गर्न राखेका ड्रिलिङ्गका सामानहरू जवरजस्ती उठाएर महाकाली नदीमा हेलीदिने काम पनि गरे । मिचाहा प्रवृत्तिको भारतीय शासकवर्गका प्रतिनिधिको रूपमा रहेका व्यक्तिहरूसँग त्यहाँ प्रत्यक्ष तानातानी नै हदको व्यवहार भएको सहजै अनुमान गर्न सकिन्छ ।

एमाले निकटको प्ररायुसंघको यो कदम नेपाली जनताको देशप्रेमी भावनाको एउटा संकेत थियो । नेपालीहरू 'मरेका छैनन्' भन्ने प्रमाण यसले दियो । भारतलाई पनि यसले सोच्न बाध्य गरायो । त्यसभन्दा बढी यसले नेपाली जनतालाई जागरूक बनायो । पूर्णागिरीमा भैरहेको भारतीय षडयन्त्रबारे हामीले सूचना पायौं, हाम्रो संचेतना केही बढ्यो ।

बास्तवमा, देशको पक्षमा जनस्तरबाट कसैले पनि राम्रो काम गर्छ भने जोकोहीले पनि त्यसको प्रसंशा गर्नुपर्छ । सके त्यसलाई सघाउनुपर्छ । हो, त्यस्तो राम्रो कामले निरन्तरता पाओस् भन्ने कामनाचाहिँ गर्नुपर्छ, तर त्यस्तो कामको विरोध भने गर्नुहुन्न ।

तर यस्तै काम गर्दा नेपालमा विरोध पनि हुने गरेको छ, नेपाली पक्षबाटै ।

तीन वर्षजति अघि ने.क.पा.माले निकट रहेको विद्यार्थी संगठन 'अखिल'ले कालापानी मार्चको आयोजना गरी त्यस क्षेत्रमा रहेका भारतीय सैनिकहरू हट्नुपर्ने माग राखेका थिए । उनीहरूले पनि अहिले एमालेका युवाहरूले गरेझैं जनतामा संचेतना जगाउने काम नै गरेका थिए । भारतीय मिचाहाहरूलाई चेतावनी नै दिएका थिए । परबाट नै सही हातमा खुकुरी पनि चम्काएका थिए ।

यो पनि नेपाली जनताको प्रतिरोधी भावनालाई प्रतिनिधित्व गर्ने एउटा सांकेतिक कदम थियो । देशभक्तिपूर्ण कदम थियो ।

तर त्यतिखेर नेपालका केही व्यक्ति र अखवारहरूले माले-अखिलको यो कदमको विरोध गरेका थिए, उनीहरूलाई गिज्याएका थिए, खिज्याएका थिए । र, यसो गर्नेहरूमध्ये अग्रपंक्तिमा थिए- केही एमाले नेताहरू र केही एमाले अखवारहरू पनि ।

एकजना एमाले नेताले त माले-अखिलका विद्यार्थीहरूलाई संकेत गरेर 'ठेट्नाहरूले खुकुरी चम्काएर भारतलाई नै बढी फाइदा पुऱ्याएको' तर्कसमेत गरेका थिए । भारतीय शासकहरूको सेवामा तल्लीन नेपालका केही दक्षिणपन्थी पार्टीहरू र अखवारहरूकै भाषामा उनीबाट यो तर्क आएको थियो । नेपाली सचेत बौद्धिकहरूको माझमा बास्तवमा ती एमाले नेता र अखवारहरूको यस्तो पूर्वाग्रही टिप्पणी निकै ठूलो चर्चाको विषय बनेको थियो ।

अहिले तिनै बौद्धिकहरू प्रश्न गरिरहेछन् - हिजो मालेका युवाहरूले कालापानीमा गरेजस्तै देशभक्तिपूर्ण काम आज एमालेका युवाहरूले पूर्णगिरीमा गर्दा ती एमाले नेता र अखवारहरूको टिप्पणी के होला ?

कि उनीहरूले एमाले-युवाहरूलाई पनि बेठीक मानेर अर्को गल्ती गर्नुपऱ्यो । कि हिजो आफूले गरेको माले-युवाहरूको विरोध बेठीक थियो भनेर गल्ती सच्याउनु पऱ्यो । योबाहेक अरू बाटो उनीहरूका सामु रहेको छैन ।

उनीहरूले कुन बाटो रोज्लान्, त्यो उनीहरूकै जिम्मामा छोड्दै म एउटा आम प्रश्न पुनः गर्न चाहन्छु - हाम्रो समाजमा यस्तो दोहोरो मापदण्ड वा पूर्वाग्रही व्यवहार किन भैरहेछ ?

अर्को व्यक्तिले गरेको, अर्को गुटले गरेको वा अर्को पार्टीले गरेको असल, उचित वा स्वाभाविक कामलाई महत्व नदिने मात्र हैन, त्यसलाई खराब, अनुचित र अस्वाभाविक कामकै रूपमा लिने र प्रस्तुत गर्ने चलन यहाँ आम रूपमा रहेको छ । किन ? हुँदाहुँदा त समाज परिवर्तनको बाचा गरेर अघि बढेका वामपन्थी पार्टीहरूमा पनि यो प्रवृत्ति किन व्याप्त रहेको छ । यस्तो किन होला ?

❑ बुहारीका हरेक राम्रा कामलाई पनि नराम्रै ठान्ने र बचन-वाण हान्ने सासूहरूले आफ्नै छोरीले त्यस्तै राम्रा काम गर्दाचाहिँ कुन मुखले प्रसंशा गर्नु ?

कामको प्रकृति हेरेर त्यस आधारमा विरोध वा समर्थन गर्ने बस्तुवादी दृष्टिकोणको साटो कर्ताको अनुहार हेरेर विरोध वा समर्थन गर्ने यो 'रिसइबीवादी' गलत दृष्टिकोण आन्दोलनबाट हट्नु जरूरी छ ।

अर्को पक्षले गरेको राम्रो कामको विरोध गर्ने अखवारहरूले आज आफ्नो पक्षले त्यस्तै गर्दाचाहिँ कुन मुखले प्रशंसा गर्नु ?

नेता वा अखवारहरूलाई यसरी पक्षपातपूर्ण र संकीर्ण व्यवहार गर्न नदिन कार्यकर्ता र पाठकहरूको पनि आलोचनात्मक व्यवहार हुनु जरूरी छ । नत्र उनीहरू निरंकुश हुन्छन् । नेताले जहिले जे भनिदिए पनि हुने, अखवारले जहिले जे लेखिदिए पनि हुने हो भने र कार्यकर्ता वा पाठकले

**एमाले नेताले त माले-अखिलका विद्यार्थीहरूलाई संकेत गरेर 'ठेट्नाहरूले खुकुरी चम्काएर भारतलाई नै बढी फाइदा पुऱ्याएको' तर्कसमेत गरेका थिए**

प्रश्न वा आपत्ति नगर्ने हो भने तिनका लहड वा सनकका आधारमा हामी कार्यकर्ता वा पाठकहरू पनि अन्यायकर्ता नै ठहरिन्छौं । विवेक वा होशका आधारमा हैन, हामी पनि क्षणिक रिसइवीका आधारमा काम गर्ने प्राणीमा बदलिन्छौं ।

हिजो मालेका विद्यार्थीहरूले कालापानी मार्च गरेको पनि ठीक थियो, आज एमालेका युवाहरूले गरेको पूर्णागिरी मार्च पनि ठीक छ । न यस आधारमा माले-अखिललाई 'ठेट्ना' भन्नु मिल्छ, न त एमाले प्ररायुसंगलाई नै । यी दुवैले आ-आफ्नो सामर्थ्यको सीमामा रहेर देशभक्तिपूर्ण कामहरू गरे । दुवै धन्यवादका पात्र छन् ।

हो, दुवैलाई मित्रहरूले अवश्यै भन्नुपर्छ- तिमीहरूको यो देशभक्तिपूर्ण कदमले निरन्तरता पाओस्, यो कदम तिमीहरूको संगठनको अस्तित्व प्रदर्शन गर्ने माध्यम मात्र चाहिं नबनोस् ।

❑ "केही युवाहरूले एउटा जुलूस गर्दैमा त्यत्रो मिचाहा भारतीय शासकहरू कहाँ तर्सन्छन् र ?" - भन्ने 'बुज्रुक'हरू पनि नेपालमा नभएका हैनन् ।

बास्तवमा, हो भारतीय शासकहरू यत्तिमै नतर्सेलान्, बरू उनीहरू रिसाएर हाम्रो अरू क्षति गराइदिन पनि आइलाग्लान् । तर के यसो भन्दैमा नेपालीहरूले चुपचाप विदेशीको थिचोमिचो सहँदै जाने त ? आफूले सकेजति विरोध पनि नगर्ने त ? आफूजस्ता थुप्रै नेपालीहरूलाई सचेत पनि नपार्ने त ? आफ्नै सरकारलाई पनि दबाव नदिने त ?

एउटा सानो जुलुस गर्दैमा विदेशी मिचाह तर्सदैन, सानो धर्ना दिंदैमा स्वदेशी मिचाह तर्सदैन, एउटा आमसभा गर्दैमा सरकार बदलिंदैन, एउटा गोष्ठी गर्दैमा पुराना सबै खराव बिचारहरू ढल्दैनन् आदि आदि भन्दै जाने हो भने त न्याय र सत्यको निम्तिका सबै लडाईहरू व्यर्थ ठहरिन्छन् ।

त्यसैले यस्तो सानो जुलुस नगर्ने भन्ने टाइपको यो विचार संघर्षशील विचार हैन, यो त कायर विचार हो ।

अर्को समूहलाई विरोध गर्ने नाममा हाम्रा नेता र अखवारहरूले कायर विचार पस्कँदै जाने, हामी कार्यकर्ता र पाठकहरूले चाहिँ त्यसलाई विनाटिप्पणी स्वीकार्दै जाने हो भने समाजमा प्रगतिशील आन्दोलनको पक्षमा हैन, हामी त त्यसको विपक्षमा पो उभिन पुग्ने छौं । ❑


## घटना र प्रवृत्ति



# संचारले बेवास्ता गरेका मनवज्र ठूला कलाकार पनि रहेछन्

गत पुस २२ गते सामान्य रोगबाटै अचानक बित्नुभएका प्रशिद्ध आयुर्वेद चिकित्सक स्व. मनवज्र बज्राचार्य सिद्धहस्त चित्रकार पनि हुनुहुँदोरहेछ । यतिमात्र हैन, उहाँ एक विशिष्ट इतिहासकार पनि हुनुहुँदोरहेछ ।

उहाँको मृत्युभएको करीब दुई महिनापछि गत फागुन १३ गते मात्र नेपाली समाजले मनवज्र बज्राचार्यलाई सार्वजनिक रुपले सम्भिmने काम गर्‍यो । *नेपाल कलाकार समाजले* काठमाण्डौको नाफा-हल नक्सालमा उहाँप्रति श्रद्धाञ्जली अर्पण गर्न एक सभाको आयोजना गर्‍यो । सभामा कलाकार उत्तम नेपाली, शशीशाह, किरण मानन्धर, शान्त राई र समीक्षक अभि सुवेदी र स्व. बज्राचार्यका भाइ तथा पूर्व प्रधानाध्यापक भाइराजा बज्राचार्यले उहाँबारे बोल्ने क्रममा उहाँको योगदानका विभिन्न पाटाहरुबारे चर्चा गर्नुभयो । प्रशिद्ध कलाकार स्व. चन्द्रमान मास्केसँग कलाकारिता सिक्नुभएका मनवज्र बज्राचार्यले वि.सं. २०२१-२२ तिरसम्म नै ४ पटक आफ्ना चित्रकलाहरुको प्रदर्शन गर्नुभएको रहेछ । स्वीट्जरलैण्ड र अमेरिकामा पनि उहाँका चित्रहरुको प्रदर्शनी भैसकेको रहेछ । यही फागुन १३ गते श्रद्धाञ्जली सभामा पनि उहाँका करीब करीब तीन दर्जन कलाकृतिहरु प्रदर्शन गरिएका थिए ।



*कलाकार स्व. मनवज्र बज्राचार्यको श्रद्धाञ्जली सभाको एक दृष्य*

पछिल्लो समयमा आयुर्वेद क्षेत्रका कुशल लेखक, चिकित्सक र औषधी निर्माताको भूमिका निर्वाह गरिरहनुभएका मनवज्र बज्राचार्यको यसै क्षेत्रको मात्र योगदानका आधारमा पनि उहाँ र उहाँको मृत्यु नेपाली संचार जगतमा एउटा उल्लेख्य समाचार बन्नुपर्थ्यो, बनेन । मृत्युको दिनपछि उहाँको परिवारले नेपाल भाषाको एउटा दैनिकमा छपाएका शोक-बिज्ञापन वा एक महिनापछि राष्ट्रिय दैनिकहरुमा छपाएको शोक-बिज्ञापनहरु पढेर पनि नेपाली संचार जगतको कान ठाडो हुनुपर्थ्यो, भएन । आयुर्वेदसँग संबन्धित संस्थाहरु संवेदित हुनुपर्थ्यो । भएनन् । प्रज्ञाप्रतिष्ठानहरु संवेदित हुनुपर्थ्यो । भएनन् ।

अचम्म !

मनवज्र बज्राचार्य त आफ्ना काममा बाँची नै रहनेछन् । तर उनीप्रति बेवास्ता गर्ने नेपाली संचार जगत र आयुर्वेद एवं अन्य प्राज्ञ संस्थाहरुको यो उदासीनताले एउटा ठूलो प्रश्न पैदा गरेको छ - के नेपालीहरुमा गुणग्राहिता मरेको हो ?

धन्न ! किरण मानन्धर, राजन पन्त, दीपकराज जोशी, धर्मराज शाक्य, शान्तराई र सुन्दर बस्नेतलगायतका कलाकारहरुले ढिलै भए पनि उहाँप्रति सम्भना जनाउने सार्वजनिक कार्यक्रम गरेर यस प्रश्नको यस्तो जवाफ दिनुभएको महशूस हुन्थ्यो- "केही नेपालीहरुमा चाहिं अलिअलि गुणग्राहिता बाँकी छ ।"

कलाका क्षेत्रमा परम्परावादी सिद्धान्तबाट चलेता पनि आधुनिकता र विशेषगरी नेपालीपनका आफ्नै खाले विशेषताहरु स्व. मनवज्रका कलाकारितामा रहेको कुरा, उहाँले कलाकाबारे ब्याख्या र प्रवचनसमेत दिने गर्नुभएको कुरा, उहाँ स्वभावले विद्रोही हुनुहुन्थ्यो भन्ने कुरा, उहाँले नेपाली कलालाई राजस्थानी कलाबाट प्रभावित भएको दावी गर्नेहरुको खण्डन गरी मौलिकताको वकालत गर्नुभएको कुरा, नेपाली कलाको मध्यकालीन इतिहासबारे उहाँको लेखाइ महत्वपूर्ण र उपयोगी रहेको कुरा आदिबारे सो श्रद्धाञ्जली सभाका वक्ताहरुले प्रकाश पार्नुभयो । प्रायः सबैको टिप्पणी थियो - यत्रो ठूलो प्रतिभाको कदर नगर्ने सम्बन्धित निकायहरु कृतघ्न हुन् ।

त्यतिखेर मैले उहाँका ५२ वटा प्रकाशोन्मुख पुस्तकहरु सम्झिएँ । आयुर्वेद चिकित्सा क्षेत्रका ती ५२ पुस्तकहरु तयारी अवस्थामा उहाँको दराजमा राखिएका छन् । उहाँको मृत्युको खबर धेरैपछि सुनेर उहाँकहाँ जाँदा उहाँका छोराले ती पुस्तकहरु मलाई देखाउनुभएको थियो । विभिन्न रोगहरुबारे उहाँका प्रकाशित थुप्रै अंग्रेजी पुस्तिकाहरुभन्दा ती पुस्तकहरु बृहद् आकारका छन् । के ती पुस्तकहरु प्रकाशित गर्नेतर्फ देशको कुनै निकायले चासो राख्ला ? ढिलै भए पनि कलाकारहरुले सम्झना गरेझैं के आयुर्वेद क्षेत्रले उहाँको सम्मान गर्नु जरुरी छैन ? ७० वर्ष अघिदेखि काठमाण्डौको मच्छेन्द्रबहालमा परम्पराद्वारा रक्षित बहुआयामिक शिक्षा केन्द्रजस्तो परिवारमा जन्मेर हुर्केर बढेको एउटा प्रतिभासँगै उसको कला र शास्त्रलाई रोकिन नदिनका निम्ति सोच्ने निकाय के यो देशमा कोही होलान्, जसले नेपाल कलाकार समाजले झैं ढिलै भए पनि केही गर्ने दायित्व पूरा गरुन् ।

अनि "राजनीतिलाई मात्र खबर बनाउने चलन ठीक छैन" भन्दै अरुको आलोचना गर्दै हिंड्ने हाम्रा "आधुनिक संचारकर्मीहरु"लाई पनि प्रश्न गर्नैपर्ने हुन्छ - मनवज्रलाई खबर नबनाउने चलनचाहिँ ठीक छ कि छैन होला ? ❑

*- हरिगोविन्द लुइँटेल*

# पूर्णागिरि बाँध : भारतको अर्को बल मिच्याइँ



एमालेका नेता कार्यकर्ताहरू सर्भेका सामग्रीहरू नदीमा फ्याँक्दै

**- दीपक झवाली -**

बाहिरबाट सजिलो ढंगले झ्वाट्ट हेर्दा पूर्णागिरि बाँधको सवाल रि-रेगुलेटिङ बाँधको विवादजस्तो देखिन्छ । यसको भित्री वास्तविकता खोतल्ने हो भने प्रश्न उठ्छ - के पूर्णागिरि साँच्चै नै पंचेश्वर परियोजनाको रि-रेगुलेटिङ बाँध हुनसक्छ त ?

सबैभन्दा पहिले पानीलाई रिरेगुलेट गर्ने अथवा पानीलाई पुनः नियमित गर्ने अवधारणा राम्ररी बुझ्नु जरूरी छ, यस अवधारणाको पछाडि रहेको भौतिक पक्षका बारेमा जान्नु आवश्यक छ, तबमात्र यो विवादको भित्री तहसम्म पुग्न सकिन्छ ।

पञ्चेश्वरमा संसारकै सबैभन्दा उच्चतम बाँध, झण्डै झण्डै रागुनपछिको दोस्रो ठूलो बाँध, करीब ३१५ मीटरको बाँध बनाउने योजना छ । त्यत्रो ठूलो बाँधले विशाल पानीको भण्डार सञ्चय गरिराखेको हुन्छ । यो 'पिकिङ स्टेशन' हो । वर्षाभरिको पानी भण्डार गरेर हिउँद र सुख्खा समयमा मात्रै होइन, प्रत्येक दिन बिजुलीको माग उच्चतम भएको बेला यस्तो स्टेशन चलाइन्छ । नेपालमा धेरैजसो बेलुका बिजुलीको माग उच्चतम हुन्छ भने भारतमा उद्योगधन्दा चल्ने बेलामा हुन्छ । यस्तो बेलामा पञ्चेश्वरजस्ता ठूलठूला पिकिङ स्टेशनहरू बिजुली उत्पादनका लागि चलाइन्छन् ।

पञ्चेश्वरजस्ता ठूलठूला जलविद्युत स्टेशनहरू पिकिङ स्टेशनका रूपमा बिजुलीको चर्को माग हुँदा चलाइनुका पछाडि आफ्नै विशिष्ट कारणहरू छन् । तापकीय विद्युत केन्द्रहरू र आणविक विद्युत केन्द्रहरू संचालन गर्न, त्यसको उत्पादन घटबढ गर्न सजिलो छैन । नचलेको र ठण्डा अवस्थामा रहेको तापकीय विद्युत केन्द्रलाई चलाउनलाई झण्डै चार-पाँच दिन लाग्छ । । चलिरहेको तापकीय विद्युत केन्द्रलाई समेत उच्चतम माग अनुसार थप बिजुली उत्पादन गर्न पनि एक-डेढ घण्टा लाग्छ । पाकिस्तान र भारतबीच क्रिकेट म्याच हुने स्थितिहरूमा सबैजसो मानिसहरूले बत्ती बाल्ने र टि.भि. खोल्ने बेला बिजुलीको माग व्यापक रूपमा बढ्छ । सोभियत संघमा सोभियत संघ र चेकोस्लोभाकियाबीच हकी म्याच हुँदा मिनेट मिनेटमा ह्वातह्वात्तै ६ ७ हजार मेगावाट बिजुलीको माग बढ्थ्यो, एउटा पञ्चेश्वर योजनाको सबै विद्युत त मिनेट-मिनेटमा माग हुन्थ्यो । यसरी माग बढ्दाखेरी तापकीय विद्युत केन्द्रहरूले झ्याउनै सक्दैनन्, त्यसका लागि धान्नै सक्दैनन्, किनकि त्यस्तो समयमा केही हजार मेगावाट बिजुली उत्पादन एक्कै मिनेटमा गर्न सक्दैनन्, त्यसका लागि एक डेढ घण्टा लाग्छ । एक-डेढ घण्टाभित्र त माग बढ्दै-बढ्दै गएर बिजुलीको सिंगो व्यवस्था धराशायी भइसक्छ । त्यस्तो स्थितिमा कि तुरून्तातुरून्तै हवाई जहाजको इन्जिन चलाएजस्तै, ग्याँस टर्बाइन जलाउन सक्नुपर्छ या जलविद्युत केन्द्र चलाउनुपर्छ ।

जलविद्युत केन्द्र भनेको सञ्चित पानीबाट चाहिनेबित्तिकै संचालन गरेर बिजुली निकाल्ने सस्तो, छिटो उपाय हो । जलविद्युत केन्द्रको संचालनको मामिलामा जलविद्युत इन्जिनीयरिङका सिकारू विद्यार्थीले पनि सामान्य ज्ञानका भरमा ८० मेगावाटको टर्बाइन त सजिलै खोलेर ५० सेकेन्डमै 'सिष्टम' मा 'सिंक्रोनाइज्ड' (जोड्ने प्रक्रिया) गर्न सक्छ । तापकीय केन्द्र भएको भए डेढ-दुई घण्टाभन्दा कममा संभव हुँदैन । हो, यहीं आएर धेरैजसो नेपालीहरूले ध्यान दिनुपर्ने सवाल उठ्छ - 'पीक आवर'मा, उच्चतम माग भएको बेलामा समेत जलभण्डार हुने पञ्चेश्वरजस्ता विद्युत केन्द्रहरूले छिट्टै र सजिलै विद्युत उत्पादन गरी आवश्यक ठाउँमा आपूर्ति गर्न सक्छन् । यो क्षमता निकै महत्वपूर्ण र अमूल्य हुन्छ । ठूलो बाँधभित्र जलभण्डार भएको विद्युत केन्द्रले वर्षाको पानी जम्मा गरेर हिउँद र सुख्खा समयमा बिजुली उत्पादन गर्ने मात्रै होइन, वर्षा वा हिउँदमा प्रत्येक

**के पूर्णागिरि रि-रेगुलेटिङ बाँध हुन सक्छ ?**



दीपक झवाली

**म्याद गुज्रिसकेको डीपीआर र महाकाली सन्धिको वैधतामाथि प्रश्नचिन्ह**

भारतको पूर्णागिरि र नेपालको कौवानी डाँडाबीच रहेको महाकाली नदीमा निर्माण गर्ने भनिएको बाँधको बारेमा नेकपा एमालेको भातृ संगठन प्रजातान्त्रिक राष्ट्रिय युवा संघले गत माघ १२ देखि १८ सम्म स्थलगत अध्ययन भ्रमणको आयोजना गरेको थियो । त्यसको केही समयपछि नै नेकपा (एकताकेन्द्र) निकट अखिल नेपाल जनवादी युवा लीगको एउटा टोलीले पनि पूर्णागिरि-कौवानी बाँध निर्माणस्थलको अध्ययन गरेको छ ।

प्ररायुसंघको भ्रमणको क्रममा बाँधको निर्माणको प्रारंभिक काम गरिरहेको भारतको नेपालमाथिको अर्को बलमिच्याइँका विरूद्ध एमालेका नेता-कार्यकर्ता र सांसदहरूले 'भारतीय विस्तारवाद मूर्दाबाद', 'पूर्णागिरि बाँध चाहिँदैन, नेपाल डुबाउन पाइँदैन' जस्ता नाराहरू लगाउनुका साथै ड्रिलीङ मेशिन, पाइप आदि महाकालीमा फ्याँकेका थिए । भ्रमणमा रहेका एमालेका १२ जना सांसदहरूले पूर्णागिरि-कौवानीमा भएको भारतको बलमिच्याइँविरूद्ध वक्तव्य जारी गरेका थिए भने विशेषज्ञहरू डा. मंगलसिद्धि मानन्धर, वाइ. बी. थापा र डा. गोपी उप्रेतीले बाँधसम्बन्धी आफ्नो रिपोर्टमा बाँधसम्बन्धी भारतीय स्वार्थलाई नङ्याउनुका साथै बाँधले नेपाललाई पर्ने दुष्प्रभावको बारेमा वस्तुगत तथ्य प्रस्तुत गरेका थिए ।

प्ररायुसंघको पूर्णागिरि-कौवानी बाँधको अध्ययन भ्रमण, त्यसै क्रममा महाकाली नदीमा बाँध निर्माण र सर्भेका सामानहरू एमालेका नेताहरूद्वारा फ्याँकिएको प्रसंग र पूर्णागिरि अध्ययन भ्रमणको गहिरो रिपोर्टको प्रकाशनका साथै जनवादी युवा लीगको भ्रमणले देशमा अर्को भारतीय बलमिच्याइँका विरूद्ध नयाँ सवालहरू सिर्जना गरेका छन् र नयाँ विरोधका जायज आवाजहरू उठ्न थालेका छन् । प्रिय पाठकहरूलाई पूर्णागिरिसम्बन्धी सवाललाई सांगोपांगोमा बुझ्न सजिलो होस् भनेर पूर्णागिरि बाँधको विरोधमा संघर्षरत स्थानीय संघर्ष समितिका नेताहरूदेखि जलस्रोतविद् तथा स्रोत अर्थशास्त्री दीपक ज्ञवालीका विचार-विश्लेषणहरू यहाँ प्रस्तुत गर्ने जमर्को गरेका छौं ।

*- मूल्यांकन*

दिन दिउँसो जम्मा गरिएको पानीबाट बेलुका वा राति 'पीक' समयमा भ्वाट्टै बिजुली दिन सक्छ, यो क्षमताको पक्ष निकै ध्यान दिनयोग्य छ । त्यसैले जलविद्युत केन्द्रले ठूलठूलो विद्युतीय प्रणालीमा स्वीचजस्तो काम गर्छ, अक्सीजनको काम गर्छ । अतः जलविद्युत केन्द्रको काम साधारणतः बिजुली बेच्ने मात्रै होइन, विद्युतीय प्रणालीलाई सुरक्षा प्रदान गर्नु पनि हो । सुरक्षा यस अर्थमा कि पीक समयमा बिजुलीको चर्को माग हुँदा भयाप्पै बत्ती निभेर उद्योग-कलकारखाना बन्द हुनसक्ने संकटकालीन अवस्थामा यसले बिजुलीको छिटो-छरितो आपूर्ति गरेर सिंगो विद्युतीय प्रणालीलाई नियमित गर्छ । विद्युतीय प्रणालीलाई नियमित गर्न पञ्चेश्वर जस्तो जलविद्युत केन्द्र जरूरी हुन्छ ।

यो जरूरतको बारेमा हाम्रा नीति-निर्माताहरू, भारतसित सन्धि-सम्झौता गर्ने र महाकाली सन्धिका लागि मरिमेट्नेहरूले ठ्याम्मै बुझेका छैनन् । उनीहरूले सिधै पञ्चेश्वरबाट उत्पादित बिजुली बेच्ने कुरा मात्रै बुझेका छन्, 'पश्चिमबाट सूर्य उदाउने' र 'अरब-खरब नाफा कमाउने' उटपट्याङ्ग कुरा मात्रै बुझेका

पावर केन्द्रले उत्पादन गर्ने विद्युतशक्तिभन्दा कैयौं गुना महँगो हुन्छ, हुनुनपर्छ । किनकि उसको प्रकृति र गुण नै उच्चतम हुन्छ । त, पञ्चेश्वर परियोजनाबाट उत्पादित पिकिङ पावरले भोलि गएर उत्तर भारतको सिंगो विद्युत प्रणालीलाई जुन सुरक्षा प्रदान गर्नेछ, त्यस सुरक्षाको मूल्य कति भन्ने सवाल फेरि फेरि पनि उठाउनु पर्छ । यस सवालबारे हाम्रा नीति-निर्माता, नेता-मन्त्री र नोकरशाहहरू अनभिज्ञ हुनु हाम्रो लागि सबैभन्दा ठूलो घाटा भइरहेको छ ।

यसरी पञ्चेश्वर परियोजनालाई 'पिकिङ स्टेशन' को रूपमा संचालन गर्दा वर्षभरिको पानी त त्यसले जम्मा गर्छ गर्छ, यसका साथै त्यसले बाँधमाथि महाकालीबाट दिनभरि बगेर आउने पानी पनि जम्मा गर्छ । वर्षा र सुख्खा मौसमको जम्मै पानी जम्मा हुँदा औसतको पानी त उसले छोड्नै पर्‍यो, पीक समयमा त्यो पनि दिनको चार घण्टा मात्रै ! चौबीसै घण्टा बगिरहनु पर्ने पानी थुनेर दैनिक चारघण्टा मात्रै छोड्दा कत्रो बाढी आउने होला ? हो, नियमित बग्ने पानीभन्दा ६ गुना बेसी छोड्दा हरेक दिन प्रतिसेकेण्ड २५ सय क्युमेकको दरले बाढी आउँछ, पीक समयमा



पूर्णागिरि अध्ययन-भ्रमण टोली

दीपक ज्ञवाली

छन् । तर पञ्चेश्वर जलविद्युत केन्द्रको सवालमा भारतलाई मनाउन सक्नुपर्ने सवाल भनेको यही अति मूल्यवान हुने 'सुरक्षा' को कुरा हो, भारतलाई चाहिएको पनि यही सुरक्षा नै हो । बहुमूल्य चीजको हामी बेच्नेहरूले नै कुनै मूल्य नराखीकन बजारमा लगी बेच्नलागेपछि यही सुरक्षाको मामिला हाम्रो मूर्खताको कारणले भारतले त सित्तैमा पाउने नै भयो, उसले नाफा त पाउने नै भयो ।

त्यसकारण पञ्चेश्वरजस्तो जलविद्युत केन्द्रले उत्पादन गर्ने 'पिकिङ पावर' (उच्चतम माग हुने बेला उत्पादन हुने विद्युत-शक्ति) थर्मल

चार घण्टा बिजुली निकाल्नका लागि ! अरू बेला भने पञ्चेश्वरको विद्युत केन्द्र पूरै बन्द हुने भएकोले पानी पनि छोडिँदैन । २० घण्टा ठप्प हुने अनि ४ घण्टाचाहिँ ६ गुना पानी छोडेर भयंकर बाढीको सिर्जना गर्ने । यसरी पिकिङ स्टेशनका रूपमा चलाउँदा बाँधको तल रहेका जम्मै संरचनाहरू ध्वस्त हुनसक्छन्, तटबन्धहरू ध्वस्त हुन्छन् र पुलहरू बग्न सक्छन्, एक्कैचोटि च्छो-रोल्पा बिस्फोट भएजस्तै हुनेछ ।

त्यसैले, त्यो विशाल बाढीलाई रोक्न र पुनः नियमित गर्न विशाल बाँधको मुन्तिर नै 'रि-रेगुलेटिङ बाँध'

## महाकाली नदीसंग जोडिएका नदी-नाला, बाँध र नहरसम्बन्धी नक्सा



# जल-सरोबरको सुरक्षाका नाममा भारतीय सैनिक तैनाथ गरिनेछ



**- रामचन्द्र चटौत**
संयोजक, पूर्णागिरि पञ्चेश्वर उच्च बाँधविरोधी संघर्ष समिति

❑ **पूर्णागिरि बाँधको विरोधमा लाग्नुका कारणहरू केही बताई दिनुस् न !**

यसले बनाउने जलसरोबरमा डुबानमा पर्ने रंगुन, पुन्तुरा र साँदनी उपत्यकाहरू अत्यन्त उर्वर भूमि भएको, परशुराम धार्मिक क्षेत्र भएको र यसवाट सामाजिक संरचना तहस-नहस हुने भएकोले हामीले पूर्णागिरि बाँधको विरोध गरेका हौं ।

❑ **तपाईहरूको संघर्ष समितिले राष्ट्रियताभाथिको खतराको सवाल पनि उठाइरहेको छ नि !**

हामीलाई लाग्छ- बाँध बनेमा हाम्रो नेपाली भूभाग गुम्नेछ, हाम्रो राष्ट्रियता मिचिने छ । बाँध र जलसरोबरको सुरक्षाको नाममा भारतले सैनिक- अर्द्धसैनिक दस्ता तैनाथ गर्नेछ । आफ्नै भूभाग गुमाएर भारतको 'सुरक्षा छाता'भित्र बस्दा हामी आफ्नै देशमा प्रवासी हुनेछौं । त्यसैले राष्ट्रियता, राष्ट्रिय सुरक्षाका हिसावले पनि बाँध राष्ट्रविरोधी हुने देखिन्छ । त्यसैले हामीले पूर्णागिरि बाँधको मात्र विरोध गरिरहेका छैनौं, पञ्चेश्वर र उच्च बाँधको पनि कडा विरोध गरिरहेका छौं ।

❑ **विरोधको आवाजलाई तपाईहरू कसरी मूर्त रूप दिँदै हुनुहुन्छ ?**

पूर्णागिरि र पञ्चेश्वरको सवालमा कांग्रेसले राष्ट्रघाती काम गरेकै कारणले मैले विरोधस्वरूप पार्टीबाट राजीनामा दिएको थिएँ । अहिले म लगायत संघर्ष समितिका सबै साथीहरू पूर्णागिरि, पञ्चेश्वर बाँधविरोधी जन-जागृति अभियानमा संलग्न छौं । हामीले भारतका पञ्चेश्वर बाँधविरोधी जनतादेखि लिएर भारत र नेपाल सरकारलाई पत्र लेख्ने काम गरेका छौं । सुदूर पश्चिमी नेपालका सबै सांसदहरूलाई लेखिएको पत्रको प्रतिक्रियामा सांसदहरूले संसदमा आवाज उठाउन थालेको देखिन्छ । बाँधको कारणले विनाशकारी प्रभाव भोग्न विवश हुने नेपाल र भारतका जनताहरू मिलेर संघर्ष गर्नु जरूरी देखिएको छ । यसका लागि हाम्रो प्रयास जारी छ । अतः हामी शुरूमा जनचेतना जगाउने, जनतामा रहेका भ्रमहरू हटाउने, स्थानीय स्तरमा गोलबन्द गर्न थाल्ने र राष्ट्रिय-अन्तर्राष्ट्रिय स्तरमा यो सवाललाई चर्काउने तयारी गरिरहेका छौं ।

❑ **सक्षापक्ष र विपक्षले पूर्णागिरि र पञ्चेश्वरमा बाँध बनाउने स्वीकृति दिएमा के गर्नुहुन्छ ?**

हामीलाई लाग्छ: सरकारीस्तरमा बाँध बनाउने सहमति भइसकेको छ । उप प्रम रामचन्द्र पौडेलले सर्भेको स्वीकृति दिनुभएको कुरो सुन्दा यिनीहरूले भारतको स्वार्थको अगाडि घुँडा नटेक्लान् भन्न सकिँदैन । त्यस्तो स्थितिमा पनि हामी सबै जनताले कुनै पनि हालतमा पूर्णागिरि र पञ्चेश्वर उच्च बाँध बनाउन दिनेछैनौं । बाँध निर्माण गर्न नदिन हामी ज्यान दिन पनि तयार छौं, आत्मदाह गर्न पनि तयार छौं । हाम्रो संघर्ष जारी रहनेछ । ❑

## के हो रि-रेगुलेटिङ बाँध ?

बनाइन्छ । त्यस्तो बाँध सानो हुन्छ, पञ्चेश्वर बाँधजस्तो उच्च र ठूलो हुँदैन । त्यस्तो रि-रेगुलेटिङ बाँधले के गर्छ त भन्दा, पञ्चेश्वरको उच्च बाँधले छोडेको ४ घण्टाको पानी अर्थात् प्रतिसेकण्ड २५ सय क्युमेकको दरमा आउने पानी आफ्नो बाँधमा जम्मा गरेर त्यसले २४ घण्टामा बिस्तारै नियमित रूपमा छोड्छ, जसले गर्दा रि-रेगुलेटिङ बाँधमुन्तिर बाढीको सिर्जना हुन पाउँदैन । त्यस बाँधमा पनि सानो टर्बाइन राखेर भण्डै सय-दुई सय मेगावाट बिजुली निकाल्न सकिन्छ । नियमित रूपमा निस्कने यो बिजुलीको मात्रा पनि कम होइन । यसरी हेर्दा पञ्चेश्वरले छोड्ने भयंकरको बाढीलाई नियमित गर्न र केही मात्रामा बिजुली उत्पादन गर्न रि-रेगुलेटिङ बाँध बनाइन्छ ।

अब प्रश्न उठ्छ - यस्तो रि-रेगुलेटिङ बाँध कहाँ हुनसक्छ त ? यसमा बठ्याइँ के भइरहेको छ भने, नेपालले पञ्चेश्वरको अलिकति तल रूपालीगाडमै रि-रेगुलेटिङ बाँध बनाउने भनेको छ, तर भारतले भने निकै तल पूर्णागिरिमा बाँध बनाउने दावी गरिरहेको छ । सन् १९७१ देखि नै पूर्णागिरिमा बाँध बनाउने घोषणा गरिरहेको भारतले पञ्चेश्वरको सवाल उठेपछि यसलाई अझ मूर्त बनाउने प्रयास थालेको हो । भारतले आफ्नो स्वार्थ अनुकूल, आफ्नो फाईदाअनुरूप पूर्णागिरिमा 'रि-रेगुलेटिङ बाँध' बनाउने कुरा अहिले फेरि चर्चामा आइरहेको छ ।

प्राविधिक रूपले अध्ययन गर्दा स्पष्ट देखिन्छ : पूर्णागिरिको बाँध भनेको त छुट्टै बाँध हो, पञ्चेश्वरको उच्च बाँधको बाढीलाई नियमित गर्ने रि-रेगुलेटिङ बाँध होइन । भलै त्यसले सीमित मात्रामा रि-रेगुलेटिङ बाँधको काम पनि केही केही गर्ला, तर यहाँ प्रश्न उठ्छ- रि-रेगुलेटिङ बाँध मात्रै बनाउनलाई पञ्चेश्वरबाट ६१ किलोमिटर तल रहेको पूर्णागिरिसम्म किन जानुपर्‍यो ? पूर्णागिरिसम्म गएर रि-रेगुलेटिङ बाँध बनाउँदा पञ्चेश्वरदेखि पूर्णागिरिसम्मको ६१ कि.मि.को भू-भागमा दैनिक रूपमा आउने विशाल बाढीबाट कसरी सुरक्षित रहन्छ त ?

त्यसैले रि-रेगुलेटिङ बाँध भनेको त पञ्चेश्वरको उच्च बाँधको मुन्तिर नै बनाउनु जरूरी हुन्छ, प्राविधिक रूपले हेर्दा । महाकाली नदीमा बाँध बाँधेर पञ्चेश्वरमा विशाल जल भण्डार गर्ने क्रममा दैनिक चार घण्टाको दरमा बिजुली निकाल्नका लागि पानी छोड्दा तल जुन भयंकर बाढी आउँछ, त्यसलाई नियन्त्रित र नियमित गर्न पञ्चेश्वरको बाँधभन्दा धेरै टाढा गएर रि-रेगुलेटिङ बाँध बनाउनु कदापि फाइदाजनक हुँदैन, किनकि त्यसबाट भयंकर बाढीलाई छिट्टै नियन्त्रित र नियमित नै गर्न संभव हुँदैन । त्यो बाढीलाई नियन्त्रित र नियमित गर्न मुख्य बाँधको मुन्तिर नै सानो-सानो खालको बाँध बनाएर पोखरी तयार गर्नु आवश्यक हुन्छ । मुख्य बाँधको जुन टर्बाइनबाट विशाल पानी निस्कन्छ, त्यही टर्बाइनको लेभलभन्दा ठीक तल सानो बाँधको पानीको लेभल हुनु जरूरी हुन्छ । मुख्य बाँधको टर्बाइनको लेभलभन्दा माथिसम्म सानो बाँधको पानीको लेभल भयो भने पनि 'हेड'लाई बिगार्छ र 'फोर्स' कम गर्छ । त्यसैले पञ्चेश्वरको बाँधको टर्बाइनको लेभलसम्म मात्रै पानी जम्मा हुन आउने हिसावले सानो रि-रेगुलेटिङ बाँध बनाउनुपर्छ, जसले पञ्चेश्वरको ४ घण्टाको बाढीलाई जम्मा पार्न सक्छ र त्यसलाई नियमित रूपमा तल छोड्न सक्छ ।

पञ्चेश्वरको जलाशयमा हुने पानीको मात्रा भनेको साढे ६ अरब घनमिटर हो, त्यसबाट चलेको बेलामा निस्कने सबैभन्दा बेसी पानी भनेको २५ सय घनमिटर प्रतिसेकेण्ड हो । बिजुली उत्पादनका लागि सबै टर्बाइन एक्कैसाथ चल्दा उच्चतम क्षमताका साथ निस्कने पानी भनेको दैनिक २० करोड घनमिटर हो । पञ्चेश्वरको तुलनामा जम्मा ३ प्रतिशत आयतनको पानी जम्मा गर्न त्यही अनुपातमा निकै सानो रि-रेगुलेटिङ बाँध बनाए पुग्छ, त्यो पनि बास्तवमै रि-रेगुलेट गर्ने उद्देश्यले बाँध बनाउने हो भने पञ्चेश्वर बाँधभन्दा ठीक तल हुनु जरूरी हुन्छ ।

पञ्चेश्वरको बाँधभन्दा धेरै तल गएर रि-रेगुलेटिङ बाँध बनाइयो भने बीचको भागमा विशाल बाढी आइरहने र विनाशलीलाको क्रम जारी रहने स्थिति भइरहन्छ । पञ्चेश्वरको बाँध नजिकै रि-रेगुलेटिङ बाँधको जलाशय नजीकै भएन भने ह्वात्तै आउने बाढीले बाँध नजीकैको माटो, ढुंगा सबै बगाउँदै लैजाने क्रममा बाँधको तलतिरै झन् झन् ठूलो खाल्डो निर्माण गर्न थाल्छ । त्यो खाल्डो जति जति विशाल हुँदै जान्छ, त्यति त्यति माथिको पञ्चेश्वरको मुख्य बाँधलाई 'अण्डर कटिङ'को कारणले खतरा हुन्छ, रूखको वरिपरि भएको खाल्डोले गर्दा हूरी-बतासले रूख सजिलै ढाले जस्तै माथिको मूल बाँधलाई पनि ढाल्न सक्छ ।

त्यसैले पञ्चेश्वर बाँधबाट दैनिक चार घण्टाको दरले २५ सय घनमिटर पानी प्रतिसेकेण्डको बाढीलाई नियमित र नियन्त्रित गर्ने हो भने, मुख्य बाँधको ठीक तल सानो पोखरीको जरूरत हुन्छ, त्यो पोखरीको काम पूर्णागिरि बाँध जस्तो ६१ कि. मि. तल रहने बाँधले गर्न सक्दैन । त्यस्तो पोखरी बनाउन १८ कि. मि. तलको

## भारतका करीब ६ जना प्रधानमन्त्रीहरूको चुनाव क्षेत्रको पानीको समस्या हल गर्ने योजना हाम्रो महाकाली नदीसँग जोडिएको छ

रूपालीगाडसम्म पनि जानु नपर्ला कि जस्तो लाग्छ । ६१ कि.मि. तल पूर्णागिरिमा गएर रि-रेगुलेटिङ बाँध बनाउनु भनेको त अर्को छुट्टै बाँध बनाउनु हो र त्यसको पनि अर्को रि-रेगुलेटिङ बाँधको जरूरत हुन पुग्छ ।

साँच्चै नै पूर्णागिरिमा बाँध बनाउनै खोजेको हो भने सवाल उठाउनुपर्छ - पहिले नै पञ्चेश्वरमा बाँध बनाउने सम्झौता किन गरियो त ?

पूर्णागिरि छुट्टै बाँध हो, रि-रेगुलेटिङ बाँध होइन भन्ने तथ्य त त्यसको विशाल आकार, ठूलो धनराशीको लगानीले नै देखाइरहेको छ । यहाँ प्रश्न उठाउनुपर्छ - पञ्चेश्वरदेखि पूर्णागिरिसम्मको ६१ कि.मि.को बीचको भू-भागका लागि रि-रेगुलेटिङ बाँध खोइ त ? तर समस्या हो, रि-रेगुलेटिङ बाँधका नाममा भारतले अर्को छुट्टै बाँध बनाउन आँटिरहेको छ, जसले गर्दा नेपाललाई घाटाबाहेक केही हुनेवाला छैन ।

### *महाकाली सन्धिमा पूर्णागिरि*

पूर्णागिरिको बाँधको सवाललाई गहिराइमा बुझ्नका लागि महाकाली सन्धिभित्र पस्नु जरूरी हुन्छ । यहाँ प्रश्न उठ्छ, महाकाली सन्धिमा पूर्णागिरिको बारेमा कस्तो प्रावधान छ ? मलाई लाग्छ, त्यस सन्धिमा पूर्णागिरि बाँधको प्रावधान खुलाएको छ पनि, खुलाएको छैन पनि ! सन्धिमा एक-एक अक्षर केलाएर हेर्ने हो भने कहीं कतै पनि पूर्णागिरिको उल्लेख छैन । यसरी अक्षर मात्रै खोज्ने हो भने पूर्णागिरिको बारेमा केही पनि भनिएको छैन । तर महाकाली सन्धिको टाउकैमा भनिएको छ - महाकाली नदीको एकीकृत विकाससम्बन्धी सन्धि । 'एकीकृत' भन्नासाथै महाकाली नदीसँगै सम्बन्धित सबै कुरा त्यसभित्र परिहाल्यो । पञ्चेश्वरको विशाल बाँधसँगै रिरेगुलेशन बाँध जोडिएरै आउने भएकाले रूपालीगाड, पूर्णागिरिजस्ता कुराहरू यसभित्र परिहाल्ने कुरा पनि हो ।

मदनकृष्ण हरिवंशहरूले बनाएको वकिलहरूसम्बन्धी एउटा प्रहसनमा एउटा वकिलले भन्छ - 'उनवर्ष बत्ताइस !' उनवर्ष बत्ताइस भनेको के हो नि, कि उनान्तीस भन्नुपर्‍यो, कि बत्तीस भन्नुपर्‍यो भन्दा त्यस वकिलले फेरि भन्छ - उनान्तीस भनेर मुद्दा लडे पनि हुने बत्तीस वर्ष भनेर लडे पनि हुन्छ ।' - हो, महाकाली सन्धिलाई एकीकृत भनिसकेपछि रूपालीगाडमा लडे पनि भयो, पूर्णागिरिमा लडे पनि भयो । आखिर हामीले कस्तो सन्धि गर्‍यौं, जुन सन्धि मनचिन्ते झोलाजस्तो देखियो, जसले जे भने पनि मिल्ने ! यस्तो नौटंकी सन्धिलाई हामीले संसारको उत्कृष्ट सन्धि भनेर पूजा गर्दै हिंड्नु परिरहेको छ ।

यसरी हेर्दा मूल समस्या महाकाली सन्धि नै हो । यस सन्धिलाई म महाकाली सन्धि नै होइन भन्छु । यसलाई एमाले र राप्रपाको लाज जोगाउन नेपाली कांग्रेस लाटो बुंगो भएको बेला भएको पञ्चेश्वर बाँध बनाउन गरिएको सन्धि भन्छु म ।

### *पूर्णागिरिमा भारतको स्वार्थ*

यहाँ ध्यान दिनयोग्य पहिलो कुरा हो : पञ्चेश्वरमा बाँध बन्ने कुरामा ठूलो शंका छ । शंकाका लागि धेरै नै वास्तविक कारणहरू छन्, जस्तो, पञ्चेश्वर संसारको सबैभन्दा उच्चतम बाँधमध्ये एक हो, उच्च बाँधमाथि ठूलाठूला प्रश्न चिन्हहरू लागिसकेका छन् । यो बाँधले भारतमा धेरै समस्या ल्याउँछ, यसको २० प्रतिशत डुबान क्षेत्र नेपालमा पर्छ भने ८० प्रतिशत भारतमा पर्छ ।

शंकाको अर्को कारण हो, पञ्चेश्वर बन्ने भू-भाग उत्तराञ्चल राज्यमा पर्नु । पहिले उत्तर प्रदेशभित्रै रहेको पञ्चेश्वर उत्तर प्रदेशको विभाजनपछि उत्तराञ्चल राज्यमा पर्न गएको छ । उत्तर प्रदेश हुँदासम्म तल तराईका मानिसहरूले राजनीतिमाथि नियन्त्रण जमाइरहेका थिए, माथि पहाडका मानिसहरू पञ्चेश्वर बाँधका कारणले जतिसुकै डुबे पनि उनीहरूको सरोकारको विषय बन्ने संभावना थिएन । तर पहाडेहरूको हातमा उत्तराञ्चल परेपछि यति धेरै संख्यामा डुवानमा पर्ने शर्तमा पञ्चेश्वर बाँध बन्न दिइन्छ र ? पञ्चेश्वरको पानी जम्मै उत्तर प्रदेशीयाहरूले लगेर जमीन हराभरा पार्ने, अनि आफ्नो घरबारसमेत उठीबास हुने शर्तमा उनीहरूले महाकाली सन्धिलाई स्वीकार्छन् र ? यी दुई कारणहरूले पञ्चेश्वर बन्ने संभावना निकै कम छ ।

पञ्चेश्वरमा बाँध बनाउन नसकिने स्थितिमा पूर्णागिरि बाँध भारतको प्राथमिकताभित्र पर्न गएको अनुमान सजिलै गर्न सकिन्छ । पूर्णागिरिको भौगोलिक आकार हेर्दा देखिन्छ, भारतमा खासै डुवान हुँदैन, अधिकांश नेपाली भूमि डुवानमा पर्छ, पूर्णागिरिमा पञ्चेश्वरको ठीक उल्टो हुनेछ । रि-रेगुलेटिङ बाँध बनाउने नाममा पूर्णागिरिसम्म आएर विशाल बाँध बनाउन सर्भे गर्नुको पछाडि मूलतः भारतको यही स्वार्थले काम गरेको हुन सक्छ ।

भारतको स्वार्थको कुरालाई ध्यान दिने हो भने याद गर्नु पर्ने कुरो हो, महाकालीको पानी दिल्ली लान खोजिएको चाहिँ होइन । किनभने

## छातीमा गोली थापेर पनि संघर्षरत रहनेछौं

❑ बाँध बन्ने कुरो भइरहेछ, तपाईहरूलाई कस्तो लागिरहेको छ ?


हाम्रो एकमात्र सहाराको रूपमा रहेको सरकारले राम्ररी नसोचेको कारणले हामी अलपत्रमा परेका छौं । सरकारले के निर्णय गर्‍यो, जनतालाई केही थाहा भएको छैन, हामीलाई पनि केही थाहा छैन ।

❑ तपाईहरूको पार्टीका सांसद तथा भू.पू. प्रधानमन्त्री शेरबहादुरजीले केही भन्नुभएको छैन ?

- शेरबहादुरजी यहाँ आएर बाँध बनाउन देऊ भने पनि हामी मान्नेवाला छैनौं ।

❑ सन्धि पारित हुँदा कांग्रेस पार्टी र सरकारले जनतालाई फाइदा हुन्छ भनेर प्रचार गरेको थियो ?

- खै, हामीलाई केही थाहा छैन, हामीलाई कसैले केही भन्न आउने होइन ।



- वीरबहादुर शाही
नेपाली कांग्रेस/परशुराम गाउँ, वडा नं. ६ का सभापति

❑ पूर्णागिरि बाँधबारे पार्टी र सरकारसँग केही कुरा भएको छ ?

- छ, यो बाँध के हो, कस्तो हो, किन बनाउने भन्नेबारे पार्टीले पनि सोच पुर्‍याउनु पर्‍यो भनेर हामीले निवेदन वा जिरह दिएका थियौं, प्रत्यूत्तर चाहिँ केही पाएका छैनौं ।

❑ सरकारले बाँध बनाउँदैन भन्ने कुरामा तपाईं
ि न ध ' क क
हुनुहुन्छ ?

- सरकारले केही नगरे हामी यो सवालमा बलिदान दिन तयार छौं । यो जनताको सरकार र पार्टी हो भन्ने भावना मनमा अहिले पनि छ । त्यसैले केही होला कि भन्ने आशा अझै पनि छ ।

❑ तपाईंहरू आफैंचाहिँ के गरिरहनुभएको छ ?

- हामी संघर्षमा छौं, कर्मचारी वा प्राविधिकहरू आउँदा हामीले विरोध गरेका छौं, सफलतापूर्वक काम गर्न नसक्ने गरी बाधा दिने काम हामीले गरिरहेका छौं ।

❑ सरकारले बाँध बनाउने नै फैसला गर्‍यो भने के गर्नु हुन्छ ?

- जहाँसम्म सकिन्छ, आफ्नो खुट्टामा उभिएर हामी त्यसको विरोध नै गर्नेछौं । भरे हामीलाई सरकारले जेल-नेलको सजायँ दिए पनि हामी डराउनेवाला छैनौं । सिंहदरवार घेराऊ गरेर भए पनि, छातीमा गोली थापेर भएपनि हामी संघर्षरत रहनेछौं, सरकारलाई ध्यान आकर्षित गर्न महाकालीको किनारबाट सिंहदरबारको ढोकासम्म पुग्नेछौं ।

❑ तपाइंहरूको कांग्रेस पार्टीले पनि त्यसमा समर्थन गर्‍यो भने ..... ?

- हामी हट्ने छैनौं । केन्द्रको कांग्रेसले समर्थन गर्‍यो भने पनि गाउँको कांग्रेसले समर्थन गर्ने छैन, जहाँसम्म संभव छ विरोध जारी राख्नेछ । त्यसैले हामी भन्छौं: बाँध बन्न दिनु हुँदैन, दिनु हुँदैन, दिनु हुँदै हुँदैन । ❑

## शारदा नहरबाट मात्रै भारतको उत्तर प्रदेशलाई कति फाइदा हुन्छ ?




*महाकाली नदीलाई उपयोग गरी सिंचन गरेर (छायाँमा देखाइएका विस्तृत भूभागहरू) भारतले एकलौटी फाइदा अहिले नै पनि लिइरहेको छ ।*

*नक्सा स्रोत : Domestic Conflict and Crisis of Governability in Nepal: CNAS/p.204*

दिल्लीका लागि टिहरी बाँधबाट लाँदा धेरै नजीक पर्छ । टिहरी पञ्चेश्वरभन्दा १५० कि.मि. पश्चिममा पर्छ, जुन दिल्लीको नजीकै हो भन्न मिल्छ । दिल्लीमा पानी लान महाकालीसम्म किन आउनु जरूरी हुन्छ र ? मेलम्चीबाटै पानी आउँछ भने मानसरोबरसम्म किन धाउनु पर्छ र ?

तर भारतले पानी लान चाहिँ पक्कै खोजेको हो, त्यो दिल्लीलाई होइन, चन्द्रशेखरको चुनाव क्षेत्र - बलियादेखि राजीव गान्धीको अमेठी, इन्दिरा गान्धीको रायबरेली, अटल विहारी बाजपेयीको लखनऊसम्मका लागि हो । नेहरूको अलाहावाद, लालबहादुर शास्त्रीको वाराणसी र वी.पी. सिंहको कानपुर नजीकैको क्षेत्रसम्मलाई पानी लैजाने योजना यसमा सामेल छ । भारतका करीब ६ जना प्रधानमन्त्रीहरूको चुनाव क्षेत्रको पानीको समस्या हल गर्ने योजना हाम्रो महाकाली नदीसँग ज़ोडिएको छ । ती सबै प्रधानमन्त्रीहरूको चुनावी स्वार्थसँग सम्बन्धित महाकाली नदी र त्यसमा बन्ने बाँधहरूको अर्थ-राजनीति निकै गहिरो देखिन्छ । महाकालीको पानीद्वारा लाभान्वित हुने भारतको त्यत्रो विशाल क्षेत्र र त्यहाँको राजनीतिको आफ्नै अर्थ-राजनीतिक शक्ति सिंगो महाकाली र पूर्णागिरिमाथि परेको हुन सक्छ ।

### *महाकाली सन्धिको दुष्परिणाम*

पूर्णागिरिको समस्या मूलतः महाकाली सन्धिरूपी ज्वरो फुटेको हो । महाकाली सन्धि गर्दाखेरीका त्रुटि-कमजोरीहरू ज्वरो फुटेझैं फुट्न थालेको मात्रै हो । तपाईं पिकनिकमा गएर ख्याल नगरीकन मनपरी ढंगले खोलाको पानी खानुभयो भने तुरून्तातुरून्तै त केही पनि असर हुँदैन । तर भोलि-पर्सीपल्टदेखि नै त्यसका असरहरूको ज्वरो फुट्ने, टाइफाइड हुने क्रम शुरू हुन्छ । अतः पूर्णागिरि समस्या पनि महाकाली सन्धिको बेला खाइएको फोहोर पानीको प्रताप हो ।

अतः बारम्बार उठ्ने र उठाउनुपर्ने प्रश्न हो: नेपाललाई के गर्दा बेसी फाईदा हुन्छ, के गर्दा अति नै बेफाईदा हुन्छ भन्ने कुराको गृहकार्य नगरीकन, कुनै बिस्तृत परियोजना प्रतिवेदन (DPR) तयार नगरिकन जुन डरलाग्दो खालको महाकाली सन्धि गरियो, त्यसका दुष्परिणामहरू कहिलेसम्म लाचार भई भोगिरहने हो ? महाकाली सन्धिका दुष्परिणामहरू त कहिले पूर्णागिरिमा देखिन्छ, कहिले रूपालीगाड वा पञ्चेश्वरमा, तर हामी नेपालीहरूले यी सबै दुष्प्रभावहरू कति सहने ?

मेरो गुनासो के हो भने हाम्रो हित केमा छ ? के गर्दा हाम्रो फाईदा हुन्छ ? भन्ने कुरा हेर्ने संरचना हामीकहाँ छैन । त्यो संरचना श्री ५ को सरकारमा त छँदैछैन । जलश्रोत मन्त्रालयको संरचना भनेको बाँध बनाउनेहरूको संस्था जस्तो छ । तर बाँध बनाउनेबाहेक पानी व्यवस्थापन गर्ने अर्थात् पानी कसलाई कुन बेला कुन मोलमा, कति चाहिन्छ ?- यी सबै कुराको अध्ययन गर्ने संरचना कहाँ छ ?

अब प्रश्न उठ्छ- महाकाली नदीमा पानी व्यवस्थापन भनेको के त ? जोगबुडाका त्यतिधैरै किसानहरूको पानीको मर्का के हो ? - यी कुरा कसैले अध्ययन गरेका छैनन् । मैले बारम्बार प्रश्न उठाइरहेको छु - टनकपुरको बाँधको कारणले अत्यन्त प्रभावित भएका ब्रम्हदेव मण्डीका ८० वटा नेपाली परिवारहरूको पीर-मर्काको बारेमा किन कसैले सवाल उठाउँदैन ? कसको घर-जग्गा कति पर्‍यो भन्ने सत्य तथ्य बराल आयोगको रिपोर्टमा लेखिएको छ, म पनि त्यसको सदस्य हुँ । सबैबाट आलोचनामात्रै भएको बराल आयोगको रिपोर्ट एकचोटि पल्टाएर हेरेमा राम्ररी थाहा हुन्छ । तिनीहरूको पीर-मर्का नबुभने इन्जिनीयरदेखि नेता र मन्त्रीहरू यहाँ हावी भइरहेका छन् ।

## उठिबास नै भएमा जनता हतियारै लिएर उठ्नेछन्

**- विक्रम शाही**
नेकपा एमाले, डडेल्धुरा जिल्ला सचिव - भागेश्वर गाविस- १, निवासी)

❑ के बाँध निर्माणकै तहमा पुगिसकेको छ ?

- बाँध निर्माणकै तहमा पुगिसकेको देखिएको छ, विशेषगरी उनीहरूको तयारी हेर्दा भारतको पूर्णागिरि र नेपालको कौवानी क्षेत्रमै बाँध बनाउने मनशाय देखिन थालेको छ । किनकि उनीहरूको स्वार्थसिद्धि त्यहींबाट हुने देखिन्छ । नेपाललाई विद्युत दिने सपना बाँडेर, उनीहरू जलसंचय गरेर आफ्नो पानीको संकट टार्ने गुरूयोजनामा क्रियाशील भइसकेका छन् ।

❑ नेपाललाई बेफाइदा के होलाजस्तो देखिन्छ ?

- पचासौ हजार स्थानीय जनताको विस्थापन, डडेल्धुराकै सबैभन्दा उर्वरा भूमिको डुवान र बाँध निर्माणपछि देखापर्ने भूकम्पले बाँध फुटाएमा कैलाली, कञ्चनपुर र बर्दियादेखि भारतमा समेत गम्भीर असर पार्नेजस्ता समस्याहरू हामीले देखेका छौं । सबैभन्दा ठूलो समस्या त राष्ट्रियताको हो, बाँध बन्न दिनु भनेको हामीले आफ्नो देश र जनताको स्वार्थ नहेरिकन अर्काको स्वार्थसिद्धिका लागि 'तथास्तु' गर्ने काम हुनेछ । यसरी यो बाँध वातावरणीय, आर्थिक र राष्ट्रियताको हिसावले हामीलाई फाइदाजनक छैन ।

❑ यसको विरूद्ध एमालेले यहाँ के के गरेको छ त ?

- गत वर्ष सर्भे र सुनवाइको बेला प्रतिरोध गर्ने, सिडियोमार्फत् प्रधानमन्त्रीलाई ज्ञापनपत्र दिने र महाकाली नदीमा डुंगा चल्ने घाटमा दुई घण्टा नाकाबन्दी गरेर आफ्नो विरोध जनाउने काम गरेका छौं । पटक पटक विरोध सभा गर्दै अहिले पार्टीगत रूपमा र संयुक्त रूपमा मंच खडा गरेर विरोध अभियानलाई तीव्र पारिरहेका छौं ।

# पूर्णागिरिमा बाँध बनाउने कुचेष्टालाई स्वीकार्न सकिन्न ।

– पठानसिंह बोहरा, संयोजक, पूर्णागिरि बाँधविरोधी संघर्ष समिति (नेकपा, एमाले), सचिव, पूर्णागिरि बाँधविरोधी संयुक्त संघर्ष समिति, डडेल्धुरा ।



❑ तपाईको आफ्नो विचारमा पूर्णागिरिमा किन बाँध बनाईँदैछ त ?

– यो बाँध भारतले आफ्नो स्वार्थका लागि बनाउँदैछ, त्यसमा नेपाललाई भन्दा उसलाई बेसी फाइदा छ ।

बाँध बनाउन पाएमा उसले खानेपानी र सिंचाईका लागि नहर लैजाने प्रयत्न गरिरहेको छ । बिजुलीको फाइदा पनि उसैले बेसी लिन्छ ।

❑ नेपाललाई के के फाइदा हुन्छ होला ?

– नेपाललाई फाईदाभन्दा बेसी बेफाईदा नै हुन्छ । भित्री मधेश पूरै जलमग्न हुन्छ, जलमग्न हुँदाको बेफाईदाभन्दा फाइदा के हुन्छ र ?

❑ कति क्षेत्र डुबानमा पर्ने अनुमान गरिएको छ ?

– कृषियोग्य जमीन १२ हजार हेक्टरभन्दा माथि, वनजंगल, खोलाको क्षेत्रबाहेक नै । जनसंख्यामा तीनवटा गाविसका फेदीका जनतालाई डुबाउनेदेखि लेकका बासिन्दाहरूलाई समेत बाटोघाटो बन्द हुने देखिन्छ । फेदीमा रहेका बजार, स्कूल, क्याम्पस, महाविद्यालय, खेत र मन्दिरहरू डुबानमा परेपछि उनीहरू पनि नराम्ररी प्रभावित हुनेछन् । महाभारत र चुरे पहाडबीच रहेका ५० हजारभन्दा बेसी मानिसहरू प्रभावित हुने देखिन्छ ।

❑ अरू समस्याहरू के के आउने देख्नुभएको छ ?

– जनताहरू विस्थापित भएपछि बसोबासको समस्या आउँनेछ, जनताले बसोबासकै लागि दुख पाउनेछन् । सरकारले ५० औं हजार मानिसहरूको लागि बसोबासको व्यवस्था गर्दैन, गर्ने आशा पनि हामीलाई छैन । किनकि कमैयाहरू र सुकुम्बासीहरूको समस्या ज्यूँकात्यूँ छ, सुक्ला फाँटाबाट विस्थापित गरिएका केही बासिन्दाहरूको बसोबासको समस्यासमेत अहिलेसम्म हल गरिएको छैन ।

❑ बाँधको सवालमा यो संघर्ष समितिले के के गरिरहेको छ नि ?

– संघर्ष समितिको गठन भएपछि तीनवटा जन-जागृतिका कार्यक्रम र विरोध सभाहरू गरेका छौं, एउटा जोगबुडामा, पुस ८ गते चन्दनीमा र एउटा माघे संक्रान्तिका दिन परशुराममा गरेका छौं । मंसिर १७ गते जिल्ला प्रशासनमार्फत् श्री ५ को सरकारलाई ज्ञापनपत्र दिएका छौं ।

❑ संघर्षका के कस्ता उपायहरू प्रयोग गरिएको छ ?

– सार्वजनिक कार्यक्रमद्वारा जनमानसलाई सजग गराउने, जुनसुकै ढंगको संघर्ष गर्नु पर्‍यो भने पनि तितरबितर नहुने र संगठित प्रतिवाद र संघर्ष गर्ने चेतना जागृत गराउने काम गरिरहेका छौं ।

❑ बाँधविरोधी भारतीय जनताका संघर्षहरूबाट केही सिक्ने प्रयत्न गर्नुभएको छ कि छैन ?

– टिहरी-गढवालमा जाँदा त्यहाँका जनताले 'हाम्रो प्राण गए पनि आफ्नो जन्मभूमि र माटोको संरक्षणका लागि बाँध बनाउन दिन्न' भन्ने दृढ भावना व्यक्त गरेको पाएँ र संघर्षका नौला तरिकाहरू अपनाएको देखें । त्यसबाट धेरै नै प्रेरणा पाएको छु । त्यसरी नै हामीले पनि संघर्ष गर्न हामी संघर्ष संचालनकर्ता र हाम्रा जनताहरू सबै सजग र संगठित हुनुपर्छ । कतिपय साथीहरू निस्क्रिय हुने हुन् कि भन्ने शंका उब्जिरहेको स्थितिमा हामी सबै अडिग र अटल हुनुपर्दछ ।

❑ यहाँ एउटै सवालमा तीन तीन संघर्ष समितिहरू गठन भएको देखियो, किन यसो गरिएको हो ?

– शुरूमा परशुराम गाउँमा रामचन्द्र चटौतजीको संयोजकत्वमा पञ्चेश्वर, पूर्णागिरि उच्च बाँधविरोधी संघर्ष समिति गठन गर्नुभयो । त्यसमा पञ्चेश्वर बाँधको पनि विरोध देखियो । पञ्चेश्वरको होइन, पूर्णागिरिको सवालमा मात्र विरोध गर्नुपर्छ भन्ने मान्यता हाम्रो नेकपा एमालेको रह्यो ।

❑ किन ?

– किनकि पञ्चेश्वर महाकाली सन्धिमा समेत उल्लेख भएको हुनाले त्यसमा हाम्रो पार्टीको पनि सहमति थियो । महाकाली सन्धि पारित गर्दा सहमति जनाउने हाम्रो पार्टीको धारणा के छ भने पञ्चेश्वर बन्नुपर्छ, तर पूर्णागिरिचाहिँ महाकाली सन्धिको विपरीत हो । त्यसैले रामचन्द्रजीको नेतृत्वमा छुट्टै समिति बन्यो र त्यसमा यस क्षेत्रका सबै मानिसहरू समेटिएका छैनन्, यही गाउँका मात्रै छन् । सबै राजनैतिक पार्टीका मानिसहरूसहित हामीले मंसिर ४ गते संयुक्त ढंगले, कांग्रेस पार्टीको पनि सहभागितासहित समिति बनाइएका हौं । ❑

---

टनकपुरको त्यत्रो विवाद भयो, कति जना शहीद भए, कति त्यसकै नाममा मन्त्री भए, कति मन्त्रीबाट खुस्किए । तर टकनपुर बाँधबाट विस्थापित र प्रभावित भएका ८० वटा नेपाली परिवारहरूलई आजसम्म पनि क्षतिपूर्ति दिइएको छैन । यस बीचमा प्रजातान्त्रिक समाजवादी सरकारदेखि साम्यवादी र अति राष्ट्रवादी सरकारहरू आए-गए, तर आजसम्म पनि तिनीहरूको पीर-मर्का हटाउने काम कसैले गरेका छैनन् । जुन राष्ट्रले सर्वोच्च अदालतको फैसला, संसदको दुई तिहाई बहुमतसहित सम्पन्न भएको महाकाली सन्धिसँग सम्बन्धित टनकपुर बाँधद्वारा प्रभावित र विस्थापित जनताको खोसिएको हक पुनर्स्थापित गर्न सक्दैन, त्यसले पानी व्यवस्थापनदेखि जोगबुडाका चालीसौं हजार जनताको पीर-मर्का के बुझ्न सक्छ र ? ८० परिवारको पीर-मर्काको बारेमा सोच-विचारसमेत नगर्ने पानी ब्यूरोक्रेटदेखि नेता र मन्त्रीहरूले डडेल्धुराका हजारौं जनताको पुनर्वास, पुनर्स्थापना र हक-अधिकारको बारेमा सोचविचार गर्लान् भनेर कसरी आशा गर्न सकिन्छ र ?

यदि कसैले पुनर्स्थापनाको आश्वासन दिन्छ भने त्यहाँका जनताले तल ब्रम्हदेव मण्डीमा गएर टनकपुर बाँधको कारणले विस्थापित र प्रभावित जनतासँग कुरा गरेमा दिउँसोको घाम जत्तिकै छर्लङ्ग हुनेछ- ती आश्वासनहरू झूठा रहेछन् ! आफ्नो गति पनि तिनीहरूकै जस्तो बिजोग हुनेवाला छ ! त्यस्तै भारतले अनाहकमा बनाएको लक्ष्मणपुर तटबन्धद्वारा प्रभावित १५ हजार नेपालीहरू नराम्ररी प्रभावित भएको दृश्य देख्नासाथै छर्लङ्ग हुनेछ - पूर्णागिरिमा पनि नेपालीहरू ठगिने-मिचिने संभावना प्रचुर छ ।

पूर्णागिरि बाँधले पनि नेपालीहरूका लागि शारदा, टनकपुर र लक्ष्मणपुरले जस्तै दुर्भाग्य बोकेर आउने संभावना बेसी छ भन्ने कुरा लक्ष्मणपुरकै उदाहरणले नराम्रो संकेत दिइरहेको छ । लक्ष्मणपुरमा नाहकमा मनपरी ढंगले बाँध बनाएर भारत सरकारले नेपालीहरूलाई थिचोमिचो गर्दा पनि नेपाली सरकार र पानी ब्यूरोक्रेटहरू मौन रहे । १०-१० वर्षमा नेपाल-भारतको संयुक्त आयोग बस्दा पनि त्यसबारे कुनै ठोस कदम चालिएन । ती १५ हजार नेपालीहरूलाई क्षतिपूर्ति खोइ ? भनेर रामेश्वरमान अमात्य र मैले प्रश्न उठाउँदा हाम्रा सबैजसो सांसदहरूले केही समर्थन गरे तर हाम्रो जलश्रोत मन्त्रालयका पदाधिकारीहरूले खालि अर्को तटबन्ध बनाउनेबाहेक केही कुरै गरेनन् । खै त विस्थापित र प्रभावित परिवारहरूलाई क्षतिपूर्ति भन्ने सवालमा ती पानी-ब्यूरोक्रेटहरूले जवाफ दिए - 'क्षतिपूर्ति दिने काम गृहमन्त्रालयको हो, हाम्रो मन्त्रालयको होइन ।' उनीहरूको काम भनेको त बाँध बनाउने, ठेक्कापट्टा गर्ने मात्रै रहेछ ।

**टनकपुरको त्यत्रो विवाद भयो, कति जना शहीद भए, कति त्यसकै नाममा मन्त्री भए, कति मन्त्रीबाट खुस्किए । तर . . .**

जलश्रोत मन्त्रालयको यस्तो जवाफले निकै अनर्थपूर्ण सन्देश दिएको देखिन्छ । अहिले विश्व बाँध आयोगको चर्चित रिपोर्टमा 'बाँध

# म भारतलाई मात्रै गाली गर्ने पक्षमा छैँदैछैन, किनभने उसको कामै बलमिच्याइँ गर्नु हो

बनाउने हो भने मानवीय समस्याहरू पनि हेर' भन्ने चुनौती दिइएको छ । तर टनकपुर बाँधको कारणले प्रभावित ८० परिवार र लक्ष्मणपुर बाँधको कारणले प्रभावित १५ हजार नेपालीहरूलाई क्षतिपूर्ति दिन नसक्ने सरकारले भोलि ४० हजार डडेल्धुराबासीहरूको मानवीय समस्यालाई हेर्ला त ? १५ हजार नेपालीहरूको विनाशको शर्तमा विकास गरिरहेको दावी गर्ने सरकारको विकासको दावी पूरै झुठो साबित भइरहेको छ । किनकि १५ हजार नेपालीहरूलाई विनाश गरेर गरिएको विकास विकास नै होइन, महाविनाश हो । यो विनाश डडेल्धुरामा पनि हुने स्थिति छ, यो निकै दुःखलाग्दो घटना हो ।

अतः यहाँ फेरि फेरि पनि टनकपुर, लक्ष्मणपुर र पूर्णागिरिका सम्बन्धमा विकास र विनाशको सवाल महत्वपूर्ण ढंगले उठाउनु जरूरी छ । प्रश्न उठ्छ - विकास के को लागि ? मानवीय मूल्य-मान्यतालाई अगाडि बढाउन र सबैलाई सुरक्षा प्रदान गर्न । आफ्नो जीवनमा, व्यक्तिगत र पारिवारिक रूपमा, जात-जाति, भाषा-भाषी र राष्ट्रसमेतमा सुरक्षा र मानवीय मूल्य-मान्यताको अभिवृद्धि गर्न । मानवीय मूल्य र मान्यताको विकास नगर्ने हो भने, जनताको सुरक्षासमेत नहुने हो भने हामीले किन विकास गर्ने ? के हामी दुई चारजना ठेकेदारहरूलाई धनी बनाउनलाई मात्रै विकास गरिरहेका छौं त ? के दुई चारजना ठेकेदारहरू धनी हुँदैमा राष्ट्र र जनता धनी हुन्छन् ?

यो कठिन प्रश्नको जवाफ नखोजुञ्जेल कुनै पनि सवालमा हामी अगाडि बढ्न सक्दैनौं । ८० परिवारको जीवन, घर-जग्गाको सुरक्षाको ग्यारेन्टी गर्न नसक्ने, उनीहरूलाई न्याय दिन नसक्ने देश र सरकारको मुख हेरेर कसले लगानी गर्छ ? यति सानो समूहलाई सामाजिक न्याय दिन नसक्ने देश र सरकारले विकास कार्य अगाडि बढाउँदा, पूर्णागिरिमा विशाल बाँध बनाउँदा त्यहाँका हजारौं जनतालाई सामाजिक न्याय दिलाउँछ भनेर कसले पत्याउने र किन पत्याउने ?

जनताले सामाजिक न्याय नपाउने पक्ष पहिले टनकपुरमा मात्र, थियो जस्तो लागेको थियो । तर अहिले आएर लक्ष्मणपुरमा त त्यहाँभन्दा सयौं गुनामा मानिसहरू सामाजिक न्यायबाट विमुख भइरहेका छन् । टनकपुरमा ५०० मीटर नेपाली भू-भागमाथि भारतको बलमिच्याइँका विरूद्ध त्यत्रो जन-आवाज उठेको सन्दर्भमा महाकाली सन्धि हुँदा पनि भारतले बलमिच्याइँको प्रवृत्तिलाई छोडेन । टनकपुरमा ५०० मीटर नेपाली भूभागमा मनपरी ढंगले मिचेर बाँध बनाएको भारतले नेपाली जनताको विरोधलाई कुल्चेर महाकाली सन्धिको लगत्तै लक्ष्मणपुरमा पनि त्यही हविगत सिर्जना गरिदियो ।

लक्ष्मणपुरको त्रासदी देख्दा लाग्छ- महाकाली सन्धि गरेपछि 'पश्चिमबाट सूर्य उदाएको, खरबौं रकम फाइदा हुनेभयो, नेपाल-भारतको सम्बन्ध नै फरक भइसक्यो, भारतको नेपालप्रतिको धारणा नै फरक भइसक्यो भनेर कुर्लनेहरूले सिल्टिमुर खाएका छन् । महाकाली सन्धिमा हतारिएर सही गर्नुभन्दा अगाडि भारतको यस्तो बलमिच्याइँपूर्ण रवैयालाई ध्यानमा राखेर 'तैंले आफ्नो व्यवहार-रवैया नफेरिकन, बलमिच्याइँलाई नसुधारेसम्म महाकाली सन्धिमा सही गर्दैनौं' भन्न नसकेकै कारणले भारत झन् साँढे भएको हो । टनकपुरमा उसले जेजति बलमिच्याइँ गरेको हो, त्यसमाथि नेपालको कुनै दवाब नभएपछि उसले लक्ष्मणपुरमा टनकपुरकै नियतिलाई दोहोऱ्याउने हिम्मत गऱ्यो, जुन धेरै नै दुःखदायी कुरा हो ।


महाकाली नदी

भारतले नेपालमाथि बलमिच्याइँ गर्ने हिम्मत बढाउँदै गएको देख्दादेख्दै पनि भारतलाई मात्रै गाली गरेर केही हुनेवाला छैन । म भारतलाई मात्रै गाली गर्ने पक्षमा छँदैछैन, किनभने उसको कामै बलमिच्याइँ गर्नु हो । उसले आफूलाई फाइदा हुने काम त गर्छ, गर्छ । उसले नेपाललाई फाइदा हुने काम गर्नु कुनै बाध्यता छैन ।

नेपाललाई फाइदा हुने काम त हामी नेपालीले नै गर्नुपर्छ । हाम्रो मुख्य समस्या हो- आफूले आफ्नो हित हेर्ने काममा असफल भएपछि अरूले हाम्रो फाइदाका लागि काम गरिदेला भनेर आशा गर्ने दास - मानसिकता ! एउटा दाता वा नायक आउला, विदेशी मामा आउला, मद्दत गर्ला, पापा ल्याउला, कोसेली ल्याउला भन्ने हाम्रो 'कोसेली विकास'को अवधारणा हाम्रो प्रमुख समस्या हो ।

हाम्रो अर्को सबैभन्दा ठूलो समस्या हो : पटक पटकको गल्तीबाट पनि ठ्याम्मै पाठ नसिक्ने बुद्धुपना र ठेकेदारमुखी संरचना ! इन्जिनीयर साहेबहरूका लागि जलश्रोत मन्त्रालयभित्र पानी व्यवस्थापनको नाममा यस्तो संरचना बनाइएका छन्, जहाँ न मानवीय मूल्य मान्यता, न अर्थ-राजनीति, न अर्थतन्त्र, न कानूनी र सामाजिक पक्षको कुनै अर्थ हुन्छ । सिर्फ ठेकेदारलाई ठेक्का दिने र सिमेन्ट, कन्ट्र्याक्ट सिवाय् अरू केही नअटाउने जलश्रोत व्यवस्थापन नेपालले बनाएको छ । यो संरचनामा आमूल परिवर्तन नगरेसम्म ठेकेदारको मात्रै बोलवाला भइरहन्छ- नेपालको विकास भनेको ठेकेदारको विकास !

अतः टनकपुरदेखि लक्ष्मणपुरसम्म नफेरिएको भारतको रवैया पूर्णागिरिमा आएर मात्रै फेरिएला भनेर आशा गर्ने ठाउँ कहींकतै छैन । तर मलाई भारतको रवैयामा फेरबदल नभएकोमा कुनै आश्चर्य लाग्दैन, मलाई आश्चर्य र दुःख लागेको पक्ष हो- हामीहरूकै दास-मानसिकता, कोसेली विकासको अवधारणा र बुद्धुपनामा कुनै परिवर्तन नहुनु ! टकनपुरदेखि लक्ष्मणपुरसम्म भारतले उही बलमिच्याइँपूर्ण रवैया अपनाइरहने अनि नेपालले चाहिँ आफ्नै हित र स्वार्थ नहेर्ने, आफ्नै जनतालाई न्याय नदिने ! - यस्तो परिपाटी चलिरहँदासम्म टनकपुरदेखि लक्ष्मणपुरसम्मको नियति पूर्णागिरिसम्म नदोरिएला भनेर म कसरी आश्वस्त हुन सक्छु ? मानौं, म जोगबुडाको मान्छे हुँ, हामी ४० हजार प्रभावित र विस्थापित जनताले न्याय पाउँछौं, हामी नेपालीको हक, हित र स्वार्थको रक्षा हुन्छ भनेर म कसरी विश्वस्त हुनसक्छु ?

मलाई भारतको रवैयामा परिवर्तन नभएकोमा पीर छैन, हामीहरूको रवैयाको फेरबदल नआएकोमा ठूलो पीर परिरहेको छ । आफ्नो देशका जनताप्रति भारतीय पानी-ब्यूरोक्रेटहरूको जुन रवैया छ, त्यही रवैया हाम्रा पानी-ब्यूरोक्रेटहरूको पनि छ, त्यसमा कुनै भिन्नता आएको छैन । त्यसैले अहिले आएर मलाई लागिरहेको छ - पानीको समस्या भनेको नेपालको मात्र वा भारतको मात्र समस्या होइन, यो त सोलिडारिटीको समस्या हो । हामीले बनाएको जलश्रोतको नोकरशाहीतन्त्र भनेको मूलतः ठेकेदारतन्त्र हो, यस्तो ठेकेदारतन्त्रले देश र जनताको हित गर्नै सक्दैन । एकजना अमेरिकी राष्ट्रपतिले भनेका थिए - 'जनरल मोटर्स नामक कम्पनीको हित नै अमेरिकाको हित हो !' यहाँ पनि

# बाँध बनाउने राष्ट्रघाती को हो ?

- यज्ञराज जोशी

नेपाली कांग्रेसका स्थानीय नेता, कंचनपुर (कंचनपुरमा भएको अन्तर्क्रिया)

❑ पूर्णागिरि बाँध बनेमा अहिलेका हामी शासनकहरूलाई, चाहे सत्तापक्ष वा विपक्षका होउन्, भावी पुस्ताले बाँकी राख्ने छैनन् । बाँध बन्यो भने हाम्रो स्वाभिमानमाथि चोट त पुग्छ पुग्छ नै, हाम्रो भूभाग पनि बाँकी रहने छैन । यस्तो स्थितिमा बाँध बन्न दिनु हुँदैन भन्ने आवाज डडेल्धुराका हाम्रा सांसद तथा भूपू प्रम शेरबहादुर देउवासमक्ष राखिसकेका छौं । नेपाली कांग्रेस, एमाले, मालेलगायत सम्पूर्ण राष्ट्र पूर्णागिरि बाँधको विरोधमा छ । तापनि बाँध बनाउने किन दुस्साहस हुँदैछ ? यसभित्रको गुह्य कुरो के हो ? यसको पछाडि कुन चाहिँ राष्ट्रघाती छ ? यसको पहिचान गरी संघर्ष गर्नु जरूरी छ । ❑

त्यस्तै भइरहेको छ - 'ठेकेदारको भलो नै नेपालको भलो !' अरूण तेस्रोदेखि अहिलेसम्म देखिएको ठेकेदारतन्त्रले दिइरहेको सन्देश हो - जसरी भएपनि ठेक्का पट्टा देऊ, कमिशन खाऊ !

## *भारतमा अर्को हरिविजोगको सहमति*

पूर्णागिरिको सवालमा नेपाल सरकारले नयाँ तथ्य बाहिर ल्याएको छ, त्यो तथ्य हो - पूर्णागिरिमा बाँध बनाउने बारेमा सर्भेक्षण गर्न प्रम गिरिजाप्रसाद कोइरालाको पछिल्लो भारत भ्रमणमा सहमति भएको थियो रे ! मलाई त के लाग्छ भने देश उही हो, शासकहरू उस्तै हुन्, नोकरशाहहरू उस्तै हुन् । जुन देशका जलश्रोत मन्त्रालय- नोकरशाहहरूले मानवअधिकार तथा परराष्ट्र मामिलासम्बन्धी संसदीय समितिमा लक्ष्मणपुरको बारेमा हरिविजोगको प्रस्तुति गरे, तिनीहरूले भारतको दिल्लीमा प्रधानमन्त्रीसँगै गएर सर्वोत्तम प्रस्तुति गरे होलान् भन्ने कुरामा म विश्वस्त छुइन । यहाँ त ठेकेदारमुखी भएर कुरा गर्नेहरूले भारतमा गएर पनि ठेकेदारमुखी कुरा गरेको हुनुपर्छ । हाम्रा प्रधानमन्त्रीले हाइड्रोपावर र हाइड्रोलिक्सको भिन्नता कति बुझ्नु हुन्छ, भगवान जानोस् । हाम्रा हाइड्रोलिक्स पढेकाहरूले समेत त्यति बुझेका छैनन् भने अरूको त कुरै छाडौं । ठेकेदारमुखी भएपछि कहाँ पुगिन्छ भन्ने कुरा त हामीले देखिसकेकै छौं ।

अतः प्रधानमन्त्रीले भारतमा गएर देश र जनताको हित हुने गरी नयाँ सहमति, नयाँ भयो भन्नेमा मलाई शंका लाग्छ । महाकाली नदीका बारेमा अब टुंगो लगाउन त जे टुंगो लगाएर आए पनि हुन्छ, किनभने महाकाली सन्धि नै टुंगो लगाइसकेको स्थिति त छँदैछ ।


योसँग जोडिएर आउने एउटा गल्ती हो : पञ्चेश्वर परियोजनाको विशाल कार्यालय खोल्नु । डीपीआर तयार गर्ने नाममा बाँध निर्माण गर्ने अफिस खोलिएको छ । जलश्रोत मन्त्रालय सिंगै निर्माण मन्त्रालय जस्तो छ भने त्यसले खोल्ने परियोजनाको कार्यालयको आकार-प्रकार पनि त्यस्तै त हुन्छ । म यहाँ संरचनागत कुरा उठाउन खोजिरहेको छु । तपाईको विचार, आकार-प्रकार, संरचना सबै नै "ठेकेदारमुखी छ भने तपाईले आफ्नो अन्तर्गत खोल्ने कार्यालय मात्रै कहाँबाट प्राज्ञिक कार्यालय हुन्छ ? डीपीआर तयार गर्ने नाममा खोलिएको ठेकेदारमुखी निर्माण कार्यालयबाट तपाई कहाँ डीपीआर तयार गर्न सक्नुहुन्छ ? त्यो त कुनै प्रोजेक्टलाई संचालन गर्न, भोलि ठेक्का पट्टा गर्न मात्रै खोलिएको होइन भन्ने कुरा त्यसले पुष्टि गर्न सक्छ त ?

महाकाली सन्धि भएको ६ महिनापछि नै तयार हुनुपर्ने डीपीआर तयार हुन ६ वर्ष लागिसक्यो, तर डीपीआर तयार गर्ने कुनै छाँटकाँट देखिएको छैन । पञ्चेश्वर परियोजनाको कार्यालय साँच्चै नै डीपीआर तयार गर्न खोलिएको हो भने त्यसको सिंगो संरचना आफैं पूर्णतः भिन्नै खालको हुनुपर्छ । त्यसभित्र कमसेकम सामाजिक अध्ययन र वातावरणीय अध्ययनको संरचना हुनुपर्छ । सामाजिक र वातावरणीय अध्ययन भनेको, सरकारी दावीअनुसार, विकासविरोधी नै मान्ने हो भने पनि, त्यसभित्र आर्थिक अध्ययनको संरचना त हुनु नै पर्ने हो । तर खोइ, कहाँ छ त - बित्तीय लगानीको अध्ययन गर्ने संरचना ?

त्यसैले पञ्चेश्वर परियोजनाको कार्यालय खोल्दासमेत गल्ती गर्ने सरकार र पानी-ब्यूरोक्रेटहरूले भारतमा गएर के गरे होलान् भन्ने कुरा सहजै अनुमान गर्न सकिन्छ । संभावना बेसी के छ भने, भारतमा गएर अफिस खोल्ने, त्यसपछि ड्रिलीङ्ग गर्ने आदि सहमति बनाएर आएको हुनसक्छ । तर यहाँ सबैभन्दा महत्वपूर्ण प्रश्न हो - रि-रेगुलेटिङ ड्याम ! त्यो पूर्णागिरिसम्म तल गएर त कदापि बन्ने स्थिति छैन, अनि के को सर्भेक्षण ? अनि रि-रेगुलेटिङ बाँधको स्वतन्त्र अध्ययनको रिपोर्ट खोइ ? त्यसको स्वतन्त्र मूल्यांकन खोइ त ? खोइ कहाँ, कुनचाहिँ संसदीय समितिमा प्रस्तुत गरिएको ? आजसम्म यस विषयमा कतिवटा संसदीय सर्वदलीय समितिहरू बने ? तर खोइ कहाँ प्रस्तुत गरिएको छ, त्यसको रिपोर्ट ? आजसम्म त्यसको किन प्राज्ञिक मूल्यांकन नगरेको हो ? इन्जिनीयरहरूले ल्याएका रिपोर्टहरूमा ल्याप्चे ठोक्नेबाहेक यस्ता संसदीय समितिहरूले अहिलेसम्म के गरेका छन् त ? लक्ष्मणपुरमा बाहेक अन्य मामिलामा यस्ता संसदीय समितिहरूले आफ्नो इज्जत राख्न सकेका छन् र ? अतः महाकालीसम्बन्धी सर्वदलीय समितिले अहिलेसम्म खोइ के गऱ्यो त भन्ने प्रश्न उठिरहेको छ ।

भारतमा प्रधानमन्त्रीको पछिल्लो भ्रमणताका पनि पूर्णागिरिमा ड्रिलीङ गर्ने सहमति बनाइएको हुनुपर्छ । तर पूर्णागिरिबाट नेपाललाई फाइदा हुन्छ कि हुँदैन भनेर छलफल गरेको चाहिँ कहींकतै पाइएन । त्यसैले आफ्नो होश गुमाएर कसले के कस्तो सहमति गऱ्यो, त्यो बाहिर आएको देखिएको छैन ।

*मालेका नेता-कार्यकर्ता र सांसदहरूले 'भारतीय विस्तारवाद मूर्दावाद', 'पूर्णागिरि बाँध चाहिँदैन, नेपाल डुबाउन पाइँदैन' जस्ता नाराहरू लगाए*



## *एमालेको एउटा सह्राहनीय काम*

एमालेको प्रजातान्त्रिक राष्ट्रिय युवा संघर्षको पूर्णागिरि अध्ययन भ्रमण टोलीले रिपोर्ट दिएपछि जलश्रोत मन्त्रालयले 'बाँध बनाउन खोजेको होइन, सर्भेक्षणमात्रै गरिरहेको' दावी गऱ्यो । त्यसमा मेरो प्रतिदावी के छ भन्दा सर्भेक्षण पनि बाँध बनाउनकै लागि गरिन्छ, जब नचाहिंदो ठाउँमा सर्भे गरिन्छ भने पनि त्यो सर्भे भनेको बाँध बनाउने क्रम नै हो । यो पञ्चेश्वर बाँधजस्तो अर्को दोस्रो बाँध नै बनाउन सर्भे गरिएको हो । यो रि-रेगुलेटिङ बाँध होइन, क्यास्केट बाँध (श्रृंखलाबद्ध बाँध) हो । नदीमा माथिदेखि तलसम्म पहिलो, दोस्रो, तेस्रो बाँधको श्रृंखलाको एउटा बाँध हो, जसको आफ्नै महत्व हुन्छ । भारतले अब महाकाली नदीको एउटा श्रृंखलाको रूपमा रहेको पूर्णागिरिको बारेमा पनि अध्ययन गर्न थालेको हो ।

प्ररायुसंघ र एमालेले पूर्णागिरिमा बाँध बनाउने कुराको विरोध गर्न थालेका छन् । १२ जना एमाले सांसदहरूसहितको प्ररायुसंघको अध्ययन भ्रमण टोलीले त त्यहाँ सर्भेक्षण पनि गर्न नदिने घोषणाका साथ ड्रिलीङ मेशिन र पाईपहरू पनि महाकाली नदीमा फ्याँकेर आएको छ । म यसलाई निकै सह्राहनीय काम मान्छु । एउटा नेपाली उखान छ; एकचोटि कट्टु फुस्केपछि बाह्रवटा कट्टु लाए पनि इज्जत आउँदैन । लाज शरम नभएको नेपाली कांग्रेस लाटोबुंगो भएको बेला, एमाले र राप्रपाले विगतमा महाकाली सन्धिताका कट्टु फुस्काएर आफ्नो इज्जत गुमाएका थिए । अहिले आएर एमालेले पूर्णागिरिको बाँधसम्बन्धी सवालमा जायज आवाज उठाएर त्यो फुस्केको कट्टु लगाएर आफ्नो इज्जत फर्काउन खोजेको छ । यसलाई म अत्यन्त सह्राहना नै गर्दछु, किनकि कट्टु नलगाईकन हिंड्नुभन्दा कट्टु लगाएर हिंड्ने प्रयास गर्नु निकै राम्रो कुरो हो । त्यसैले एमालेले पूर्णागिरि बाँधको विरोधमा कदम चालेर फेरि एक पटक कट्टु लगाउने प्रयत्न गरेको छ । तर पुनः इज्जत प्राप्त गर्ने क्रममा, नेपाली जनताले उखानमा


व्यक्त गरेजस्तै, १२ वटा मात्रै होइन, शायद १३,१४,१५ वटा कट्टु लाउन थाल्यो भने एमालेको इज्जत फर्कन्छ कि ? त्यसैले एमालेले कम्तीमा पनि १२ वटा कट्टु त लगाउनै पर्छ र पहिलो पटकको कट्टु लगाइलाई सह्राहना नै गर्नु पर्छ, यो राम्रो काम भएको छ । यत्ति पनि नगरिएको भए एमालेको हालत निकै गएगुज्रेको हुने थियो, कमसेकम यत्ति गरेको पनि ठीक भएको छ ।

पूर्णागिरि बाँधको सवालमा एमालेको प्रशयुसंघको रिपोर्टमा जुन ठीक कुरा उठाइएको छ, ती कुराहरू पञ्चेश्वरको मामिलामा पनि उत्तिकै सही छन्, झन् बेसी ठीक छन् । त्यसैले एमालेले पूर्णागिरिमा उठाइएका सही सवालहरूलाई पञ्चेश्वरको मामिलामा पनि हेर्ने आत्मालोचनात्मक प्रयास गर्नु जरूरी छ ।

यहाँ ध्यान दिनयोग्य कुरा हो : एमालेले साँच्चै नै आफ्नो गुमेको इज्जत फिर्ता गर्न खोजेको हो भने महाकाली सन्धिमा भएको गल्तीको स्वीकारोक्ति व्यक्त गर्नुपर्छ । महाकाली सन्धिको धारा-३ र महाकाली सन्धिसितै आदान-प्रदान भएको लोहनी-मुखर्जीको पत्राचारको पनि धारा-३ मा गल्ती भएको थियो भन्ने कुरा बोध गर्नुपर्छ । पञ्चेश्वर र सिंगो महाकालीको सम्बन्धमा भएका गल्तीहरूलाई सही ढंगले सम्बोधन नगरीकन 'पूर्णागिरिमा मात्रै गल्ती छ, हामीले पञ्चेश्वर बनाउनका लागि ध्यान केन्द्रित गर्नुपर्छ' भनेर भन्नु अर्को महाभूल हुनजाने संभावना छ, किनकि पूर्णागिरिको सम्बन्धमा जुन जुन गल्तीहरू औंल्याइएका छन्, ती सबै गल्तीभन्दा डरलाग्दा महागल्तीहरू पञ्चेश्वरको मामिलामा पनि छन् । जनताको विस्थापनको समस्यादेखि लिएर नेपाल र नेपालीको हित र स्वार्थलाई नगण्य ठान्ने समस्या पञ्चेश्वरमा पनि छन् । पूर्णागिरिको सट्टामा पञ्चेश्वर नजिकै रि-रेगुलेटिङ बाँध बनाउनुपर्छ भन्ने हदसम्मको मान्यता सैद्धान्तिक र प्राविधिक रूपले सही मान्यता हो, यस बाहेकका अरू सबै समस्याहरू त पञ्चेश्वरमा पनि उठ्नेवाला छँदैछन् । त्यसैले पञ्चेश्वरको बाँधमा केन्द्रित गरेर काम हुँदैमा केही हुनेस्थिति छैन, पञ्चेश्वरसँग जोडिएका जब्बर सवालहरू अनुत्तरित नै छन् ।

### डिपीआर र महाकाली सन्धिको वैधानिकतामाथि प्रश्न

अतः पूर्णागिरि बाँधको सवालबाट अगाडि बढेर पञ्चेश्वर बाँध र सिंगो महाकाली सन्धिका गल्ती कमजोरीहरूमाथि ध्यान केन्द्रित गर्नु जरूरी छ, तिनै सन्धिका समस्याहरूलाई दरो रूपमा सम्बोधन नगरीकन केही हुने स्थिति छैन । एकीकृत महाकाली सन्धि गरिएको कारणले हातमाथि पारिसकेको भारतले अब कालापानीदेखि पूर्णागिरिसम्म जे पनि गर्ने छूट पाइसकेको स्थितिमा र डीपीआर बनाउने नाममा कार्यालयसमेत खडा गरिसकेको स्थितिमा नै पनि सिंगो महाकाली सन्धि र त्यसको डीपीआरको वैधानिकतामाथि नै ठूलो सवाल उठाउनु आवश्यक भइसकेको छ ।



*पूर्णागिरिमा विरोध : सिंगो महाकाली सन्धिकै रिभ्यू गर्ने कि ?*

## गिरिजाप्रसाद कोइरालाको सबैभन्दा आपत्तिजनक घोषणाप्रति एमालेलगायत सबै पार्टीहरूले किन सवाल उठाइरहेका छैनन् ?

नेपालको हित-अहितको एक एक हिसाव हुने गरी डीपीआर निर्माण हुनभन्दा अगावै संभौता गरिएको र संभौता भएको ६ महिनाभित्रै डीपीआर बनाउने सहमति भएअनुसार ६-६ वर्षभित्र पनि काम नभएको अहिलेको स्थितिमा फेरि एक पटक संसदमा महाकाली सन्धि र डीपीआरको वैधानिकताबारे गम्भीर छलफल र पुनः मतदान हुनु जरूरी भइसकेको छ । डीपीआर बनाउने सहमतिको म्याद गुज्रिसकेको स्थितिमा फेरि डीपीआर बनाउन फेरि सहमति कायम गर्नु पर्छ कि पर्दैन ? कुनै पनि सहमतिको म्याद गुज्रिसकेपछि फेरि सहमति नवीकरण गरेजस्तै ६ महिनाभित्र बनाउनुपर्छ भनेर संसदको दुईतिहाइ बहुमतले दिएको डीपीआरसम्बन्धी सहमतिको म्याद गुज्रिसकेपछि फेरि संसदको दुईतिहाइ बहुमतद्वारा नवीकरण गर्नुपर्छ कि पर्दैन ? संसदमा नगईकन यस्तो चोर-काइदा किन पटक पटक दोहोऱ्याइन्छ ?

प्रम गिरिजाप्रसाद कोइरालाको यस्तो काइदाको एउटा उदाहरण हो, दिल्लीमा गएर सन् २००१ को अन्तसम्ममा डीपीआर तयार गरिनेछ भनेर उहाँले सगर्व घोषणा गर्नुभयो । गिरिजाप्रसाद कोइरालाको सबैभन्दा आपत्तिजनक घोषणाप्रति एमालेलगायत सबै पार्टीहरूले किन सवाल उठाइरहेका छैनन् ? हो, अब चारैतिर सवाल उठ्नु-उठाउनु जरूरी छ - उहाँलाई यस्तो आपत्तिजनक घोषणा गर्नलाई कहाँ, कसले, कसरी अधिकार दियो ? यो घोषणाले संसदलाई सिधै लात मारेको हो कि होइन ?

डीपीआरलाई पुनः संसदको दुईतिहाइ बहुमतले पास नगर्ने हो भने प्रधानमन्त्री स्वयंले यसरी संसदको अवमूल्यन गरिरहेको कुरा अब छर्लङ हुनेछ । 'हामी सांसदहरूले डीपीआर ६ महिनामै तयार हुनुपर्छ भनेर पारित गरेको त हो, तर हामीले पारित गरेको कुराको कुनै अर्थ लाग्दोरहेनछ भन्दै प्रधानमन्त्रीले दिल्लीमा जेजस्तो घोषणा गरेर आएपनि निरीह प्राणीले झैं स्वीकार्नु पर्छ' भनेर हाम्रा सांसदहरू मौन भएमा संसदको अवमूल्यन त स्वतः हुन्छ नै । यस्ता क्रियाकलापबाट संसद भनेको 'खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने थलो हो' भनेर गरिएको आलोचनाको स्वतः पुष्टि भइरहेको छ ।

त्यसैले हाम्रा सांसदहरूले तुरून्तै प्रम गिरिजाप्रसाद कोइरालालाई सोधपुछ गर्न सक्नुपर्दछ - सन् २००१ सम्ममा डीपीआर तयार गर्ने घोषणा गर्नलाई, महाकाली सन्धिको दफा फेर्नलाई कसले अधिकार दियो ? यसमा प्रधानमन्त्रीलाई कुनै हालतमा पनि उम्कन दिनु हुँदैन । संसदको दुईतिहाइ बहुमतले राखेको अर्द्धविराम र पूर्णविराम चिन्ह फेर्न वा हटाउन पनि संसदमै जानुपर्छ भने म्यादै नाघिसकेको डीपीआरको अवधि बढाउने कि नबढाउने भन्ने विषयमा संसद किन मौन ? जनप्रतिनिधि भनाउँदा सांसदहरू किन चुपचाप ? एमालेलगायत सबै पार्टीहरूले संसदमार्फत् प्रधानमन्त्री गिरिजालाई किन कठघरामा उभ्याउन सक्दैनन् ?

यस्तो जटिल स्थितिमा पनि महाकाली सन्धिका गल्ती-कमजोरीका बारेमा सुधारका संभावनाहरू बाँकी छन् भन्ने कुरा हामीले भुल्नु हुँदैन । डीपीआरको समयावधि बढाउने कि नबढाउने भन्ने कुरा संसदको दुईतिहाइ बहुमतले फैसला गर्नसक्छ । त्यस्तै सन्धिकै पुनर्मूल्यांकन गर्ने, कमी-कमजोरीहरू हटाउने वा नयाँ राष्ट्रिय हितका बुँदाहरू राख्ने कुराका लागि नेपालले, नेपाली जनता र तिनीहरूका प्रतिनिधिहरूले आवश्यक पहल गर्नलाई कसैले पनि छेक्न सक्दैन । त्यसमाथि महाकाली सन्धिकै धारा १२ (३) मा भनिएको छ - 'दश-दश वर्षको अन्तरालमा यो सन्धिको मूल्यांकन गर्न सकिनेछ, कुनै देशले आवश्यक ठानेमा त्योभन्दा अगाडि नै पनि रिभ्यू हुनसक्छ र आवश्यक सुधार पनि गर्न सकिनेछ ।'

❑ प्रस्तुतिः राजेन्द्र महर्जन

फोटो : शालिग्राम तिवारी

फागुन ७ गते

प्रजातन्त्र दिवसको उपलक्ष्यमा हाम्रा ग्राहक महानुभावहरू तथा सम्पूर्ण देशवासीहरूमा हार्दिक मंगलमय शुभ-कामना व्यक्त गर्दछौं

औद्योगिक क्षेत्र व्यवस्थापन लि.

परिवार

बालाजु, काठमाण्डौं, फोन : ३५१२२४, ३५०८४६

# पार्टी-एकताका मस्यौदाहरु तयार हुनथाले

नेकपा मसाल र नेकपा एकताकेन्द्रका बीच पार्टी-एकीकरण हुने दिशामा अघि बढ्ने क्रमले अर्को फड्कोमा प्रवेश गरेको छ ।

उक्त दुवै पार्टीका जिम्मेवार नेताहरू संलग्न रहेको 'एकता संयोजन समिति' गठन भएको छ र यसले आफ्नो काम शुरू गरेको छ । एकता केन्द्रका महासचिव क. प्रकाशको अध्यक्षतामा हाले यो एकता संयोजन समितिको प्रथम बैठक बसेको छ । यसले एकता प्रकृयालाई तीव्र पार्नका निम्ति विभिन्न निर्णयहरू गरेको छ ।

यिनै निर्णयहरूकै आधारमा हाल उक्त दुई पार्टीका व्यक्तिहरू समावेश भएका विभिन्न टोलीहरूले एकीकृत पार्टीका दस्तावेजहरू मसौदा गर्ने कार्य शुरू गरेको समाचार प्राप्त भएको छ ।

नेकपा मसालका महामन्त्री क. रामसिंह श्रीस समेतको सहभागितामा सम्पन्न एकता संयोजन समितिको प्रथम बैठकले दुई पार्टीबीच बढाइनुपर्ने समझदारीका विभिन्न बुँदाहरूमा छलफल गरेको तर टुंगोमा पुग्न अरू छलफलको जरूरी भएको कुरा नेकपा मसाल सूत्रले जनाएको छ । तात्कालीन राजनीतिक कार्यक्रम, अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलन, सांगठनिक सिद्धान्त, पार्टी-विधान र अन्य पार्टीहरूको मूल्यांकन आदिका अतिरिक्त बैठकले पार्टी एकीकरणको प्रकृया के कस्तो हुनुपर्छ भन्नेबारे पनि छलफल गरेको बुझिएको छ ।

नेकपा मसाल र नेकपा एकताकेन्द्रबीच पार्टी एकता संयोजन समिति बन्नुभन्दा केही समयमात्र अघि एकताकेन्द्र र 'देशभक्त कम्युनिष्ट लिग'को एकता भएको परिप्रेक्ष्यमा हाल कार्यकर्ता पंक्तिबाट अरू कम्युनिष्ट समूहहरूसँग पनि एकताको निम्ति पहल हुनुपर्छ भन्ने दवाव दुवै पार्टीमा परिरहेको पनि बुझिएको छ । यसबारे नेताहरूको पनि विशेष चासो रहेको जानकारी पनि प्राप्त भएको छ ।

मसाल र एकताकेन्द्रबीच पार्टी एकताका लागि भएको लामो पहललाई 'गाडाअगाडि गोरू पछाडि' हुन नदिनेतर्फ आफूहरू पर्याप्त चनाखो रहेको कुरा दुवै पार्टीका नेताहरूले जनाउनुभएको छ ।


हाल एकताको निम्ति दस्तावेज मस्यौदाको तहसम्म पुगेका यी पार्टीहरूले आफ्ना मतभेदहरू एवं 'जोड र कोण'बीचका फासलाहरूलाई कसरी ब्यवस्थित गर्ने हुन्, त्यो हेर्न बाँकी नै छ । यस निम्ति नेपाली कम्युनिष्ट आन्दोलनका विगतका तमाम 'जुट र फुट'हरूबाट पाठ सिक्नु जरूरी छ भन्ने हामीलाई लाग्छ ।

> *मसाल र एकताकेन्द्रले आफ्ना मतभेदहरू एवं 'जोड र कोण'बीचका फासलाहरूलाई कसरी ब्यवस्थित गर्ने हुन्, त्यो हेर्न बाँकी नै छ*

हाल नेपाली कम्युनिष्ट आन्दोलन धेरै जनतामा पुग्नसकेको छ र यसका नेता-कार्यकर्ताहरू पनि विगतको तुलनामा धेरै सख्यामा देखा परेका पनि छन् । तर पनि यस आन्दोलनले परिपक्वता र गुणतत्व भने कमै प्राप्त गरेको स्थिति आजको एक महत्वपूर्ण र आधार भूत समस्या हो । यसलाई हल गर्नका निम्ति आज विशेष जोड दिनुपर्ने वैचारिक-सांस्कृतिक पक्ष र पार्टीमा जनवादको सुनिस्चितताका बारेमा एकता संयोजन समितिले विशेष ध्यान जरूरी छ भन्ने हामीलाई लाग्छ । सुदूर भविष्यको 'क्रान्ति'मा विशेष जोड दिने, तर आजै जनतालाई आहत पुऱ्याइरहेका समस्याहरू हल गर्ने कार्यनीतिमा भने जोड नदिने प्रवृत्तिले गर्दा पनि आज नेपालमा दक्षिण तथा वाम 'अति'हरू प्रवल बन्ने दिशातिर अघि बढिरहेका हुन् । यसबारेमा पनि पार्टी एकता संयोजन समितिले गम्भीर ध्यान पुऱ्याउनु जरूरी छ ।

यदि यी अहं सवालहरूमा चाहिं सतही मात्र काम गरी 'पार्टीको नाम र नेता के र को ?' जस्ता विषयमा मात्र ज्यादा जोड हुनगएमा 'एकता' त हुने, तर 'केका लागि ?' भन्ने प्रश्नको उचित उत्तर भने प्राप्त हुन गाह्रो पर्नेछ । ☐

# विद्यार्थीहरुलाई ५० % भाडा छुट लिएरै छाड्छौं



- कृष्ण के.सी.

*अनेरास्वविवु केन्द्रीय कमिटी सचिव तथा संयोजक : केन्द्रीय संघर्ष समिति*

◆ विद्यार्थीलाई यातायातमा सहुलियत भाडाको सम्बन्धमा तपाईंहरूको खास माग के हो र कोसँग हो ?

- अहिले हामी यातायातमा मात्र होइन, अस्पताल, क्लिनिक, मनोरञ्जन स्थल, सार्वजनिक उद्यान, चिडियाखाना, अध्ययन-अनुसन्धानका स्थल र संग्राहलय लगायतका सार्वजनिक क्षेत्रहरूमा विद्यार्थीहरूलाई ५० प्रतिशत सहुलियत दिनुपर्छ भन्ने एक सुत्रीय माग राखेर आन्दोलनमा होमिएका छौं । हामी विद्यार्थीहरूले आफ्नो देशका निम्ति धेरै रगत बगाएका छौं, जनताको हक, हित र अधिकारको निम्ति निरन्तर आवाज बुलन्द गरेका छौं । नेपालमा भएका हरेक न्यायपूर्ण आन्दोलनमा हामी विद्यार्थीहरू जीवनको बाजी लगाएर होमिएका छौं । ०४६ सालको आन्दोलनमा पनि हामी अग्रिम मोर्चामा उभिएर लड्यौं । हाम्रा धेरै साथीहरू शहीद बन्नुभो, अनेकौं साथीहरूले जेल, नेल, बुट र लाठी खानुभो र अहिले पनि हामी समाजको अग्रगति र परिवर्तनका लागि लडिरहेका छौं । तर एउटा प्रश्न उठिरहेको छ, हरेक न्यायपूर्ण लडाईमा जीवनको बाजी लगाएर होमिने विद्यार्थीहरूले आज के पाए ? बहुदल आएको १० वर्षभित्रमा धेरै नेताहरू सांसद बने, मन्त्री बने, महल र पजेरो जोडे, अकूत धन-सम्पत्तिका मालिक बने, तर हामी विद्यार्थीहरूले कुनै सुविधा र सुहलियत पाएनौं, उल्टै पंचायतकालमा समेत उपभोग गरेका सार्वजनिक क्षेत्रहरूमा २५ प्रतिशत सहुलियत खोसियो । न हाम्रो शैक्षिक शूल्क घटेको छ्रहा न कापीकलम र किताबको मूल्य घटेको छ, न त छात्रवास र अन्य सुविधा नै प्राप्त भएको छ । राज्य प्रदत्त सुविधाहरूमा विद्यार्थीहरूले ५० प्रतिशत सहुलियत पाउनुपर्छ, यो सहुलियत कसैको दान र पुरस्कार होइन, विद्यार्थीहरूले पाउनुपर्ने सामुदायिक अधिकार हो । संसारका प्रायः सबै देशमा राज्यबाट विद्यार्थीहरूलाई उचित सहुलियत पाएका छन् । छिमेकी देश भारत, श्रीलंका र भुटानमा पनि विद्यार्थीहरूले सहुलियत प्राप्त गरेका छन् र हामी नेपाली विद्यार्थीहरूले पनि यो सहुलियत लिएर नै छाड्छौं ।

◆ तपाईंहरूले आफ्नो चुनावी स्वार्थका कारण अचानक लोकप्रिय माग राखी अचानक यातायात अवरोध गर्नुभयो भन्ने आरोप छ नि !

- हेर्नुस्, आरोप लगाउनेका पछाडि जानु हुँदैन, कसले के आरोप लगाउँछ, त्यो ठूलो कुरा होइन, अनेरास्ववियूले साँच्चै विद्यार्थीहरूको पक्षमा आवाज उठाएको छ कि छैन ? विद्यार्थी समुदायको निम्ति लडेको छ कि छैन ? त्यो महत्वपूर्ण कुरा हो । अनि ती आरोप लगाउनेहरूले के गर्दैछन् नि ? कालापानीबाट भारतीय सेना हट्नुपर्छ भन्ने माग राखेर काठमाण्डौं कालापानी मार्च गर्दा पनि हामीलाई अनेक आरोप लगाएका थिए । हत्यारा पारस शाहको ज्यादतीविरुद्ध आन्दोलन गर्दा पनि हामीलाई आरोप नै लाग्यो र अहिले विद्यार्थीहरूले ५० प्रतिशत सहुलियत पाउनुपर्छ भन्दा पनि आरोप नै लगाउँछन् भने हाम्रो भन्नु केही छैन ।

◆ ५० प्रतिशत छूटको माग ज्यादा भयो भन्नेहरूलाई तपाईं के भन्नुहुन्छ ?

- विद्यार्थीहरूले अध्ययन गर्नका लागि कुनै सुविधा र सहुलियत पाएका छैनन् । सरकारले शिक्षाजस्तो सम्वेदनशील क्षेत्रमा समेत निजीकरण र ब्यापारीकरण गरिरहेको छ । मुलुकमा सबैभन्दा बिग्रिएको र भत्किएको क्षेत्र शिक्षा बनेको छ । त्यसको मार हामी विद्यार्थीहरूले भोगिरहेका छौं । आज विश्वविद्यालयमा ४ महिना पनि पढाई हुँदैन, तर ८ महिना परीक्षा हुन्छ । गरीवका छोराछोरीले

पढ्नसक्ने अवस्था छैन र पढेपनि जागीर पाईंदैन । सरकारी स्कूलहरू बन्द हुने अवस्थामा छन् र सरकारी क्याम्पसहरूको हालत पनि चौपट छ । जबसम्म शिक्षामा भइरहेको निजीकरण र ब्यापारीकरण रोकिंदैन र शिक्षामा राज्यले सम्पूर्ण लगानी गर्दैन, तबसम्म यो देश उँभो लाग्दैन । अनेरास्ववियुले शिक्षामा भइरहेको निजीकरण र ब्यापारीकरणविरूद्ध लडिरहेको छ ।

सार्वजनिक क्षेत्रहरूमा ५० प्रतिशत सहुलियत दिनुपर्छ भन्ने कुरालाई ज्यादा भयो भन्नेहरूले शिक्षामा भइरहेको निजीकरण, ब्यापारीकरण सम्पूर्ण रूपमा रोक्नुपर्छ र राज्यले शिक्षामा सम्पूर्ण लगानी गर्नुपर्छ भन्दा के भन्लान् ? जसले जेसुकै भनोस् विद्यार्थीहरूले ५० प्रतिशत सहुलियत उपभोग गरेर नै छाड्नेछन् ।

◆ छुट दिने नै हो भने पनि कसलाई छुट दिने, कसलाई नदिने ? कसरी छुट्याउने ?

– अहिले हामी विद्यार्थीहरूलाई ५० प्रतिशत सहुलियत दिनुपर्छ भनिरहेका छौं र सम्पूर्ण विद्यार्थीहरूलाई आफ्नो परिचयपत्र देखाएर यातायात, स्वास्थ्य लगायतका सार्वजनिक क्षेत्रहरूमा ५० प्रतिशत शूल्कमात्र तिर्न आह्वान गरेका छौं । माध्यामिक तहमा पढ्ने विद्यार्थीहरूले त ५० प्रतिशतमात्र होइन सतप्रतिशत सहुलियत पाउनुपर्छ भन्ने हाम्रो माग हो । र, सरकार तथा निजी विद्यालय र विश्वविद्यालयमा अध्ययन गर्ने सम्पूर्ण नेपाली विद्यार्थीहरूलाई राज्यले सहुलियत दिनुपर्छ र हामी विद्यार्थीहरूले सहुलियत होइन, आफ्नो अधिकारको रूपमा उपभोग गर्नुपर्दछ । सरकारले विद्यार्थी सहुलियत ऐन, कानून बनाएर देशब्यापी घोषणा गरेन भने त्यसबाट उत्पन्न परिस्थितिले धेरै जटिलताहरू सृजना गर्नेछ । यसतर्फ सरकारले समयमै सोचोस् ।

◆ यो सम्बन्धमा अब कसरी अघिबढ्दै हुनुहुन्छ ?

– हामी आन्दोलनमा छौं । यो आन्दोलन सरकारलाई माग पुरा गर भन्ने मात्र होइन, ५० प्रतिशत शूल्कमात्र तिर्ने आन्दोलन हो । अब विद्यार्थीहरूले ५० प्रतिशत शूल्क मात्र तिर्नेछन् । यसो गर्दा निश्चित रूपमा समस्याहरू उत्पन्न हुनेछन् । यसबारे श्री ५ को सरकार र सम्बद्ध निकायलाई जानकारी गराइसकेका छौं । सम्पूर्ण विद्यार्थीहरूलाई आफ्नो अधिकारप्रति सचेत रहन ५० प्रतिशत सहुलियत उपभोग गर्न आह्वान गरिसकेका छौं । अहिले हामीसँग लड्नुबाहेक अर्को विकल्प नै छैन । हामी नेपाली विद्यार्थीहरू फेरि एकपटक आफ्नो अधिकारका लागि एकजुट भएर अघि बढ्नेछौं र हाम्रो आन्दोलनमा सबै न्यायप्रेमी जनताहरूको सहयोग रहनेछ । ❑

*प्रस्तुति : तुल्सीदास महर्जन*

# ब्रिटीश गोर्खा सैनिकका मागलाई अन्तर्राष्ट्रियकरण गरिने

मुक्ता श्रेष्ठ

गोर्खा भू.पू. सैनिक संघ BAESO को आयोजनामा काठमाण्डौमा फागुन २६ गतेदेखि २८ गतेसम्म बहुचर्चित अन्तरराष्ट्रिय मानव अधिकार सम्मेलन सम्पन्न भएको छ । ब्रिटिश गोर्खा सैनिकमाथि बेलायती सरकारले गर्दैआएको भेदभावपूर्ण र अन्यायपूर्ण व्यवहारलाई यो सम्मेलनले समानताको विश्वव्यापी प्रजातान्त्रिक सिद्धान्त र अन्तर्राष्ट्रिय मानव अधिकारको ठाडो उल्लंघन तथा जातिका आधारमा गरेको भेदभावसमेत ठहऱ्याई यो मुद्दालाई यो बर्ष हुनलागेको दुईवटा अन्तर्राष्ट्रिय सम्मेलनमा जोडदारसाथ उठाउने निर्णय गरेको छ ।

हालै सम्पन्न मानव अधिकार सम्मेलनले विज्ञहरूबीचको व्यापक छलफलबाट यी दुवै अन्तर्राष्ट्रिय सम्मेलनमा बेलायती सरकारको ब्रिटिश गोर्खा सैनिकप्रतिको भेदभावको मुद्दा सशक्त ढंगले लानको लागि आवश्यक तैयारी पूरा गरेको छ ।

यो सम्मेलनको महत्वपूर्ण विशेषता के रहेको देखियो भने यसमा नेपालका सबैजसो पार्टी प्रतिनिधिहरू, विषयविज्ञहरू, मानव अधिकारवादी संगठनहरू र व्यक्तित्वहरू सहभागी थिए । भारतबाट राज्यसभाका चर्चित सांसद कुलदीप नैयर र भूतपूर्व मेजर जनरल अशोक मेहता बेलायतबाट प्रशिद्ध अधिवक्ता हेन्रीटा हिल, विश्वप्रजातान्त्रिक युवा संघबाट उपाध्यक्ष अब्दुल बागी, बंगलादेशबाट त्यहाँको सर्वोच्च अदालतका भूतपूर्व न्यायाधीश के. एम. सुभान, क्यानाडाबाट इतिहासविद् डा. मेरी डेसनजस्ता व्यक्तित्वहरूको यसमा सहभागिता थियो ।

यो सम्मेलनको अर्को महत्वपूर्ण आकर्षण सम्मेलनमा सैयौंको संख्यामा उपस्थित ब्रिटिश गोर्खाली सेनाका वीर योद्धाहरू र युद्धवीरहरू थिए, जसले ब्रिटिश साम्राज्यको विस्तारको लागि ज्यानै अर्पेर लडेका थिए, जसको युद्धमा अंगभंग भएको थियो, परन्तु जसलाई बेलायती सरकारले युद्ध सकेपछि खालिहात घर फर्काएको थियो । दर्दनाक दृष्य के थियो भने पहिलो दोस्रो विश्वयुद्धको बेलायती सरकारको विजयको लागि लडेका उनीहरूमध्ये केहीको जिउमा घुसेको गोली अहिलेसम्म पनि निकालिएको थिएन । केहीको खुट्टानै थिएन, केहीको जिउ क्षतविक्षत थियो । कसैको आँखाको ज्योति नै बमले खत्तम पारेको थियो । परन्तु चाहियुन्जेल भाँडो, नचाहेपछि ठाँडो भनेझैं उनीहरूको निम्ति बेलायती सरकारले न त क्षतिपूर्तिको व्यवस्था गरेको थियो । न पेन्सनको, न जीविकाको लागि कुनै अन्य उपायको । सबैको विजोगको हालत थियो ।

सम्मेलनमा ब्रिटिश अत्याचारको र भेदभावको प्रमाणका रूपमा प्रदर्शित ती गोर्खाली योद्धा र युद्धवीरहरूको दयनीय र दर्दनाक दृष्यले धेरैको मन छोएको थियो ।

यो सम्मेलनले ब्रिटिश गोर्खा सैनिक तथा उनका परिवारहरूमाथि भएका मानव अधिकारको उल्लंघनसम्बन्धी महत्वपूर्ण १८ शूत्रिय काठमाण्डौ कार्ययोजना पारित गरेको छ । त्यस पारित कार्य योजनामा ब्रिटिश सरकारसमक्ष निम्न मागहरू प्रस्तुत गरिएका छन् :

❑ भू.पू. सैनिक संघले अघिसारेका चारवटा मागहरू अविलम्ब पूरा गरिनुपर्ने

❑ सन् १९४७ को त्रिपक्षीय गोरखा भर्ति सम्झौतालाई बेलायतको आफ्नै कानून र मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दायित्वअनुरूप हुनेगरी पुनरावलोकन गरिनुपर्ने

❑ खासगरी प्रथम र द्वितीय विश्वयुद्ध र अन्य क्षेत्रीय वा आन्तरिक युद्धमा घाइते भएका, बेपत्ता भएका वा मारिएका गोर्खा सैनिकहरूको हैसियतसम्बन्धी सम्पूर्ण सूचनाहरू सार्वजनिक गर्नुपर्ने माग गरिएको छ ।

❑ युद्धबन्दी बनाइएका गोर्खा सैनिकहरूलाई ब्रिटिश सैनिकहरूसरह नै क्षतिपूर्ति दिनुपर्ने, नेपालमा रहेका सबै ब्रिटिश सैनिक तथा उनका परिवारको विस्तृत अध्ययन गरी उनीहरूको उचित जीवनस्तर सुनिश्चित गर्नुपर्ने

❑ नेपालभित्र र बाहिर गोर्खा भू.पू. सैनिक संघको गतिविधिहरूमाथि हुने हस्तक्षेप बन्द गरिनुपर्ने

❑ श्री ५ को सरकार र गोर्खा भू.पू. सैनिक संघबीच उत्पन्न विवादको न्यायोचित र उपयुक्त समाधानको लागि वार्ता थालिनुपर्ने माग पनि गरिएको छ ।

❑ सन् १९८६ मा हवाइमा भएको प्रशासनिक कारवाहीमा परेका गोर्खा सैनिकहरूलाई सुनुवाइको मौका र क्षतिपूर्ति दिइनुपर्ने

**नेपालमा महत्वपूर्ण अन्तर्राष्ट्रिय मानव अधिकार सम्मेलन**



❑ दोस्रो विश्वयुद्धपछि बर्मामा बेवारिसे तरिकाले छोडिएका गोर्खा सैनिकहरूलाई बर्मा सरकारसँग कुरा गरेर पेन्सन दिलाइदिनुपर्ने,

❑ अन्य देशहरूमा छाडेर आएका गोर्खा सैनिकहरूको खोजी गरेर उनीहरूका परिवारसँग मिलन गराइदिनुपर्ने

❑ ब्रिटिश गोर्खाबाट अवकास प्राप्त सैनिकहरूलाई ब्रुनाइ तथा अन्य मुलुकहरूमा सैनिक गार्डको रूपमा गैरकानूनी तरिकाले पठाइने कार्य अविलम्ब बन्द गरिनुपर्ने

सम्मेलनले श्री ५ को सरकारसमक्ष पनि निम्न मागहरू प्रस्तुत गरेको छ :

❑ सन् १९४७ को त्रिपक्षीय गोर्खा भर्ति सम्झौताको कानूनी हैसियत र ब्रिटिश गोर्खाहरूको समस्या समाधान सम्बन्धमा संसदको परराष्ट्रसम्बन्ध तथा मानव अधिकार समितिले दिएको सुझावहरूको पालना गरिनुपर्ने

❑ गोर्खा भू.पू. सैनिक संघ तथा बेलायत सरकारबीच भएको विवादलाई शान्तिपूर्ण समाधानको लागि अभिलम्ब वार्ता आरम्भ गरिनुपर्ने

❑ गोर्खा भू.पू. सैनिक संघले गर्दै आएको ट्रेड युनियनको अधिकारसम्बन्धी गतिविधिमा सक्रिय हुनेहरूविरुद्ध कानूनी कारवाही तथा त्रास सृजना गर्ने काम तत्काल रोकिनुपर्ने

❑ ब्रिटिश गोर्खाका समस्याहरूबारे अध्ययन गरेर बेलायत सरकारलाई मानव अधिकारसम्बन्धी आफ्ना अन्तर्राष्ट्रिय दायित्वहरू अविलम्ब पूरा गर्न आग्रह गरिनुपर्ने

❑ ब्रिटिश गोर्खा तथा उनीहरूका परिवारमाथि हुने गरेका जातीय भेदभावका कार्यहरू बन्द गर्न बेलायत सरकारलाई अनुरोध गरिनुपर्ने

❑ विभिन्न युद्धहरूमा घाइते भएका, बेपत्ता भएका, मारिएका ब्रिटिश गोर्खाको खोजी गर्नुपर्ने तथा उनीहरूका परिवारहरूलाई उचित क्षतिपूर्ति, निवृत्तिभरण तथा अन्य सुविधा दिलाउन सहयोग गर्न मानव अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय आयोग र यूरोपेली समुदायसमक्ष सम्मेलनले आग्रह गरेकोछ ।

त्यसरी नै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानव अधिकारवादी समुदायसमक्ष पनि सम्मेलनले यी मागहरू प्रस्तुत गरेको छ :

❑ मुख्य रूपमा बेलायत सरकार र केही हदसम्म नेपाल सरकारले ब्रिटिश गोर्खा तथा उनका परिवारहरूलाई उनीहरूको रंग तथा सामाजिक एवं जातीय उत्पत्तिको आधारमा गरेका मानव अधिकार उल्लंघनको अनुसन्धान गर्ने

❑ ब्रिटिश गोर्खाका समस्याहरू र उनीहरूका न्यायोचित मागहरू अन्तरराष्ट्रिय समुदायसमक्ष सूचना प्रवाहित गर्न सहयोग गर्ने

❑ विभिन्न अन्तरराष्ट्रिय निकायहरूसमक्ष आवश्यकताअनुसार मुद्दा र उजुरी गर्न मद्दत पुऱ्याउने

❑ ब्रिटिश गोर्खा सैनिक तथा उनका परिवारका कानूनी र मानव अधिकारसम्बन्धी मुद्दा मामिला गर्नको लागि मानव अधिकारवादी कार्यकर्ता, वकिलहरूको टोली निर्माण गर्न सहयोग गर्ने

❑ ब्रिटिश गोर्खा सैनिक र उनीहरूको परिवारको दुर्दशाको बारेमा बेलायतका जनता तथा संचारमाध्यमबीच चेतना जागृत गर्न र यथासम्भव समस्या समाधान गर्न संलग्न हुने ।

सम्मेलनले गोर्खा सैनिक र उनका परिवारहरूको समस्याको समाधानका उपायहरू खोज्ने, समस्या समाधानको लागि यूरोपेली मानव अधिकार अदालत तथा संयुक्त राष्ट्रसंघीय मानवअधिकार अदालतहरूमा उजुरी गर्ने तथा गोर्खा सैनिकका मागहरू पूरा गर्न बेलायत, नेपाल तथा भारत सरकारलाई दबाव दिने उद्देश्यले एउटा 'गाइसो इन्टरनेशनल कमिटी फर जष्टिस' नामको अन्तरराष्ट्रिय समितिको गठन पनि गरेको छ । यस समितिमा भारतीय राज्यसभाका सदस्य कुलदीप नैयर, बंगलादेशका सर्वोच्च न्यायालयका पूर्व न्यायधीश के. एम. सुभान, प्रजातान्त्रिक युवा विश्व संगठनका उपाध्यक्ष अब्दुल वागी, नेपालका वरिष्ठ अधिवक्ता विश्वकान्त मैनाली, पूर्व सांसद तथा मानव अधिकारवादी हिरण्यलाल श्रेष्ठ, प्रतिनिधि सभाका सदस्य सांसद परि थापा, क्यानाडाका इतिहासविद् डा. मेरी डेसेन, डा. ओम गुरुङ डा. सुरेन्द्र के.सी., मानव अधिकारवादी गोपाल शिवाकोटी 'चिन्तन' तथा गाइसोका उपाध्यक्ष कृष्ण कुमार राई रहेका छन् । यस समितिलाई अहिले ११ सदश्यीय बनाइएको छ भने १५ सदश्यीयसम्म बनाउने प्रावधान पनि राखिएको छ ।

यो तीन दिवसीय सम्मेलन फागुन १६ गतेदेखि २८ गतेसम्म भएको थियो । फागुन २६ गतेको उद्घाटन समारोह काठमाण्डौ स्थित राष्ट्रिय सभागृहमा भएको थियो । सम्मेलनको उद्घाटन भूतपूर्व प्रधानमन्त्री कीर्तिनिधि बिष्टले गर्नुभएको थियो । उद्घाटन समारोहमा नेपालका विभिन्न पार्टीका प्रतिनिधिहरू तथा सम्मेलनका प्रतिनिधिहरूले आफ्ना मन्तव्यहरू प्रस्तुत गरेका थिए ।

सम्मेलनको उद्घाटनपछिको दोस्रो सेसनमा ब्रिटिश सरकारले चलाएको युद्धमा भाग लिएका गोर्खा सैनिकहरूमाथि के कस्ता भेदभाव, अन्याय भइरहेको छ भन्ने प्रमाणको रूपमा युद्धवीर, युद्धबन्दी, ब्रिटिश गोर्खाको विधुवा पत्नीहरू, ब्रिटिश गोर्खा सैनिकहरूका पत्नीहरूलाई प्रमाणको रूपमा पेश गर्ने कार्यक्रम राखिएको थियो ।

सम्मेलनको दोस्रो र तेस्रो दिन २७ र २८ गते विभिन्न विषयहरूमा गोष्ठी गरेर सम्पन्न भएको थियो । यो कार्यक्रम होटेल ब्ल्यूस्टार, त्रिपुरेश्वरमा भएको थियो । गोष्ठीमा 'अन्तरराष्ट्रिय र बेलायती घरेलु कानूनको दृष्टिबाट गोरखालीहरूप्रति गरिएको व्यवहार' विषयमा कार्यपत्र बेलायतका एक प्रशिद्ध वकिल हेनरिटा हिल, 'ब्रिटिश गोर्खा सैनिकप्रतिको भेदभावपूर्ण व्यवहारसम्बन्धी सवालमा अन्तरराष्ट्रिय कानूनको प्रयोग' विषयक कार्यपत्र गोपाल शिवाकोटी चिन्तन र डा. मेरी डेसेनले, 'दोस्रो विश्वयुद्ध र युद्धपछिको गुप्त कूटनीतिक खेलमा गोर्खालीहरूको अनिश्चित भविष्य' विषयक कार्यपत्र प्रो. सुरेन्द्र के.सी. र अधिवक्ता युवराज संग्रौलाले र 'ब्रिटिश गोर्खाविरुद्ध मानव अधिकार उल्लंघन' विषयक कार्यपत्र हिरण्यलाल श्रेष्ठले प्रस्तुत गर्नुभएको थियो ।

मार्च २००१ मा हुन लागिरहेको संयुक्त राष्ट्रसंघीय मानव अधिकार आयोग ९ल्ल्ह्रच० जेनेभाको सन्ताउन्नौं अधिवेशन र अगस्त २००१ मा दक्षिण एशियामा हुन लागिरहेको जातीवादविरोधी अन्तरराष्ट्रिय सम्मेलनको तयारीको सन्दर्भमा यो सम्मेलनको आयोजना गरिएको थियो । तसर्थ यो सम्मेलनले पारित गरेका निष्कर्षहरू ती अन्तरराष्ट्रिय सम्मेलनहरूमा पनि पेश गरिने कार्यक्रम छ । त्यस्तै गरेर, संयुक्त राष्ट्रसंघका महासचिव कोफि अन्नानको नेपाल भ्रमणको बेला उहाँसँग समय लिएर नै आधिकारिक रूपमा यो सम्मेलनको रिपोर्ट कार्यपत्र पेश गर्ने कुरा सम्मेलनको समापन समारोहको पत्रकार सम्मेलनमा जानकारी गराइएको थियो । ❑

➡ ५ पृष्ठको बाँकी

# गहिरो..

लत्याउनुभएको कुरा अहिले सुशील कोइरालाहरू पुनःस्मरण गर्दैछन् । त्यसैले विशेष परिस्थिति उत्पन्न नभएसम्म कोइरालागुटमा पनि गुप्ताले अब सम्मानजनक ठाउँ पाउनुहुने छैन । यो अवस्थाले कांग्रेसभित्रको विग्रहलाई चर्काउने एउटा अश्त्रको रूपमा मात्र युवा नेता जयप्रकाश गुप्तालाई उभ्याएको छ । यो विग्रह चर्कंदै जाने क्रममा फेरि अप्ठ्यारो पर्ने त गिरिजाप्रसाद कोइरालालाई नै हो ।

विगतमा धमिजा काण्डका नायक भनेर आरोपित प्र.म. कोइराला अहिले लाउडा काण्डका पनि नायक बन्नुभएको कुरा अनेकौं तथ्यहरूले पुष्टि गरिसकेका छन् । तेस्रो विमानको रूपमा चाइना साउथवेष्ट एयरलाइन्ससँग पुनः संझौता भइसकेपछि कमिशनखोर-दलालहरूको ठूलो आर्थिक षडयन्त्रका कारणले चौथो विमानको रूपमा लाउडालाई भित्र्याएपछि यतिबेला शा.ने.वा.नी.ले प्रतिमहिना १५ करोड रूपैयाँभन्दा बढी घाटा व्यहोरिरहेको छ । यस्तो विशाल भ्रष्टाचारमा नेतृत्वदायी भूमिका प्रधानमन्त्रीकै भएकाले यो पंक्ति लेखुंजेलसम्म प्रतिपक्षीहरूले प्रधानमन्त्रीको राजीनामाको माग गरेर संसद अवरूद्ध पारेका छन् । यसबाट राष्ट्रिय व्यबस्थापन त भत्किएको छ नै संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नानको भ्रमणमा अन्नानलाई संसदसमक्ष पेस गर्ने सुअवसरबाट समेत सरकार बंचित भएकोले अन्तरराष्ट्रिय प्रतिष्ठामा पनि आघात पुगिसकेको छ । यसको प्रमुख जिम्मेवार पनि प्रधानमन्त्री स्वयं नै हुनुहुन्छ । उहाँले राष्ट्रको यति जटिल समस्याको निकाश तत्काल खोज्नुपर्छ । त्यो भनेको पदबाट राजीनामा नै हो ।

यदि प्रधानमन्त्रीले राजीनामा नदिएर संसद विघटन र मध्यावधि निर्वाचनको सिफारिस गर्नुभयो भने त्यो कदम नेपाली कांग्रेसकै लागि आत्मघाती कदम हुनसक्छ । त्यस कदमबाट संसदीय प्रणाली र नेपाली कांग्रेस दुवै नै मुलुकको निम्ति अफापसिद्ध देखिनेछन् । मध्यावधि निर्वाचन घोषित भएमा अहिलेका अधिकांश कांग्रेसी सांसदहरूले टिकट नपाउन सक्छन्, त्यसैले त्यस्ता सांसदहरूसमेत मध्यावधि निर्वाचनको विपक्षमा प्रस्तुत हुनसक्छन् । अर्कोतिर माओवादीक्षेत्र सरकारी निर्वाचनमा सामेल भएन भने कांग्रेसले बहुमत ल्याउने संभावना रहँदैन । त्यतिखेर 'हङ्ग पार्लियामेन्ट'को संभावना रहन्छ । त्यसैले मुलुकलाई अतिरिक्त व्ययभार र थप अन्यौलबाट जोगाउन पनि प्रधानमन्त्री कोइरालाले राजीनामा दिनुअनिवार्य छ । ❑

# ◀ पाठकको कुरो

## दूध र पानी छुट्याओस्

*- हरि रोका*

मूल्यांकन मासिकका मूर्धन्य स्तम्भकार तुल्सीदास महर्जनज्यूले लेख्नुभएको स्तम्भ खोजवीनमा राजनीतिक पीडितको नाममा राज्यकोषको 'ब्रम्हलूट' शीर्षकमा उल्लेखित मसम्बन्धी टिप्पणीप्रति म आपत्ति जनाउन चाहन्छु ।

(क) मैले निवेदन दिँदा म जेल बसेका प्रमाणहरू प्रस्तुत गरेको थिएँ र मात्रै मेरो नाममा रकम निकासा भएको थियो । अभिलेख लेख्ने सम्बन्धित निकायले किन लेखेन वा राखेन त्यो मेरो सरोकारको विषय होइन ।

(ख) मैले रू. ५० हजारमात्र लिएको हुँ । रू. ७५ हजार किन लेखियो ? त्यो पनि मेरो जिम्माको कुरा होइन, नलिएको रकम किन लेखिन्छ त्यसको छानवीन सम्बन्धित निकायहरूले गर्नु राम्रो हुनेछ ।

(ग) राजनीतिमा लाग्दा के कति क्षति भएको हो भन्ने आधारमा रकम लिएको होइन । त्यतिबेला पनि लिने कि नलिने भन्ने कुरा चलेको थियो । प्रजातन्त्र प्राप्तिको लडाइँमा लाग्नेहरूलाई प्रोत्साहित गर्ने र भावी संघर्षमा लाग्नेहरूका लागि पनि भोली, 'मरे शहीद हुनेछौ, बाँचे पूजनीय हुनेछौ, जीवनको ग्यारेन्टी हुनेछ, त्यसैले आफ्ना लागि नभएपनि भावी पुस्तालाई उत्साहित गर्न लिनु राम्रो' भन्ने तर्कका आधारमा लिइएको हो । प्रजातन्त्रमा लागेकोले ब्याज खानका निम्ति लिइएको होइन ।

मूल्यांकनजस्तो गम्भीर राजनैतिक-सैद्धान्तिक बहस चलाउने मासिकले सम्बन्धित मानिससँग भएको, घटेको वा गरेको हो होइन सोध्नु, छलफल गर्नु असल हुने थियो भन्ने मलाई लागेको छ । अझ म मूल्यांकनको नियमित पाठकमात्र नभएर स्तम्भ लेखन पनि गरिरहेकोले भेट्दा सोध्नु राम्रो हुने थियो ।

जहाँसम्म राजनीतिक पीडितहरूले राहत लिनु हुने कि नहुने भन्ने कुरा छ, संसारका कुनै पनि मुलुकमा स्वतन्त्रता सेनानी, राजनीतिक सेनानीहरू, राजनीतिक कारणले अर्को कुनै पेशा नअपनाएका वा अपनाउन नपाएका, घरजम गर्न नपाएका, खान बस्न असुविधा भएकाहरूलाई प्रजातन्त्र वा प्रजातन्त्र प्राप्तिपछि सुविधा दिइने नै चलन छ । त्यस्तो सुविधा क्राइटेरिया बनाएर उपलब्ध गराउनु पनि पर्छ भन्ने मान्यता म व्यक्तिगत रूपमा राख्दछु ।

देशमा राजनीति गर्नेहरूमाथि, प्रजातन्त्र वा जनतन्त्रका लागि लड्नेहरूमाथि अहिले बेसमारी हिलोछ्याप्ने काम भैरहेको छ । भ्रष्टाचार गर्ने र नगर्ने, गलत कमाइमार्फत् खाने र नखाने, पीडित र तरमार्नेबीच कुनै भेदभाव नराख्ने र सबैलाई छ्यासमिस पारी राजनीतिमाथि नै वितृष्णा फैलाउने काम भैरहेको छ । के मूल्यांकन मासिक पनि त्यस्तै भीडमा पस्न खोजेको हो ? होइन भने दूध र पानी छुट्याउन आगामी दिनमा सचेत रहोस् । धन्यवाद !

## मैले सहायता लिएको छैन

*- भरतमोहन अधिकारी*

तपाईंको मूल्यांकन पत्रिका म नियमित पढ्छु । राम्रो छ । बुद्धिजीवी क्षेत्रमा, खासगरी वामपन्थी क्षेत्रमा तपाईंको पत्रिकाको राम्रो प्रतिष्ठा छ । वामविचार, चिन्तन, सोचलाई अघिबढाउन तपाईंको मूल्यांकन पत्रिकाले आगामी दिनहरूमा अझै उच्चस्तरीय सफलता पाउँदै जाओस् भन्ने शुभकामना छ ।

# राजनीतिक पीडित सहायतामाथि प्रतिक्रिया

यो सानो चिट्ठीमा मूल्यांकन ( वर्ष १८, पूर्णाङ्क ८४, माघ/फागनु २०५७)मा भएको त्रुटि सच्याउन अनुरोध गर्दछु । "राजनीतिक पीडितको नाममा राज्यकोषको ब्रम्हलूट"लेखमा तुल्सीदास महर्जनज्यूले राजनीतिक पीडित सहायता लिने वामनेताहरूमा मेरो नाम पनि समावेश गर्नुभएको रहेछ । मैले आजका मितिसम्म राजनीतिक पीडित सहायता लिएको छैन, लिने मनसाय पनि छैन । पाउनका लागि आवेदन पनि हालेको छैन । बरू २०४७ सालतिर मैले राजनीतिक पीडित सहायता समितिसँग निरंकुश पंचायती व्यवस्थाको विरोधमा मैले पनि संघर्ष गरेको, जेल परेको, प्रवासमा बसेको, भूमिगत बसेको हुँदा यसलाई मूल्यांकन गरी एउटा योगदान गरेको चिनाउने पत्र दिन आग्रह गरेको थिएँ । उक्त आग्रह तीन पटकसम्म गरें । तर केही जवाफ नआएकोले त्यो पनि छोडें । अब त तपाईंको जस्तो जिम्मेवार पत्रिका र इतिहासको जिम्मामा नै यो काम छोडेको छु । शुभेच्छासहित ।

## गलत भएकोले खण्डन

*- लोककृष्ण भट्टराई*

तपाईंको लोकप्रिय पत्रिकामा राजनैतिक पीडित सहायतामा अनियमितता गर्ने मध्येमा मेरो नाम पनि मुछनुभएको रहेछ । म पटक पटक गरी ८ बर्ष जेलमा बसेको छु । ०१७ सालपछिको वाम-प्रजातान्त्रिक आन्दोलनमा ०२५ सालबाट निरन्तर लाग्ने नेपालका थोरै व्यक्तिहरूमध्ये म पनि एक हुँ । नेपालको आमूल परिवर्तनवादी वाम-प्रजातान्त्रिक आन्दोलनको म प्रतिवद्ध सिपाही हुँ ।

निरंकुश राणा शासनविरोधी आन्दोलन होस् वा निरंकुश पंचायत व्यवस्थाविरोधी आन्दोलनमा कांग्रेस र कम्युनिष्टको माध्यमबाट धेरै नेपालीले आफ्नो रगत बगाएर जेलका कालकोठरी, खोर र गोलघर समेतमा आफ्नो यौवन र जीवन बिताए । यसरी बिताउँनेमध्ये करीव ८ धार्नीको फलाम भिरेर कठोर कारावासको सजायँ खाने थोरै नेपालीमध्ये म पनि एक हुँ ।

तपाईंले उठाउनुभएजस्तै राजनैतिक पीडितका नाममा लुब्रिकेशन, भोट, पार्टीका नामले केही अनियमितता अवश्य भएका छन् । तर तपाईंले भनेजस्तै मैले ७ महिना जेल बसेर ७ बर्ष बसेको भनी रू. ५०,०००/- लिएको होइन । ०४६ को आन्दोलनपछि, ०४८ सालमा कृष्णप्रसाद भट्टराईको अध्यक्षतामा राजनैतिक पीडित सहायता समिति गठन भयो । त्यसबेला राधाकृष्ण मैनाली र ओमकार पनि हुनुहुन्थ्यो । यी तीनै जनासँग म पटक पटक गरी जेल बसेको छु । उहाँहरूले मलाई सहायता लिन पटक पटक आग्रह गर्दा पनि नलिई बसेको थिएँ । तर ०५६ सालमा एमाले फूटेपछि म महाकाली सन्धीका कारणले वामदेवजीको पछि लागें । साथीभाईको लहलहैमा लागेर मालेबाट चुनाव लडियो । नढाँटीभन्दा ऋण लाग्यो । यसै मेसोमा भट्टराईजीसँग भेटभयो । भट्टराईजीले "उक्त रकम लिनुहोस् । मलाई तपाईंको प्रजतान्त्रिक आन्दोलनमा योगदान रहेको, ७-८ बर्ष जेल बसेको थाहा छ । ०४६ सालको आन्दोलनमा वाम-प्रजातान्त्रिक समूहहरूको एकता प्रकृया निर्माणमा तपाईंले सेतुको काम गर्नुभएको छ ।" भन्नुभयो । नारायण ढकाल, डा. नारायण खड्का, राजेन्द्र खरेल आदि साक्षी छन् ।

त्यसपछि नारायण ढकालजी र मैले सँगै सो रकम लिएका हौं । रह्यो रातो किताबमा तपाईंले मेरो नाम छेउमा ७ महिनामात्र जेल बसेको देख्नुभएको कुरा । यदि अहिले पुनर्मुद्रण नभएमा ०४९/५० को किताब हो भने त्यहाँ मेरो नाम मात्रै छ, जेल वा प्रवाश उल्लेख गर्न छुटेको छ । सोही आधारमा लेख्नुभएको हो भने श्यामजीको म अन्तरंग मित्र, सोधी दिनुभएको भए हुन्थ्यो । म पटक पटक गरी ८ वर्ष जेल बसेको हुँ । अंचलाधीस कार्यालय, सगरमाथा, वागमती, अंचल अदालत, सगरमाथा र वागमती विशेष अदालतहरूमा रेकर्ड राखेको पनि हुनसक्छ । त्यसैले जनतामा तपाईंको रिपोर्टिङ्ग गलत भएकोले खण्डन गर्दछु ।

*ओखलढुंगा, हाल: काठमाण्डौं ।*

## साह्रै मन पर्‍यो

मैले पूर्णाङ्क ८४ को 'मूल्यांकन' हेर्ने सुवर्ण अवसर पाएँ । मलाई यो पत्रिका साह्रै मन पर्‍यो । अझ यस पत्रिकामा प्रकाशित भएको राजनैतिक पीडितको नाममा राज्यकोषमा भएको ब्रम्हलूट बारेको खोजमूलक रिपोर्ट र 'माओवादी जिल्ला सरकार यसरी चल्दैछ' भन्ने शीर्षकमा लेखिएको चाखलाग्दो लेख रोचक र स्मरण गर्न लायक छ । यसरी नै आगामी अंकहरूमा पनि मूल्यांकनले समसामयिक विषयमा उत्कृष्ट लेख र समाचारहरू प्रकाशित गर्दै जानेछ भन्ने पूर्ण आशा राख्दछु ।

*- पुरूषोत्तम बस्नेत, सरस्वती बहुमुखी क्याम्पस, पो.ब.न.२१५४२, काठमाण्डौं, नेपाल ।*

## सही शब्द राखोस्

मैले मूल्यांनको ८३ औं अंक पढें। मूल्यांकनका प्रायःजसो अंकहरूमा नेपाली कांग्रेसको बहुमतको सरकार भनेर लेखिएको पाइन्छ । तर नेपाली कांग्रेसले कूल मतदाताको ३५ प्रतिशतको हाराहारी मात्र मत ल्याएको छ । यो सरकारलाई सही शब्दमा 'अल्पमतको ब्रहुसांसद भएको सरकार' भनेर लेख्न सकिँदैन र ? साथै, दलीय व्यवस्था भएका जुनसुकै मुलुकका सरकारहरू अल्पमतका तर बहुसांसदका हुन्छन् भनेर स्पष्ट पार्न सकिँदैन ? यसरी ने.का.को बहुमतको सरकार भन्नु र हत्केलाले सूर्य छेक्नु एकै हो कि होइन ?

४३ औं अमेरिकी राष्ट्रपति जर्ज डब्लु. बुस पनि अल्पमतका तर बहु इलेक्ट्रोरल भोटका राष्ट्रपति होइनन् ? यसरी दलीय संस्कारका कथित प्रजातान्त्रिक मुलुकहरूमा अल्पमतको सरकार भैकन पनि बहुमतको सरकार भन्ने कति ठूलो हिम्मत ? त्यसैले अबदेखि मूल्यांकनले सही शब्दबाटै मूल्यांकन गरोस् ।

*- गोकुलसिंह विष्ट, सुन्सेरा-७, दार्चुला ।*


FEEL THE RHYTHM
Wherever you are
BY APPOINTMENT TO THE ROYAL DANISH COURT
TUBORG
BEER
AANL/GBPL-2001

ल.पु.जि.प्र.का द.नं. ९९/०४९/५० म.क्षे.हु.द.नं. १२/०५१/५२